# सशक्तीकरण

(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित)

वर्ष १७ पूर्णाङ्क २४ २०७८ असार

# EMPOWERMENT

A journal of MoWCSC

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

# सशक्तीकरण

(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सम्बन्धित)

वर्ष १७ पूर्णाङ्क २४ २०७८ असार

# EMPOWERMENT

## A Journal of MoWCSC

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल
**फोन नं. :** ४२१११९०/४२००३३७/४२००४०८, **फ्याक्स नं. :** ४२००११६
**Email** : info@mowcsc.gov.np, **Web** : www.mowcsw.gov.np

## सम्पादक मण्डल

**सल्लाहकार**

यामकुमारी खतिवडा (बास्कोटा), *सचिव*

**संयोजक**

रोशनी कुमारी श्रेष्ठ, *सहसचिव*

**सदस्यहरू**

भरतराज शर्मा, *उपसचिव*

सिता निरौला, *उपसचिव*

मीना पौडेल, *प्रमुख महिला विकास अधिकृत*

गोमा वाग्ले, *महिला विकास अधिकृत*

**प्रकाशक**

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

**प्रकाशन प्रति**

*५०० प्रति*

**मुद्रण**

एनिटाइम प्रिन्टिङ एण्ड सप्लायर्स प्रा.लि.

# सम्पादकीय

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सशक्तीकरण जर्नल प्रकाशन गरी पाठकसमक्ष प्रस्तुत गर्न पाउँदा सम्पादक मण्डल खुसी व्यक्त गर्दछ ।

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभदेरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । जसको लागि लैङ्गिक समानता अनिवार्य शर्त हो । संवैधानिक प्रावधान लैङ्गिक समानताको दृष्टिकोणले विशेष महत्त्वपूर्ण रहेको छ । मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकसम्बन्धी व्यवस्थाले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसाजन्य कार्यलाई जघन्य अपराधको रूपमा स्वीकार गरी दण्डनीय बनाएको छ भने पीडितलाई क्षतिपूर्तिको व्यवस्था, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक कायम गर्दै समानता हासिल गर्ने व्यवस्था गरेको छ ।

महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् । परापूर्वकालदेखि नै नेपाली समाजमा महिलालाई आदर र सम्मान गर्ने गरेको पाइन्छ । मनुस्मृतिमा “यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता” उल्लेख हुनुले तत्कालीन समाजमा महिलाको स्थान सर्वोपरि रहेको स्पष्ट हुन्छ । यद्यपि वर्तमान समाजमा कतिपय कुरीति, अन्धविश्वास र हानिकारक अभ्यासहरू विद्यमान छन् । यस्ता हानिकारक अभ्यासका विरुद्ध मन्त्रालयले नीति, कानुनहरू तर्जुमा गर्नुका साथै योजना तथा कार्यक्रमहरू तय गरी कार्यान्वयनमा ल्याएको छ ।

कोभिड-१९ को विद्यमान महामारीका कारण आर्थिक तथा सामाजिक जीवन कठिन एवं जटिल बनेको छ । सामान्य अवस्थामा समेत जोखिममा रहका बालबालिका, किशोरी, महिला, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको जनजीवनलाई यस महामारीले झन कष्टकर बनाएको छ । जोखिममा परेका बालबालिका, महिला तथा अपाङ्गता भएका व्यक्तिहरूलाई तत्काल, उद्धार तथा राहत प्रदान गर्न तीनै तहका सरकारले आवश्यक नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्थापन गरी आ-आफ्नो तर्फबाट भरमग्दुर प्रयास गर्नुपर्ने भएको छ भने राज्यका सबै तह तथा सं रचनाहरूमा लैङ्गिक मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ ।

मुलुक साबिकको केन्द्रीय शासनप्रणालीबाट सङ्घीय संरचनामा रूपान्तरित भएपछि राज्यका तीनै वटा तह लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्दै आर्थिक समृद्धिको दिशातर्फ उन्मुख भएको छ । सङ्घ, प्रदेश र स्थानीयतहमा महिलाहरूको उल्लेख्य प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित भएको छ । अबको गन्तव्य भनेको राजनीतिक सशक्तीकरण जस्तै आर्थिक र सामाजिक सशक्तीकरण गरी हिंसामुक्त राष्ट्र निर्माण गर्नु हुनेछ ।

नेपाल सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा कोरोना नियन्त्रणलाई प्राथमिकतामा राखेकाले मुलुकलाई यस महामारीबाट मुक्त गर्ने कार्यमा सरकार प्रतिबद्ध रहेको छ । त्यसैगरी कोभिड-१९ को सङ्क्रमणको असरले मानव जीवन अस्तव्यस्त बनाइरहेको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको जीवनको सुरक्षा र रोजगारीका लागि महिलाको श्रमलाई आर्थिक उपार्जनमूलक क्रियाकलापमा रूपान्तरण गर्न सके उनीहरूमाथि सम्मान हुने देखिन्छ । महिला, बालबालिका र ज्येष्ठ नागरिकका सबालहरू यस मन्त्रालयको मात्र सरोकारको विषय नभएर

बहुनिकाय र बहुक्षेत्रगत विषय हो। उनीहरूका समस्याको यथोचित सम्बोधन गर्दै सशक्तीकरण गर्न सरकारी, गैरसरकारी क्षेत्र, निजी क्षेत्र तथा सम्बन्धित सरोकारवाला सबैको सामूहिक प्रयास अपरिहार्य छ।

मन्त्रालयले प्रकाशन गरेको सशक्तीकरण जर्नलमा समसामयिक विषयवस्तु, लेखकका निजी अनुभव र महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित लेख रचनाहरू समाविष्ट गरिएका छन। प्रस्तुत जर्नलमा समाविष्ट लेख रचनाहरू लेखकका निजी धारणा र विचार भएकाले लेखमार्फत प्रस्तुत गरेका तथ्य, तथ्याङ्क र धारणा सरकारको आधिकारिक तथ्याङ्क र धारणा होइनन्। जर्नलमा समावेश भएका लेखरचनाका माध्यमबाट मन्त्रालयगत विषयका सम्बन्धमा जानकारी प्रदान गर्ने र सुसूचित गर्ने अवसरका रूपमा लिएका छौं।

अन्त्यमा, प्रस्तुत सशक्तीकरण जर्नल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूका विषयमा अध्ययन गर्ने रुचि भएका पाठकहरूका लागि सहयोगी हुनेछ भन्ने अपेक्षाका साथ रचनात्मक सुझावका लागि अनुरोध गर्दछौँ।

# विषयसूची


ज्येष्ठ नागारिकहरूको हक अधिकारको सुनिश्चितताका लागि सरकारको प्रयास

✍ *यामकुमारी खतिवडा (बास्कोटा)* ........................................१

लैङ्गिक सशक्तीकरण, लोकतन्त्र र महिला प्रतिनिधित्वको सवाल

✍ *गोपीनाथ मैनाली* ........................................७

समावेशी नीति र निजामती सेवामा यसको कार्यान्वयन

✍ *वीरबहादुर राई* ........................................१८

बाल अधिकार तथा न्यायका सवाल र बालसुधार गृह (Juvenile Correctional Institution): एक समीक्षा

✍ *उमेश ढुङ्गाना* ........................................२७

"महिलाको सुरक्षा, सम्मान र रोजगार : समृद्ध नेपालको आधार"

✍ *रोशनी कुमारी श्रेष्ठ* ........................................३६

नेपालको सार्वजनिक प्रशासनमा महिलाको अवस्था र उपलब्धिको एक शताब्दी

✍ *राधिका अर्याल** ........................................४३

ज्येष्ठ नागरिकहरूको वर्तमान अवस्था, समस्या तथा चुनौती

✍ *भरतराज शर्मा* ........................................५४

पालेर्मो प्रोटोकल, यसका विशेष प्रावधानहरू र नेपालको सन्दर्भ

✍ *गोमादेवी ढकाल पौडेल* ........................................६१

**Gender Equality and Women Empowerment: Some Initiatives**

✍ ***Sita Niroula*** ........................................६५

ज्येष्ठ नागरिकका समस्या र आगामी रणनीति

✍ *निराजन घिमिरे, उपसचिव* ........................................७०

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सरकारको फड्को

✍ *अन्जु ढुंगाना* ........................................७८

महिला सशक्तीकरण : एक अनुभूति

✍ *रोशनी देवी कार्की* ........................................८६

सामाजिक सुरक्षाभत्ता चासो र चिन्ता

✍ *बिनीता भट्टराई* ........................................९२

नैतिक समाज निर्माणका लागि  बालबालिकाको सामाजिक विकास

✍ *पुर्णिमा उपाध्याय** ....................................................................................................९५

सङ्घीयता/स्थानीय सरकार र महिला  विकास कार्यक्रमः एक समीक्षा

✍ *शान्ताकुमारी पौडेल* ....................................................................................................१०३

बालमैत्री स्थानीय शासन :  अवसर र चुनौती

✍ *विष्णु कुमारी लामिछाने*....................................................................................................१०९

लैङ्गिक हिंसा निवारणका क्षेत्रमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको भूमिका तथा महत्त्व

✍ *इन्दिरा आचार्य*....................................................................................................११७

नेपालमा महिला सशक्तीकरणको राजनीतिक पाटो

✍ *उर्मिला ढकाल* ....................................................................................................१२०

अपाङ्गता भएका व्यक्तिहरू  र उनीहरूका सबाल

✍ *जगदीशप्रसाद अधिकारी* ....................................................................................................१२५

राष्ट्रिय लैङ्गिक समानता नीति,  २०७७: सारांश

✍ *रोशनीकुमारी श्रेष्ठ* ....................................................................................................१२९

# ज्येष्ठ नागरिकहरूको हक अधिकारको सुनिश्चितताका लागि सरकारको प्रयास

✍ यामकुमारी खतिवडा (बास्कोटा)*

## १. विषय प्रवेश

"ज्येष्ठ नागारिकप्रतिको सम्मान र मर्यादाः घर, परिवार र हामी सबैको प्रतिबद्धता"

आफ्नो यौवन र वयस्क अवस्था परिवार, समाज र राष्ट्रका लागि विभिन्न किसिमले योगदान र समर्पण गर्नुभएका हामी सबैका अग्रज, पथप्रदर्शक र आदरणीय ज्येष्ठ नागरिकहरूको उत्तरार्धको जीवनलाई सहज, मर्यादित र सम्मानित बनाउनु हामी सबैको कर्तव्य र दायित्व हो ।

त्यसैगरी ज्येष्ठ नागरिकको हकहित प्रवर्धन सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपालको संविधान र सोअनुसार बनेका कानुनहरूले ज्येष्ठ नागरिकलाई प्रत्याभूत गरेका हकअधिकार र सेवासुविधाहरूको कार्यान्वयन र उपलब्धताको सुनिश्चितता गर्नु सरकारको दायित्व हो । भौतिक पूर्वाधारहरूबाट उपलब्ध सुविधाहरू, स्वास्थ्य सेवाको क्षेत्रमा भएको प्रविधिलगायत समग्र विकासले उपलब्ध गराएको गुणस्तरीय स्वास्थ्य सेवा, पुस्टिक खानपिनजस्ता विविध कारणको फलस्वरूप अन्तर्राष्ट्रियस्तरमा नै मानिसको औसत आयुमा वृद्धि भएसँगै ज्येष्ठ नागरिकहरूको सङ्ख्या पनि स्वाभाविकरूपमा दिनानुदिन वृद्धि भइरहेको छ । विश्वपरिवेशमै भएको आर्थिक विकास, भौतिक पूर्वाधार, सूचनाप्रविधिको तीव्र विकास र विश्वव्यापिकरणको  असर सबै देश, समाज, परिवार र व्यक्तिमा समेत पर्न गएको छ, जसको कारण जीवनशैली व्यस्त र प्रतिस्पर्धी बन्दै गएको छ ।

त्यसैगरी सांस्कृतिक, धार्मिक, परम्परा  र प्रचलन आदिका नाममा मानवमाथि हुने विभेद, दुर्व्यवहार, हिंसा, घृणा तथा प्रचलित खराव अभ्यासहरू क्रमशः कम हुँदैगएका छन् भने कतिपय सामाजिक मूल्यमान्यताहरू समेत परिवर्तन भई सामाजिक रूपान्तरणको क्रममा रहेका छन् । समयको परिवेशसँगै परिवर्तित हुँदैगएको प्रतिस्पर्धी र व्यस्त  बनेको व्यावसायिक, पारिवारिक र सामाजिक  जीवनबीचको सन्तुलन कायम गर्नु हाम्रो जस्तो समाजमा चुनौती बनेको छ । यसै क्रममा परिवार र त्यसमा पनि आफ्ना घरका ज्येष्ठ नागरिकहरूप्रतिको सोच र  मूल्यमान्यतामा परिवर्तन हुँदै जाँदा आफ्ना अभिभावक र अग्रज- आमाबाबु, हजुरआमा, हजुरबाहरूलाई परिवारबाट छुट्याएर विभिन्न आश्रयस्थलहरूमा राख्ने क्रम बढ्दै गएको छ  भने परिवारभित्रै रहेका कतिपय ज्येष्ठ नागरिकहरू हाम्रा व्यवहारले गर्दा अपहेलित र दुर्व्यवहार महसुस गरेका घटनाहरू सुनिने र बाहिरिने गरेका  छन् ।

त्यसैगरी अहिलेको नयाँ पुस्तालाई परिवारभित्रकै ज्येष्ठ नागरिकहरूप्रतिको माया, ममता, हेरचाह र स्याहारसुसारको भावना जगाई उहाँहरूप्रति निकट बनाउनु अर्को चुनौती रहेको  छ । ज्येष्ठ नागरिहरूको उत्तरार्धको अवस्थामा सबैभन्दा उपयुक्त, प्यारो र आवश्यक स्थान भनेको आफ्नो घर, परिवार र उनीहरूको माया, ममता, सद्भाव र निकटता हो; जहाँ उहाँहरूको आड,

* *सचिव महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।*

भरोसा, विश्वास, आस्था र भावनात्मक सम्बन्ध प्रत्यक्षरूपमा जोडिएको हुन्छ । त्यसैले ज्येष्ठ नागरिकप्रतिको हाम्रो दायित्व र कर्तव्यको पाठ र व्यवहार सबैभन्दा पहिले हामी आफैले र घर परिवारबाट सुरु गर्नुपर्दछ ।

यद्यपि आफन्त एवं संरक्षक नभएका असहाय र बेवारिस अवस्थामा रहेका ज्येष्ठ नागरिकहरूलाई संरक्षण दिने दायित्व सरकारको हो । यसका लागि सुविधासम्पन्न ज्येष्ठ नागरिक गृह/केन्द्रहरूको सञ्चालन गर्नुपर्ने हुन्छ । यसैगरी घरमा एक्लै बस्नुपर्ने ज्येष्ठ नागरिकहरू दिनभरि समय बिताउने; ताजगी  हुने; आफ्ना ज्ञान, सीप तथा अनुभवहरूको आदानप्रदान गर्ने; आफ्नो सीप र योग्यताअनुसारको काम गर्ने र सीप सिकाउने अवसरहरू प्रदान गर्न ज्येष्ठ नागरिक आरोग्य केन्द्र, ज्ञान केन्द्र, मिलन केन्द्रजस्ता संरचनासमेत निर्माण र सञ्चालन गर्न आवश्यक छ । त्यस्तै ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवको उपयोग परिवार, समाज र राष्ट्रले लिन सक्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ । यिनै परिवेशमा रहेर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका नीति, कार्यक्रम र बजेट ज्येष्ठ नागरिक केन्द्रित रहेका छन् ।

## २. ज्येष्ठ नागरिकसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू

- ज्येष्ठ नागरिकका हक र अधिकारका विषयहरू संयुक्त राष्ट्रसंघले पारित गरेको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणादेखि नै सुरु भएको छ । मानव अधिकारको घोषणा, १९४८ मा ज्येष्ठ नागरिकको स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादाको व्यवस्था गरेको छ ।
- ज्येष्ठ नागरिक सम्बन्धमा Vienna International Plan on Ageing, 1982 ले गरेका  ६२ वटा सिफारिसहरूमध्ये प्रमुख क्षेत्रहरू अनुसन्धान तथा तालिम, स्वास्थ्य र पोषण, सुरक्षा, आवास तथा वातावरण, परिवार, सामाजिक कल्याण, आय, सुरक्षा, जीविका र शिक्षा आदि रहेका छन् ।
- United Nations Principles for Older Persons 1991 ले पनि ज्येष्ठ नागरिकको स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादाको व्यवस्था गरेको छ ।
- Macau Plan of Action on Ageing in Asia & Pacific, 1998; ले गरेका व्यवस्थाहरूमा Social position of older persons, older persons and the family; Health and nutrition; Housing, transportation and the built environment; Older persons and the market; Income security, maintenance and employment; Social services and the community आदि पर्दछन् ।
- त्यसैगरी Madrid International Plan of Action on Ageing, 2002; ले Older Persons and Development *Advancing health and well-being into Old Age Ensuring enabling and supportive environment* जस्ता विषयहरू समेटेको छ । Recommendation of ILO 1980 "International Convention on the rights of Older Persons"; ले Equality of Opportunity and Treatment; Protection and Implementation; Preparation and Access to Retirement जस्ता विषयहरू समेटेको छ ।

## ३. ज्येष्ठ नागरिकसम्बन्धी कानुनी व्यवस्था र सरकारका पहलहरू

- नेपालको मूल कानुन संविधानको मौलिक हकमा नै ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा र संरक्षणको व्ययवस्था भएको छ । यसको मर्म र भावनाअनुरूप ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ कार्यान्वयनमा छ । ज्येष्ठ नागरिकका हक र अधिकारहरू थप सुनिश्चित गर्ने गरी ऐनको संशोधन प्रक्रिया अगाडि बढेको छ ।
- स्थानीय शासन सञ्चालन ऐन २०७४ मा पनि ज्येष्ठ नागरिकका हकहितका विषयहरू उल्लेख भएका छन् ।
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ६० वर्षभन्दा माथिका नागरिकलाई ज्येष्ठ नागरिक भनी परिभाषित गरेको छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा ज्येष्ठ नागरिकहरूको सङ्ख्या कुल

जनसङ्ख्याको ८.१३ प्रतिशत रहेको छ।

- ज्येष्ठ नागरिकलाई स्वास्थ्य, यातायातलगाएतका क्षेत्रमा दिइने छुट तथा सुविधाहरू विभिन्न कानुनहरूद्वारा व्यवस्थित गरिएको छ ।
- सरकारले कर्णाली अञ्चलका ६० वर्ष उमेर पुगेका सबै नागरिक तथा देशभरिका दलित वर्गका ६० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई मासिक रु २०००/- र ७० वर्ष पुगेका ज्येष्ठ नागरिकहरूलाई थप रु.१०००/- स्वास्थ्य उपचार खर्चसहित सामाजिक सुरक्षास्वरूप मासिक रु.३०००/- भत्ता उपलब्ध गराइरहेकोमा आ.व. २०७८/७९ देखि मासिक भत्ता रु.४ हजार पुऱ्याएको छ। ज्येष्ठ नागरिकको सुविधाका लागि यसरी वितरण गरिने सामाजिक सुरक्षावापतको भत्ता सम्बन्धित स्थानीयतहबाट र व्यक्तिको बैंक खातामै उपलब्ध गराइएको छ ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई राष्ट्रहितमा सदुपयोग गर्ने तथा युवा पुस्तामा पुस्तान्तरण गर्ने तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी यस मन्त्रालयले विभिन्न कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। ज्येष्ठ नागरिकहरूले दिनको समयमा एकै ठाउँमा जम्मा भई अनुभव साटासाट गरी समय सहजरूपले बिताउने प्रयोजनका लागि ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन मापदण्ड एवं कार्यविधिसहित १६४ स्थानीयतहहरूमा २०० वटा केन्द्रहरू सञ्चालनमा छन्। यस्ता थप मिलन केन्द्रहरू सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।
- पालनपोषण र हेरचाह गर्ने कोही नभएका बेवारिसी ज्येष्ठ नागरिकहरूलाई स्थानीयतह, प्रदेश सरकार र विभिन्न संघसंस्थाको सहयोग र समन्वयमा विभिन्न आश्रयस्थलहरूमा संरक्षण गरिएको छ ।
- ज्येष्ठ नागरिकहरूप्रति सम्मान र हौसला प्रदान गर्न प्रत्येक वर्ष पुस ११ गते राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने गरी नेपाल सरकारले निर्णय गरेको छ ।
- अस्पतलासहितको सुविधासम्पन्न ज्येष्ठ नागरिक गृह निर्माण गर्ने; ज्येष्ठ नागरिक आश्रम सञ्चालकहरूका लागि स्याहारकर्ता तालिम दिने; ज्येष्ठ नागरिकहरूका लागि हालसम्म भए गरेका सेवा सुविधा सम्बन्धमा अन्तरनिकायबीच समीक्षा, सङ्घ, प्रदेश र स्थानीयतहको साझेदारीमा ज्येष्ठ नागरिक मिलनकेन्द्र निर्माण तथा सञ्चालन गर्ने; विद्यावारिधि गर्न चाहने ज्येष्ठ नागरिकलाई प्रोत्साहनस्वरूप आर्थिक सहयोग उपलब्ध गराउने र अन्तरपुस्ता ज्ञान, सीप र अनुभव हस्तान्तरणका लागि अतिथि कक्षा सञ्चालन एवं केही ज्येष्ठ नागरिक आश्रमहरूसँग साझेदारीमा कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदान दिने जस्ता कार्यक्रमहरू सञ्चालित छन्।

## ४. आ.व. २०७८/७९ को बजेट तथा कार्यक्रममा गरिएका व्यवस्थाहरू

- आ.व. २०७८/७९ को बजेट तथा कार्यक्रमले एक सयभन्दा बढी शय्या भएका स्वास्थ्य संस्थामा ज्येष्ठ नागिरकका लागि अलग वार्ड स्थापना गरी उपचार गर्ने व्यवस्था मिलाउने; ज्येष्ठ नागिरकका लागि मिलनकेन्द्रहरू, दिवा सेवाकेन्द्रहरू र आरोग्य आश्रय सञ्चालन गरिने व्यवस्था गरेको छ। यसैगरी काठमाडौँको गोठाटारमा अस्पतालको सुविधासहित ५ सय क्षमताको ज्येष्ठ नागिरक आवास निमाण गर्ने कार्यक्रम रहेको छ।
- ज्येष्ठ नागरिकहरूलाई उपलब्ध गराउँदै आइएको सामाजिक सुरक्षा भत्ता रु ३००० । - बाट रु ४०००। - बनाएको छ ।

- एकल महिला, विधवा तथा विधुर, शारीरिक र मानसिकरूपमा असक्त, असहाय र आफ्नो परिवारको संरक्षण नभएका ज्येष्ठ नागरिकका लागि निःशुल्क औषधोपचार र संरक्षणको व्यवस्था गरिएको छ।
- ज्येष्ठ नागरिक मिलनकेन्द्रहरू, दिवासेवा केन्द्रहरू निर्माण तथा सञ्चालनका लागि संघसंस्थाहरूलाई अनुदान उपलब्ध गरिएको छ ।

## ५. कोभिड १९ को सन्दर्भमा भएका पहलहरू

- मन्त्रिपरिषद्बाट स्वीकृत भएको "कोरोना (Covid-19) सङ्क्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति तथा ज्येष्ठ नागरिकहरूमा परेको र पर्न सक्ने असरहरूका बारेमा सुधार तथा सम्बोधन गर्न र सामाजिक संघसंस्था परिचालन गर्नेसम्बन्धी कार्ययोजना २०७७" कार्यन्वयनका लागि निर्देशक समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ।
- हाल महामारीको रूपमा फैलिरहेको कोभिड-१९ बाट बढी मात्रामा ज्येष्ठ नागरिकहरू जोखिममा पर्ने तथ्यलाई हृदयङ्गम गरी यसबाट कसरी सुरक्षित हुन सकिन्छ भन्ने विषयमा मार्गनिर्देशन तयार पारी सबै स्थानीयतह तथा सरोकारवाला संघसंस्थाहरूमार्फत ज्येष्ठ नागरिक एवं उनीहरूको हेरचाहमा संलग्न व्यक्तिहरूलाई जानकारी गराइएको छ। यसै सन्दर्भमा विभिन्न आश्रमहरूमा संरक्षित ज्येष्ठ नागरिकहरूको विषयमा जानकारी लिन यस्ता संघसंस्थाहरूलाई सम्पर्क गरी खाद्यान्न तथा आधारभूत स्वास्थ्य सामग्रीहरू उपलब्ध गराइएको छ।
- ज्येष्ठ नागरिकलाई कोभिड १९ बाट परेको प्रभावका सम्बन्धमा तत्काल सम्बोधन गर्न मन्त्रालयकासम्बन्धित शाखाका प्रमुखलाई सम्पर्क व्यक्ति तोकिएको तोकिएको छ ।
- आश्रयस्थलमा बसेकासहित सबै ज्येष्ठ नागरिकहरूलाई प्राथमिकतामा राखी पहिलो चरणमा नै कोरोना भाइरसविरुद्धको खोप प्रदान गरिएको र सो कार्य निरन्तर रहेको छ ।

## ६. ज्येष्ठ नागरिक सम्बन्धमा भएका केही उपलब्धिहरू निम्नानुसार प्रस्तुत गरिएको छ -

- सामाजिक सुरक्षास्वरूप मासिक भत्ता विगतको रु.१०० बाट रु.४ हजार पुगेको छ।
- ज्येष्ठ नागरिका सवालहरू प्रदेश सरकार र स्थानीयतहमा आन्तरिकिकरण हुँदै गएको ।
- ज्येष्ठ नागरिक दिवासेवा तथा दिवा मिलनकेन्द्र स्थापना तथा सञ्चालन भएका छन्।
- ज्येष्ठ नागरिक ऐन, २०६३ को संशोधन विधेयक संसद्मा पेस भएको छ ।
- विपन्न र बेवारिसी ज्येष्ठ नागरिकको व्यवस्थापनका लागि आरोग्य आश्रमहरू स्थापना तथा सञ्चालन भएका छन्।
- स्थानीयतहमार्फत ज्येष्ठ नागरिक परिचयपत्र वितरणको कार्यक्रम सञ्चालन भएको छ ।,
- बिमा रकम सरकारले बेहोर्ने गरी ७७ वटै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिएको छ ।
- ज्येष्ठ नागरिक नीति र ५ वर्षे कार्ययोजना निर्माण कार्य अगाडि बढेको छ ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालनमा रहेको छ ।

## ७. ज्येष्ठ नागरिकका हक हित प्रवर्धनमा देखिएका समस्याहरू

- ज्येष्ठ नागरिकसम्बन्धी प्रचलित ऐन तथा कानुनको प्रभावकारीरूपमा कार्यान्वियन हुन नसक्नु ।
- ज्येष्ठ नागरिकप्रतिको दायित्व र कर्तव्यसम्बन्धी भावना जगाउने गरी युवा पुस्तालाई शिक्षा दिन नसकिएको ।
- अन्तरपुस्ताबीच प्रविधि, ज्ञान, सीपमा एकरूपता ल्याउन नसक्नु साथै यस्ता ज्ञान, सीप र अनुभवलाई

युवापुस्तामा पुस्तान्तरण गर्न नसक्नु ।

- सेवा प्रदायक व्यक्ति तथा संस्थाहरू ज्येष्ठ नागरिकमैत्री नहुनु ।
- स्वास्थ्य सेवामा पहुँच नहुनु, भैतिक पूर्वाधार ज्येष्ठ नागरिकमैत्री नहुनु।
- ज्येष्ठ नागरिकका सबालहरू स्थानीयतह र प्रदेश सरकारका नीति, योजना, बजेट, कार्यक्रम र संरचनासमेतमा आन्तरिकीकरण र संस्थागत हुन नसक्नु ।
- व्यक्ति र परिवारमा बढेको व्यस्तताले गर्दा व्यावसायिक र पारिवारिक जीवनबीच सन्तुलन हुन नसक्दा ज्येष्ठ नागरिकको पारिवारिक सामीप्य कम हुँदै जानु ।

## ८. आगामी दिनमा ज्येष्ठ नागरिकसम्बन्धी मन्त्रालयका थप प्राथमिकताका क्षेत्रहरू

- सङ्घीय, प्रदेश र स्थानीयतहबीच समन्वय प्रभावकारी बनाउने ।
- सामाजिक सुरक्षा भत्ता जीवन निर्वाह गर्न पुग्ने गरी बढोत्तरी गर्दै लान सहजीकरण गर्ने ।
- ऐन, नियमले प्रदान गरेका छुट सुविधाहरूको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विपन्न तथा असहाय ज्येष्ठ नागरिकको तथ्याङ्क अद्यावधिक गर्ने र सोका आधारमा Evidence Based Policy निमाण गर्ने ।
- भौतिक संरचनाहरूलाई ज्येष्ठ नागरिकमैत्री बनाउन सहजीकरण गर्ने ।
- राज्यका विभिन्न तहमा रहेर योगदान पुऱ्याएका ज्येष्ठ नागरिकमार्फत मेरो समाजलाई मेरो योगदान अभियान सञ्चालन गरी समाज विकासमा सहभागी गराउने ।
- ज्येष्ठ नागारिकको सम्मान मेरो कर्तव्य जस्ता जनचेतना जगाउने किसिमका कार्यक्रम सञ्चालन गरी ज्येष्ठ नागरिकप्रति सम्मानको भावना र वातावरण सिर्जना गर्ने ।
- स्थानीयतह, प्रदेश र संघसंस्थाको सहयोग र समन्वयमा सडकमानव मुक्त अभियान देशभरि सञ्चालन गर्ने ।
- ज्येष्ठ नागरिकसम्बन्धी विस्तृत सामाजिक सुरक्षा नीति (package) निर्माण गर्ने, उमेरको वर्गीकरणअनुसार सामाजिक सुरक्षा भत्तालाई वर्गीकरण गर्ने तथा विपन्न तथा बेवारिसी ज्येष्ठ नागरिकको लगत राखी विश्लेषणपश्चात् थप सुविधा प्रदान गरी जीवन जिउन पुग्ने गरी भत्ता वृद्धि गर्ने ।
- ज्येष्ठनागरिक संरक्षण कोष खडा गरी सो कोषलाई ज्येष्ठ नागरिकहरूको हितमा परिचालन गर्ने
- सङ्घ, प्रदेश र स्थानीयतहबीच बजेट निर्माण, कार्यान्वयन, अभियानमूलक कार्यक्रममा समन्वय र साझेदारी साथै गरिने र ज्येष्ठ नागरिकका सबाललाई तीनै तहका नीति, कार्यक्रम र योजनामा मूलप्रवाहीकरण गर्न सहजीकरण गरिने ।
- बालबालिका तथा युवा-पुस्तालाई ज्येष्ठ नागरिकप्रतिको आफ्नो दायित्व र कर्तव्यका बारेमा बोध गराई उहाँहरूप्रति माया, ममता, स्पर्श, निकटता र सम्मान गर्ने बानी सानैदेखि घरबाट सिकाउने र समाजमा पनि यस्ता युवाहरूले अभियान चलाउने जस्ता कार्यक्रमहरू सञ्चालनमा सहजीकरण र समन्वय गरिने। यस्ता अभियानमा युवापुस्तालाई नेतृत्व गराउने गरी सहजीकरण गर्ने ।
- सार्वजनिक स्थानहरू, भवनहरू निर्माण गर्दा ज्येष्ठ नागरिकमैत्री हुने गरी निर्माण गर्न सहजीकरण गर्ने। प्रत्येक स्थानीयतहमा ज्येष्ठ नागरिक मिलन केन्द्रहरूको स्थापना गर्ने ।

## ९. निष्कर्ष:

ज्येष्ठ नागरिकप्रतिको दायित्व र कर्तव्य सबैको भएकाले हामी आफै, घर, परिवार, समाज सबैले यसलाई आत्मसात् गर्नुपर्दछ। उहाँहरूको जीवनलाई सहज, सम्मानित र मर्यादित बनाउने र ऐन कानुनद्वारा प्रदत्त हक र अधिकारको कार्यान्वयनमा राज्यका सबै निकायले आ-आफ्नो तहबाट पहल गर्नुपर्ने हुन्छ। सङ्घ, प्रदेश र स्थानीयतहबीच बजेट निर्माण, प्रभावकारी एवं नतिजामुखी कार्यक्रम सञ्चालनमा समन्वय र सहकार्य गर्दै अभियानमुखी कार्यक्रमहरू सञ्चालन गर्न जरूरी छ। युवा पुस्तामा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई हस्तान्तरण र पुस्तान्तरणमा जोड दिन उत्तिकै अपरिहार्य छ। राज्यका हरेक निकायहरूले ज्येष्ठ नागरिकको संरक्षणलाई पहिलो प्राथमिकतामा राखी परिवारमा त्यस्तो वातावरण सिर्जना गर्नुपर्ने साथै असहाय तथा संरक्षक नभएका ज्येष्ठ नागरिकहरूका लागि सुविधा सम्पन्न ज्येष्ठ नागरिक आश्रय स्थल/गृहहरूमा राख्ने व्यवस्था मिलाउन आवश्यक छ। संविधान, ऐन, नियम तथा निर्देशिका का प्रावधानहरूको तथा मन्त्रालयका माथि उल्लिखित प्राथामिकताका क्षेत्रहरूको नतिजामुखी कार्यान्वयन गर्नु सबैको जिम्मेवारी हो। राज्यका सबै सरकारी गैरसरकारी निकाय तथा निजी क्षेत्रलगायत व्यक्ति घर, परिवार, समाजले आ-आफ्नो दायित्व र कर्तव्य बोध गदै इमानदारीसाथ प्रयास गरेमा ज्येष्ठ नागरिकहरूको जीवनलाई सहज, सुरक्षित, सम्मानित र मर्यादित बनाउन सकिने विश्वास गर्न सकिन्छ ।

***

# लैङ्गिक सशक्तीकरण, लोकतन्त्र र महिला प्रतिनिधित्वको सवाल

✍ गोपीनाथ मैनाली*

## विषय प्रवेश

सशक्तीकरणलाई सजिलोरूपमा बुझ्दा आफ्नो भूमिका, अधिकार र जिम्मेवारीबोध गर्नसक्ने क्षमता हो। अधिकार र जिम्मेवारी निर्वाह गर्न सशक्त हुनसक्ने सामर्थ्य हो, सामर्थ्यसहितको तत्परता हो। लैङ्गिक सशक्तीकरणले समाजमा रहेको लैङ्गिक शक्तिसंरचनालाई रूपान्तरण गरी महिलाको चेतना र सामर्थ्य र विकासमार्फत आफ्ना सरोकारका विषयमा स्वाधीन निर्णय क्षमतामा पुऱ्याउँछ । परम्परादेखि समाज लैङ्गिकरूपमा विभाजित हुँदै आएकाले लैङ्गिक सशक्तीकरणमार्फत महिला तथा पुरुषबीचको सोच, संस्कार र व्यवहारलाई परिवर्तन गर्ने कार्यसूचीले बीसौं शताब्दीको उत्तरार्धदेखि महत्त्व पाउँदै आएको छ। कुनै पनि मुलुकको विकासमापनको सूचकाङ्कमा पनि यसलाई समावेश गरिन थालिएको छ।

सशक्तीकरणका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक र सांस्कृतिक आयामहरू छन्। सम्पत्ति आर्जन, स्वामित्व, उपयोग र यससम्बन्धी निर्णयमा स्वाधीन हैसियतको क्षमता आर्थिक सशक्तीकरण हो। सामाजिक रहनसहन र गतिविधिमा संलग्न भई सम्बन्ध र सामाजिक पुँजी परिचालन गर्नसक्ने सामर्थ्य सामाजिक सशक्तीकरण हो। शिक्षा आर्जनमार्फत चेतना र सीपमा सशक्त हुनु शैक्षिक सशक्तीकरण हो । घरपरिवार, समुदायदेखि शासकीय प्रक्रियामा मत/अभिमत प्रस्तुत गर्न र सहभागी हुनसक्ने क्षमता राजनीतिक सशक्तीकरण हो भने आफ्नो स्वाधीन पहिचानबोध गर्नसक्ने अवस्था चाँहि सांस्कृतिक सशक्तीकरण हो। यसर्थ लैङ्गिक सशक्तीकरण कुनै एक आयाम मात्र पूरा भएर पूर्णता प्राप्त गर्दैन। यी विषयहरू एकअर्कामा परिपूरण पनि गर्दछन्। जस्तो कि शैक्षिक सशक्तीकरणमार्फत व्यक्तिमा विकास हुने चेतनाले आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिकरूपमा गढेर रहेका गलत मानक तथा मान्यतालाई भत्काई नयाँ मानक र मूल्यहरू स्थापना गर्दछ। त्यस्तै आर्थिक सशक्तीकरणले शैक्षिक, राजनीतिक, सामाजिक र सांस्कृतिक सशक्तीकरणको आधार मजबुत गराउँदछ।

लैङ्गिकता, शक्ति र प्रगतिसम्बन्धी ALiGN & ODI को प्रतिवेदन (२०२०) ले लैङ्गिक सशक्तीकरणका लागि पाँच कार्यलाई जोड दिएको छ । (क) लैङ्गिक मानक परिवर्तन, (ख) शैक्षिक मानक परिवर्तन, (ग) प्रजनन स्वास्थ्य र यौन मानक परिवर्तन, (घ) अनौपचारिक क्षेत्रका कार्यको मानक परिवर्तन र (ङ) राजनीतिक आबाज एवम् प्रतिनिधित्व प्रणालीका मानक परिवर्तन। यी मानकहरूको परिवर्तन व्यक्तिगत तह, अन्तवैयक्तिक तह, समुदाय र सङ्गठनात्मक तह र नीति तहमा एकैसाथ गरिनु पर्दछ। व्यक्तिगत तहको परिवर्तनको आधार शिक्षा वा चेतना हो। अन्तरवैयक्तिक चरणलाई सहज बनाउन प्रजनन र यौन अधिकारको अभिमुखीकरण चाहिन्छ । तेस्रो चरण वा सामुदायिक/सङ्गठनात्मक तहमा आर्थिक अवसरको समन्यायिक पहुँचमार्फत हस्तक्षेप गर्न सकिन्छ भने चौथो तह नीति वातावरणका लागि राजनीतिक अधिकार र प्रतिनिधित्वको सुनिश्चितता चाहिन्छ। यी मानक परिवर्तन गर्ने काम निकै जटिल छन्, किनकि लामो समयदेखिको सांस्कृतिक

* *पुर्व सचिव, नेपाल सरकार*

लाभबाट महिलाहरू वञ्चितिमा पर्दै आएकाले कानुन, नीति तथा सङ्गठन जस्ता संरचनापक्षमा मात्र परिवर्तन गरेर पुग्दैन । सामाजिक र सांस्कृतिक अभिमुखीकरण नै चाहिन्छ । मूल्य संरचनामा नै परिवर्तन चाहिन्छ । यसलाई राजनीतिक प्रणालीले नेतृत्व दिनुपर्दछ, ताकि सबै आयामहरूमा निरन्तर हस्तक्षेप गरी सशक्तीकरणको बाटो पक्रिन सकियोस् ।

## लोकतन्त्र र लैङ्गिक न्याय

लोकतन्त्रको सुन्दर पक्ष नै समन्यायिक समाज हो । लोकतन्त्रको प्रमुख मूल्यमा सामाजिक स्वरूपको बिम्ब राज्य तथा अन्य संरचनामा देखिनु पर्दछ भन्ने पनि हो । तर विश्वमा आधुनिक लोकतन्त्रको अभ्यास भएको पच्चीस सय वर्ष पुगिसके तापनि सबै वर्ग र सम्प्रदायले समान अवसरको उपयोग गर्न पाएका छैनन्, लोकतन्त्र वास्तविकरूपमा कार्यमूलक भएको छैन । यसबीच भएका परिवर्तनले पनि लोकतन्त्रलाई सबैको विश्वास जित्ने व्यवस्थाका रूपमा सबैको मनभित्र पुऱ्याउन सकेको छैन, सीमान्त परिवर्तन मात्र गरेको छ । लोकतन्त्रलाई सबैको व्यवस्था र सबैको जीवनपद्धतिका रूपमा संस्थागत गर्न राज्यशक्तिको अभ्यासमा सहज पहुँच र वास्तविक सहभागिताको विस्तार आवश्यक छ ।

राज्य शक्तिको प्रयोग र राज्य संरचनामा सहभागिताको अवसरलाई आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अवस्थाले प्रभाव पार्दै आएको छ । परिणामतः विश्वमा कुनै यस्तो मुलुक छैन, जहाँ महिलाले पुरुषको जत्तिको राजनीतिक प्रक्रियामा सहभागिता राखेको होस् । पछिल्ला दुई शताब्दीदेखि महिलाको राजनीतिक प्रतिनिधित्वका विषयमा उल्लेखनीय प्रयास तथा आन्दोलनहरू भएका छन् । तर पनि राजनीतिक संरचनामा महिलाको प्रतिनिधित्व अहिले पनि न्यून नै छ । यस शताब्दीको सुरुदेखि सामाजिक लोकतन्त्रको अवधारणाले निकै महत्त्व पाएर लोकतान्त्रिक मुलुकहरू समावेशी, समन्यायिक र सशक्तीकृत समाज निर्माणको अभियानमा लागेका छन् । लोकतन्त्रको उन्नत अवस्था भनेको कुनै वर्ग, सम्प्रदाय र लिङ्गमा रहेको व्यक्ति भए पनि आफू त्यस समाजको मूल्यवान सदस्य हुँ भन्ने बोध गर्नसक्ने अवस्थाको निर्माण हो । त्यो अवस्था प्राप्त गरिसकेपछि लिङ्ग, वर्ग वा सम्प्रदायको उल्लेख गरिरहनु पर्ने जरुरी नै रहँदैन, बृहत्रूपमा समानता प्राप्त हुन्छ र प्रत्येक नागरिकले सोको अनुभूति गर्दछ । वैयक्तिक वा वर्गीय पहिचानहरू समष्टिगत (राष्ट्रिय) पहिचानमा पूर्ण विस्तारित हुन्छन्, र खुसीको वास्तविक प्राप्ति सहज हुन्छ ।

## विश्व राजनीतिमा लैङ्गिक प्रतिनिधित्व

शासकीय संरचना र जनप्रतिनिधिमूलक संस्थाहरूमा महिलाहरूको उपस्थिति हेर्ने हो भने अहिले पनि निकै कम मुलुकमा मात्र महिला प्रतिनिधित्व उल्लेख गर्न लायक छ । अहिले विश्वका करिब २०० मध्ये २२ मुलुकले मात्र महिला राष्ट्र प्रमुख वा सरकारप्रमुख (१० मा राष्ट्रप्रमुख र १२ मा सरकारप्रमुख) पाएका छन् । ११९ मुलुकले अहिलेसम्म महिला राष्ट्रप्रमुख वा सरकारप्रमुख पाएका छैनन् । आधुनिक प्रजातन्त्रको जननी मानिएको संयुक्त राज्य अमेरिकाले हालसम्म पनि महिला राष्ट्रपति पाउन सकेको छैन ।

मुलुकहरूका सर्वोच्च कार्यकारी संस्था मन्त्रिपरिषद्मा महिलाको अंश केवल २१ प्रतिशत छ भने १४ मुलुकले मात्र ५० प्रतिशतभन्दा बढी महिला मन्त्री पाएका छन् । महिलाहरूको प्रतिनिधित्व त बढ्दै छ, तर त्यो निकै सुस्त गतिमा (०.५५ प्रतिशत वार्षिक वृद्धिदर) छ । यही दरमा वृद्धि भएमा लैङ्गिक समता (जेण्डर प्यारिटी) अनुपातका लागि सन् २०७० सम्म पर्खनु पर्दछ ।

अध्ययनहरूले के देखाएका छन् भने मन्त्रिपरिषद्मा महिला सहभागिता सीमान्त वृद्धिमा देखिए पनि मन्त्रालयको पोर्टफोलियो आधारमा महिलाहरूले (क) महिला, बालबालिका, युवा तथा अपाङ्गता सम्बन्धी, (ख) सामाजिक (ग) वातावरण तथा प्राकृतिक स्रोत र ऊर्जा, (घ) श्रम तथा रोजगार र (ङ) लैङ्गिकतासम्बन्धी, जस्ता सामान्य मन्त्रालयको

जिम्मेवारी पाएका छन् । तर अर्थ तथा वित्त, गृह तथा आन्तरिक सुरक्षा, विदेश मामिला, प्रतिरक्षा, उद्योग तथा व्यापार जस्ता मन्त्रालयको जिम्मेवारी कमै पाएको देखिन्छ । यसले शक्ति र स्रोत अभ्यासमा महिलाहरूलाई विश्वास नगरिएको (वा महिलाको तत्परता नदेखिएको ?) सन्देश दिन्छ ।

विधायिकाहरूमा प्रतिनिधित्वको स्थिति पनि उत्साहप्रद होइन, बिस्तारै बढ्दै आएको छ । सन् १९९५ मा विश्वमा ११ प्रतिशत महिला मात्र विधायिकामा प्रतिनिधित्व गर्दथे । सन् २०२० मा आइपुग्दा २५ प्रतिशत पुगेको छ । रुवाण्डा, बोलिभिया, क्युवा र संयुक्त अरब इमिरेट्समा मात्र ५० प्रतिशतभन्दा बढी महिला विधायक छन् । विधायिकामा महिला प्रतिनिधित्व बढाउन कोटा, आरक्षण जस्ता नीति हस्तक्षेपका अभ्यासहरू भइरहेका छन् ।

राष्ट्रिय विधायिकाका तुलनामा स्थानीयतहका सभाहरूमा महिला प्रतिनिधित्व केही उल्लेख्य देखिन्छ । १३३ मुलुकमा भएको एक अध्ययनमा स्थानीय सरकार/निकायमा महिला प्रतिनिधित्व ३७ प्रतिशत छ । दुई मुलुकमा ५० प्रतिशतभन्दा माथि र १८ मुलुकमा ४० प्रतिशबतभन्दा माथि देखिन्छ । महिला प्रतिनिधित्व बढाउन मुलुकहरूले स्थानीय समिति, व्यवस्थापन समूह, परिषद्, उपभोक्ता समितिहरूमा विशेष व्यवस्थाहरू गरिरहेका छन् । जस्तो कि भारतमा खानेपानी समितिहरूमा ६२ प्रतिशत महिलाहरू संलग्न छन् । नेपालमा पनि स्थानीय उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्ने प्रावधान छ भने प्रारम्भिक तहका सहकारी संस्थाहरूमा कुल सदस्य सङ्ख्या ७३ लाख रहेकोमा महिला हिस्सा ५४ प्रतिशत छ । तर यस्ता समिति र सभाको कार्यकारी पदाधिकारी र प्रत्यक्षरूपमा नागरिक निकायहरूमा महिला प्रतिनिधित्व न्यून रहेको छ । उदाहरणका लागि नेपालका २९८८६ सहकारी संस्थामध्ये करिब ४ हजारमा मात्र महिलाले व्यवस्थापन नेतृत्व गरिरहेका छन् ।

स्थानीयदेखि राष्ट्रिय नागरिक निकायहरूमा महिला प्रतिनिधित्व बढाउन राष्ट्रहरूले विशेष प्रतिबद्धता पनि जनाएका छन् भने गैसस पैरवी, सामाजिक आन्दोलन, महिला ककस र अभियन्ता सञ्जालहरूले महिला नेतृत्व विकासमा आ-आफ्नै तरिकाले योगदान गरिरहेका छन् । तर पनि महिलाहरूको सहभागिता शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरणजस्ता सामाजिक विषयमा सापेक्षिकरूपमा राम्रो र सुरक्षा, अर्थ, प्रतिरक्षा, विदेश मामिला र व्यापारजस्ता रणनीतिक क्षेत्रमा सापेक्षिकरूपमा कम देखिएको छ । कुवेतलाई अपवादका रूपमा लिँदा अहिले पनि अरब मुलुकमा महिला राजनीतिमा आउनु भनेको साहसको कुरा हो । नवोदित लोकतन्त्रमा महिला प्रतिनिधित्वका लागि भएका प्रयासहरू सार्थक भइसकेका छैनन् । नीति तथा राजनीतिक तहका कार्यकारी नेतृत्वमा महिलाको सहभागिताका सबाल कानुनी र राजनीतिकभन्दा पनि सामाजिक र सांस्कृतिक पक्षले बढी नै प्रभाव पार्दै आएको देखिन्छ ।

## महिला प्रतिनिधित्व किन ?

संयुक्त राष्टसंघका पूर्वमहासचिव कोफी अन्नानले भनेका थिए 'लैङ्गिक समानता लक्ष्यभन्दा माथिको विषय हो । यो गरिबी न्यूनीकरण, दिगो विकास र सुशासन प्राप्तिको पूर्वशर्त हो' । अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओवामाले सिङ्गापुरको एक कार्यक्रममा भनेका थिए, महिला पनि पूर्ण त नहोलान, तर पुरुषभन्दा निश्चय नै असल हुन्छन् (women Are not perfect, but are indisputably better than men) । त्यसैले सर्वसाधारणको जीवनस्तर उठाउन प्रत्येक देशले महिला नेतृत्वलाई बढावा दिनुपर्छ भन्ने उनको आह्वान थियो । नोवेल पुरस्कार विजेता अर्थशास्त्री अमर्त्य सेन हामीले चाहेजस्तो विश्वनिर्माण गर्ने साँचो महिला सशक्तीकरण हो भन्दछन् ।

लोकतन्त्रको आशय नै शासकीय प्रक्रियामा सबैको प्रतिनिधित्व संस्थागत गराउनु हो । समाजको ठूला हिस्सा शासकीय प्रक्रियामा समेटिन सकेन भने यसले लोकतन्त्रमाथि नै उपहास गर्छ र समाज व्यवस्था विभेदित हुन्छ । समाजका आवश्यकता र अपेक्षाहरू राज्यप्रक्रियामा मुखिरित हुन सक्दैनन् । सम्भावना र क्षमताहरू राष्ट्रनिर्माण र राष्ट्रिय विकासमा

उन्नयन हुन सक्दैनन् । राष्ट्रनिर्माण भनेको प्रक्रिया र भावना हो, विश्वास र वैधता हो । त्यसैले सबै वर्ग र सम्प्रदायको भावना र सम्भावनाहरू समेटिएपछि मात्र लोकतन्त्र व्यवहारमा पुग्छ । शताब्दीमा विकास भएको सामाजिक लोकतन्त्रले महिला प्रतिनिधित्वलाई झनै महत्त्व दिएको छ ।

नागरिक संस्थामा महिलाको प्रतिनिधित्व के कारण आवश्यक छ भन्ने सन्दर्भमा एनडिआइले पाँच कुरालाई अघि सारेको छ ।

- महिलाहरूको समन्वयकारी स्वभावले राजनीतिक आग्रहको सीमा काट्न सक्छन् (Women work across party lines), जसले महत्त्वपूर्ण विषयमा समाधान निकाल्न सहयोग पुऱ्याउँदछ । अमेरिका, बेलायत तथा रुसको संसदीय अभ्यासमा यसको पुष्टि पनि भएको छ ।
- महिलाहरू आफ्ना नागरिक सरोकारप्रति अधिक ग्रहणशील हुन्छन् (Women law makers are highly responsive to constituent concerns) । विशेषतः सीमान्तकृत, महिला, अल्पसङ्ख्यक र विपन्नका भावनाहरूप्रति संवेदनशील हुँदा उनीहरूका मुद्दाहरूले सहजै नीति कार्यसूची पाउँछन् । यसले सामाजिक न्याय र राष्ट्रिय सहमतिको आधार मजबुत पार्दछ ।
- दिगो शान्तिका लागि सहमति निर्माण गर्न महिला नेतृत्व सहज देखिएको छ (Women help secure lasting peace) । शान्ति संवेदनशील विकास, स्रोत तथा अवसर विनियोजनमा न्याय र द्वन्द्व निरूपणमा महिला नेतृत्व संवेदनशील देखिँदै आएको छ ।
- महिला प्रतिनिधित्वले सापेक्षिकरूपमा लोकतान्त्रिक प्रक्रियालाई इमानदार, वैध र विश्वासिलो बनाउने गर्दछ (Women's participation encourages citizen confidence in democracy) । दुई दशकजतिअघि एशियाली विकास बैङ्कले गरेको अध्ययनले पनि महिलाहरू सापेक्षिकरूपमा कम भ्रष्ट हुन्छन् भन्ने देखाएको थियो । स्रोतसाधनको हिफाजत र मित्व्ययितामा सापेक्षिकरूपमा महिला बढी ध्यान दिन्छन् । यसर्थ नेपालजस्तो कलिलो लोकतन्त्र र नरम राज्यप्रणाली भएका मुलुकमा महिला नेतृत्व अरू आवश्यक देखिन्छ ।
- महिलाहरू सामाजिक विकासका सूचकलाई प्राथमिकतामा राख्दछन् (Women prioritize education, health and other key development indicators) । सामाजिक विकास दिगो विकासको नरम आधार हो ।

विकासलाई समावेशी र दिगो बनाउन पनि राजनीतिक संस्थाहरूमा महिला प्रतिनिधित्वले सहयोग पुऱ्याउँदछ । शान्ति र सुशासनको आधार दिन्छ । महिला र पुरुष स्वभावतः र जैविकरूपमा भिन्न सम्भावनाका स्रोत हुन् । त्यसैले राष्ट्रिय विकासमा महिलाको क्षमतालाई उन्नयन गर्न, विकासलाई समवेशी बनाउन, संस्थाहरूलाई नमनशील बनाउन र कार्यस्थलमा समावेशी एवं हार्दिकता विकास गर्न महिला प्रतिनिधित्वले उल्लेख्य योगदान गर्नसक्छ । कलिलो लोकतन्त्र भएका मुलुकका लागि यो नै लोकतन्त्र परिपक्व बनाउने र राजनीतिक प्रक्रिया सामञ्जस्यपूर्ण बनाउने आधार बन्न सक्छ । असल संस्कार र त्यसको हेरचाह आमाहरूको पहिलो काम हो, यस कार्यका लागि आमाहरू पहिलो पाठशाला हुन् । परिवार संस्थामा देखिने यसखाले भूमिकालाई राज्यप्रक्रियामा उपयोग गर्दा असल संस्कार (सुशासन) स्वतः संस्थागत हुनसक्छ ।

## सामाजिक चेतना र नेपाली महिला

नेपाली समाजमा परम्परागतरूपमा नै महिला र पुरुषको सामाजिक भूमिका सीमाङ्कित हुँदैआएको छ । श्रुति, स्मृति र कहावतले मान पुरुषको र माया महिलाको भागमा पारेको छ । धर्म र परम्पराले महिलालाई सार्वजनिक जिम्मेवारीभन्दा

पनि आन्तरिक व्यवस्थापनको जिम्मेवारी सुम्पदै आएकाले अधिकांश महिलाहरू घरभित्रको चारदिवारीमा सीमित छन् । पतिको मृत्य हुँदा सती जानुपर्ने, पतिको नाममा ब्रत-उपासना बस्नुपर्ने, सम्पत्तिको अधिकार नपाउने, पाउँदा पनि विवाह र सम्पत्तिमध्ये एक रोज्नुपर्ने, घरबाहिरका गतिविधिमा भाग लिन परिवारको स्वीकृति चाहिनेजस्ता परम्परागत व्यवहारका कारण महिलाहरू आफूभित्र रहेको सम्भावना र क्षमताको उपयोग गर्नमा पछि परेका छन् । उनीहरू आफ्नो विषयमा भन्दा घर परिवारको विषयमा सोच्नुपर्ने बाध्यता रहँदै आएका छन् ।

तर इतिहासको अध्ययन गर्ने हो भने महिलाहरूले आफ्ना हक अधिकारका विषयमा, दमन र हिंसाका विरुद्धमा झिनो भएपनि आबाज उठाएको पाइन्छ । भोजपुरकी विदुषी योगमाया न्यौपाने पहिलोपटक असमान धर्म राज्यका विरुद्ध आजभन्दा डेढसय वर्षअघि सङ्घर्षको शंखघोष गरी आफैले त्यसलाई नेतृत्व दिएकी थिइन । जसलाई तत्कालीन राणा सरकारले कारागारको सजाय दियो । १९७४ मा विराटनगर कि योगमाया कोइरालाले महिला समिति गठन गरी आन्दोलनलाई सङ्गठित बनाइन् भने २००४ तिर काठमाडौंमा मंगलादेवी सिंहले महिला सङ्गठन खोलिन् । नेपाली कांग्रेसले विद्यार्थी राजनीतिलाई परिचालन गरेपश्चात् राजा महेन्द्रले गरेको संसदीय प्रजातन्त्रको हत्याको विरोधमा कामक्षदेवी राना, हिरादेवी तुलाधर, राममाया, साधना प्रधान अधिकारी, साहना प्रधानहरू अग्रपङ्क्तिमा देखा परे । त्यस्तै जनआन्दोलन भाग १ मा प्रजातन्त्र पुनर्स्थापनाका लागि शैलजा आचार्य, साहना प्रधानहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । यसले नेपाली महिलामा आएको राजनीतिक जागरणलाई चित्रित गर्दछ ।

पहिलो जनआन्दोलनपछि मुलुकले उदार राजनीतिक व्यवस्था अवलम्बन गरेपश्चात् स्वास्थ्य, शिक्षा र कानुनी संरचनामा भएको परिवर्तनले महिलाहरूलाई आन्तरिक वातावरणबाट घरबाहिरको व्यवस्थापनसम्म पुर्‍याउन केही प्रयासहरू भए । मुलुकी ऐनको एघारौं संशोधन, सर्वोच्च अदालतबाट भएको महिला अधिकारसम्बन्धी आदेश, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावविरुद्धको कार्ययोजना, महिला विकास कार्यक्रम र शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा अघि सारिएका लक्षित कार्यक्रमले महिलाको आर्थिक र सामाजिक अवस्थामा सीमान्त सुधारहरू देखिन थाले । विश्वका विभिन्न मञ्चहरूमा नेपालको उपस्थिति र विचारको आदानप्रदानले सामाजिक मूलप्रवाहीकरणको विषयले महत्त्व पाउन थाल्यो । शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा राज्यको लगानी तथा नीति हस्तक्षेपका कार्यहरू आक्रामकरूपमा विस्तार गरिए । परिणामतः वि. सं. २०३८ मा केवल १२ प्रतिशत महिला मात्र साक्षर भएकोमा २०४८ मा २५, २०५८ मा ४२.५ र वि. सं. २०६८ मा ५७.४ प्रतिशत महिला साक्षर भए । २०५८ मा प्राथमिक शिक्षामा छात्र छात्रा अनुपात ०.७९ रहेकोमा त्यसको पन्ध्र वर्षपछि १.०९ पुग्न गयो ।

शिक्षाको पहुँच बढ्ने क्रमसँगै महिलाहरूमा अधिकारप्रतिको चेतना, अवसरको उपयोग र आत्मविश्वास पनि बढ्दै जानु स्वाभाविक हो । जसका कारण सार्वजनिक क्रियाकलापमा महिला सहभागिता विस्तार हुन थालेको छ । आर्थिक तथा सामाजिक गतिविधिमा महिलाहरू फराकिएका छन् । ससाना सीपमूलक व्यवसायमा संलग्न हुने क्रम मात्र बढेन, चिकित्सा, शिक्षण र प्रशासनिकलगायतका व्यवस्थापनका क्षेत्रमा पनि महिलाहरूको चाख एवम् सहभागिता बढेको छ । सम्पत्तिमाथि महिलाको पहुँच र स्वामित्व पनि बिस्तारै बढ्दै गएको छ । मुलुकले सामना गर्न परेको दश वर्षको सशस्त्र द्वन्द्वले पनि महिलाहरूमा राजनीतिक सचेतना ह्वात्तै बढायो । अब महिलाहरू पनि आफ्नो वृत्तिचयनको प्राथमिकतामा प्रहरी र सैन्य क्षेत्रलाई पनि पार्न थालेका छन् । यसले महिलाहरू कुनै क्षेत्रमा पनि कमजोर छैनन् भन्ने शिक्षा दिइरहेको छ ।

शिक्षा क्षेत्रमा भएको परिवर्तन र नीति हस्तक्षेपका कारण सामुदायिक, सार्वजनिक तथा सहकारी क्रियाकलापमा महिलाहरूको संलग्नता बढ्न पुग्यो । यसले महिलाको नेतृत्व विकासमा पनि योगदान पुर्‍याउँदै आएको छ । जस्तो कि सहकारी संस्थाहरू, खानेपानी उपभोक्ता समिति, सामुदायिक वन व्यवस्थापन समितिका क्रियाकलापमा महिलाहरू आबद्ध

हुन थालेपछि यी अभियानहरू नेतृत्व विकासका मञ्च बनेका छन् । यस्ता सामाजिक संस्थामा नेतृत्वमा रहेका महिलाहरू नै स्थानीयदेखि राष्ट्रियतहसम्म निर्वाचित भएका छन् ।

## राजनीतिक प्रतिनिधित्व र महिला सहभागिता

शताब्दी लामो राणा शासनमा मताधिकार, निर्वाचन र प्रतिनिधित्व जस्ता कुराहरू थिएनन् । प्रजातन्त्र प्राप्तिपछिको एक दशक (२००७-२०१७) परीक्षण, प्रयोग र तयारीमा नै मुलुक अलमलियो । निर्वाचनका गतिविधि भएनन् । २०१५ को प्रजातन्त्र प्राप्तिपछि प्रतिनिधिसभाका १०९ सदस्यका लागि भएको पहिलो आमनिर्वाचनमा ९ जना महिला उम्मेदवार थिए, तर कसैले पनि विजय हासिल गरेनन् । संसदीय व्यवस्थामाथि भएको हठात अपहरणपछिका तीनदशकको पञ्चायती शासन व्यवस्थामा निर्वाचन पनि निर्देशित थियो । गाउँफर्क राष्ट्रिय अभियानको मनोनयन, पञ्चायत नीति तथा जाँचबुझ समितिको अनुमोदन, वर्गीय सङ्गठनको सदस्यता, दरबारको समर्थनजस्ता कुराहरूले निर्वाचन नाममात्रको औपचारिकता थियो र अत्यन्तै सीमित घरानिया महिलाहरू मात्र यस प्रक्रियामा पुग्न सक्थे । जस्तो कि राष्ट्रिय पञ्चायतको अन्तिम निर्वाचनमा १४० मध्ये तीन महिला उम्मेदवार विजयी भएका थिए ।

पहिलो जनआन्दोलन २०४६ पछि नेपाल उदार र खुला समाजमा प्रवेश गऱ्यो । स्थानीय निकायदेखि राष्ट्रियतहसम्म महिलाहरू प्रतिनिधित्वको लागि नीति प्राथमिकता दिन थालियो । स्थानीय सामुदायिक संस्थाहरू, उपभोक्ता समिति तथा व्यवस्थापन समितिमा महिलाहरूको सहभागिता विस्तार गरियो । जसको प्रभाव राजनीतिक निकायमा पनि पर्नु स्वाभाविक थियो । परिणामतः पछिल्लो निर्वाचन (२०५६) मा २०५ सदस्यीय प्रतिनिधिसभामा ६ प्रतिशत र ८०६ स्थानीयतहका कार्यकारी पदाधिकारीमा १९ प्रतिशत महिला निर्वाचित भए । मुलुक राजनीतिक अनिश्चिततातर्फ गई राजाको प्रत्यक्ष शासन सुरुभएपछि निर्वाचन र प्रजातान्त्रिक प्रक्रिया फेरि अवरुद्ध भयो ।

जनआन्दोलन भाग दुईको प्रमुख एजेन्डा नै मुलुकलाई समावेशी र अग्रगामी बनाउन लक्षित थियो । परिणामतः नेपालको अन्तरिम संविधान, २०६३ ले संविधानसभाको निर्वाचनप्रणालीलाई आमूल परिवर्तन गर्न पुग्यो । विगतमा रहेको प्रत्यक्ष निर्वाचनप्रणालीलाई कायम राख्दै समानुपातिक निर्वाचनप्रणाली अवलम्बन गरियो भने ३३ प्रतिशत महिला उम्मेदवारीको व्यवस्था अनिवार्य गरियो । यस संविधानअन्तर्गत दुईपटक संविधानसभा निर्वाचन भयो । पहिलो संविधानसभा निर्वाचन २०६४ मा प्रत्यक्ष निर्वाचित, समानुपातिक निर्वाचनप्रणालीबाट निर्वाचित र मनोनित गरी ६०१ जना सभासद् रहेकोमा १९७ जना (करिब ३३ प्रतिशत) महिला सभासद् थिए । यस निर्वाचनमा नेकपा माओवादीबाट ७४, नेपाली कांग्रेसबाट ३८ र नेकपा एमालेबाट ३६ जना सभासद् निर्वाचित भएकोमा प्रत्यक्ष तर्फबाट ती दलहरूबाट क्रमशः ४, २ र १ जना मात्र थिए । अन्य साना दलहरूबाट प्रत्यक्ष निर्वाचित भन्दा समानुपातिक महिला सभासद्हरूको उपस्थिति थियो, त्यो पनि संवैधानिक व्यवस्थाको कार्यान्वयनको अनुपातमा मात्र ।

त्यस्तै अर्को संविधानसभा निर्वाचन, २०७० मा पनि महिला सभासद् सङ्ख्या निर्वाचन र प्रतिनिधित्व दुबै हिसाबमा उत्साहप्रद थिएन । उक्त निर्वाचनमा कुल सभासद् ६०१ मध्ये १७१ (करिब २९ प्रतिशत) मात्र महिला थिए, जसमा ठूला दलहरू नेकपा एमाओवादीको तर्फबाट २८, नेपाली कांग्रेसका तर्फबाट ५१ र नेकपा एमालेको तर्फबाट २८ थिए । यसमध्ये पहिलो हुने निर्वाचित हुनेतर्फको सङ्ख्या क्रमशः १, ६ र ३ जना मात्र थियो । उपनिर्वाचनसमेत गरी रूपान्तरित व्यवस्थापिका संसद्मा जम्मा ११ जना महिला मात्र प्रत्यक्ष निर्वाचनमा विजयी भएका थिए । स्थानीय निकायमा यस अवधिमा निर्वाचन नभएकाले पनि महिला प्रतिनिधित्व र नेतृत्व विकासको प्रक्रियालाई बाधा पुऱ्याएको थियो ।

अन्तरिम संविधानको आशय संविधानसभा/व्यवस्थापिका संसद्लाई मात्र लैङ्गिक दृष्टिमा समावेशी बनाउनुमा सीमित थिएन । संविधानको आशय सरकार, संवैधानिक निकाय र राजनीतिक दलका विभिन्न तहका कार्यकारी समितिलाई

पनि समावेशी बनाउनु थियो । तर अन्तरिम संविधानका समयमा गठन भएका विभिन्न मन्त्रिपरिषद्हरूमा महिला सङ्ख्या एकतिहाइ कहिले पनि पुगेन । २०६४ मा गठन भएको मन्त्रिपरिषद्मा सबैभन्दा बढी २० प्रतिशत महिला थिए भने अन्य समयमा गठन भएका मन्त्रिपरिषदमा महिलाको प्रतिनिधित्व साङ्केतिक मात्र थियो । संवैधानिक निकायमा लैङ्गिक समावेशिताको अवधारणासम्म अपनाएको थियो, सङ्ख्याको उल्लेख्यता थिएन ।

राजनीतिक सहभागिता समावेशी बनाउने प्रमुख स्थान राजनीतिक दलहरूका विभिन्न कार्यसमिति हुन् । कुनैपनि राजनीतिक दलले आफ्नो केन्द्रीय समितिमा ३३ प्रतिशत महिला पुऱ्याउने साहस गरेनन् । ठूला राजनीतिक दलहरूका रूपमा चिनिएका नेपाली कांग्रेसको केन्द्रीय समितिमा २३ प्रतिशत, नेकपा (एमाले) मा २१ प्रतिशत, तमलोपामा १२ प्रतिशत र नेकपा (एमाओवादी) मा ११ प्रतिशत महिलामात्र निर्वाचित/मनोनित थिए । व्यवस्थापिका-संसद्का चार समितिले महिला नेतृत्व पायो । सङ्ख्या र उपस्थिति थोरै भए पनि राजनीतिक दलहरूभित्र महिलाको प्रतिनिधित्वको विषयमा दबाब भने बढ्दै गयो । संविधानसभाभित्र र बाहिरका विभिन्न ककस/लवी समूहले महिला प्रतिनिधित्वका एजेन्डालाई जबरजस्त उठाइरहेका थिए । अधिकारकर्मी र सामाजिक अभियान्ताहरूको स्वर पनि ओजिलो थियो । साथै राजनीतिक दलहरूभित्र महिला विभाग गठन गरी उनीहरूको नेतृत्व विकासको आधार स्थापना गर्ने काम भने उल्लेख्यरूपमा हुनपुग्यो ।

ऐतिहासिक जनआन्दोलन भाग २ को आशय कार्यान्वयन गर्न बनेको नेपालको संविधान सबै वर्ग, लिङ्ग, क्षेत्र र सम्प्रदायको आर्थिक समृद्धि र सामाजिक रूपान्तरणको प्रत्याभूत गर्न लक्षित छ । संविधानमा भएका विशेष व्यवस्था र निर्वाचनप्रणालीका आधारमा यो विश्वको उत्कृष्ट समावेशी संविधान पनि हो । यसले नेपालको सामाजिक विविधतालाई सम्बोधन गरी राज्य संरचनाका प्रत्येक तहमा नेपाली समाजको विविधतालाई उन्नयन गर्न खोजेको छ । महिला प्रतिनिधिधित्व प्रत्याभूत गर्न यसले गरेका विशेष व्यवस्थाहरू यहाँ सङ्क्षेपमा उल्लेख गरिन्छ-

- सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बनका लागि राज्यलाई निर्देश गरेको छ ।
- महिला अधिकारलाई मौलिक हकमा समावेश गरी सबै राज्य संरचनामा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला सहभागिता सुनिश्चित गरिएको छ ।
- राज्यका निर्देशक सिद्धान्त तथा नीतिले महिला, बालबालिका, एकल महिला, अशक्त तथा जोखिममा रहेका महिलालक्षित नीति कार्यक्रम तर्जुमा गर्न राज्यलाई निर्देश गरेको छ ।
- सङ्घीय व्यवस्थापिकाअन्तर्गतको प्रतिनिधिसभामा रहने २७५ जना सदस्यमध्ये ११० सदस्यमा राजनीतिक दलले समानुपातिकतर्फबाट उम्मेद्वार दिँदा जनसङ्ख्याका आधारमा महिलालगायतका वर्गमा सन्तुलन मिलाई उम्मेदवार दिनुपर्ने व्यवस्था गरिएको छ ।
- सङ्घीय व्यवस्थापिकाअन्तर्गतको राष्ट्रियसभामा रहने ५९ सदस्यमध्ये प्रत्येक प्रदेशबाट निर्वाचित भई आउने आठ सदस्यमा कम्तीमा तीन जना महिला हुनैपर्ने व्यवस्था छ । साथै नेपाल सरकारको सिरफारिसमा राष्ट्रपतिबाट मनोनित हुने तीन जनामा एक जना महिला हुनैपर्ने बाध्यकारी व्यवस्था छ ।
- कुनै राजनीतिक दलबाट प्रतिनिधिसभाको सदस्यका लागि भएको पहिलो हुने निर्वाचनप्रणालीबमोजिमको निर्वाचनमा र राष्ट्रियसभा सदस्यको निर्वाचनमा कम्तीमा एकतिहाइ सदस्य महिला निर्वाचन हुन नसकेमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचनप्रणालीतर्फको निर्वाचनमा प्रतिनिधिसभाका लागि बन्दसूचीबाट उम्मेदवार निर्वाचित गर्दा आफ्नो दलबाट सङ्घीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एकतिहाइ महिला सदस्य निर्वाचत गर्नुपर्ने व्यवस्था गरी महिला प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ ।

- राष्ट्रपति र उपराष्ट्रपति फरकफरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था छ।
- प्रदेशसभाहरूमा सदस्य सङ्ख्याको चालीस प्रतिशत समानुपातिक समावेशी प्रतिनिधित्वको आधारमा निर्वाचित हुने प्रावधान छ।
- स्थानीय सरकारका रूपमा रहेका गाउँ तथा नगर कार्यपालिकाको गठन गर्दा क्रमशः चार र पाँच जना महिला सदस्य सम्बन्धित सभाले निर्वाचित गर्ने व्यवस्था रहेको छ। यसबाट मुलुकका ७५३ स्थानीय सरकारको कार्यकारिणीमा तीनहजारभन्दा बढी महिला प्रतिनिधिहरू निर्वाचित भई शासकीय प्रक्रियामा सहभागी हने अवसर सुनिश्चित गरिएको छ।
- राजनीतिक दलका तर्फबाट स्थानीय कार्यपालिकाको अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुखको उम्मेदवारी दिंदा दुबै पदमा एकै लिङ्गको उम्मेदारी दिन नपाउने व्यवस्था गरिएको छ।
- स्थानीय सरकारको न्यायिक समितिमा गाउँपालिकामा भए उपाध्यक्ष र नगरपालिकामा भए उपप्रमुख संयोजकको भूमिकामा रहने व्यवस्था छ, जसले कार्यकारिणी र न्यायिक संयन्त्रमध्ये एकमा महिला रहनु पर्ने संवैधानिक आशय देखिन्छ। यसले स्थानीय सरकारलाई समावेशी मात्र नबनाई नियन्त्रण र सन्तुलनको सिद्धान्तको परिपालना पनि गराउँदछ।
- स्थानीय पालिकामा रहने पाँच सदस्यीय वडा समितिहरूमा चालीस प्रतिशत महिला आरक्षण गरिएको छ, सोको पचास प्रतिशत दलित महिला सदस्य रहने व्यवस्था छ।
- जिल्ला समन्वय समितिमा रहने बढीमा नौ सदस्यमध्ये तीनजना महिला अनिवार्य गरिएको छ।
- प्रतिनिधिसभाका सभामुख र उपसभामुखमध्ये एकजना महिला हुनुपर्ने, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुनुपर्ने व्यवस्था छ। प्रतिनिधिसभामा सभामुख र उपसभामुख फरकफरक दलबाट हुनुपर्ने व्यवस्थाले पनि महिलालाई उच्च राजनीतिकतहमा प्रतिनिधित्व गराउन विशेष व्यवस्था गरिएको स्पष्ट छ। साथै यसै प्रकारको समावेशी अवधारणा प्रदेशसभाको व्यवस्थामा पनि गरिएको छ।

नेपालको संविधानले महिलाको उम्मेदवारी मात्र होइन, प्रतिनिधित्व नै निश्चित हुने व्यवस्था गरेअनुरूप सङ्घीय संसद्मा ३३४ सदस्यमध्ये ११२ (३३.५३ प्रतिशत), प्रदेशसभाहरूमा ५५० मध्ये १८९ (३४.३६ प्रतिशत) र स्थानीय पालिकाहरूमा ३५०४१ सदस्यमध्ये १४३५३ (४०.९६ प्रतिशत) महिला प्रतिनिधित्व छ। यसरी निर्वाचित हुने पदहरूमा महिलाको प्रतिशत ३६.२८ पुगेको छ।

यसर्थ उल्लिखित आधारमा नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व बढ्दै सामाजिक बनोटको बिम्ब शासकीय प्रक्रियामा देखिएको छ। आरक्षित व्यवस्थाका अलावा अरू सङ्ख्यामा महिला प्रतिनिधित्वको अवसर हुनसक्ने स्थितिले आउने दिनमा प्रतिनिधित्व बढ्नसक्ने सम्भावना पनि छ। विश्वका अन्य संविधानमा सायदै यसप्रकारको सामाजिक वास्तविकता र विविधतालाई सम्मान गरिएको छ। यो उत्कृष्ट व्यवस्था अभ्यासका क्रममा अरू परिमार्जित हुँदै जानेमा विश्वास राख्न सकिन्छ।

### महिला प्रतिनिधित्वका चुनौतीहरू

नेपालको संविधानले गरेको व्यवस्था र अवलम्बन गरिएको निर्वाचनप्रणालीले महिला तथा अल्पसङ्ख्यकहरूलाई राज्य प्रक्रियामा सहभागी हुने मार्ग सहज बनाएको छ। यसअघिका व्यवस्था महिला उम्मेदवारी दिए पुग्थ्यो भने हालको व्यवस्थाले महिला प्रतनिधित्व नै सुनिश्चित गरेको छ। यस अर्थमा संवैधानिक व्यवस्था अग्रगामी र समावेशी लोकतन्त्रको अवधारणाअनुरूप छ । तर संविधानका व्यवस्थालाई कार्यान्वयनमा लैजान सबै राजनीतक दल, सरकार र नागरिक समाज

सबैले प्रतिबद्ध भूमिका निर्वाह गर्नुपर्दछ । राजनीतिक दलहरू अहिले पनि संविधान र कानुनले तोकेभन्दा बढी सङ्ख्यामा महिला प्रतिनिधित्व गाराउन उदार छैनन् । पितृसत्तात्मक समाज, महिला हिंसाको दबदबा, Glass ceiling effect को बाधाजस्ता कुराहरूले राजनीतिमा महिला प्रतिनिधित्व बढाउने सन्दर्भमा अझै केही चुनौती र अवरोधहरू विद्यमान छन्, जसलाई सम्बोधन गरेर नै संवैधानिक भावनाअनुरूप समावेशी लोकतन्त्रका उपलब्धि हासिल गर्न सकिन्छ, यी चुनौतीहरू सम्बोधनका उपाय साङ्केतिकरूपमा यहाँ उल्लेख गरिन्छः

- **नेतृत्व विकासः** महिलाहरूको नेतृत्व विकासका लागि थप प्रयास जरुरी छ । स्थानीयतहदेखि नै महिला नेतृत्व विकासका लागि राजनीतिक दलहरूले कार्य गर्न जरुरी छ । नेतृत्व विकास निरन्तरको प्रक्रिया हो । यसले अभिमुखीकरण र सामर्थ्य विकासलाई साथसाथै अघि बढाउने भएकाले आउँदा दिनमा महिलाहरूको सहभागिता बढ्नेछ । यस अभियानमा राजनीतिक दल, महिला समूह र निर्वाचन आयोगले सहकार्य गर्न सक्छन् । केही सहकार्य स्थानीयतहको निर्वाचनको क्रममा पनि भएको थियो । निर्वाचन आयोगले प्रत्येक दलका महिला प्रतिनिधि र विद्यार्थी नेतालाई महिला प्रतिनिधित्व बढाउन निर्वाचन शिक्षा दिएको थियो । साथै के कस्ता प्रोत्साहन भए महिलाहरू राजनीतिक प्रतिनिधित्वमा अघि आउन सक्छन् भनेर सुझावसमेत मागिएको थियो । यस्ता प्रयासलाई निरन्तरता दिनु जरुरी छ ।

- **राजनीतिक दलभित्र पुनर्संरचनाः** नेपालका राजनीतिक दलहरू परम्परागत सोच र संस्कारमा छन् । संविधानको धारा २६९ ले सङ्गठन प्रयोजनका लागि निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको सामाजिक विविधतालाई प्रतिनिधित्व गर्नेगरी समावेशी व्यवस्था हुनुपर्ने कुरा उल्लेख छ । तर दलहरूले आफ्नो आन्तरिक संरचनालाई संवैधानिक प्रावधानअनुरूप बदलिसकेका छैनन् । बदल्ने सशर्त अनुरोधका आधारमा नै दलहरूले सङ्गठन गरिरहेका छन् । पहिलो निर्वाचनअघि निर्वाचन आयोगले यस विषयमा सबै दलहरूलाई सजग गराएको थियो । एक वर्षभित्र पदाधिकारी संरचना धारा २६९ अनुरूप बनाउने कबुलियत राजनीतिक दलहरूले गरेका थिए । तर चार वर्ष बितिसक्दा पनि न प्रतिबद्धताअनुरूप दलहरूले आफूलाई पुनर्संरचना गरेका छन् न यसको अनुगमन नै निर्वाचन आयोगले गरेको छ, न त महिला अधिकारकर्मीहरूले यस कुरालाई न्यायिक चुनौती नै दिएका छन् । दलहरूको आन्तरिक संरचनामा महिलाहरूलाई जिम्मेवारी दिई नीति तहसम्म पुऱ्याए मात्र लैङ्गिक समावेशीताको वास्तविक कार्यान्वयन हुन्छ । तर Party Gatekeeper हरू महिला प्रतिनिधित्वको लागि सहज नदेखिएका मात्र होइनन्, अनुदार नै देखिएका छन् ।

- **मितव्ययी निर्वाचन प्रणालीः** महिला तथा सीमान्तकृत वर्ग महङ्गो र भड्किलो निर्वाचनप्रणालीमा सहभागी हुन सक्दैनन् । नेपालको निर्वाचन विभिन्न कारणले मितव्ययी हुन सकेको छैन । राजनीतिमा पैसाको प्रयोगः (Money in politics) ले महिलाहरू प्रचारप्रसार, भोजभतेरलगायतका पक्षमा प्रतिस्पिर्धामा खरो उत्रिन कठिनाइ परिरहेको छ । (Money in politics) का विरुद्धमा सार्कस्तरीय निर्वाचन आयोगहरूको घोषणा कार्यान्वयनमा आएको छैन । निर्वाचन खर्च अघिल्लो निर्वाचनको प्राप्त मतका आधारमा सार्वजनिक कोष (Public Funding) बाट उपलब्ध गराउने प्रयास हुन सकेको छैन । राजनीतिक दलहरूको विश्वास लिएर निर्वाचनप्रणाली मितव्ययी बनाउने र सोको पालनाका लागि प्रभावकारी आचारसंहिता कार्यान्वयन गर्ने गरिएमा महिला र समीमान्तकृत वर्गले आफ्नो क्षमताअनुरूप निर्वाचनमा उम्मेदवार बन्ने वातावरण सहज हुनसक्छ ।

- **हिनताबोधी संस्कृतिको अन्तः** महिलाहरू स्वयंमा रहेको हिनताबोधी भावना पनि महिला प्रतिनिधित्व बढाउने क्रममा चुनौती हो । जस्तो कि प्रमुख तथा कार्यकारी पदमा उम्मेदवारी दिन हच्किने प्रवृत्ति छ । स्थानीयतह निर्वाचनमा र विगतका विभिन्न निकायको निर्वाचनमा यस्तो स्थिति देखियो । उम्मेदवार भएका केही महिलाहरूले पारिवारिक हिंसा पनि व्यहोर्नु पर्‍यो भने स्थानीयतहको निर्वाचनमा उम्मेदावार दिएकै दिन धादिङकी एक महिला उम्मेदवारले आत्महत्या गरिन् । समाजको पितृसत्तात्मक संस्कारविरुद्ध सचेत महिलाहरू पनि आबाज उठाउन सकिरहेका छैनन् ।

- **राजनीतिक नेतृत्वको सोच परिवर्तनः** उच्च राजनीतिक नेतृत्वमा महिलाहरूलाई अर्नामेन्टल भूमिका दिने, कमजोर ठान्ने, श्रीमती तथा नातागोतालाई प्राथमिकता दिने सोचको हावी छ । यसको उदाहरण संविधानसभामा दर्जन बढी जोडीहरू सभासद् भएबाट पनि लिन सकिन्छ । साथै पुरुष नेतृत्वको लोकप्रीयताका सापेक्षमा पुरुष उम्मेदवारको मृत्युमा सहानुभूति लिने स्थान र अवसर दिने प्रवृत्ति पनि देखिएको छ । यसखाले सोच सुधार नगरी महिला नेतृत्व विकास कठिन देखिन्छ ।

- **नारीवादी सबालबाट माथि उठ्नेः** उम्मेदवारी दिँदा होस वा विभिन्न मञ्चमा प्रतिनिधित्व गर्दा होस्, महिला उम्मेदवारहरू महिलाका सबालमा मात्र केन्द्रित हुने गरेको गुनासो पनि सुनिदै आएको छ । यसले महिलालाई साँघुर्‍याउछ । समाजका विस्तृत मुद्दाहरू टिप्ने र सोहीअनुसार प्रस्तुत हुँदा महिलाको क्षमता विकास भएको प्रभाव मतदाता र आम सर्वसाधारणमा पर्नजान्छ ।

- **दबाब समूहः** राजनीतिक दलभित्र र बाहिर पनि महिला नेतृत्व विकास, प्रतिनिधित्वलगायतका विषयमा आममहिलाहरूको साझा आबाज चाहिन्छ । दलहरूमा आन्तरिक लोकतन्त्र विकास त्यत्तिकै हुँदैन । साथै पितृसत्तात्मक सोचलाई छोटो अवधिमा परिवर्तन गर्न पनि समस्या छ । महिला अधिकारकर्मी, निर्वाचित महिला पदाधिकारी र यस विषयमा चासो राख्ने सबैले महिला प्रतिनिधित्वको विषयमा मतैक्य राख्न जरुरी छ । अन्यथा महिलालाई समानुपातिकतर्फ मात्र उम्मेदवार बनाउने, उपाध्याक्ष, उपप्रमुखमा थन्क्याउने, कानुनको प्रावधान मात्र पूरा गर्ने, आफ्नो दल कमजोर भएको स्थानमा ठूला व्यक्तित्वसँग प्रत्यासी बनाउने जस्ता कामहरू भई नै रहन्छन् ।

- **नीति तथा कानुनी संरचनामा सुधारः** कतिपय नीति संचना पनि महिलामैत्री छैनन् । जस्तो कि मतदाता नाम दर्ता स्थल, फाटो खिच्ने स्थान, नागरिकताको प्रमाण पत्र लिने प्रक्रिया, चुनाव प्रचारप्रसार शैली, उम्मेदवारी दर्ता, मतगणना प्रक्रियालगायतका निर्वाचन व्यवस्थापनलाई महिलामैत्री बनाउन विद्यमान कानुन तथा नीतिको परिमार्जन पनि जरुरी छ । निर्वाचन आयोगले लैङ्गिक समावेशी नीति तर्जुमा गरी रणनीतिक योजनाको अभिन्न अङ्ग बनाएको छ । यस्तै अन्य क्षेत्रमा सुधार आवश्यक हुनसक्छ ।

- **कार्य उपलब्धि र प्रदर्शन प्रभावः** जनप्रतिनिधिमूलक संस्थाहरूमा नेतृत्व लिएका महिला नेतृत्वकर्मीहरूबाट उदाहरणीय भूमिका निर्वाह गरेर पनि आउने दिनमा महिला नेतृत्वको लागि पृष्ठभूमि तयार गर्न सकिन्छ । तर निर्वाचित महिला नेतृत्वले प्रभावकारी भूमिका देखाउन नसक्दा र निर्देशित भूमिका खेल्दा पनि नेपालका महिला नेतृत्वले प्रदर्शन प्रभाव पार्न सकेको छैन । नेतृत्वमा पुगेका कतिपय महिलाहरू आफै राजनीतिक क्षमता आर्जन गरेको कारणले भन्दा परिवारको पृष्ठभूमिको कारण नेतृत्वमा पुगेका छन् । प्रत्यक्ष निर्वाचितभन्दा पनि समानुपातिक सूचीका छन् । हाल सङ्घीय संसद्मा ११२ मध्ये २७ र प्रदेशसभामा १८९ मध्ये १७ जना

महिलामात्र प्रत्यक्ष तर्फबाट निर्वाचित हुन् । यो आँकडाले प्रत्यक्ष राजनीति गर्ने भनेको पुरुषले हो भन्ने गढेको मान्यता उजागर गर्दछ । शैलजा आचार्यजस्ता निकै थोरै महिला मात्र उदाहरण देखाउन सकेका छन्, ती पनि गैरनारीवादी वा सम्मानार्थ पुरुष जस्तो देखिएर । दुबै अवस्था महिला प्रतिनिधित्व बढाउने उदाहरण होइनन् ।

- **लक्षित कार्यक्रम सञ्चालनः** महिलाको समग्र विकास एवम् सशक्तीकरणलाई लक्षित गरी विषेश कार्यक्रम सञ्चालन पनि आवश्यक छ, जसले महिलालाई घरबाहिरको अवस्थामा ल्याई आफूमा अन्तर्निहित क्षमता उपयोग गर्ने साहस र सामर्थ्य विकास गरोस् ।
- **नागरिक शिक्षाः** राजनीतिक दल, नागरिक समाज, निर्वाचन आयोग, आमसञ्चारका माध्यम सबै नै संवैधानिक भावनाअनुरूप महिलाहरूको प्रतिनिधित्वका लागि निरन्तर नागरिक शिक्षाको प्रक्रियामा रहनु आवश्यक छ ।

## उपसंहार

राजनीतिमा महिला प्रतिनिधित्व बढाउन नियमन व्यवस्था (Regulatory Solution), वित्तीय व्यवस्था (Financial Solution), पार्टी प्रावधान (Party Level solution), प्रोत्साहन र प्राथमिकता (Boosting and Promoting solution) र क्षमता विकास (Training and leadership development) का उपायहरू अवलम्बन गर्ने प्रचलन छ । नेपालमा पनि यीमध्ये केही उपायहरू अवलम्बन गरिएका छन् । तर सबैभन्दा महत्त्वपूर्ण कुरा निर्वाचन व्यवस्थापन परिवर्तन जरुरी छ । नेपालको संविधानले नेपालको समाजिक विविधतालाई राजनीतिक प्रक्रिया र प्रतिनिधित्वमार्फत सम्बोधन गरी नेपाललाई विविध वर्ग, सम्प्रदाय र संस्कृतिको साझा फूलबारी बनाउने कल्पना गरेको छ । राज्यका विभिन्न तहमा प्रतिनिधित्वसम्बन्धी भएका व्यवस्था, निर्वाचनप्रणाली र राज्यका निर्देशक सिद्धान्तहरूले यिनै कुराको पुष्टि गरेका छन् । तर परम्परागत सोच, संस्कृति र मूल्यमान्यता र परम्परा भएको समाजमा यत्तिकै यसलाई कार्यान्वयन गर्न सकिँदैन । गरिएका कार्यान्वयन पनि सार्थकभन्दा पनि औपचारिक देखिन्छन् । त्यसैले राजनीतिक दलहरूभित्रको आन्तरिक संस्कृति सुधारसहित महिला क्षमता विकास एवम् अभिमुखीकरणका कार्यक्रमहरू निरन्तर चालिनु पर्दछ ।

***

## सन्दर्भसामग्री


१ नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, २०७२ ।

२ नेपालमा महिलाको सामाजिक, आर्थिक, राजनीतिक अवस्था एक अध्ययन, राष्ट्रिय महिला आयोग, शान्ति मालिका, काठमाडौं, २०७० ।

३ निर्वाचन आयोगको दोस्रो रणनीतिक योजना, निर्वाचन आयोग, २०७३ ।

४ Nepali Women in Politics: Success and challenges, Bishnu Raj Upreti, Dristi Upreti and Yamuna Ghale, Journal of International Women's Studies, Volume 21, Issue 2, 2020,

५ Resistance to Women's Political Leadership: Problem and Advocated solution, Catherine M. Watuka, Nairobi, Kenya

६ Gender, Power and Progress, How Norms Change: Advancing Learning and Innovation on Gender Norms, Overseas Development Institute, 2020

७ राजनीतिमा महिला, गोपीनाथ मैनाली (कार्यपत्र), २०७६

# समावेशी नीति र निजामती सेवामा यसको कार्यान्वयन

✍ वीरबहादुर राई*

## पृष्ठभूमि

नेपालको संविधानले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त र भौगोलिक विविधता भएको मुलुक स्वीकार गरेको छ। संविधानको मौलिक हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् भनी समानताको विषयलाई विशेष प्राथमिकता दिएको छ । लोकतान्त्रिक शासन व्यवस्थामा राज्यका नागरिकहरूको समान अधिकार र शासन प्रणालीमा समान प्रतिनिधित्वजस्ता विषयले अत्यन्त महत्त्व राख्छ। सार्वजनिक प्रशासनको एक महत्त्वपूर्ण अङ्ग निजामती सेवा भएकाले निजामती सेवालाई प्रशासनिक हिसाबले यस सेवामा पनि समावेशी नीति अवलम्बन गरिनुपर्छ । भन्ने मान्यताअनुरूप निजामती सेवामा समावेशीको अवधारणा अवलम्बन गरिएको छ।

नेपालको संविधानले समावेशी सिद्धान्तलाई स्वीकार गरेको र समावेशी सिद्धान्तलाई आत्मसात् गर्दै निजामती सेवामा निजामती सेवामा समावेशी नीति लागु गरिएको छ । निजामती सेवामा सबै जाति, वर्ग, महिला, दलित, मधेसी, मुस्लिम आदिको प्रतिनिधित्व सुनिश्चित गर्ने समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ । राज्यको पञ्चवर्षीय दस्तावेजमा "सबै नागरिकको अर्थपूर्ण सहभागितामा मुलुकको समावेशी विकास" भन्ने मान्यतालाई अवलम्बन गरिएको छ।

नेपालमा विगतमा लामो समयदेखि सार्वजनिक प्रशासनमा सबै जाति, वर्ग, समुदाय, लिङ्ग र क्षेत्रको प्रतिनिधित्व हुन सकेको पाइँदैन। राज्यमा विभिन्न कारणले पछि परेका ती वर्ग, समुदाय र क्षेत्रको प्रतिनिधित्वका लागि विशेष कानुन र नीति निर्माण गरी सम्बोधन गर्नु राज्यको दायित्व हो। त्यसकारण यी वर्ग, समुदाय, जाति र क्षेत्रको समेत समानरूपमा राज्यले विकासको मूलप्रवाहमा ल्याउन र सार्वजनिक निकायमा प्रतिनिधित्व गराउन नेपालको अन्तरिम संविधान, २०६३ पश्चात् समावेशी नीति अवलम्बन गऱ्यो।

मानिस जन्मदा एक सार्वभौम मानवका रूपमा जन्म लिन्छ । राज्यको कानुनका आधारमा जन्मदा सबै समान रहेको हुन्छ । तर बिस्तारै आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक तथा भौगोलिक क्षेत्रको कारण राज्यको मूलप्रवाहमा समान उपस्थिति र प्रतिनिधित्व गर्न नसक्ने अवस्था सिर्जना भई कतिपय जाति, वर्ग, समूह र लिङ्ग आदि राज्यको मूलप्रवाहबाट वञ्चित भइरहेका हुन्छन्। कानुन र नीतिमा समान भए पनि राज्यको स्रोतसाधन र शक्तिमा समानरूपमा अवसर नपाई वञ्चितीकरणमा परिरहेका हुन्छन्। जसको कारण समाजमा विभिन्न प्रकारका अशान्ति, अराजकता, द्वन्द्व र शोषणजस्ता विषयको विकास हुन्छ। कानुनले समानता भनिए पनि कतिपय जाति, वर्ग, र समुदायकाहरूले वञ्चितीकरणमा

* पुर्वसचिव, नेपाल सरकार

परी विभिन्न समस्यासँग जुध्नु पर्दछ । यसै विषयलाई सम्बोधन गर्न राज्यले समावेशी नीतिलाई अवलम्बन गरेको हुन्छ ।

**परिभाषाः**

समावेशी भन्नाले समाजमा विद्यमान विभेदहरूको अन्त्य गरी सामाजिक न्याय स्थापना गराउनु हो । शासन व्यवस्थामा सबै तह, वर्ग, क्षेत्र, जात जाति, लिङ्ग, वर्ण र भाषाको सहभागिता सुनिश्चित गर्ने शासन पद्धतिलाई समाबेशी शासन पद्धति भनिन्छ । समाजमा रहेका जनसङ्ख्याको विविध संरचना (विभिन्न वर्ग, जातजाति, समुदाय, लिङ्ग र क्षेत्र) को राज्यका संरचना, विकासका प्रक्रिया र विविध आयामहरूमा समानुपातिकरूपमा सहभागिता गराउनुलाई नै सामान्य अर्थमा समावेशी भन्ने गरिन्छ ।

समावेशी भन्नाले विद्यमान विभेदहरूको अन्त्य गरी सामाजिक न्याय स्थापना गराउनु हो । राष्ट्रको मूल धारमा समावेश हुन नसकेका समूह वर्ग, सम्प्रदाय, जात, जाति, धर्म, लिङ्ग र भाषाभाषीका व्यक्तिहरूलाई राष्ट्रको मूलधारमा समावेश गरी अधिकार (Power), स्रोत साधन (Resources) र अवसर (Opportunity) मा न्यायोचित साझेदारी (Rightful Sharing) सुनिश्चित गर्नुलाई समावेशीकरण भनिन्छ ।

डा. देवेन्द्रराज पाण्डेका अनुसार 'समावेशीकरण भनेको एउटा अवधारणा हो, जुन संसद्मा प्रतिनिधित्व, शिक्षा र जागिरमा समान अवसरदेखि लिएर पहिचान, भाषा र संस्कृतिको मान्यतासम्म पर्न सक्छ' ।

भीमदेव भट्टका अनुसार समावेशी नीतिका दुई महत्त्वपूर्ण उद्देश्य रहेका हुन्छन । पहिलो कर्मचारीतन्त्र जस्तो राज्यको स्थायी अङ्गमा समाजको विविधता झल्काउदै सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु र अर्को हिजो राज्यले गरेको दमन, विभेद, अन्याय, अत्याचार र संरचनागत हिंसाको कारणबाट पछाडि पारिएका समुदायलाई मूलधारमा ल्याउनु हो ।

यसरी मुलुकमा विभिन्न कारणले विभेदमा परेका रहेका विभिन्न जाति, जनजाति, महिला, दलित र मधेसी आदिलाई विशेष कानुन तथा अवसरको व्यवस्था गरी राज्यको मूलप्रवाहमा ल्याई समानता कायम गर्नु नै समावेशीकरण हो ।

**विकासक्रम**

समावेशी सिद्धान्तको मुद्दा सन् १९७० को दशकदेखि समाजमा कमजोर अवस्थामा रहेका नागरिकलाई मूलप्रवाहमा ल्याउन तथा सम्मानजनक जीवनयापन गर्न गराउन ल्याइएको अवधारणा हो । नेपालमा समावेशी सिद्धान्तको अवलम्बन प्रजातन्त्रको पुनःस्थापनापश्चात् अर्थात् नेपाल अधिराज्यको संविधान, २०४७ को संविधान जारीपश्चात् समावेशी अवधारणा अघि बढाइयो । नेपालको अन्तरिम संविधान, २०६३ ले समाजमा पछि परेका वर्ग, जाति र समुदाय आदिका लागि विशेष व्यवस्थाको सुरुआत भएपछि त्यसको कार्यान्वयन निजामती सेवा ऐनमा समावेशी नीतिलाई अवलम्बन गरियो । निजामती

- विभिन्न मुलुकमा रहेका अभ्यासहरू
- बेलायतले १९९८ मा भएका गुड फ्राइडे संझौताअनुसार उत्तरी आयरल्याण्डका प्रहरी सेवामा क्याथोलिक र प्रोटेस्टियनलाई बराबरी सङ्ख्यामा प्रवेश दिने व्यवस्था ।
- ब्राजिलमा काला र आदिवासी ब्राजिलियन, अति गरिब र असक्त गरी ३ वर्गका जनतालाई प्राथमिकतामा राखी विश्वविद्यालयमा भर्ना हुने अवसर ।
- जापानमा पिछडिएका वर्ग बुराकुमिनको लागि कल्याणकारी कार्यक्रम र रोजगारी प्रदान गर्ने दीर्घकालीन रणनीति नगरपालिकास्तरमा कार्यान्वयन ।
- क्यानाडाका आदिवासीलाई विश्वविद्यालयमा प्रवेशका लागि न्यूनतम योग्यताको निर्धारण गर्दा सहुलियत प्रदान गरिएको र प्रवेशपश्चात् छात्रवृति प्रदान गरिने ।
- भारतमा पिछडिएका समुदायका लागि आरक्षणको व्यवस्था ।

सेवामा महिला, जनजाति, दलितको प्रतिनिधित्व बढाउन र नीतिनिर्माण तहमा पनि प्रतिनिधित्व गराउन सकारात्मक नीति लिइयो। यसको लागि विभिन्न नीति तथा कार्यक्रममा समेत यी विषयलाई प्राथमिकता दिने व्यवस्था गरियो। यसका साथै निजामती सेवामा सकारात्मक विभेद तथा आरक्षणको अवधारणालाई अवलम्बन गरिँदै आएको छ।

### सकारात्मक विभेदः

यो समावेशीकरणको एक औजार हो। सकारात्मक विभेद मूलभूतरूपमा सशक्तीकरणको अवधारणा हो। यसले सशक्तीकरण र क्षमता विकासमा जोड दिन्छ र लक्षित वर्ग वा समूहलाई प्रतिस्पर्धात्मक तहसम्म पुऱ्याउने प्रयास गर्छ। आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले पछाडि परेका वर्गको विकास, संरक्षण र सशक्तीकरण कानुनद्वारा गरिने यस्तो विशेष व्यवस्था सकारात्मक विभेद हो। सकारात्मक विभेदको शब्द सर्वप्रथम संयुक्त राज्य अमेरिकामा प्रयोग भयो। अफ्रिकन-अमेरिकनहरूका विरुद्धमा रहेको सामाजिक शोषण र भेदभाव अन्त्य गरी अमेरिकी नागरिकसरह व्यवहार गर्न लागु गरिएको विशेष व्यवस्था (जसलाई त्यस समयमा समान अवसर भनिन्थ्यो) लाई पछि सकारात्मक विभेद भन्ने नाम दिइयो। समाजमा वञ्चितिमा पारिएका समुदायलाई राज्यका नीतिनिर्माणलगायत सार्वजनिक प्रशासन वा सरकारी निकाय र सबै तहमा सहभागिता एवम् मानव विकासका अवसरमा समतायुक्त पहुँच लिइएको नीति र तरिका अर्थात् राज्यका सुविधासम्पन्न वर्ग र वञ्चित वर्गबीच विद्यमान विभेदको अन्त्य गरी वास्तविक रूपमा समानता अपनाइने विभेदयुक्त तरिकालाई सकारात्मक विभेदको रूपमा लिइएको छ। यसले समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्न र वञ्चितिमा परेका वर्गलाई सशक्तीकरण गर्न मद्दत गर्छ ।

कुनै पनि व्यक्तिलाई पिछडिएको स्थितिबाट प्रतिस्पर्धाको लागि तोकिएको न्यूनतम आवश्यकता पूरा गर्न सक्ने स्थितिमा पुऱ्याइन्छ तर व्यक्तिले प्रतिस्पर्धामा स्थान पाउँछ नै भन्ने प्रत्याभूति गरिएको हुँदैन। जस्तो नेपालमा शाखा अधिकृत परीक्षाको लागि विभिन्न समयमा तयारी कक्षा सञ्चालन गरिएको पाइन्छ जसले परीक्षामा प्रतिस्पर्धा गर्न सशक्तीकरण गर्छ तर स्थान सुनिश्चित भने गर्दैन। सकारात्मक विभेदलाई Protective Discrimination, Affirmative Action, Reverse Discrimination र Compensatory Action जस्ता नामबाट पनि सम्बोधन गरिन्छ।

### आरक्षण (Reservation)

सामाजिक न्यायमा आधारित वितरणात्मक न्याय सुनिश्चित गर्ने अर्को उपाय आरक्षण (Reservation) पनि हो। "आरक्षण (Reservation) को शाब्दिक अर्थ विशेष व्यवस्था, सहारा तथा सकारात्मक उपाय हो। नेपाली बृहत् शब्दकोशले 'आरक्षण' भन्नाले आदिवासी वा अनुसूचित जातिअन्तर्गत व्यक्तिको हित गरिएको वा गरिने सुरक्षाको प्रबन्ध भनी परिभाषित गरेको छ।

समाजमा वञ्चितीकरणमा परेका र पारिएका समुदायलाई अर्थपूर्णरूपमा सहभागिताको अवसर प्रदान गर्न जातीय, लैङ्गिक एवं भौगोलिक आधारमा अवलम्बन गरिने विशेष संरक्षणको कार्यलाई आरक्षण भनिन्छ। सबैको समान प्रतिनिधित्व समानरूपमा हुन नसक्ने अवस्थामा आरक्षण गराएर समावेश गराउने पद्धति हो। यो सामाजिक विभेद उन्मूलन गर्ने, असमानताको खाडल पुर्ने उपाय हो। आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका समुदाय वा वर्गलाई उकास्न निश्चित सङ्ख्या वा प्रतिशतमा स्थान छुट्ट्याई ती समुदाय तथा वर्गका लागि सुरक्षित गर्ने भएकाले आरक्षण मानिएको हो। राज्यको नीतिनिर्माणलगायत सबै महत्त्वपूर्ण जिम्मेवारी एवं रोजगारीका अवसरमा समाजमा वञ्चितिमा पारिएका समुदायलाई अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्न अवलम्बन गरिने विशेष

संरक्षणको कार्यलाई आरक्षणका रूपमा लिइन्छ । यस्तो आरक्षण जातीय, आर्थिक तथा लैङ्गिक एवम् भौगोलिक आधारमा गर्न सकिन्छ ।

समाजमा विद्यमान विपन्न वर्ग त्यसमा पनि सीमान्तकृत वर्गलाई राष्ट्र विकासको मूलधारमा संलग्न गराउन आरक्षणको व्यवस्था गरिएको हुन्छ । आरक्षणलाई क्रमशः निश्चित कोटा सङ्ख्या, भेदभावविरुद्धको क्षतिपूर्ति, सकारात्मक उपाय, (Reverse Discrimination) लगायतका विभिन्न उपनामबाट चिन्ने गरिन्छ । समानताको नयाँ अवधारणाले के कुरामा जोड दिन्छ भने समाजमा मानिसहरूको अवस्था एक समानकै हुन्छ भने समान व्यवहार गरिने भए पनि समाजमा सबै समान हुँदैन त्यसकारण फरक भएकोलाई सोहीअनुरूप सम्बोधन गरिनुपर्छ । उपेक्षित समूहलाई कोटा अथवा आरक्षणद्वारा थप सुविधा उपलब्ध गराएर न्याय दिनुपर्छ । सरकारले कर लगाउँदा पनि बढी आर्जन गर्नेलाई धेरै र कम आर्जन गर्नेलाई कम कर लगाउने गरेको पाउछौँ ।

आरक्षणको विषय प्रयोग र अभ्यास निजामती सेवा ऐनमा अङ्गीकार गरिसकिएको छ । सकारात्मक विभेदले लक्षित वर्ग वा समुदायको क्षमता अभिवृद्धि, विशेष कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा जोड दिई प्रतिस्पर्धा तयार गरिन्छ जसले गर्दा उनीहरूले प्रतिस्पर्धामा भाग लिई छनोट हुन सक्ने बनाउने हो भने आरक्षणले लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गराउन निश्चित प्रतिशत वा कोटा छुट्याउने प्रक्रियामा जोड दिन्छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका समुदाय वा वर्ग उनीहरूको जीवनस्तर माथि उकास्न निश्चित सङ्ख्या वा प्रतिशतमा स्थान छुट्टयाई उनीहरू सुरक्षित गर्ने भएकाले आरक्षण मानिएको हो । आरक्षणमा निश्चित सिट सङ्ख्यामा निश्चित वर्ग विशेषले मात्रै प्रतिस्पर्धा गर्ने गरी सिट छुटयाइएको हुन्छ । आरक्षण जातीय, आर्थिक तथा लैङ्गिक एवम् भौगोलिक आधारमा गर्न सकिन्छ ।

**प्रशासनमा आरक्षणः**

प्रशासनिक क्षेत्र राज्यको एक महत्त्वपूर्ण क्षेत्र हो । मुलुकको विकास, उन्नति र जनतासँग प्रत्यक्ष सरोकार राख्ने मात्र होइन विभिन्न नीतिनिर्माण गर्ने र नीतिनिर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने निकाय हो त्यसकारण सबैको विषय र चासोलाई सम्बोधन गर्न प्रशासनिक क्षेत्रमा समेत सबै जाति, वर्ग, समुदाय र क्षेत्रको उपस्थिति आवश्यक पर्छ त्यसकारण नेपालमा प्रशासनिक क्षेत्रमा पनि समावेशीको सिद्धान्त अवलम्बन गरिएको छ ।

राज्यले लिएको नीति, कार्यक्रम र जनतामा सहज र प्रभावकारी सेवाको प्रवाह सम्बन्धित जाति तथा समुदायको समूहबाट प्रतिनिधित्व भई सेवाप्रवाह भएमा सहजता र अपनत्व कायम हुन सक्छ । जनताले स्वामित्व ग्रहण नगरेको र सहभागिता नभएको अवस्थामा प्रशासनद्वारा सम्पादित कार्यहरूमा विश्वसनीय नहुनुका साथै अप्रभावकारी हुन्छ ।

## निजामती सेवा ऐनः

राज्यको समग्र सार्वजनिक निकाय र संस्थामा सबै जातिको प्रतिनिधित्व हुनु जरुरी हुन्छ । सार्वजनिक प्रशासनको महत्त्वपूर्ण संयन्त्र निजामती सेवा हो त्यसकारण समावेशी नीतिको मर्म र भावनालाई मूर्तरूप दिन निजामती सेवामा समावेशी नीति अवलम्बन गरिएको छ । निजामती सेवा ऐन, २०४९ को संसोधित ऐन २०६४ को परिच्छेद ३ को दफा ७ (७) मा निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्ये पैँतालीस प्रतिशत पद छुटयाई सो प्रतिशतलाई शतप्रतिशत मानी सम्बन्धित समूहका लागि छुटयाएका प्रतिशतमा सम्बन्धित समूहका उम्मेदवारहरूबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरियो । महिला ३३ प्रतिशत, आदिवासी/ जनजाति २७ प्रतिशत मधेसी २२ प्रतिशत, दलित ९ प्रतिशत अपाङ्ग ५ प्रतिशत र पिछडिएको क्षेत्र ४ प्रतिशत

छुट्याइएको छ । समावेशी समूहमा परेका वर्ग, समूह, जाति, समुदाय र क्षेत्रबाट तत्तत् समूहबीच प्रतिस्पर्धात्मक परीक्षामा सामेल भई उत्तीर्ण भएकाहरू लोकसेवा आयोगबाट सिफारिस हुँदै आएका छन् । निजामती सेवामा प्रवेशको लागि राज्यले सकारात्मक विभेद र आरक्षण व्यवस्थाको नीति तथा कार्यक्रम अवलम्बन गर्दै आएको छ । सार्वजनिक सेवामा समावेशी नीतिअनुरूप लोकसेवा आयोगले २०६४ सालदेखि तोकिएका समावेशी समूहका उम्मेदवारबीच प्रतिस्पर्धा गराई पदपूर्ति गरिँदै आएको छ ।

## समावेशी नीतिको कार्यान्वयन

राज्यले बहिष्करणमा परेका वर्ग, जाति, लिङ्ग र क्षेत्रकालाई राज्यको मूलधारमा समाहित गर्न समावेशी र समानुपातिक नीति अवलम्बन गर्ने प्रतिबद्धता र नीतिगतरूपमा नै निर्णय भएर कार्यान्वयनमा आएको हो । नेपालको संविधानले स्वीकार गरेको समावेशी नीतिअनुरूप सार्वजनिक प्रशासनमा आरक्षण र सकारात्मक विभेदको पद्धतिमार्फत नीतिलाई कार्यान्वयन गर्न राज्यले विभिन्न कानुन र नियममा समावेशी नीति र कार्यक्रम समावेश गर्दै कार्यान्वयनमा रहेको छ । समावेशी नीतिको कारण प्रशासनिक क्षेत्रमा विगतभन्दा वर्तमानमा वञ्चितीकरणमा परेका जाति, वर्ग, समुदाय, लिङ्ग तथा क्षेत्रको राज्यको मूलप्रवाहमा थोरै भए पनि उपस्थिति तथा प्रतिनिधित्व बढेको छ ।

### समावेशी नीतिको कार्यान्वयनको अध्ययन प्रतिवेदन

निजामती सेवामा समावेशी भर्ना नीतिको कार्यान्वयनले निजामती सेवालाई नेपाली समाजको लैङ्गिक, क्षेत्रीय एवं जातीय स्वरूपसरह नै विविधताको झल्को प्रदान गर्नेतर्फ अग्रसर गराइएको पाइयो । तर समावेशी भर्ना नीति र सिफारिसको दरलाई विश्लेषण गर्दा विज्ञापन करिब उनाइस हजार पदलाई गरिए पनि करिब साढे सत्र हजार पदमा मात्र सिफारिस भएको पाइयो । बाँकी पदमा या त दरखास्त नै नपरेको या त दरखास्त परे पनि उम्मेदवार सफल हुन नसकेको पाइयो । यसरी सिफारिस हुन नसकेका पदहरूमा अधिकांश समावेशीतर्फका रहेको पाइयो । उदाहरणका लागि सिफारिस हुन नसकेका पदमध्ये आ.व.२०६५ मा ८५ प्रतिशत, २०६६ मा ५६ प्रतिशत, २०६७ मा ७० प्रतिशत, २०६८ मा २० प्रतिशत २०६९ मा ७० प्रतिशत समावेशी तर्फका रहेको पाइयो । अध्ययन प्रतिवेदनअनुसार अझै पनि समावेशी समूहका जाति, जनजाति तथा वर्ग समुदायको शैक्षिक क्षेत्रको अवस्था कमजोर देखिएको छ । यसको कारण भर्ना संख्याको पदअनुरूप दरखास्त पर्न सकेको छैन ।

**प्रशासनका तयारी आयोजना (*PREPARE*) ले गरेको अध्ययन प्रतिवेदन २०७१ पुस**

समावेशी नीतिको कार्यान्वयनको अध्ययन प्रतिवेदन, २०७१ अनुसार समावेशी भर्ना नीति र सिफारिसको दरलाई विश्लेषण गर्दा समावेशीको कारण विगतमा बहिष्करणमा परेका वर्ग, जाति, समुदाय, लिङ्ग र क्षेत्रबाट पनि निजामती सेवामा उपस्थिति देखिन थालेको छ । तर अझै पनि अपेक्षितरूपमा तत्तत् वर्ग, समुदाय र क्षेत्रको उपस्थिति सन्तोषजनक रहेको पाइँदैन । कपितय जाति, जनजाति, समुदाय, वर्ग तथा क्षेत्रबाट लोकसेवा आयोगले अनुसरण गर्ने योग्यताप्रणालीअनुरूपको योग्यता तथा क्षमता पुग्न नसकी विज्ञापित पदमा निवेदन नै पर्न नसकेको र निवेदन परेको अवस्थामा पनि उत्तीर्ण हुन नसकेको लोकसेवा आयोगको प्रतिवेदन र अन्य अध्ययन प्रतिवेदनले देखाएको छ । यसबाट सम्बन्धित समूह, वर्ग, जातिमा आर्थिक, सामाजिक र शैक्षिक अवस्था कमजोर रहेको मान्न सकिन्छ ।

एकातिर योग्यता प्रणालीसँग सम्झौता गर्न नसकिने अर्कोतिर आर्थिक, सामाजिक र शैक्षिक कारण निश्चित पद आवश्यक पर्ने योग्यता समेत नहुने कारण ती समूह तथा वर्ग छुटयाइएको पद नै ल्याप्स अर्थात् खुलापदतर्फ लानुपर्ने अवस्था

रहेको छ । यसले राज्यले लिएको समावेशी नीतिको अवसरलाई कतिपय समूह तथा वर्गले उपयोग गर्न सक्ने अवस्था रहेको देखिँदैन ।

## खुला विज्ञापनका समावेशी समूहका उम्मेदवार सिफारिसः

समावेशी समूहका विज्ञापनमा आ.व. २०७५/७६ मा कुल सिफारिस सङ्ख्या ४ हजार ५ सय ७४ मध्ये सम्बन्धित समावेशी समूहका विज्ञापनबाट १ हजार ८ सय ८३ जना (कुल सिफारिसको ४१ प्रतिशत उम्मेदवार) सिफारिस भएका छन् । (लोकसेवा आयोगको साठीऔ वार्षिक प्रतिवेदन) जसको समूहगत सहायक स्तर र अधिकृत स्तरमा सिफारिस भएका महिला, पुरुषको विवरण तालिकामा देखाइएको छ । यसका साथै समावेशी समूहका जाति, लिङ्ग, वर्ग तथा समुदायबाट समावेशी समूहबाट मात्र नभएर खुला समूहबाट समेत सिफारिस भएका छन् ।

**समावेशी समूहका विज्ञापनमा आ.व. २०७५/७६ को अवधिमा भएका सिफारिसहरू**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | सहायक | अधिकृत | जम्मा | सहायक | अधिकृत | जम्मा | |
| महिला | ४४४ | १८१ | ६२५ | | | ० | ६२५ |
| आदिवासी जनजाति | ९६ | २७ | १२३ | २७० | ११६ | ३८६ | ५०९ |
| मधेसी | ५३ | ८ | ६१ | २३७ | १११ | ३४८ | ४०९ |
| द्यलित | २९ | ७ | ३६ | ९२ | ४० | १३२ | १६८ |
| अपागं | १३ | २ | १५ | ५० | ३० | ८० | ९५ |
| पि.क्षे. | १० | | १० | ४६ | २१ | ६७ | ७७ |
| जम्मा | ६४५ | २२५ | ८७० | ६९५ | ३१८ | १०१३ | १८८३ |

*लोक सेवा आयोग, साठीऔ वार्षिक प्रतिवेदन, पेज न.६६*

| आर्थिक वर्ष | समावेसी विज्ञापनबाट सिफारिस | | | | | | | कुल सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| | म्हिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. | जम्मा | |
| २०७५/७६ | ६२५ | ५०९ | ४०९ | १६८ | ९५ | ७७ | १८८३ | २३९४ |
| २०७४/७५ | १०८८ | ८५८ | ७११ | २९२ | १६३ | १३२ | ३२४४ | ४००७ |
| २०७३/७४ | १३८३ | १०२६ | ९०१ | ३८४ | १८९ | १४२ | ४०२६ | ५२७३ |
| २०७२/७३ | ७९७ | ६२९ | ५०३ | २१३ | १०१ | ९५ | २३३८ | ३३०० |
| २०७१/७२ | ६३९ | ५४७ | ४५४ | १६८ | ९५ | ७६ | १९७९ | २७८३ |
| २०७०/७१ | ६२६ | ५०९ | ३८४ | १७३ | ९१ | ७१ | १८५४ | २७६७ |
| २०६९/७० | ३७२ | ३१८ | २५४ | १०६ | ५१ | ३५ | ११३६ | १७०७ |
| २०६८/६९ | ३५२ | २८० | २१२ | ९९ | ४० | ३० | १०१३ | १८०५ |
| २०६७/६८ | ४७१ | ३७१ | ३०० | १०५ | ५९ | ४३ | १३४९ | २४८७ |
| २०६६/६७ | ४९५ | ३६८ | ३१९ | १४२ | ६४ | ४३ | १,४३१ | २,०८० |
| २०६५/६६ | ११७ | ९४ | ९१ | ३६ | १५ | १२ | ३६५ | ८४० |
| २०६४/ ६५ | ३६६ | २४५ | १८३ | ८४ | ३३ | १७ | ९२८ | २,२२८ |
| कुल | ७३३१ | ५७५४ | ४७२१ | १९७१ | ९९६ | ७७३ | २१,५४६ | ३१,६७१ |

सिफारिस भएकामा सबैभन्दा बढी महिला उम्मेदवार सिफारिस भएका छन् भने त्यसपछि क्रमशः आदिवासी/जनजाति, मधेसी, पिछडिएका क्षेत्र, दलित र अपाङ्ग रहेका छन् । लोकसेवा आयोगको साठीऔँ वार्षिक प्रतिवेदनअनुसार

समावेशी नीति कार्यान्वयनमा आएपश्चात् समावेशी समूहबाट (आ.व. २०६४/६५देखि २०७५/७६ सम्म) कुल ३१,६७१ जना लोकसेवा आयोगबाट सिफारिस भएको तथ्याङ्कले देखाएको छ। यसमा महिला समूहबाट सबैभन्दा धेरै र तत्पश्चात् आदिवासी जनजातिको रहेको देखिन्छ भने मधेसी र दलित समूहबाट पनि उल्लेखनीय सङ्ख्या सिफारिस भएको देखिएको छ। लोकसेवा आयोगको सिफारिसमा समावेशी समूहका समूहहरूबाट समावेशी समूहका साथै खुलातर्फबाट पनि सिफारिस भएका छन्। यो विषय अत्यन्त सकारात्मक र योग्यता प्रणालीको सम्मान पनि हो ।

**समस्या**

राज्यले सीमान्तकृत तथा विभेदमा परेको जाति, वर्ग, समुदाय, लिङ्ग, क्षेत्रको पहिचान गरी ती समूहको उत्थान र राज्यको सार्वजनिक निकायमा प्रतिनिधित्व सुनिश्चित गर्नको लागि समावेशी नीति लिइएको भए तापनि आर्थिक, शैक्षिक र अन्य कारणले शिक्षामा विकास गर्न नसक्दा उनीहरूले लोकसेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामा समावेश हुन सक्ने गरी योग्य बन्न सकेका छैनन् ।

प्रशासनका तयारी आयोजना (PREPARE) ले गरेको अध्ययन प्रतिवेदन, २०७१ अनुसार विभिन्न समूह, वर्ग र क्षेत्रको लागि छुट्याइएको समावेशी पदमा या त दरखास्त नै नपरेको या त दरखास्त परे पनि उम्मेदवार सफल हुन नसकेको भनी प्रतिवेदनले देखाएको छ। यसरी सिफारिस हुन नसकेका पदहरूमा अधिकांश समावेशीतर्फका रहेको पाइयो।

लोकसेवा आयोगले तोकेको योग्यता पूरा गरेको भए पनि आयोगको परीक्षामा सामेल हुने तर सो परीक्षामा प्रतिस्पर्धात्मकरूपमा आफूलाई उतार्न नसक्दा परीक्षामा सहभागी भएकाहरू उत्तीर्ण हुन सकेका छैनन्। यसकारण समावेशी समूहको लागि समावेशी सुविधाको उपयोग गर्नको लागि तत्तत् समूह, वर्ग तथा क्षेत्रका लागि आर्थिक, शैक्षिक पक्षमा अब्बल हुन नसक्दा राज्यले ल्याएको नीति तथा अवसरलाई तत्तत् समूह, वर्ग र क्षेत्रले पूर्ण उपयोग गर्न सकेको पाइँदैन।

त्यसैगरी सीमान्तकृत, विभेद तथा वहिष्करणमा परेका वर्ग, समुदाय र क्षेत्रहरूका सामान्यत: सार्वजनिक जानकारी र तथा अन्य कारणबाट समेत बञ्चितीकरणमा परेका हुन्छन्। उनीहरूले लोकसेवा आयोगको परीक्षाको बारेमा समयमा जानकारी पाएका हुँदैनन्। यदि पाए पनि परीक्षाको लागि कसरी तयारी गर्ने कुन कुन विषयको कहाँ कसरी सम्पर्क गर्ने भन्ने बारेमा जानकारी हुँदैन। राजधानीमा बसोबास गर्ने र पहुँच भएकाहरू काठमाडौँ जस्तो सुविधा सम्पन्न स्थानमा बसी विभिन्न प्रकारको तयारी कक्षाहरूमा सहभागी भई आफूलाई प्रतिस्पर्धीको रूपमा तयार गरेका हुन्छन तर अत्यन्त दुर्गम र ग्रामीण तहमा बसोबास गर्नेहरूको लागि विभिन्न कारणले यी सुविधा र अवसर लिनबाट बञ्चित हुन्छन् जसले गर्दा अन्ततः पुनः वञ्चितीकरणमा पर्दछन् र उनीहरू प्रतिस्पर्धी बन्न सक्दैनन्।

**सुझावः**

राज्यले सीमान्तकृत तथा राज्यको मूलप्रवाहमा आउन नसकेका समूह, वर्ग र क्षेत्रका लागि ल्याएको समावेशी नीति अत्यन्त महत्त्वपूर्ण नीति रहेको छ। विभिन्न जातजाति, वर्ग, समुदाय र क्षेत्रका मानिसहरू वञ्चितीकरणमा पर्नुका मूल कारण राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, भौगोलिक र लिङ्गका आधारमा नै हुने हुँदा यी विषयलाई समयमा उपयुक्त कार्ययोजनासहित कार्यक्रमको निर्माण र कार्यान्वयन गर्न सकिएको खण्डमा समावेशी नीतिको मर्म र भावनामा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ। समावेशी नीतिको विषयलाई अवलम्बन गर्दा मूलतः योग्यता, दक्षता र क्षमतामाथि उठ्ने गरेको

प्रश्नलाई समेत सम्बोधन गर्न सक्ने गरी उनीहरूको आर्थिक, शैक्षिक क्षेत्रमा लगानी गरी तत्तत् वर्ग, समुदाय तथा क्षेत्रहरूको उत्थान र विकास गर्नु पर्दछ।

निजामती सेवा रोजगारी र सङ्ख्याको दृष्टिले हेर्दा ठूलो समूह तथा क्षेत्र नभए पनि राज्य सञ्चालनको महत्त्वपूर्ण निकाय र सोको कार्यान्वयनमा सहभागी हुनुका साथै निर्णयप्रक्रियामा समेत कुनै न कुनै रूपमा संलग्न हुने भएकाले महत्त्व राख्दछ। निजामती सेवा सार्वजनिक प्रशासनको एक महत्त्वपूर्ण अङ्ग भएकाले पनि यसमा मुलुकका सबै जाति, वर्ग, समुदाय, क्षेत्र र लिङ्गका मानिसहरूको चासो रहेको हुन्छ र राष्ट्रनिर्माणको लागि पनि यी सबै जाति, वर्ग, समुदाय र क्षेत्रका मानिसहरूको अनिवार्य सहभागिता गराउनु पर्दछ। सञ्चालित कार्यक्रमका साथै सम्बन्धित समूह, वर्ग र क्षेत्रको आफ्नै विशेषता र विशिष्ट समस्याहरूको पहिचान गरी कार्यक्रममा स्थानीयकरण गर्न सकेको खण्डमा सशक्तीकरण र आर्थिक तथा सामाजिकरूपमा पनि सबल बनाउन मद्दत पुग्छ जसको कारण क्रमशः शैक्षिक र सामर्थ्यमा समेत बढोत्तरी भई अन्य पक्षसँग प्रतिस्पर्धा र मूलप्रवाहीकरण हुन सक्छ।

नेपाल सङ्घीयतामा रूपान्तरण भएको सन्दर्भमा त यसको महत्त्व अझ बढेको छ। यसको लागि सबै स्थानीयतहले स्थानीयस्तरमा पछि परेका निश्चित, जाति, वर्ग, समुदाय, लिङ्ग, क्षेत्रका लागि विशेष कार्यक्रम निर्माण गरी उनीहरूको सहभागितालाई सुनिश्चित गरिनु पर्दछ। जसले स्थानीयतहमा अपनत्व र सही सहभागिताको महसुस गर्न सक्दछ ।

**अन्तमाः**

राज्यका विभिन्न जाति, वर्ग, समुदाय, क्षेत्र र लिङ्गका मानिसहरू राज्यको पहुँच, अवसर र नीतिनिर्माण तहमा उपयुक्त प्रतिनिधित्व हुन नसकेको विषयलाई स्वीकार गरेको कुरा राज्यका विभिन्न दस्तावेजहरूबाट प्रस्टरूपमा देखिएको छ। सकारात्मक विभेद तथा आरक्षणले प्रतिनिधिमूलक निजामती सेवाको निर्माणमा सहयोग गरी नेपाल जस्तो विविधतायुक्त रहेको समाजमा विविधता व्यवस्थापन गर्न महत्त्वपूर्ण भूमिका सक्छ भने निजामती सेवालाई नागरिकको निजामती सेवा बन्न गई सामाजिक सद्भाव अभिवृद्धि हुन सक्छ। तसर्थ राज्यका विभिन्न जाति, वर्ग, लिङ्ग र क्षेत्रका नागरिकहरू विगतमा जस्तो वञ्चितिमा परेका समूह, वर्ग, जाति र क्षेत्रका मानिसहरूले पनि उचितरूपमा राज्यको मूलप्रवाहमा आउनसक्ने र नीतिनिर्माण एवम् कार्यान्वयनमा पनि उचित प्रतिनिधित्व हुन सकोस्। त्यसैगरी योग्यता तथा क्षमतावान व्यक्तिहरू पलायन पनि हुन नपरोस भन्ने विषयमा राज्यले सचेत हुँदै उचित नीतिनिर्माण गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ साथै यस्ता कार्यक्रमको संयोजन र कार्यान्वयन गर्दा अत्यन्त गम्भीर भएर सम्पादन गर्नुपर्ने हुन्छ।

वञ्चितिमा परेका समूहले आरक्षण तथा सकारात्मक विभेदका माध्यमबाट ती समूहको शासनप्रणाली एवं प्रशासनमा उपस्थिति एवं प्रतिनिधित्वमा सहयोग पुगे पनि Reservation VS Meritocracy लाई पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ। किनकि निजामती सेवामा रहेको कार्यक्षमता, व्यावसायिकता र योग्यता प्रणालीको मूल्यमान्यतालाई सझौता गर्ने गरी कार्यान्वियन गरिनु हुँदैन। प्रशासनिक योग्यता र क्षमताबाट नै मुलुकको नीति तथा कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता र सेवामा सरलता र चुस्तता आउन सक्छ। वञ्चितीकरणमा परेका समूहको उन्नति र विकासका साथै समतामूलक समाजको निर्माण गर्न राज्यले आर्थिक, शैक्षिक क्षेत्रमा विशेष कार्यक्रम तय गरी सक्षमता विकास गरी स्वयं नै प्रतिस्पर्धामा आउन सक्ने अवस्थाको वातावरण सिर्जना गर्नुपर्छ। राज्यले ती समूहको आर्थिक गतिविधि बढाउने किसिमको आर्थिक कार्यक्रम र शिक्षामा विशेष लगानी गर्न सकेको खण्डमा यस्ता समूहहरू पनि सक्षम भई आरक्षण र समावेशी नीतिको आवश्यकता नपर्न सक्छ।

यसर्थ राज्यले पनि आर्थिक, शैक्षिक, सामाजिकरूपमा पछि परेका वर्ग, जाति, समुदाय, क्षेत्र प्रभावकारी कार्यक्रमबाट दीर्घकालीन परिणाम आउने गरी कार्यक्रमको निर्माण र सहज वातावरण निर्माण गर्ने र सो सबैले हामी भन्ने भावनाबाट अभिप्रेरित हुने वातावरण निर्माण गर्न सक्नुपर्छ।

***

**सन्दर्भ सामग्रीः**


(१) नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, काठमाडौँ ।

(२) निजामती सेवा ऐन, २०४९, कानुन किताब व्यवस्था समिति, काठमाडौँ ।

(३) साठीऔँ वार्षिक प्रतिवेदन (२०७५ श्रावण-२०७६ आषाढ), लोकसेवा आयोग, अनामनगर काठमाडौँ, नेपाल

(४) गोपी मैनाली, राज्य सञ्चालनका आधारहरू, सोपान मासिक, डिल्लीबजार,काठमाडौँ ।

(५) प्रशासनका तयारी आयोजना (PREPARE) ले गरेको अध्ययन प्रतिवेदन २०७१ पुस ।

# बाल अधिकार तथा न्यायका सवाल र बालसुधार गृह (Juvenile Correctional Institution): एक समीक्षा

✍ उमेश ढुङ्गाना *

## (क) विषय प्रवेश

कानुनको विवादमा परेका अर्थात् बालबिजाइँमा संलग्न बालबालिकालाई वयस्क अपराधीसँग थुनामा नराखी बालसुलभ वातावरणमा सुधार गर्ने उद्देश्यले सर्वप्रथम वि. सं. २०५८ मा भक्तपुरमा बालसुधार गृहको स्थापना गरी सुरु गरिएकोमा हाल आठ वटा जिल्लामा विस्तार भएको र थप एक जिल्लामा विस्तार हुने प्रक्रियामा रहेको छ। नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५ तथा नियमावली, बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ लगायतले बाल अधिकार र बालन्याय संरक्षणका विषयमा उल्लेख गरेका कुराहरूलाई सम्बोधन गर्नेगरी नेपाल सरकारले हालसम्म मोरङ, वीरगञ्ज, मकवानपुर, भक्तपुर, कास्की, रूपन्देही, बाँके र डोटीमा बालगृह सञ्चालनमा ल्याएको छ। र तनहुँमा थप एउटा बालगृह निर्माणको काम सुरु गरेको छ। तिनीहरूमध्ये मोरङ, भक्तपुर, कास्की र बाँकेमा रहेका चार वटा बालसुधार गृहहरू न्यूनतम सुविधाविहीन बालबालिकाको लागि शैक्षिक कार्यक्रम (युसेप) सँगको व्यवस्थापन करार सम्झौताबमोजिम सञ्चालनमा रहेका छन् भने बाँकी चार वटा नेपाल सरकारले आफ्नै व्यवस्थापनमा सञ्चालन गरिरहेको छ। समाजमा व्याप्त आपराधिक मनोवृत्ति, हानिकारक अभ्यास र खराब संस्कार तथा सङ्गतको प्रभावको कारणले बालबालिकाहरू पनि कानुनले अपराध मानेका गतिविधिहरूमा संलग्न हुने क्रम बढिरहेको छ । जसको कारण बालसुधार गृहहरूको मौजुदा सङ्ख्या अपर्याप्त हुन गएको छ। एकातिर तिनको सङ्ख्या अपर्याप्त हुन गएको छ भने अर्कोतिर भएका संरचनाको स्तरोन्नति तथा सञ्चालन र व्यवस्थापनमा कुशलता देखाउनु पर्ने अवस्था छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअर्न्तगत सञ्चालित यी बालसुधार गृहहरूमा स्वीकृत दरबन्दीअनुसारको जनशक्तिको पारिश्रमिक सुविधा र गृहहरूको सञ्चालनको अनिवार्य दायित्वभित्र पर्ने उपभोग्य खर्चहरू महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट, बालबालिकाको भरणपोषणका लागि खर्च र सुरक्षाकर्मीहरूको व्यवस्थापन गृह मन्त्रालयबाट, शिक्षकको पारिश्रमिक सुविधा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट र स्वास्थ्योपचारको प्रबन्ध महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट हुँदैआएको छ। यसरी हेर्दा बालसुधार गृहहरूको व्यवस्थापनमा चार वटा मन्त्रालयहरूको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ ।

## (ख) बालसुधार गृहले पूरा गर्नुपर्ने बालन्यायका आधारभूत सिद्धान्त :

बालसुधार गृहमा बसेका बालबालिकाको सुधार तथा पुनर्स्थापनाका निमित्त बालबालिकाको अधिकारको सम्मान र संरक्षणका लागि बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लेख भएबमोजिम बालन्यायसम्बन्धी देहायका आधारभूत सिद्धान्तहरू अवलम्बन गर्नुपर्नेछ;

* *सहसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय*

१. **मर्यादापूर्ण जीवनको सम्मानः** बालबालिकाको व्यक्तिगत सम्मान, मर्यादा तथा गोपनीयताको उचित सम्मान र संरक्षण हुनुपर्छ ।

२. **भेदभावरहितताः** प्रत्येक बालबालिकालाई निजले गरेको कसुर वा आरोपका आधारमा वा निजको वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जात–जाति, रङ, लिङ्ग, भाषा, धर्म, वा अन्य वैचारिक आस्था, जात जाति, उत्पत्ति, क्षेत्र, सम्पत्ति, अपाङ्गता तथा जन्मका आधारमा वा अन्य कुनै पनि आधारमा भेदभाव गर्नुहुँदैन ।

३. **बालबालिकाको सर्वोत्तम हितः** बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्छ ।

४. **संरक्षणको सुनिश्चितताः** प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहार हुन नदिने गरी संरक्षणको सुनिश्चितता गर्नुपर्छ ।

५. **सर्वाङ्गीण व्यक्तित्व विकासः** बालबालिकालाई शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक, संवेगात्मक, सांस्कृतिकलगायतका सर्वाङ्गीण विकासको अवसर प्रदान गर्नुपर्छ ।

६. **कानुनी प्रतिनिधित्व वा सहायताको सुनिश्चितताः** बालबालिकाको हक अधिकारसँग जोडिएको विषयमा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चित हुने गरी कानुन व्यवसायीको प्रतिनिधित्वको व्यवस्था भएको हुनुपर्छ ।

७. **गोपनीयताको अधिकारः** बालबालिकाहरूको नाम, ठेगानालगायत अन्य विवरणहरू गोप्य राखी, कानुनबमोजिम बाहेक बालबालिकाका गोप्य विवरणहरू उपलब्ध गर्ने/गराउने तथा गोपनीयता भङ्ग गर्न नहुने । तर, कुनै अध्ययन वा शोधकार्यका लागि भएमा उमेर वा लिङ्गमात्र उल्लेख गरी प्रकाशन गर्न तथा तथ्याङ्क उपलब्ध गराउन सकिन्छ ।

**(ग) बालसुधार गृहले पूरा गर्नुपर्ने मापदण्डः**

**१. निर्माणका लागि स्थान छनौटः** बालसुधार गृह निर्माण गर्दा अस्पताल तथा विद्यालयका लागि पायक पर्ने, प्राकृतिक प्रकोपको जोखिम न्यून भएको, औद्योगिक तथा वातावरणीय प्रदूषणको जोखिम नभएको र घनाबस्ती, घनाजङ्गल, प्रहरी वा सैनिक ब्यारेक, सिनेमा घर, सर्कस, मेला लाग्ने ठाउँ, मसानघाट, फोहोर थुपार्ने ठाउँ (डम्पिङ साइट) लगायतका स्थानबाट ५ किलोमिटरको दुरीको क्षेत्रमा हुनुपर्छ ।

**२. क्षेत्रफल र संरचनाः**

- बालसुधार गृहको परिसरभित्र बालक र बालिकाको छुट्टाछुट्टै आवासीय स्थल, खुल्ला स्थान, पार्क, बगैचा शिक्षा, खेलकुदलगायतका अन्य क्रियाकलाप सञ्चालनका लागि पर्याप्त हुनेगरी भूभाग र संरचनाहरू रहने गरी व्यवस्था गर्नुपर्ने ।
- बालसुधार गृहको परिसरभित्र आवास, व्यावसायिक एवं औपचारिक शिक्षा, खेलकुद, योग, व्यायाम, मनोरञ्जन, प्रशासन इकाइ र सुरक्षा प्रबन्धका निमित्त पर्याप्त भवन वा कक्षहरू हुनुपर्ने ।
- बालबालिकाको बसाइ, व्यवस्थापन र सुपरिवेक्षण सहज र प्रभावकारी हुने गरी बालसुधार गृहको संरचनागत व्यवस्था गर्नुपर्ने ।

- प्रहरी वा अन्य कर्मचारीद्वारा दिइने सुरक्षाका निमित्त प्रवेशद्वारनजिकै अलग्गै भवनको व्यवस्था मिलाउनु पर्नेछ । विशेष अवस्थामा बाहेक बालबालिका बस्ने स्थान तथा आवासगृहभित्र सुरक्षा कर्मचारीलाई प्रवेश गराउनु हुँदैन ।

३. **प्राथमिक उपचारकक्ष:** परिसरमा प्राथमिक उपचार र पोषणका सामग्री, आवश्यक औषधी तथा उपकरण राख्ने दराज एवम् बिरामी तथा चिकित्सक बस्ने कुर्सी र बिरामी सुताउने ओछ्यानसमेतको व्यवस्था गर्नुपर्छ ।

४. **मनोसामाजिक परामर्शकक्ष:** परामर्श सेवा प्रदान गर्ने प्रयोजनका लागि मनोसामाजिक परामर्शकक्षको व्यवस्था गर्नुपर्छ ।

५. **कानुनी परामर्शकक्ष:** बालबालिकाहरूको मुद्दासम्बन्धी आवश्यक कागजहरू नियमित गरी राख्न तथा बालबालिकाहरूलाई कानुनी परामर्श दिनका लागि कानुनी परामर्शकक्ष व्यवस्था गर्नुपर्छ ।

६. **भेटघाटकक्ष:** बालबालिकाका परिवार, साथीभाइ, कानुन व्यवसायीलगायतका सरोकारवाला व्यक्तिहरू आई भेटघाट गर्न सक्ने गरी आवश्यक पूर्वाधारसहितको भेटघाटकक्षको व्यवस्था गर्नुपर्छ ।

७. **सामाजिक कार्यकर्ताकक्ष वा परिवार पुनर्मिलन सहयोगकक्ष:** बालसुधार गृहबाट छुटेर जाने बालबालिकाहरूलाई समाज तथा परिवारमा पुनर्मिलन गराउनका लागि सामाजिक कार्यकर्ता कक्ष वा परिवार पुनर्मिलन सहयोगकक्षको व्यवस्था गर्नुपर्छ ।

८. **पुस्तकालयकक्ष वा हल:** बालबालिकाको लागि आवश्यक अध्ययन सामग्रीसहितको एक पुस्तकालयकक्ष वा हलको व्यवस्था गर्नुपर्छ ।

९. **भान्छा, भोजनकक्ष तथा भण्डारकक्ष:** भान्छा, भोजन र भण्डारकक्ष छुट्टाछुट्टै हुनुपर्छ । भान्छा कोठाको निर्माण गर्दा बस्ने र पढने कोठा तथा पुस्तकालयमा खाना पकाउने ठाउँको धुवाँ नजाने, किटपतङ्ग तथा जीवजन्तु पस्न नसक्ने, पर्याप्त उज्यालो र हावा आवतजावत हुन सक्नेगरी व्यवस्था मिलाउनु पर्छ ।

१०. **व्यायाम तथा मनोरञ्जनकक्ष:** बालबालिकाका लागि उपयुक्त आवश्यक उपकरणसहितको शारीरिक व्यायाम गर्ने, योग-अभ्यास गर्ने कक्ष तथा मनोरञ्जन कक्षको व्यवस्था गर्नुपर्छ ।

११. **शौचालय तथा स्नानकक्ष:** प्रत्येक तलामा बालक र बालिकाका लागि छुट्टाछुट्टै हुनेगरी ५ जना बराबर एउटा शौचालय, आवश्यक सङ्ख्यामा युरिनल र दुई वटा स्नानकक्षको व्यवस्था गर्नुपर्दछ । साथै आगन्तुक तथा कार्यालयका कर्मचारीहरूको प्रयोगका लागि अलग्गै शौचालय र प्रत्येक तल्लामा कम्तीमा एउटा अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्नुपर्छ ।

१२. **कार्यालयकक्ष:** कार्यालयकक्ष छुट्टै हुनुपर्ने हुन्छ, जहाँ गृहप्रमुखलगायतका कर्मचारीहरू र बालबालिकासम्बन्धी अभिलेखहरू रहनेछन् ।

१३. **अध्ययनकक्ष:** अपाङ्गता भएका वा विशेष आवश्यकता भएका बालबालिकासमेत सबै बालबालिकालाई लेखपढ गर्न उपयुक्त अध्ययनकक्षको व्यवस्था गर्नुपर्छ ।

१४. **कक्षाकोठा:** बालसुधार गृह परिसरबाहिरका विद्यालय जान अनुमति नभएका बालबालिकालाई कक्षा कोठा र अध्यापन गराउनका लागि उपयुक्त अध्ययनकक्षको व्यवस्था गर्नुपर्नेछ ।

१५. **कार्यशालाः** परिसरभित्र नै व्यावसायिक सीप तथा तालिमका लागि भवन वा कार्यशालाको व्यवस्था गर्नुपर्छ ।

१६. **शयनकक्षः** बालबालिकाहरू सुत्ने प्रयोजनका निमित्त सम्भव भएसम्म छुट्टाछुट्टै कोठा सो नभए छुट्टाछुट्टै र सहजरूपमा राख्न सकिने गरी राखिएको शय्या तथा उज्यालो र हावा आवतजावतको राम्रो प्रबन्ध भएको शयनकक्षको व्यवस्था मिलाउनु पर्छ । बिरामी बालबालिकाका लागि एक–दुई जनासम्म बस्न मिल्ने केही छुट्टै शयनकक्ष, व्यक्तिगत सामान राख्न र पठनपाठनको लागि लकर तथा टेबुल, आवश्यकतानुसार ओढ्ने ओछ्याउने, झुल, पङ्खा, हिटर आदिको व्यवस्था मिलाउनु पर्छ ।

१७. **खेलमैदानः** सबै उमेर र लिङ्गका बालबालिकालाई अवसर पुग्ने गरी परिसरभित्र भलिबल, फुटबल, व्याडमिन्टन, स्किपिङ, टेबलटेनिस, लङटेनिसलगायतका खेलकुदका लागि खेलमैदानको व्यवस्था गर्नुपर्छ ।

१८. **आपतकालीन /आकस्मिक अवस्थाको व्यवस्थाः** प्राकृतिक प्रकोप, महामारी, आगलागी तथा यस्तै अन्य सङ्कटको समयमा उत्पन्न हुने आपतकालीन तथा आकस्मिक अवस्थाको सामना गर्न सक्ने गरी बालसुधार गृहको भौतिक संरचना, सुरक्षा व्यवस्था, गृहका कर्मचारी तथा बालबालिकाको स्वास्थ्य तथा सुरक्षा, विशेष संरक्षकको आवश्यकता भएका बालबालिकाको लागि विशेष प्रबन्ध आदि विविध पक्षमा सम्बन्धित विशेषज्ञ तथा जानकारहरूको सल्लाहमा पूर्वतयारी भएको हुनुपर्छ ।

१९. **बालसुधार गृहबाट सिर्जित फोहोर व्यवस्थापनः** बालसुधार गृहबाट सिर्जित फोहोरलाई दुर्गन्ध नफैलने र बालबालिकाको स्वास्थ्यमा हानि नपुग्ने गरी आवश्यकतानुसार अन्य निकायहरूसँग समेत समन्वय गरी व्यवस्थापन भएको हुनुपर्छ ।

**(घ) बालसुधार गृहमा आश्रित बालबालिकाले प्राप्त गर्नुपर्ने सेवा सुविधाहरू :**

**१. पोषण र पिउने पानी :** बालबालिकालाई उमेरअनुसार आवश्यक क्यालोरी प्राप्त हुने गरी र खाद्य विशेषज्ञबाट कम्तीमा ६/६ महिनामा गुणस्तर परीक्षण भएको सफा, स्वस्थ्य, सन्तुलित तथा पौष्टिक खानेकुराको प्रबन्ध दिनमा कम्तीमा चार पटक गर्नुपर्छ । बालबालिकालाई चिकित्सक र पोषणविद् तथा आवश्यकताअनुसार मनोविमर्शकर्ताको सल्लाह लिई स्वास्थ्योपचार वा पोषणको व्यवस्था मिलाउनुपर्छ । बालबालिकाको शारीरिक र मानसिक विकासका लागि कारागार ऐनअन्तर्गत उमेर पुगेका व्यक्तिलाई दिइने सिधालाई आधार मानी उक्त खर्चको अतिरिक्त कम्तीमा ८० प्रतिशतका दरले थप रकम बालबालिकाको पोषणयुक्त खानाको लागि व्यवस्था गर्नु पर्छ । बालबालिकाको धार्मिक आस्था, सांस्कृतिक वा पारिवारिक पृष्ठभूमिअनुसार निषेध गरिएको खानेकुरा बालबालिकाले खान नमानेमा निजलाई बलपूर्वक खुवाउन वा खान बाध्य नपारी त्यस्ता बालबालिकाका लागि वैकल्पिक खानाको व्यवस्था गर्नुपर्छ ।

त्यसैगरी बालबालिकालाई कम्तीमा वर्षमा १ पटक परीक्षण गराइएको स्वच्छ एवम् प्रशोधनयुक्त पिउने पानीको प्रबन्ध गर्नुपर्छ । पानीको स्रोत अपाङ्गता भएका लगायत सबै बालबालिकाको सहज पहुँच हुने गरी व्यवस्थापन गर्नुपर्छ,

**२. शिक्षा :** बालबालिका बालसुधार गृहमा आउनुअघिको शैक्षिकस्तर, निजले सुधारगृहमा बस्ने अवधि, उमेर र रुचिअनुसार अन्य बालबालिकासरह औपचारिक/अनौपचारिक शिक्षाको व्यवस्था मिलाउनुपर्छ । यसका लागि बालबालिकाको सङ्ख्याका आधारमा औपचारिक शिक्षक व्यवस्था गर्ने, गृहपरिसरभित्र विद्यालय तत्काल सञ्चालन गर्न सम्भव नभए नजिकैको सामुदायिक विद्यालयसँग समन्वय गरी त्यँहासम्म पढ्न जान पाउने व्यवस्था मिलाउने,

आवश्यकतानुसारको विद्यालय पोशाक, जुत्ता, मोजा र शैक्षिक सामग्री उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

बालबालिकालाई अनौपचारिक शिक्षाका अतिरिक्त बालबालिकाको व्यावसायिक रुचि र क्षमताका आधारमा व्यावसायिक शिक्षा तथा सीप विकास तालिमको व्यवस्था मिलाउन सकिनेछ । अपाङ्गता भएका बालबालिकाको सिकाइ सुनिश्चितताका लागि अपाङ्गमैत्री शैक्षिक सामग्री तथा शैक्षिक क्रियाकलापको व्यवस्था गर्नुपर्छ । बालबालिकालाई बालअधिकारका सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाका विषयमा जानकारी गराउने, समाजमा पुनर्स्थापना हुँदाको अवस्थामा सामना गर्नुपर्ने चुनौती र प्राप्त गर्ने अवसरको जानकारी गराई निजको आत्मविश्वास बढाउने प्रकृतिका जानकारीमूलक प्रशिक्षण दिने, नागरिक तथा नैतिक शिक्षा र जीवनोपयोगी सीप र सामाजिकीकरण- लगायतका विषयमा ज्ञान दिलाउने गरी व्यवस्था मिलाउनुपर्छ । बालबालिकाको रुचि, उमेर र शैक्षिक अवस्थाअनुसारका पुस्तक, पत्रपत्रिका र अन्य शैक्षिक सामग्रीहरू भएको पुस्तकालय व्यवस्था गर्नुपर्छ ।

**३. खेल तथा मनोरञ्जन :** बालबालिकालाई नियमितरूपमा शारीरिक व्यायाम तथा मनोरञ्जन र सिर्जनात्मक अभ्यास गराउने गरी खेल तथा मनोरञ्जनका सामग्रीहरू, योग वा ध्यानको व्यवस्था, प्रतियोगितात्मक कार्यक्रमहरू, सिर्जनात्मक कार्यक्रमहरू आदिको लागि व्यवस्था मिलाउनुपर्छ

**४. पोशाक :** बालबालिकालाई मौसमअनुसारको जाडो गर्मीको कम्तीमा दुई जोर कपडा र आवश्यकतानुसार अन्य कपडाहरूसमेत उपलब्ध गराउनु पर्नेछ र बालिकाहरूका लागि आवश्यकतानुसार स्यानिटरी प्याडको व्यवस्था गर्नुपर्छ ।

**५. स्वास्थ्योपचारसम्बन्धी** : बालबालिकालाई नजिकैको सरकारी स्वास्थ्यसंस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीद्वारा नियमित स्वास्थ्य परीक्षण गराई आवश्यक उपचारको व्यवस्था मिलाउनु पर्नेछ । सामान्य किसिमको चोटपटक वा बिरामी भएमा तुरुन्त प्राथमिक उपचारको व्यवस्था गर्नुपर्नेछ, बालिकाको प्राथमिक उपचार गर्नुपरेमा उपलब्ध भएसम्म महिला स्वास्थ्यकर्मी र नभएमा महिला साथीहरू राखी प्राथमिक उपचारको व्यवस्था गर्नुपर्छ ।

बालबालिकालाई कुनै प्रकारको औषधी वा खाना वा अन्य कुनै वस्तुको एलर्जी भएको वा कुनै औषधीको दुष्प्रभाव पर्ने वा परेको थाहा भएमा तुरुन्त चिकित्सकलाई जानकारी गराउनु पर्छ ।

बालसुधार गृहमा कुनै सरुवा रोगको सङ्क्रमण भएको आशंका भएमा नजिकैको सरकारी अस्पताल वा चिकित्सकको सल्लाहअनुसार उपचारको व्यवस्था गर्नुपर्छ । बालबालिकालाई अस्पताल भर्ना गर्नुपर्ने वा लैजान पर्ने भएमा अस्पताल पुऱ्याउने र ल्याउने तथा बिरामीसँग बस्ने कुरुवाको व्यवस्था मिलाउनु पर्छ । यसरी कुरुवाको व्यवस्था गर्दा बालिकाको हकमा महिला कुरुवाको व्यवस्था गर्नुपर्छ । मानसिक स्वास्थ्य समस्या भएका बालबालिकालाई सामाजसेवी वा मानसिक स्वास्थ्यकर्मीको सिफारिसमा मानसिक स्वास्थ्यसंस्थामा उपचार गराउने र यस्ता बालबालिका बालसुधार गृहबाट बिदा भएपछि पनि उपचारलाई निरन्तरता दिन निजको परिवार वा संरक्षक वा बालकल्याण अधिकारी वा सम्बन्धित स्थानीयतहसँग समन्वय गरी उपचारको व्यवस्था मिलाउने ।

बालसुधार गृहमा आउने बालबालिकाको सङ्ख्याका आधारमा प्रत्येक बालबालिकाले लाभ पाउने गरी स्वास्थ्य बिमा गराउने र सोको जानकारी बालबालिका र निजको अभिभावक वा संरक्षकलाई दिने ।

**६. मनोसामाजिक सहयोग र पारिवारिक पुनर्स्थापना :** समाजसेवी वा बालमनोविज्ञले अदालतमा पेस गरेका प्रतिवेदनको अधारमा बालबालिकाको पारिवारिक, सामाजिक, सांस्कृतिक विवरण, बालबालिकाले गरेको कसुरको विवरण र त्यसबाट निजलाई परेको मानसिक असर, बालबालिकाको सुधारका सम्बन्धमा सामाजसेवी वा बालमनोविज्ञ तथा अदालतले गरेको सिफारिस, बालबालिकालाई सुधार गर्नको लागि बाल सुधारसम्बन्धी योजना, परिवार र समाजमा

पुनर्स्थापना आदिका आधारमा आमाबाबु वा परिवारका सदस्य वा संरक्षक समेतसँग समन्वय गरी बालबालिकालाई मनोसामाजिक परामर्श दिने व्यवस्था गर्नुपर्नेछ । यस्तो सेवा प्रदान गर्दा बालबालिकाको गोपनीयतालाई खलल पुऱ्याउनु हुँदैन ।

**(ङ) बालसुधार गृह व्यवस्थापकको काम, कर्तव्य र दायित्व :**

**काम र कर्तव्य**

**१.** बालसुधार गृहमा पठाइएका बालबालिकालाई अदालत तथा न्यायिक निकायको आदेशको प्रमाणित प्रतिलिपिको आधारमा बुझिलिने र बुझिलिएको निस्सामा हस्ताक्षर गरी, बालसुधार गृहको छाप लगाई त्यसरी बालबालिकालाई लिई आउने प्रहरी कर्मचारीको परिचयसमेत बालसुधार गृहमा अभिलेख राख्ने ।

**२.** भर्ना हुने प्रत्येक बालबालिकाको विवरण अनिवार्यरूपमा दर्ता किताबमा अभिलेख राखी बालबालिकालाई आफ्नो मुद्दाको स्थितिका बारेमा जानकारी दिने । बिरामी वा अस्वस्थ बालबालिकालाई बालसुधार गृहमा भर्ना गर्दा अस्वस्थता तथा उपचारको सबै विवरण खुल्नेगरी अभिलेख राख्ने ।

३. बालबालिकाको सुरक्षा र गोपनीयताको सुनिश्चितता गरी तथा अत्यावश्यक कागजातहरू संलग्न गरी व्यक्तिगत विवरण तयार गर्ने तथा सोका आधारमा सेवा सुविधा उपलब्ध गराउने ।

**४.** बालबालिकालाई बालसुधार गृहमा पाउने सेवा, सुविधाको जानकारी गराई निजको बस्ने स्थान, कपडा, ओढ्ने, ओछ्यान लगायत आवश्यक सामग्रीको व्यवस्था गर्ने ।

**५.** बालबालिकालाई भर्ना गरेपश्चात् बाल बालबालिकाका परिवार पत्ता लगाई बालबालिकाका सम्बन्धमा उपलब्ध भएसम्मको सूचना दिनुपर्छ ।

**६.** बालबालिकालाई अदालती प्रक्रियाको अवस्था, उनीहरूको उमेर, लिङ्ग तथा प्रत्येक बालबालिकाको मनोसामाजिक परामर्शका आधारमा लिङ्ग, उमेर समूह, मुद्दाको अवस्था, विशेष हेरचाहको आवश्यकता आदि आधारमा छुट्टाछुट्टै राख्ने व्यवस्था मिलाउन सकिनेछ ।

७. बालबालिकालाई अदालत र अन्य स्थानहरूमा लैजाँदा ल्याउँदा सवारी साधन सुरक्षित, बालमैत्री र अपाङ्गमैत्री हुनेगरी व्यवस्था मिलाउनु पर्नेछ ।

**८.** बालसुधार गृह परिसरमा धुम्रपान, मद्यपान तथा लागुऔषध निषेध गर्ने व्यवस्था मिलाउनु पर्नेछ आदि ।

**दायित्व**

१. कुनै पनि बालबालिकालाई कुनै प्रकारको औषधी वा चिकित्सा विधिको परीक्षण (अनुसन्धान) मा प्रयोग गर्नु वा गराउनु हुँदैन । चिकित्सकको सिफारिसमा मात्र बालबालिकाले प्रयोग गर्ने औषधीको परीक्षण गराउनु पर्नेछ । बालबालिकाको स्वास्थ्योपचारमा आउने स्वास्थ्यकर्मीलाई बालसंरक्षण कार्यविधिको बारेमा जानकारी गराएर उपचारमा संलग्न गराउनु पर्छ ।

२. बाल संरक्षणको सुनिश्चितताका लागि बालसंरक्षणसम्बन्धी मापदण्ड बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

**३.** बालसुधार गृहभित्रका बालबालिकाविरुद्ध कुनै पनि प्रकारका हिंसा भएमा, उक्त हिंसापीडित बालबालिकाका सम्बन्धमा उद्धार एवं उपचारको व्यवस्था गर्ने ।

४. बालबालिकाविरुद्धको हिंसा वा घटनाको छानबिन तथा अनुसन्धानको कारबाही अगाडि बढाउनु पर्ने।

५. बालसुधार गृहको अनुगमन गर्ने अधिकार प्राप्त निकाय मन्त्रालय, विभाग, केन्द्रीय तथा जिल्ला बालन्याय समिति र बाल अदालत वा इजलासलाई बालसुधार गृहमा परेका उजुरी र कारबाहीको बारेमा जानकारी गराउनु पर्नेछ ।

६. बालसुधार गृह अनुगमन/निरीक्षण गर्न आउने अधिकारीबाट बालबालिकामाथि कुनै प्रकारको दुर्व्यवहार नहुने कुराको सुनिश्चितता हुने गरी उक्त अधिकारीलाई बालसंरक्षण कार्यविधिका सम्बन्धमा जानकारी गराउने ।

७. बालबालिकाको मर्यादाको रक्षाका लागि आवश्यक उपायहरू अबलम्वन गर्ने ।

८. बालबालिकालाई कुनै धार्मिक आस्था वा धर्म परिवर्तन गराउन बाध्य बनाउने वा लोभ्याउने वा उक्साउने उद्देश्यले हुने कुनै काम कारबाही गर्न नदिने ।

९. बालबालिकामाथि लिङ्ग, जातजाति, सम्प्रदाय, वर्ण, धर्म, शारीरिक अवस्था आदिका आधारमा कुनै पनि प्रकारको भेदभाव नहुने सुनिश्चितता हुनुपर्ने ।

१०. बालबालिकालाई आमाबाबु वा संरक्षक वा नातेदार वा साथीभाइसँग भेटघाट सम्पर्क गर्ने अवसर उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने ।

११. बालबालिकामाथि प्रभाव पर्ने कुनै नीति वा कार्यक्रम तर्जुमा गर्दा बालबालिकाको सहभागिता सुनिश्चित हुने गरी व्यवस्था गर्नुपर्ने ।

१२. बालसुधार गृहमा रहने बालबालिकाको आन्तरिक सुरक्षा, हेरचाह तथा अनुशासन पालनको सुपरिवेक्षणको उचित प्रबन्ध मिलाउने ।

१३. सरोकारवाला निकायहरूबाट गरिने निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनमा सहजीकरण गर्ने, तोकिएको कार्यविधि र प्रक्रिया अवलम्वन गर्ने तथा सेवाको सार्वजनिकीकरण गर्ने आदि ।

**(च) नेपालमा बालसुधार गृहको मौजुदा अवस्था :**

**१. भौतिक पूर्वाधार :** नेपालमा हालसम्म कायम रहेका ८ वटा बालसुधार गृहहरूको समग्र भौतिक पूर्वाधारहरूको अवस्था सिंहावलोकन गर्नुपर्दा बालसुधार गृहहरूले उपयोग गर्दै आइरहेका जग्गाहरूमध्ये कोही नेपाल सरकारको आफ्नै स्वामित्वमा रहेको र केही दाताहरूबाट सामाजिक कार्यका लागि उपयोग गर्न प्रदान गरिएको देखिन्छ। कास्कीको सराङकोटमा रहेको बालगृहबाहेक अन्य सबै बाल गृहहरू यातायात, स्वास्थ्य संस्था र विद्यालयमा सहज पहुँच हुनसक्ने स्थानमा छन् । सबै बालगृहहरूका आवासीय भवनहरू सुरक्षित नै छन् तर मापदण्डअनुसार छुट्टाछुट्टै कक्षहरू एवम् सेवा दिनसक्ने गरी पूर्वाधारहरू पर्याप्त छैनन्। सबै स्थानहरूमा पर्याप्त जग्गा पनि छैनन्। आश्रय दिनुपर्ने बालबालिकाको सङ्ख्याको दाँजोमा पूर्वाधारहरू नभएकाले सबै आठ वटै बाल गृहहरूले क्षमताभन्दा बढी बालबालिका राख्नुपरेको छ। फलत: माथि प्रकरण (ग) मा उल्लेख भए अनुसारका बालसुधार गृहले पूरा गर्नुपर्ने मापदण्ड पूरा गर्नेगरी तयार गर्न नेपाल सरकारले प्राथमिकताका साथ थप लगानी गर्नुपर्ने अवस्था छ ।

**२. व्यवस्थापन पक्ष :** हाल कायम रहेका आठ वटा बालसुधार गृहहरूमध्ये चार वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अस्थायी दरबन्दी स्वीकृत गराई ती जनशक्तिहरूमार्फत सञ्चालन गरिराखेको छ भन् बाँकी

चार वटा न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप नेपालसँग) व्यवस्थापन करार सम्झौता गरी सञ्चालन गरिराखेको छ । आगामी आर्थिक बर्ष २०७८/७९ देखि युसेप नेपालको व्यवस्थापनमा सञ्चालन भइराखेका ती चार वटा बालसुधार गृहहरू पनि मन्त्रालय आफैले आफ्नै जनशक्तिमार्फत सञ्चालन गर्नेगरी स्थायी दरबन्दीसमेत स्वीकृत भइसकेको छ । बालसुधार गृहहरूको समग्र व्यवस्थापनको सिंहावलोकन गर्दा स्वीकृत दरबन्दीअनुसारको जनशक्तिको पारिश्रमिक सुविधा र गृहहरूको सञ्चालनको अनिवार्य दायित्वभित्र पर्ने उपभोग खर्चहरू महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट, बालबालिकाको भरणपोषणका लागि खर्च र सुरक्षाकर्मीहरूको व्यवस्थापन गृह मन्त्रालयबाट, शिक्षकको पारिश्रमिक सुविधा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट र स्वास्थ्योपचारको प्रबन्ध महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट हुँदै आएको छ । यसरी हेर्दा बालसुधार गृहहरूको व्यवस्थापनमा चार वटा मन्त्रालयहरूको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ । बालसुधार गृह व्यवस्थापकले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कारागार व्यवस्थापन विभाग, अदालत, प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा समन्वय इकाइ, जिल्ला प्रहरी कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालयलगायतका बहुसरोकार निकायहरूप्रति उत्तरदायी र समन्वय गर्नुपर्ने जटिल अवस्था रहेको देखिन्छ ।

**३. बाल अधिकार र बालन्याय सम्पादनको पक्ष :** अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धि, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन लगायतका अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनहरूले प्रत्याभूत गरेका बालबालिकाका अधिकार र न्यायका सबालहहरू र सिर्जना गरेका दायित्वहरू पूरा गर्ने सक्ने अवस्थामा मौजुदा बालसुधार गृहहरू रहेका छैनन् । माथि प्रकरण (ख) मा उल्लेख भएअनुसारका बालसुधार गृहले पूरा गर्नुपर्ने बालन्यायका आधारभूत सिद्धान्त र प्रकरण (घ) मा उल्लेख भएअनुसारका बालसुधार गृहमा आश्रित बालबालिकाले प्राप्त गर्नुपर्ने सेवा सुविधाहरू प्रदान गर्न तथा प्रकरण (ङ) मा उल्लेख भएअनुसारका बालसुधार गृह व्यवस्थापकको काम, कर्तव्य र दायित्व पूरा गर्न जिम्मेवार बनाउनुअघि नेपाल सरकारले पूर्वाधार र जनशक्तिको व्यावसायिक क्षमता अभिवृद्धिमा पर्याप्त लगानी गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## (छ) निश्कर्ष

बालबालिका स्वभावले नै निर्मल, निश्छल र निर्दोष हुन्छन् तापनि जानी वा नजानी कानुनसँग विवादमा पर्ने खालका क्रियापकलापहरूमा मुछिन पुग्छन् । यस्ता कानुनको विवादमा परेका बालबालिकाको सम्मानपूर्वक बाच्न पाउने हकलाई सुनिश्चत गर्दै, बालबालिकाको आचरणमा सुधार गरी सक्षम तथा आत्मनिर्भर नागरिकको रूपमा विकास गरी परिवारमा पुनर्स्थापनाको गर्ने प्रयोजनका लागि खोलिएको संस्था हो बालसुधार गृह । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले प्रत्याभूत गरेका बालबालिकाहरूका अधिकार तथा न्यायका विषयहरूलाई सम्बोधन गर्दै बालसुधार गृहलाई बालबालिकाको आचरण शुद्धीकरण गरी सक्षम, सबल र भविष्यका उज्ज्वल नक्षत्रका रूपमा विकास गरी परिवारमा पुनर्स्थापना गर्ने थलोको रूपमा रूपान्तरण गर्नुपर्ने आवश्यकता छ । बालसुधार गृहमा बालबालिकाको आवासीय बन्दोबस्त गर्दा प्रतिव्यक्ति ३० वर्ग फिट हुनुपर्ने मान्यता छ तर हाम्रा मौजुदा बालसुधार गृहहरूमा त्यो मापदण्ड पूरा हुने अवस्था छैन । त्यसैले न्यूनतम मापदण्ड पूरा गर्न, बालन्यायका आधारभूत सिद्धान्तहरूको प्रत्याभूत हुनेगरी तथा बाल गृहमा आश्रित बालबालिकाहरूले प्राप्त गर्नुपर्ने सेवा, सुविधा तथा अवसरहरू उपलब्ध गराउन नेपाल सरकारले बाल गृहहरूको विकास तथा विस्तार गर्नुपर्ने देखिन्छ ।

अन्तर्राष्ट्रियस्तरको मापदण्ड भएको, सक्षम व्यावसायिक र क्षमतावान जनशक्ति परिचालन भएको, बालबालिकाको

अधिकारको संरक्षण भएको, बाल विकासको पर्याप्त सम्भावना भएको थलोका रूपमा बालसुधार गृहहरूलाई रूपान्तरण गर्नका लागि नेपाल सरकारले पूर्वाधार विकासमा पर्याप्त लगानी गर्नुपर्ने तथा सञ्चालन र व्यवस्थापन कुशलताका लागि बालसुधार गृहहरूको समग्र व्यवस्थापन एकद्वार प्रणालीबाट गर्नेगरी गृह मन्त्रालय वा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमध्ये कुनै एक मन्त्रालयबाट हुनेगरी व्यवस्थापन हुनुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

***

**सन्दर्भ सामग्रीहरू**


- बालबालिका सम्बन्धी ऐन, २०७५ नेपाल सरकार, कानुन किताब व्यवस्था समिति काठमाण्डौं ।
- बालसुधार गृह सञ्चालन कार्यविधि, २०५७ नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, काठमाण्डौं ।
- बालसुधार गृहको स्थिति अध्ययन, २०७१, केन्द्रीय बालकल्याण समिति, ललितपुर ।

# "महिलाको सुरक्षा, सम्मान र रोजगार : समृद्ध नेपालको आधार"

✍ रोशनी कुमारी श्रेष्ठ *

## पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प रहेको छ । संविधानको धारा ३८ महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ, प्रत्येक महिलालाई सुरक्षित मातृत्व प्रजनन र स्वास्थ्यसम्बन्धी हक हुनेछ, महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने लगायतका प्रावधानहरू रहेका छन् । उल्लिखित संवैधानिक प्रावधानका साथै नेपाल सरकारले विभिन्न समयमा महिलाको हकअधिकारसँग सम्बन्धित सन्धि महासन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्र भएको छ ।

नेपालले महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, लाई सन् १९९१ मा अनुमोदन गरिसकेको छ । बेइजिङ घोषणा तथा कार्यनीति १९९५, दिगो विकास लक्ष्यलगायत संयुक्त राष्ट्रसङ्घीय निकायका निर्णयहरूमा हस्ताक्षर गरी राज्यको सबै तहको नीति निर्माण र निर्णय प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ । महिलासम्बन्धी विषयलाई प्राथमिकताका साथ समावेश गरी नेपालको अन्तरिम संविधान, २०६३ मा पहिलो पटक महिलाको हकको व्यवस्था गरियो । नेपालको संवैधानिक विकासक्रम हेर्दा अहिलेसम्म जारी भएका सातवटा संविधानले नेपाली नागरिकका हकअधिकारलाई संस्थागत गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । पछिल्लो समय वि.सं. २०७२ साल असोज ३ गते संविधानसभामार्फत जारी भएको नेपालको संविधानलाई महिलाको हकअधिकार सुनिश्चित गर्ने महत्त्वपूर्ण दस्तावेजको रूपमा लिन सकिन्छ ।

महिलाका हक तथा अधिकार र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्नका लागि नेपाल सरकारले विशिष्टीकृत कानुनहरूको तर्जुमा गरी कार्यान्वयन गरेको छ । महिलाविरुद्ध हुने सबै किसिमका हिंसा तथा विभेद अन्त्यका लागि लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, घरेलु हिंसा (कसुर र सजाय) ऐन तथा नियमावली, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन तथा नियमावली, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, बोक्सीको आरोप (कसुर तथा सजाँय) ऐन र एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली मुख्यरूपमा रहेका छन् । महिलाका हकअधिकार कार्यान्वयनका लागि महिलाविरुद्ध हुने सबै किसिमका हिंसालाई कानुनबमोजिम दण्डनीय बनाउन महिला हिंसा तथा

* सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

लैङ्गिक हिंसाविरुद्धका विद्यमान ऐनहरू र महिलालाई विशेष अवसरसम्बन्धी कानुनहरूको पुनरावलोकन गरिएको छ। यसैगरी नेपाल सरकारबाट राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ कार्यान्वयन गरिएको छ ।

वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीयतहमा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ। साथै संवैधानिक निकायका पदहरू, राजदूतलगायत राजनीतिक नियुक्ति हुने पदमा समावेशी सिद्धान्त अवलम्बन गर्ने व्यवस्था संविधानमा सुनिश्चित गरिएको छ। संवत् २०७४ सालमा सम्पन्न तीनतहको निर्वाचन परिणामबाट तीनतहका सरकारमा महिलाको प्रतिनिधित्व सन्तोषजनक अवस्था देखाएको छ । त्यसैगरी निर्वाचनसम्बन्धी कानुनले प्रदान गरेको समानुपातिक प्रतिनिधित्वका साथै निजामती सेवा, सुरक्षा निकायलगायत अन्य सरकारी सेवा तथा सार्वजनिक सेवाका पदहरूमा राज्यले अवलम्बन गरेको सकारात्मक विभेदको नीतिबाट नीति निर्माण तथा नेतृत्वतहमा महिला सहभागितामा बढोत्तरी भएको छ। लैङ्गिक समानता, दिगो तथा न्यायिक विकासको सूचकको रूपमा महिला सहभागितालाई हेर्ने गरिएको छ। त्यसैले महिलाको नीति निर्माण र नेतृत्वतहमा अर्थपूर्ण सहभागिताले समतामूलक विकासमा योगदान दिन सक्दछ ।

प्रत्येक वर्ष मार्च ८ मा अन्तर्राष्ट्रिय महिला दिवस ( International women's day) मनाइने गरिएको छ। यो दिवस महिला जागरूकतासम्बन्धी दिवस हो। यस अन्तर्राष्ट्रिय महिला दिवसले विश्वभरका महिलाहरूको अधिकार, समानता, सशक्तीकरण तथा मानव अधिकार सुनिश्चित गर्ने दिशामा एकीकृत पहल गर्ने प्रेरणा प्रदान गर्ने गरेको छ। यस वर्ष मार्च ८, २०२१ मा १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको कार्यक्रम सम्पन्न भएको छ। यस दिवसको अन्तर्राष्ट्रिय नारा "Women in Leadership: Achieving an equal future in a COVID- 19 world " र राष्ट्रिय नारा "महिलाको सुरक्षा, सम्मान र रोजगार: समृद्ध नेपालको आधार" तय गरिएको थियो।

यस लेखमा १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा तय गरिएको राष्ट्रिय नारा "महिलाको सुरक्षा, सम्मान तथा रोजगार: समृद्ध नेपालको आधार" लाई विश्लेषणात्मक अध्ययन र यसका चुनौतीहरूको विवेचना गरिएको छ ।

## महिलाको सुरक्षा, सम्मान र रोजगार

स्वतन्त्रतापूर्वक बाँच्न पाउने हकअधिकार मानव अधिकार तथा महिला अधिकारको प्रमुख शर्त हो। नेपालको संविधानले कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता कायम गरेको छ। महिलाविरुद्ध हुने सबै प्रकारका विभेदको अन्त्य गर्नेसम्बन्धी महासन्धि (CEDAW) लगायतका अन्य महासन्धिको अनुमोदनले महिलाको हकअधिकारको पक्षमा जाहेर गरेका प्रतिबद्धताअनुरूप नीतिगत, कानुनी तथा संरचनागत व्यवस्थासमेत भएका छन् ।

सन् १९९५ मा बेइजिङमा भएको अन्तर्राष्ट्रिय महिला सम्मेलनमा महिला र सरोकारका विषयहरू पहिचान गरी पारित गरिएका थिए। महिलाका विषय महिलाको मात्र नभई बहुसरोकार तथा बहुनिकाय सम्बन्धित हुन्छन्। त्यसैले महिलाका विषयका सम्बन्धमा बहुपक्ष तथा निकायले महत्त्वका साथ अङ्गीकार गर्नुपर्ने विषयलाई महत्त्वपूर्णरूपमा उठान गरियो।

महिलाविरुद्ध हुने कुरीतिजन्य हिंसाहरूलाई मुलुकी फौजदारी अपराध संहिता, २०७४ र मुलुकी देवानी (संहिता) ऐन, २०७४ लेसमेत सम्बोधन गरेको छ। राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले राष्ट्रिय महिला आयोगलाई महिलाका अधिकार तथा हितको विषयमा निरन्तर अनुगमन गरी नेपाल सरकारलाई सुझाव दिने कार्यलाई कानुनी आधार प्रदान गरेको छ।

## वर्तमान स्थिति

नेपालको कुल जनसङ्ख्याको ५१.५ प्रतिशत महिलाको जनसङ्ख्या रहेको छ। सन् २०१९ मा नेपाल मानव विकास सूचकाङ्कमा ०.६०२ अङ्कसहित १४२ औं स्थानमा रहेको थियो। राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार नेपालको लैङ्गिक विकास सूचक र लैङ्गिक सशक्तीकरण मापक क्रमशः ०.८८६ र ०.६२ तथा लैङ्गिक असमानता सूचक (Gender Inequality Index) ०.४७६ रहेको छ। विश्व आर्थिक मञ्चद्वारा तयार पारिएको ग्लोबल लैङ्गिक समानता अन्तराल प्रतिवेदन, २०२० मा नेपालको प्राप्ताङ्क ०.६८० रही १५३ मुलुकहरूमध्ये १०१ औं र दक्षिण एशियामा दोस्रो स्थानमा रहेको छ। पन्ध्रौं योजनामा उल्लेख भएअनुसार महिला साक्षरता दर ५७.७ प्रतिशत रहेको छ भने महिलाको श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत रहेको छ। राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार हाल मातृमृत्युदर प्रतिलाख जीवित जन्ममा २३९ रहेको छ। नेपालको वि सं २०६८ को जनगणना अनुसार लैङ्गिक अनुपात १०६.४० रहेको छ।

राज्यका विभिन्न संरचना तथा निकायमा महिला सहभागिता र प्रतिनिधित्वमा उल्लेख्य सुधार हुँदै आएको छ। राजनीतिक क्षेत्रमा महिला सहभागिताको अवस्था सङ्घ, प्रदेश र स्थानीयतहको संवत् २०७४ सालमा सम्पन्न भएको निर्वाचनपश्चात् स्थानीयतहमा ४१ प्रतिशत, प्रदेश सभामा ३४.४ प्रतिशत, प्रतिनिधिसभामा ३२.७ प्रतिशत र राष्ट्रियसभामा ३७.७ प्रतिशत रहेको छ। निजामती सेवामा महिलाको सहभागिता २६.१७ प्रतिशत रहेको छ भने स्वास्थ्य सेवामा ४७ प्रतिशत रहेको छ। सहकारीको सञ्चालकमा महिला सहभागिता ४० प्रतिशत रहेको छ भने महिला सदस्यको सङ्ख्या ५१ प्रतिशत (करिब) रहेको छ। दिगो विकास लक्ष्यको राष्ट्रिय पुनरावलोकन प्रतिवेदनअनुसार घरजग्गामा महिलाको स्वामित्व ३३.९३ प्रतिशत पुगेको छ।

सरकारी बजेट प्रणालीमा लैंङ्गिक उत्तरदायी बजेटको अभ्यास बढ्दैगएको छ। आर्थिक वर्ष २०७७/७८ मा लैङ्गिक उत्तरदायी बजेट नेपालको वार्षिक बजेटको ३८.१६ प्रतिशत रहेको छ ।

उपर्युक्त सूचकहरूका आधारमा राजनीतिक क्षेत्र तथा कानुनी व्यवस्थामा सुधार भई महिलालाई राजनीतिक क्षेत्रमा प्रतिनिधित्वको सुरक्षा उपलब्ध छ। सङ्घ, प्रदेश र स्थानीयतहमा महिलाहरूको उल्लेख्य प्रतिनिधित्व तथा सहभागिता रहेको छ भने आर्थिक तथा सामाजिक परिसूचकहरूमा तुलनात्मकरूपमा न्यून सुधार छ। जसका कारण महिलाहरूको आर्थिक तथा समाजिक सशक्तीकरण अपेक्षितरूपमा हुन सकेको छैन। अबको गन्तव्य महिलाको आर्थिक र सामाजिक सशक्तीकरण गरी हिंसामुक्त राष्ट्र निर्माण गर्नु हुनेछ।

नीतिगत, कानुनी, संस्थागत र कार्यक्रमगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न देशभर महिलालक्षित कार्यक्रमहरू सञ्चालन भएका थिए । उक्त कार्यक्रमबाट महिलाहरूको क्षमता विकास, नेतृत्व विकास, समूह निर्माण, स्रोतसाधनमा पहुँच विस्तार, पूँजीनिर्माण जस्ता क्रियाकलापहरू गरिएका थिए। सङ्घीय सरकारबाट महिलाका सबालहरूलाई प्राथमिकताका साथ सम्बोधन हुँदैआएको छ। राज्यको पुनर्संरचना भएपश्चात् महिलाका सबालहरूलाई प्रदेश सरकार तथा स्थानीयतहले आन्तरिकीकरण गरी लैङ्गिक हिंसामुक्त समाज निर्माण गर्न सङ्घ, प्रदेश, स्थानीयतह र सरोकारवाला सबैको समवन्य सहयोग सहकार्य र साझेदारी गर्नु जरुरी रहेको छ।

महिलामाथि हुने विभिन्न खालका हिंसाका घटनाहरू जस्तै बलात्कार, छाउपडी, दाइजो, तिलक तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारविरुद्धका कार्यहरूलाई समन्वय, सहयोग, सहकार्य र साझेदारीमा प्रभावकारीरूपमा सम्पन्न गर्नुपर्ने हुन्छ। महिलामाथि हुने हिंसा बढ्दो छ भने हिंसाको स्वरूप पनि परिवर्तन हुँदै गएको देखिन्छ। घरपरिवार, विद्यालय र

समाजमा महिला विशेषगरी बालिका, किशोरी तथा अपाङ्गता भएका महिलाहरू अझ बढी जोखिममा रहेका र हिंसाको सिकारमा पनि परेका छन् ।

विद्यमान कोभिड-१९ महामारीका कारण आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा आर्थिक गतिविधिमा प्राय: ठप्प रहेको अवस्था छ । यसकारण कतिपय महिला दिदी बहिनीहरूले देशभित्र र वैदेशिक रोजगारीको अवसरसमेत गुमाएर घर फर्किन बाध्य भएका छन् । यसका अतिरिक्त घरायसी कामको बोझ बढेको छ, हिंसा र विभेदका घटनामा वृद्धि भएका कारण मनोसामाजिक विमर्श/परामर्श सेवा प्रभावकारीरूपले प्रदान गर्नुपर्ने आवश्यकतासमेत देखिएको छ । गत आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ मा देशभर घटेका लैङ्गिक हिंसा तथा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी घटनाका विवरण देहायानुसार रहेको छ -

**क. आर्थिक वर्ष २०७६/७७ मा घटेका लैङ्गिक हिंसाका घटना विवरण**

| क्र सं | महिना | जबरजस्ती करणी | जबरजस्ती करणी उद्योग | बहुविवाह | बोक्सीको आरोप | अवैध गर्भपतन | घरेलु हिंसा | कुल सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | साउन | २२८ | ८० | ८९ | २ | २ | १६७४ | २०७५ |
| २ | भदौ | १९१ | ६४ | ८९ | ५ | १ | १४५४ | १८०४ |
| ३ | असोज | १६३ | ७२ | ६४ | २ | ४ | १००१ | १३०६ |
| ४ | कात्तिक | १७७ | ४७ | ७५ | ४ | ६ | १००३ | १३१२ |
| ५ | मङ्सिर | १६३ | ६३ | ८० | १ | ० | ११७६ | १४८३ |
| ६ | पुस | १५९ | ४४ | ७१ | १ | १ | १०१७ | १२९३ |
| ७ | माघ | १५६ | ४४ | ७२ | २ | ४ | १०८० | १३५८ |
| ८ | फागुन | १९२ | ५४ | ७१ | ८ | २ | ११२९ | १४५६ |
| ९ | चैत | १३४ | ४३ | २६ | २ | ० | ४९५ | ७०० |
| १० | वैशाख | १५२ | ३७ | ११ | ५ | ३ | २७० | ४७८ |
| ११ | जेठ | १९४ | ६७ | २८ | २ | ३ | ४४१ | ७३५ |
| १२ | असार | २३५ | ७२ | ५८ | ० | ३ | ९९८ | १३६६ |
| जम्मा | | २१४४ | ६८७ | ७३४ | ३४ | २९ | ११७३८ | १५३६६ |

*स्रोत: नेपाल प्रहरी, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय ।*

**ख. आर्थिक वर्ष २०७५/७६ मा घटेका लैङ्गिक हिंसाका घटनाको प्रदेशगत विवरण**

| क्र सं | हिंसाको प्रकार | प्रदेश १ | प्रदेश २ | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम | उपत्यका | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | ५४४ | ३०० | २३० | १८१ | ३६९ | १४० | १७० | २९६ | २२३० |
| २ | जबरजस्ती करणी उद्योग | २३७ | १०३ | ५८ | ७९ | १२७ | ४५ | ७६ | ६१ | ७८६ |
| ३ | बहुविवाह | १८७ | ११४ | १३६ | ९६ | १५६ | १०८ | ७३ | १३१ | १००१ |
| ४ | बालविवाह | ८ | २० | ९ | ३ | २२ | १८ | ३ | ३ | ८६ |

| क्र सं | हिंसाको प्रकार | प्रदेश १ | प्रदेश २ | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम | उपत्यका | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | अवैध गर्भपतन | ५ | १० | ४ | ० | ३ | ० | १ | ४ | २७ |
| ६ | बोक्सीको आरोप | ५ | २२ | ३ | १ | ६ | ४ | ३ | २ | ४६ |
| ७ | घरेलु हिंसा | ५५८ | ४६७७ | १५६७ | १२१० | २१९९ | ८४२ | ६७५ | ३०४६ | १४७७४ |
| जम्मा | | १५४४ | ५२४६ | २००७ | १५७० | २८८२ | ११५७ | १००१ | ३५४३ | १८९५० |

*स्रोत: नेपाल स्रोत- प्रहरी, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय ।*

*स्रोत: नेपाल प्रहरी, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय ।*

### ग. मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको विवरण

| आर्थिक वर्ष | मुद्दा सङ्ख्या | पक्राउ सङ्ख्या | | फरार सङ्ख्या | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| ०७५/०७६ | २५८ | २४९ | ८४ | १५७ | ३४ |
| ०७६/०७७ | १३६ | १२७ | ७१ | १०६ | ३६ |
| ०७७/०७८ (वैशाखसम्म) | ११४ | ९९ | ४० | ७६ | ३५ |
| जम्मा | ५०८ | ४७५ | १९५ | ३३९ | १०५ |

*स्रोत: नेपाल प्रहरी, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय ।*

### घ) पीडित तथा अभियुक्तको विवरण

| आर्थिक वर्ष | मुद्दा सङ्ख्या | पीडित सङ्ख्या | | अभियुक्त सङ्ख्या | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| ०७५/०७६ | २५८ | ७१ | ३१६ | ४०७ | ११७ |
| ०७६/०७७ | १३६ | १४ | ११९ | २३३ | १०७ |
| ०७७/०७८ (वैशाखसम्म) | ११४ | ३ | १६० | १७४ | ७६ |
| जम्मा | ५०८ | ८८ | ५९५ | ८१४ | ३०० |

### ङ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण व्युरो स्थापना भएपश्चात् व्युरोद्वारा दर्ता भएका मुद्दाको विवरण

| हाल सम्मको मुद्दा विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| दर्ता कार्यालय | मुद्दा सङ्ख्या | पक्राउ | | जम्मा | फरार | | जम्मा | फछर्योट |
| | | पुरुष | महिला | | पुरुष | महिला | | |
| परिसर | ९९ | ७ | १ | ८ | १४९ | ८६ | २३५ | ७ |
| CIB | २० | ७ | १ | ८ | ६० | ९ | ६९ | ७ |
| सिंहदरबार | ६ | ७ | १ | ८ | २५ | ७ | ३२ | ४ |
| व्युरो | २५ | ३५ | १३ | ४८ | ४७ | २६ | ७३ | १९ |
| जम्मा | १५० | ५६ | १६ | ७२ | २८१ | १२८ | ४०९ | ३७ |

**आर्थिक वर्ष २०७६/७७ को विवरण**

| आर्थिक वर्ष २०७६/०७७ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मुद्दा दर्ता सङ्ख्या | फछ्र्योट सङ्ख्या | फछ्र्योट हुन बाँकी | पक्राउ | | जम्मा | फरार | | जम्मा |
| | | | पुरुष | महिला | | पुरुष | महिला | |
| ३७ | ८ | १९ | ३८ | ९ | ४७ | १०५ | ३३ | १३८ |

*स्रोत: नेपाल प्रहरी मानव बेचबिखन तथा अनुसन्धान व्युरो बबरमहल ।*

**च) पीडित महिला तथा बालबालिकाको विवरण**

| पीडित महिला तथा बालबालिका | | | | | |
|---|---|---|---|---|---|
| आ.व. | १८ बर्ष मुनिका | | १८ बर्ष माथी | जम्मा | १८ बर्ष मुनिका |
| | बालक | बालिका | महिला | | |
| २०७३/०७४ | ० | ८९ | २१९ | ३०८ | ८९ |
| २०७४/०७५ | ५० | १३० | २९७ | ४७७ | १८० |
| २०७५/०७६ | ११ | १३९ | १७७ | ३२७ | १५० |
| २०७६/०७७ | ४ | ७१ | ११९ | १९४ | ७५ |
| २०७७/०७८ वैशाखसम्म | १ | ६८ | ९२ | १६१ | ६९ |
| **जम्मा** | **६६** | **४९७** | **९०४** | **१४६७** | **५६३** |

*स्रोत: नेपाल प्रहरी मानव बेचबिखन तथा अनुसन्धान व्युरो बबरमहल ।*

उल्लिखित तालिकाहरूबाट नेपालमा लैङ्गिक हिंसाका घटना तथा मानव बेचबिखन तथा ओसारपसारको अवस्था जटिल समस्याको रूपमा रहेको देखिन्छ । यी समस्या समाधानका निम्ति महिलाको सुरक्षा र रोजगारीका पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ ।

महिलाले आफ्नो पहिचान र अधिकारको खोजी गर्नु नैसर्गिक अधिकार हो । प्राचीन समयमा महिलालाई समाजमा विशिष्ट आदर एवं सम्मान दिने गरिन्थ्यो । महिलालाई देवीको दर्जा प्राप्त भएको थियो । संवत् ३८६ को चाँगुनारायण अभिलेखमा आमा राज्यवतीको आज्ञाअनुसार राजा मानदेवले राज्य सञ्चालन गरेको तथ्य पाइन्छ । यसबाट प्राचीनकालमा नेपालमा महिलाको स्थान उच्च, महत्त्वपूर्ण र सम्मानित रहेको थियो भन्ने प्रष्ट हुन्छ । मध्यकालीन ऐतिहासिक स्रोतहरू तथा तत्कालीन घटनाहरू सतिप्रथा, दासप्रथा, बालविवाह, अनमेलविवाह, बहुविवाह आदिका कारणले महिलाको स्थान क्रमश: जोखिमपूर्ण एवं अपमानित हुँदै गएको प्रतीत हुन्छ । यद्यपि त्यस समयमा पनि अनेकौं अवरोधहरू पार गर्दै देवलदेवी, नायकदेवी, राजल्लदेवी, लालमती, योगमती आदि ऐतिहासिक नारीको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । आधुनिक कालमा चन्द्र प्रभावती, राजेन्द्रलक्ष्मी, राजराजेश्वरी र ललितत्रिपुरासुन्दरी आदिको भूमिकासमेत महत्त्वपूर्ण रहेको पाइन्छ । यसैगरी विश्वमा भेटिएको अति प्राचीन स्रोतहरूको आधारमा तत्कालीन समाज मातृसत्तात्मक रहेको र महिलालाई उच्च सम्मान दिने गरेको विषय उल्लेख छ तर आधुनिक कालको प्रारम्भसँगै विश्वमा महिला हिंसा र विभेदका गतिविधिको सुरुआत भएको पाइन्छ । तसर्थ महिलाको सम्मान अभिवृद्धि हुने र आर्थिक सशक्तीकरणका लागि उपयुक्त रोजगारीको अवसर उपलब्ध हुने वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।

## चुनौती

घरपरिवार विद्यालय र समाजमा विद्यमान रहेका हिंसा र विभेदको जोखिमबाट महिला किशोरी र बालिकालाई सुरक्षित तथा संरक्षण प्रदान गर्नु चुनौती रहेको छ। सामाजिक सांस्कृतिक धार्मिकलगायत परम्परागत संस्कार तथा पद्धतिमा समसामयिकरूपमा सुधार गरी पितृसत्तात्मक सोचमा परिवर्तन गरी सम्मानजनक व्यवहारको अभ्यास गर्नु गराउनु चुनौती रहेको छ। बालिका तथा किशोरीका लागि गुणस्तरीय शिक्षामा उचित पहुँचको व्यवस्था, मातृशिशु स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सेवामा सुनिश्चितता प्रदान गर्नु, सीपमूलक र आयमूलक रोजगारीको अवसर उपलब्ध गराई आर्थिकरूपमा सबल र आत्मनिर्भर बनाउनु चुनौती रहेको छ। सबै किसिमका सामाजिक विभेदको अन्त्य शिक्षा स्वास्थ्य र रोजगारीको उचित अवसर उपलब्ध गराई समतामूलक राष्ट्र निर्माण गर्नु अझ बढी चुनौतीपूर्ण रहेको छ ।

## निष्कर्ष

विद्यमान कानुनको समयानुकूल परिमार्जन, सामाजिक रूपान्तरण र आर्थिक सशक्तीकरणबाट समानतामूलक राष्ट्रनिर्माण हुने हुँदा महिला, किशोरी र बालिकालाई समान अवसर र सुरक्षित वातावरण प्रदान गरेमा "महिलाको सुरक्षा, सम्मान र रोजगार: समृद्ध नेपालको आधार" नाराको सान्दर्भिकता हुन्छ। समाजमा व्याप्त अन्धविश्वास कुरीति, कुसंस्कार र परम्परा आदिका नाममा हुने बोक्सी आरोप, छाउपडी, दाइजो, बालविवाह आदि जस्ता कारणबाट हुने लैङ्गिक हिंसा अन्त्यका लागि भएका संस्थागत संरचनाहरू थप प्रभावकारीरूपमा क्रियाशील हुनुपर्ने देखिन्छ। महिलासम्बन्धी विषय कुनै एक निकाय वा पक्षसँग मात्र नभई बहुपक्षीय बहुसरोकार तथा बहुनिकाय सम्बन्धित विषय हो। तसर्थ बहुपक्षीय निकायहरूको समन्वय, सहयोग, सहकार्य र साझेदारीबाट यस सन्दर्भमा अपेक्षा गरिएका उपलब्धिहरू प्राप्त गर्न सकिन्छ ।

***

# नेपालको सार्वजनिक प्रशासनमा महिलाको अवस्था र उपलब्धिको एक शताब्दी

✍ राधिका अर्याल*

## पृष्ठभूमि

राज्यका कानुन र नीतिहरू कार्यान्वयन गर्ने महत्त्वपूर्ण संयन्त्र प्रशासन हो । सार्वजनिक प्रशासन मुख्यतः सरकारी नीति निर्माण एवं सार्वजनिक क्रियाकलापसँग सम्बन्धित रहन्छ र यसैको माध्यमबाट सरकारी नीतिहरू कार्यान्वयन गरिन्छ । नेपालको सार्वजनिक प्रशासनको विकासक्रम हेर्दा लिच्छवीकालदेखि, मल्लकाल, शाहकाल, राणाकाल हुँदै हालको समयलाई हेर्नुपर्ने हुन्छ । यस समयावधिमा सार्वजनिक प्रशासनको क्षेत्रमा क्रमश: धेरै सुधार तथा विकास भएको छ । नेपालको एक शताब्दी अवधि (१९७५–२०७५) को सार्वजनिक प्रशासनलाई हेर्दा यसको सुरुआत अवस्थाको तुलनामा संरचनात्मक, कानुनी तथा व्यवस्थापकीय क्षेत्रमा ठूलो परिवर्तन आएको छ । नेपालको सार्वजनिक प्रशासनको सुरुआती चरणदेखि लामो समयको अन्तरालसम्म महिलाको सहभागिता प्रायः शून्य अवस्थामा रहेको देखिन्छ । हाल राज्यले लिएको समावेशी नीतिको कार्यान्वयनपछि प्रशासनमा देख्न सकिने गरी महिलाको सहभागिता वृद्धि भएको छ । यस लेखमा एक शताब्दी अवधिमा (१९७५–२०७५) नेपालको सार्वजनिक प्रशासन मुख्यत: निजामती प्रशासनमा महिलाको क्षेत्रमा प्राप्त भएको उपलब्धि, योगदान र कानुनी तथा संस्थागत व्यवस्थालाई प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## १. सार्वजनिक प्रशासनको क्षेत्रमा महिलाको अवस्था: एक शताब्दी कालखण्ड (१९७५–२०७५ )

वि. सं.१९७५ देखि वि. सं.२०७५ सम्मको एक शताब्दी अवधिमा नेपालको सार्वजनिक प्रशासनमा महिलाको अवस्था, यस क्षेत्रमा प्राप्त भएको उपलब्धि र संस्थागत व्यवस्थालाई प्रस्तुत गर्ने सन्दर्भमा राणाशासनकालको करिब ३२ वर्ष समेतलाई समावेश गरी निम्न कालखण्डअनुसार प्रस्तुत गरिएको छ ।

### २.१ राणाकाल (वि. सं.१९७५ देखि वि. सं.२००७ सालसम्म)

राणाशासनकालको यस १९७५–२००७ को अवधिमा नेपालको शासन व्यवस्था चन्द्र शमशेर, भीम शमशेर, जुद्ध शमशेर, पद्म शमशेर र मोहन शमशेरले सञ्चालन गरेको देखिन्छ । यस अवधिमा राज्यसञ्चालनको सम्पूर्ण अधिकार प्रधानमन्त्रीमा संरक्षित हुने, प्रधानमन्त्री र अन्य महत्त्वपूर्ण पदहरू राणा परिवारको लागि सुरक्षित हुने, सैनिक पद धारण गरेका व्यक्तिले निजामती र न्याय सेवाको काम गर्ने, पजनी प्रथा, चाकडी प्रथा, सलामी, नजरानाजस्ता व्यवस्थाको बाहुल्य भएको र सर्वसाधारणलाई सुब्बा दर्जाभन्दा माथिको पद नदिने व्यवस्था थियो । यस अवधिमा अन्तरिम शासन विधान, २००४ जारी भई उमेर पुगेका सबैले मतदान गर्न पाउने, कानुनमा पूर्ण समानता र समानताको अधिकार सुनिश्चित भएको थियो । राणाकालमा तत्कालीन

* *प्रदेश सचिव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश, हेटौंडा*

नेपाली समाजको राजनीतिक, आर्थिक, प्रशासनिक अवस्था, सामाजिक सांस्कृतिक संरचनामा जनतालाई राज्य सञ्चालनमा सहभागी गराइएको थिएन । यस अवधिमा वि. सं. १९७७ असार २५ गते चन्द्रशमशेरले नेपालमा प्राचीनकालदेखि नै प्रचलित सतीप्रथाको अन्त्य र वि. सं. १९८२ वैशाख १ गते दासप्रथाको उन्मूलन गरेका थिए । यस अवधिमा राजनीतिक आन्दोलनसँगै महिला आन्दोलन पनि सुरु भएको देखिन्छ । वि. सं. १९७४ मा महिला समिति गठन गरी महिलाको सीप विकासमा जोड दिइएको थियो । वि. सं. १९९५ देखि १९९८ सम्म बालविवाहको विरोध, बहुविवाहको अन्त्य र विधवाको पुनर्विवाह तथा शिक्षाको अधिकार तथा वि. सं. २००३ मा महिला आदर्श समाज गठन गरी मताधिकार, शिक्षाको अधिकार र सीप सिक्ने अधिकारको लागि महिला आन्दोलन भएको पाइन्छ । यस राणाकालको समयावधिमा जनतालाई नै शासन सञ्चालन प्रक्रियामा सहभागी नगराइएको हुनाले महिलाको प्रशासनिक क्षेत्रमा सहभागिताको अवस्था शून्य प्रायः थियो भन्ने अनुमान गर्न सकिन्छ ।

## २.२ अन्तरिम काल (वि. सं.२००७ देखि वि. सं.२०१७ सालसम्म)

१०४ वर्षसम्मको जहानिया राणाशासनको अन्त्य भई वि. सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापनापश्चात् नेपालको सार्वजनिक प्रशासनमा व्यापक तथा क्रान्तिकारी परिवर्तन भएको पाइन्छ । वि. सं. २००८ साल असार १ गते लोकसेवा आयोगको स्थापना भई प्रशासनको महत्त्वपूर्ण पदमा सर्वसाधारण जनताबाट कर्मचारी छनौट गरी नियुक्ति गर्ने प्रक्रियाको थालनी भयो । पजनी, नजराना, सलामी प्रथामा रोक लगाइयो । वि. सं. २००८ साल माघ २१ गते पहिलो पटक राष्ट्रिय बजेट प्रस्तुत भयो । नेपालको सार्वजनिक प्रशासन सुधारको लागि बुच आयोग २००९ को गठन भई महत्त्वपूर्ण सुझाव प्राप्त भई प्रशासन सुधारका कामहरूको थालनी भएको थियो । वि. सं. २०१३ सालमा निजामती सेवा ऐन तथा नियमावली निर्माण भई निजामती सेवा गठन भयो । यसै वर्षदेखि नेपालमा पञ्चवर्षीय विकास योजनाको सुरु भएको पाइन्छ । नेपालको यस अन्तरिम काल (२००७–२०१७) मा दुई वटा संविधान जारी भएका थिए । नेपालको अन्तरिम शासन विधान, २००७ ले समान कामको लागि समान ज्याला, मजदुर स्त्री–पुरुषको स्वस्थान रक्षा, केटाकेटीको कलिलो उमेरको दुरुपयोगविरुद्धको अधिकार, लिङ्गको आधारमा भेदभाव नगरिने व्यवस्था, प्रसूति सहायताको व्यवस्था तथा महिलाहितका निमित्त विशेष व्यवस्था गरेको थियो । त्यसैगरी नेपाल अधिराज्यको संविधान, २०१५ ले सबै नागरिक कानुनको संरक्षणको हकदार हुने, सामान्य कानुनको प्रयोगमा लिङ्गको आधारमा भेदभाव नगरिने व्यवस्था, सरकारी नोकरीमा लिङ्गको आधारमा भेदभाव नगरिने, स्त्री–पुरुष दुबै थरीका लागि खुला रहने व्यवस्था गरेको थियो । तर यस अन्तरिम अवधिको नेपालको प्रशासनमा महिलाको सहभागिता देखिने तथ्याङ्क भने छैन ।

## २.३ पञ्चायतकाल (वि. सं.२०१७ देखि वि. सं.२०४६ सालसम्म)

वि. सं. २०१७ साल पुस १ गते प्रजातान्त्रिक सरकार अपदस्थ गरी पञ्चायती व्यवस्थाको थालनी भयो । यस राजनीतिक परिवर्तनपछि नेपालको प्रशासनमा पनि परिवर्तन भएको देखिन्छ । वि. सं. २०१९ सालमा नेपालको संविधान २०१९ जारी भयो । यस संविधानमा सबै नागरिक कानुनको समान संरक्षणको हकदार हुने, सामान्य कानुनको प्रयोगमा लिङ्गको आधारमा भेदभाव नगरिने, सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि लिङ्गको आधारमा भेदभाव नगरिने व्यवस्था र वर्गीय सङ्गठनको रूपमा महिला सङ्गठनको व्यवस्था गरिएको देखिन्छ । यस अवधिमा देशको प्रशासनिक

संरचना १४ अञ्चल, ७५ जिल्ला र ५ वटा विकास क्षेत्र कायम भएको देखिन्छ । यस अवधिमा प्रशासन सुधारका लागि २ वटा महत्त्वपूर्ण आयोग (वि. सं. २०२५ सालमा श्री वेदानन्द झाको अध्यक्षतामा गठित प्रशासन सुधार आयोग र वि. सं. २०३३ सालमा श्री भेषबहादुर थापाको अध्यक्षतामा गठित प्रशासन सुधार आयोग) गठन भई प्रतिवेदन प्राप्त भएका थिए । यी आयोगहरूले दिएको प्रतिवेदनको कार्यान्वयनबाट तत्कालीन प्रशासनको सुधार भएको देखिन्छ । कर्मचारीको व्यवस्थापन र तालिम तथा सीप विकासको लागि सामान्य प्रशासन मन्त्रालय र स्टाफ कलेजको गठन, निजामती किताबखानालाई विभागस्तरमा स्तरवृद्धि, कर्मचारीको तलबवृद्धिजस्ता सुधारका काम भएको पाइन्छ । वि. सं. २०३८ सालमा स्थानीय विकास मन्त्रालयअन्तर्गत ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम सञ्चालन गर्न महिला शाखाको स्थापना भएको थियो । यस अवधिमा पनि नेपालको सार्वजनिक प्रशासनमा महिलाको सहभागिता छिटफुटरूपमा मात्र देख्न सकिन्छ । तर स्वास्थ्य सेवातर्फ नर्सिङ्ग सेवामा महिलामात्र प्रवेश पाउने प्रावधान भएको र महिला विकास शाखाको स्थापनाको कारणले गर्दा नेपालको सार्वजनिक प्रशासनमा महिलाको सहभागिता केही प्रतिशत रहेको अनुमान गर्न सकिन्छ । तर आधिकारिक तथा यकिन तथ्याङ्क भने छैन ।

### २.४ प्रजातान्त्रिक काल (वि. सं.२०४६ देखि वि. सं.२०६३ सालसम्म)

वि. सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्थास्थापना भएपछि २०४७ सालमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । यस संविधानमा राज्य शक्तिको स्रोत जनता, लिङ्गको आधारमा भेदभाव नगरिने, समान कामको लागि समान ज्याला, सकारात्मक विभेदको नीति अवलम्बन, संसदीय चुनावको उमेदवारका लागि कम्तिमा ५ प्रतिशत महिला उमेदवारी अनिवार्य हुनु पर्ने व्यवस्था थियो । यस संविधानको धारा १५४ मा "श्री ५ को सरकारले देशको प्रशासन सञ्चालन गर्न आवश्यक सेवा गठन गर्न सक्नेछ । यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारित गरिएबमोजिम हुनेछन्" भन्ने व्यवस्था थियो । यस व्यवस्थाबमोजिम परिवर्तित राजनीतिक सन्दर्भमा प्रशासन सुधारको बोध गरी तत्कालीन प्रधानमन्त्रीको अध्यक्षतामा प्रशासन सुधार आयोग २०४८ गठन भई सुझावहरू लिइएको थियो । यस अवधिमा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को निर्माण तथा राजपत्राङ्कित तृतीय श्रेणीसम्मका कर्मचारीहरूलाई पेशागत सङ्गठन खोल्ने स्वतन्त्रता प्राप्त भयो । वि. सं. २०४८ सालमा नेपालले संयुक्त राष्ट्रसङ्घीय महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination Against Women, 1991) लाई अनुमोदन गरेको थियो । नेपालले वि. सं. २०५२ (सन् १९९५) मा बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनमा सहभागी भई बेइजिङ घोषणा तथा कार्ययोजनालाई अनुमोदन गरी महिला हक तथा अधिकारलाई राष्ट्रियस्तरमा संस्थागत गर्ने प्रतिबद्धता गरेअनुरूप वि. सं. २०५२ सालमा महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना गरेको थियो । वि. सं. २०३८ सालमा स्थानीय विकास मन्त्रालयअन्तर्गत स्थापना भएको महिला शाखा वि. सं. २०४७ सालमा महिला विकास महाशाखामा स्तरोन्नति भएको थियो । वि. सं. २०५६ सालमा महिला महाशाखालाई महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा सारियो । त्यसपछि महिला महाशाखा महिला विकास विभागको रूपमा पुनर्संरचित भयो र वि. सं. २०५७ साल असार २६ गते महिला विकास विभागको स्थापना भएको हो । नेपालको सार्वजनिक प्रशासन सञ्चालन गर्ने संरचनाको सन्दर्भमा महिला, बालबालिका तथा

समाजकल्याण मन्त्रालय र महिला विकास विभागको गठनलाई नेपालको प्रशासनको विकासको क्रममा महिलाको क्षेत्रमा भएको महत्त्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धिको अनुमोदन गरेपछि नेपालले वि. सं. २०५५ मङ्सिरमा पहिलो राष्ट्रिय प्रतिवेदन बुझाएको थियो । यस अवधिमा नेपालको सार्वजनिक प्रशासनमा महिलाको सहभागिता जम्मा ५ प्रतिशतको हाराहारीमा रहेको थियो । वि. सं.२०६० सालमा नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धिको दोस्रो र तेस्रो संयुक्त प्रतिवेदन बुझाउँदा नेपालको सार्वजनिक प्रशासनमा महिलाको सहभागिता बढेर करिब ९ प्रतिशत पुगेको देखिन्छ ।

## २.५ गणतन्त्र (वि. सं.२०६३ देखि वि. सं.२०७२ सालसम्म)

वि. सं. २०६२/६३ सालको जनआन्दोलनपछि नेपालमा राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भयो । पुनर्स्थापित अन्तरिम संसद्को पहिलो बैठकले राज्यका सबै संरचनामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउने सङ्कल्प प्रस्ताव पारित गरेको थियो । यसपछि जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक महिलाको हकलाई मौलिक हकको रूपमा स्थापित गरी मुलुकको राज्य संरचनाको सबै अङ्गहरूमा समानुपातिक समावेशिताको आधारमा सहभागी गराउने नीतिगत व्यवस्था गरेको थियो । यस संविधानमा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक, हिंसाविरुद्धको हक, पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकको व्यवस्था, संविधानसभाको निर्वाचनमा महिलाका लागि समानुपातिकतर्फ ५० प्रतिशत र प्रत्यक्षतर्फ ३३ प्रतिशत आरक्षणको व्यवस्था र समानुपातिक निर्वाचनप्रणालीको व्यवस्था गरिएको थियो । निजामती सेवालगायत सबै सरकारी सेवामा महिलालगायत अन्य पिछडिएका र सीमान्तकृत वर्ग तथा क्षेत्रको सहभागिता बढाउने उद्देश्यले नेपाल सरकारले वि. सं. २०६४ सालदेखि सकारात्मक विभेदको नीति कार्यान्वयनमा ल्याएको हो । यस सकारात्मक विभेदको नीतिअन्तर्गत निजामती तथा अन्य सरकारी सेवामा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई त्यस्तो पदमा महिलालाई ३३ प्रतिशत, आदिवासी जनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत, अपाङ्गलाई ५ प्रतिशत र पिछडिएको क्षेत्रलाई ४ प्रतिशत पद छुट्याई त्यस्तो पदमा सम्बन्धित समूहका उमेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ । कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्ने व्यवस्था गरी प्रशासनमा महिलाको सहभागिता वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस अवधिमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयअन्तर्गत ७५ जिल्ला महिला तथा बालबालिका कार्यालय सञ्चालनमा आएका थिए । यसै अवधिमा वि. सं. २०६४/६५ देखि नेपालले लैङ्गिक उत्तरदायी बजेट विनियोजन सुरु गरेको थियो । योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता, महिलाको क्षमता अभिवृद्धि, कार्यक्रममा महिलाको लाभ तथा नियन्त्रणमा सुनिश्चितता, महिलाको रोजगारी तथा आयआर्जनमा अभिवृद्धि र महिलाको समय प्रयोगमा गुणात्मक सुधार तथा कार्यवोझमा कमी लैङ्गिक उत्तरदायी बजेट विनियोजनका सूचकहरू हुन् । लैङ्गिक उत्तरदायी बजेट विनियोजनको मुख्य उद्देश्य महिलाको सशक्तीकरण र विकास गर्नु रहेको छ । लैङ्गिक उत्तरदायी बजेट विनियोजनको सुरुको वर्षमा ११.३ प्रतिशत रहेकोमा यो बजेट विनियोजन क्रमशः वृद्धि हुँदै आ.व.२०७२/७३ करिब २२.२७ प्रतिशत पुगेको देखिन्छ ।

## २.६ सङ्घीय लोकतान्त्रिक शासनकाल (वि. सं.२०७३ देखि हालसम्म)

वि. सं. २०७२ सालमा सङ्घीय शासन व्यवस्थासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भई सम्पन्न निर्वाचनपछि नेपालको एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्था औपचारिकरूपमा तीन तहको सरकारसहित सङ्घीय शासन व्यवस्थामा रूपान्तरण भएको छ । हाल सङ्घमा १ केन्द्रीय सरकार, प्रदेशतहमा ७ वटा प्रदेश सरकार र स्थानीयतहमा ७५३ स्थानीय सरकार कार्यान्वयनमा रहेका छन् । महिला अधिकार तथा महिलाको मुद्दा हेर्नका लागि केन्द्रीय सरकारअन्तर्गत छुट्टै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ । प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालय र स्थानीय सरकारमा महिलासम्बन्धी विषय हेर्न छुट्टै महाशाखा तथा शाखाहरू रहेका छन् । विगतमा जिल्लास्तरमा रहेका महिला तथा बालबालिका कार्यालयहरू प्रदेशस्तरमा रहेका सामाजिक विकास मन्त्रालय र स्थानीय निकायअन्तर्गत रहेका गाउँपालिका कार्यपालिका तथा नगरपालिका कार्यपालिकाको कार्यालयमा समायोजन भएका छन् । राष्ट्रिय महिला आयोगले संवैधानिक आयोगको हैसियत प्राप्त गरेको छ । त्यसैगरी केन्द्रीयस्तरका क्षेत्रगत मन्त्रालयमा महिलाको मुद्दा हेर्नका लागि शाखा/महाशाखाहरू रहेका छन् । वि. सं. २०६४ सालदेखि कार्यान्वयनमा ल्याइएको सकारात्मक विभेदको नीतिले निरन्तरता पाएको छ । महिलाहरूको शिक्षा, स्वास्थ्यमा भएको सुधारले गर्दा निजामती सेवामा खुला प्रतियोगिताबाट महिलाहरूको प्रवेश गर्ने दर क्रमिकरूपमा वृद्धि हुँदै गएको छ । हाल निजामती सेवामा महिलाको सहभागिता २३ प्रतिशतको हाराहारीमा रहेको छ । यस अवधिमा नेपालको संविधानको धारा ३०२ बमोजिम कर्मचारी समायोजन विधेयक २०७५ तयार भई सङ्घीय शासन व्यवस्थाअनुरूप सरकारी सेवा तथा अन्य निकायका कर्मचारीहरूलाई सङ्घ, प्रदेश र स्थानीयतहमा समायोजन गरिएको छ । सङ्घीय निजामती सेवाको विधेयक तयार भई प्रतिनिधिसभामा छलफलको चरणमा रहेको छ । यस अवधिमा लैङ्गिक उत्तरदायी बजेट विनियोजनले निरन्तरता पाएको छ । आगामी आ. व. २०७८/७९ को प्रस्तावित बजेटमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन कुल बजेटको ३९.४९ प्रतिशत रहेको छ । प्रदेश र स्थानीयस्तरमा पनि लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रोत्साहनको लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट प्रदेश तथा स्थानीयतहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७ स्वीकृत भएको छ । छैटौँ आवधिक योजनादेखि समावेश हुँदै आएको महिला विकासका मुद्दाहरू पन्ध्रौं आवधिक योजनासम्म निरन्तर हुँदै आएका छन् ।

## २. प्रशासनिक क्षेत्रमा महिलाका लागि भएका राष्ट्रिय कानुन तथा नीतिगत व्यवस्थाहरू

नेपालको प्रशासनमा महिला सहभागिता प्रवर्धनका लागि भएका मुख्यमुख्य कानुनी तथा नीतिगत व्यवस्था निम्नानुसार प्रस्तुत गरिएको छ-

## १. नेपालको संविधान

नेपालको संविधानको धारा २८५ मा सरकारी सेवाको गठनको व्यवस्था गरिएको छ । यस धाराअन्तर्गत नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकताअनुसार अन्य सङ्घीय सरकारी सेवाहरूको गठन गर्न सक्ने, त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्त सङ्घीय ऐनबमोजिम हुने व्यवस्था छ । सङ्घीय निजामती सेवालगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुने व्यवस्था छ । त्यसैगरी प्रदेश मन्त्रिपरिषद्,

गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकतानुसार कानुनबमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था छ ।

## २. निजामती सेवा ऐन, २०४९

निजामती सेवा ऐन, २०४९ मा महिलालाई निजामती सेवा प्रवेशमा उमेरको हद चालीस वर्ष कायम गरिएको, महिलाको परीक्षणकालको अवधि ६ महिना रहने र बढुवाको लागि एक वर्षको सेवाअवधि कम गरी महिला सहभागितालाई प्रोत्साहन गर्न खोजिएको छ। विक्रम संवत् २०६३ सालमा निजामती सेवा ऐनमा भएको संशोधनबाट निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई त्यस्तो पदमा महिलालाई ३३ प्रतिशत, आदिवासीजनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत अपाङ्गलाई ५ प्रतिशत, पिछडिएको क्षेत्रलाई ४ प्रतिशत पद छुट्याई त्यस्तो पदमा सम्बन्धित समूहका उमेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने व्यवस्था गरिएको छ। कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्ने व्यवस्था छ। महिला निजामती कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन बिदा पाउने व्यवस्था छ र यस्तो बिदाको पूरा तलब पाइने छ। प्रसूति बिदा लिएका महिला निजामती कर्मचारीले चाहेमा कुनै पनि बिदाबाट कट्टा नहुने गरी थप ६ महिनासम्म वेतलवी प्रसूति बिदा लिन सक्ने व्यवस्था छ। सम्भव भएसम्म राजपत्र अनङ्कित पदमा कार्यरत श्रीमान् तथा श्रीमती दुबैलाई एउटै जिल्लामा सरुवा गर्न सक्ने व्यवस्था गरिएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार ४० वर्ष सेवा प्रवेश उमेर भएका कर्मचारीले ५८ वर्षको उमेरमा अवकाश हुँदा निवृत्तिभरण नपाउने अवस्था हुने भएकाले निवृत्तिभरणको लागि थप २ वर्ष सेवा अवधि थप हुन सक्ने निर्णय गरेको छ।

**३.** अन्य सेवा समूह सञ्चालन गर्ने ऐन तथा नियमहरू जस्तै व्यवस्थापिका संसद् सचिवालयसम्बन्धी ऐन, २०६४, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, शिक्षक सेवा आयोग नियमावली २०५७, सैनिक सेवा नियमावली २०६९; प्रहरी नियमावली, २०७१; सशस्त्र प्रहरी नियमावली, २०७२; न्याय सेवा आयोग ऐन, २०७३; न्याय परिषद ऐन, २०७३ र सर्वोच्च अदालत नियमावली, २०७४ लगायतका कानुनहरूमा महिलासम्बन्धी विशेष व्यवस्था तथा सकारात्मक विभेद एवम् समावेशी व्यवस्था समावेश गरेको छ।

## ४. पन्ध्रौं योजना (आ. व. २०७६/७७ -२०८०/८१)

पन्ध्रौँ योजना (आ. व. २०७६/७७ -२०८०/८१) मा लैङ्गिक समानतामूलक राष्ट्रको सोच लिई लैंङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको सुनिश्चित गर्ने; महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने तथा आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्ने उद्देश्य लिइएको छ। यस योजनाले राज्यका सबै तहको सरकार, क्षेत्र तथा निकायमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने; राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने; लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने; आर्थिकरूपले विपन्न र सामाजिकरूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक तथा सामाजिक रूपान्तरण गर्ने र महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा तथा शोषणको अन्त्य गर्नका लागि निरोधात्मक एवं सुरक्षात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने रणनीति पन्ध्रौँ योजनाले अवलम्बन गरेको छ।

## ५. निजामती सेवाको राष्ट्रिय नीति, २०७४

निजामती सेवाको राष्ट्रिय नीति, २०७४ ले सङ्घीय लोकतान्त्रिक व्यवस्थाअनुकूल समावेशी, स्वच्छ, सक्षम र जनमुखी निजामती सेवा बनाउने दीर्घकालीन सोचसहित सङ्घीय र प्रादेशिक निजामती सेवा र स्थानीय सेवा गठन र सञ्चालनका सम्बन्धमा सामन्जस्य र अन्तरसम्बन्ध कायम गर्न आधारभूत मार्गदर्शन गर्ने, जनमुखी, नतिजामुखी र गतिशील निजामती सेवाको विकास गरी प्रभावकारी सेवा प्रवाह र सुशासनको प्रत्याभूति गर्ने र योग्यताप्रणाली र कार्यसम्पादनमा आधारित व्यावसायिक, उच्च मनोबल र सदाचारयुक्त निजामती सेवाको विकास गर्ने उद्देश्य तय गरेको छ । निजामती सेवाको राष्ट्रिय नीति, २०७४ ले निजामती सेवा तथा अन्य सरकारी सेवाका लागि निम्नबमोजिमको समावेशीकरण नीति तय गरेको छः

१. समाजको विविधताको सम्मानयुक्त व्यवस्थापन हुनेगरी निजामती सेवाको विकास गरिने ।

२. समानुपातिक समावेशी प्रतिनिधित्व समानरूपमा लक्षित वर्गमा पुऱ्याउन मापदण्ड निधार्रण गरिने ।

३. निजामती सेवामा आरक्षित प्रतिनिधित्वको अवसर एक व्यक्तिलाई एकपटक मात्र प्रदान गर्ने गरी विधि निधार्रण गरिने ।

४. समावेशी प्रणालीबाट सेवा प्रवेश गर्नेहरूलाई भेदभाव नहुने गरी समान अवसरको सुनिश्चितता गर्दै विशेष तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने ।

५. सार्वजनिक निकायहरूका संरचना, कार्यवातावरण र सेवाप्रवाह प्रणालीलाई लैङ्गिक, अपाङ्गता एवम् समावेशीमैत्री बनाइने ।

६. आरक्षणसम्बन्धी व्यवस्थाको आवधिकरूपमा पुनरावलोकन गरिने ।

## ३. प्रशासनिक क्षेत्रमा महिला सम्बन्धमा प्राप्त भएका उपलब्धिहरू

१ महिला सहभागिताको बढोत्तरी: नेपाल सरकारले सकारात्मक विभेदको नीति अवलम्बन गरेपश्चात् निजामती सेवामा महिलाको सहभागिता उल्लेख्यरूपमा वृद्धि भएको छ । हाल निजामती सेवामा महिलाको सहभागिता २६ प्रतिशतभन्दा बढी छ । राष्ट्रिय किताबखानाको वि. सं. २०७७ फागुन महिनाको तथ्याङ्कअनुसार निजामती सेवामा कार्यरत कुल ८९,७०५ कर्मचारीमध्ये पुरुष कर्मचारी ६६,०३१ छन् भने महिला कर्मचारी २३,६७४ छन् । निजामती सेवामा नीति, निर्माण र निर्णय प्रक्रियामा सहभागी हुने सचिव र सहसचिव पदमा महिलाको सहभागिता क्रमशः ६.२५ प्रतिशत र ८.२५ प्रतिशत रहेको छ । त्यसैगरी नेपाल न्याय सेवा अन्तर्गतको न्याय समूह, कानुन समूह र सरकारी वकिल समूहमा महिला अधिकृतहरूको सङ्ख्या करिब २१ प्रतिशतको हाराहारीमा रहेको छ । स्वास्थ्य सेवाअन्तर्गत करिब ३८ प्रतिशत महिलाहरू रहेका छन् । प्रदेश तथा स्थानीयतहमा कार्यरत कर्मचारीको सङ्ख्यामध्ये महिला कर्मचारीको सङ्ख्या ३४ प्रतिशत रहेको छ । नेपाली सेना र प्रहरीतर्फ महिलाको सहभागिता क्रमशः ३.२ प्रतिशत, ५.७ प्रतिशत र ४.९ प्रतिशत मात्र रहेको देखिन्छ । यसका साथै नेपालको संविधानबमोजिम स्थापना भएका संवैधानिक आयोगमा समावेशी सिद्धान्तको आधारमा महिलाको सहभागिता रहेको व्यवस्था छ । हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लोकसेवा आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय महिला आयोगलगायतका आयोगहरूमा महिला आयुक्त तथा सदस्यहरू नियुक्त भएका छन् । राजदूतलगायत राजनीतिक नियुक्तिबाट

पदपूर्ति हुने पदहरूमा पनि समावेशी सिद्धान्तका आधारमा महिलाहरूको सहभागिता रहने गरेको छ। सहकारी क्षेत्रमा महिला सहभागिता ५० प्रतिशत रहेको छ ।

२ राष्ट्रियस्तरमा महिलासम्बन्धी संस्थागत संयन्त्रको स्थापना तथा विकासः- महिला अधिकार तथा महिलाको मुद्दा हेर्नका लागि केन्द्रीय सरकारअन्तर्गत छुट्टै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ। प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालय र स्थानीय सरकारमा महिला विषय हेर्नेछुट्टै महाशाखा तथा शाखाहरू रहेका छन्। संवैधानिक आयोगको रूपमा राष्ट्रिय महिला आयोग रहेको छ। त्यसैगरी क्षेत्रगत मन्त्रालय र निकायहरूमा महिलाको विषय हेर्नका लागि छुट्टै महाशाखा वा शाखाहरू रहेका छन्।

३. महिलामैत्री कानुन निर्माणः- महिलाको हक अधिकार स्थापित गर्ने सन्दर्भमा नेपालको संविधानलाई हालसम्मकै उत्कृष्ट संविधानको रूपमा लिन सकिन्छ । यो संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने; महिला र पुरुषबीचको समानता तथा अविभेदको सिद्धान्त; महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक; प्रत्येक महिलालाई सुरक्षित मातृत्व, प्रजनन र स्वास्थ्यसम्बन्धी हक; लैङ्गिक हिंसाविरुद्धको हक; समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक; महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक; सम्पत्ति र पारिवारिक मामिलामा दम्पतीको समान हक र समान कामका लागि समान पारिश्रमिकसहित महिलाको हकलाई मौलिकहकको रूपमा सुनिश्चित गरेको छ । त्यसैगरी संविधान र यसका मौलिक हक तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नका लागि विभिन्न् विशिष्टीकृत ऐन र नियमावलीहरू कार्यान्वयनमा आएका छन् । विभिन्न ऐन तथा नियममा रहेका महिलासम्बन्धी विभेदकारी प्रावधानहरूलाई सुधार गरिएको छ । हाल कार्यान्वयनमा रहेको नेपालको संविधान र यसअन्तर्गत बनेका कानुनहरू महिलामैत्री छन्।

४. समावेशी प्रशासन: निजामती सेवालगायत सबै सरकारी सेवामा महिलालगायत अन्य पिछडिएका र सीमान्तकृत वर्ग तथा क्षेत्रको सहभागिता बढाउने उद्देश्यले नेपाल सरकारले वि. सं. २०६४ साल देखि सकारात्मक विभेदको नीति कार्यान्वयनमा ल्याएको हो । लोकसेवा आयोगको एकसठ्ठीऔं वार्षिक प्रतिवेदनअनुसार आ.व. २०६४/६५ देखि २०७६/७७ सम्मको अवधिमा अर्थात् समावेशी व्यवस्था लागु भएको १३ वर्षको अवधिमा कुल ३१,८०१ जना निजामती सेवामा प्रवेश गर्दा ७,३३१ महिलाको प्रवेश भएको छ। सकारात्मक विभेदको नीतिको कार्यान्वयन अवधिमा महिलाको प्रवेशदर २३ प्रतिशत पुगेको छ। यसले समग्र प्रशासन संयन्त्रलाई समावेशी र समतामूलक बनाउन सहयोग पुगेको छ।

५. लैङ्गिक उत्तरदायी शासनप्रणालीको प्रवर्धन: हाल संविधानमा भएको महिलासम्बन्धी प्रावधानलाई कार्यान्वयन गर्नका लागि राज्यका सबै संयन्त्र तथा निकायमा लैङ्गिक उत्तरदायी शासनप्रणालीको थालनी भएको छ । सबै क्षेत्र र तहका निकाय तथा संस्थाहरूअन्तर्गत आ-आफ्नो संस्थागत संरचना, संस्कार, कार्यपद्धति, क्षमता विकास र पूर्वाधार निर्माणलगायतका सम्पूर्ण कार्यप्रक्रियामा लैङ्गिक उत्तरदायी शासनपद्धति अवलम्बन गर्नुका साथै सङ्घ, प्रदेश र स्थानीयतहका सरकारका संयन्त्रहरूमा लैङ्गिक मूलप्रवाहीकरण, उत्तरदायी शासनपद्धति कार्यान्वयन भए नभएको बारे लैङ्गिक परीक्षण गर्ने पद्धति सुरु भएको छ।

६. महिलामैत्री सेवाप्रवाह र पूर्वाधार निर्माणः प्रशासनिक क्षेत्रमा पदपूर्ति गर्दा आरक्षणको व्यवस्था, बढुवाको सम्भाव्य उमेदवार बन्न पुरुषको भन्दा एक वर्ष कम, गर्भवती तथा सुत्केरी महिलालाई बिदा तथा सुत्केरी स्याहार खर्चको व्यवस्था गरिएको छ भने सार्वजनिक क्षेत्रबाट प्रदान गरिने सेवाका लागि महिलाको छुट्टै

व्यवस्था स्थापित भइसकेको छ। कार्यालयमा महिलामैत्री कार्यव्यवहार तथा कार्यसंस्कृतिको विकास भएको छ। महिलामैत्री पूर्वाधार निर्माणको थालनी भएको छ ।

७. महिलालक्षित नीति तथा कार्यक्रमहरुः- विभिन्न समयका आवधिक योजना, सरकारका नीति तथा कार्यक्रममा महिलाको सशक्तीकरण सहभागिता तथा सबलीकरणका विषयहरू समावेश हुने गरेका छन्। गरिब, विपन्न, सीमान्तकृत तथा पिछडिएका महिला तथा हिंसापीडित महिलाका लागि लक्षित कार्यक्रमहरू सञ्चालनमा आएका छन्।

८. अन्तर्राष्ट्रिय प्रतिबद्धता: नेपालले महिला समानता कायम गर्न तथा रोजगारीको हक स्थापित गर्नका लागि महिलाको अधिकार तथा मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रियस्तरमा एक दर्जनभन्दा बढी सन्धि तथा सम्झौताको अनुमोदन गरेको छ। यीमध्ये महिलाविरुद्धका हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को अनुमोदन र श्रम तथा रोजगारीसँग सम्बन्धित महासन्धिहरूको अनुमोदन तथा यसको कार्यान्वयनका लागि भएको नीतिगत तथा कानुनी व्यवस्था र संस्थागत प्रबन्धलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

९. पारिश्रमिक समानताः नेपालको संविधानको धारा १८(४) मा समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक र सामाजिक सुरक्षामा भेदभाव नगर्ने कुरालाई मौलिकहकको रूपमा स्थापित गरेको छ। यस व्यवस्थाले महिलाले पुरुषसरह समान कामका लागि समान पारिश्रमिक पाउने व्यवस्था सुनिश्चित गरेको छ ।

१०. आर्थिक क्षेत्रमा सुधारः आर्थिक स्रोत, घर, जग्गा र सम्पत्तिमा महिलाको पहुँच वृद्धि भएको छ। घर, जग्गा र सम्पत्तिमा करिब २६ प्रतिशत महिलाको स्वामित्व रहेको छ। त्यसैगरी लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि लैङ्गिक उत्तरदायी बजेट विनियोजन वृद्धि भएको छ। हाल लैङ्गिक उत्तरदायी बजेट विनियोजन सङ्घीय सरकारमा ३९ प्रतिशत पुगेको छ भने प्रदेश सरकार र स्थानीयतहमा पनि लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रक्रियामा रहेको छ। आयकर ऐन, २०५८ बमोजिम महिलाको पारिश्रमिक आयमा लाग्ने करमा १० प्रतिशत छुट हुने व्यवस्था छ। सरकारले महिलाको आम्दानीमा लाग्ने आयकरमा पुरुषको तुलनामा १० प्रतिशत छुट दिइएको छ। यस व्यवस्थाले गर्दा महिलाको नाममा घर तथा जग्गाको स्वामित्वमा क्रमिकरूपमा वृद्धि भई हाल २६% पुगेको छ।

११. सामाजिक मूल्य, मान्यता र सोचमा सकारात्मक परिवर्तनः विगतमा पुरुषहरूले मात्र गर्ने प्रशासनिक क्षेत्रमा महिलाको सङ्ख्या उल्लेख्य हुनुको साथै महिला पनि निर्णय गर्न तथा जिम्मेवारी सम्हाल्न सक्षम छन् भन्ने विषय स्थापित भएको छ। यसलाई परिवार, समाज र समुदायले स्वीकार गरी सम्मानको रूपमा ग्रहण गर्ने प्रवृत्ति वृद्धि हुँदैछ। यसले छोरा र छोरीमाथि हुने परम्परागत विभेदलाई कम गर्न योगदान पुऱ्याएको छ। महिलामाथि गरिने व्यवहार सकारात्मक हुँदै गएको छ। महिलाहरूका लागि प्रयोग गरिने शब्दहरू आदरार्थी, सम्मानजनक र सभ्य हुँदै गएका छन्। पुरुषहरूले मात्र गर्ने सांस्कृतिक सामाजिक र धार्मिक क्रियाकलापहरूमा महिलाको सहभागिता वृद्धि भएको छ।

१२. समन्वय, सहकार्य तथा साझेदारीः- महिलाको विषय आफैमा बहुआयामिक विषय हो। महिलाका साझा मुद्दाहरूलाई सम्बोधन गर्न सरकारी निकायहरूबीच, सरकार तथा निजी क्षेत्रबीच, सरकार तथा विकास साझेदार संस्थाबीच, सरकार र नागरिक समाजबीच सहकार्य समन्वय र साझेदारी सुरु भएको छ ।

## ४. प्रशासनिक क्षेत्रमा महिलाको उपस्थिति र सहभागिताले पारेको प्रभाव

नेपालको सार्वजनिक प्रशासनको विकासक्रमको एक शताब्दीको अवधिलाई महिलाको दृष्टिकोणबाट हेर्दा महिलाको औपचारिक सहभागिताको सुरुआत वि. सं. २०६४ सालदेखि सकारात्मक विभेदको नीति कार्यान्वयनमा आएपछि मात्र सुरु भएको हो । यसअघि पनि सार्वजनिक प्रशासनमा महिलाको प्रवेश बन्देज थिएन । तर शिक्षा र स्वास्थ्यजस्ता सामाजिक सूचकमा महिलाको सहभागिता कम भएकाले योग्यतामा आधारित परीक्षामा महिलाको सहभागिता र उर्त्तीण प्रतिशत सीमित हुने गरेको थियो । हाल महिलाको शिक्षामा भएको प्रगति र लैङ्गिक भूमिकामा आएको परिवर्तन तथा सरकारले अवलम्बन गरेको समावेशी नीतिको कार्यान्वयनले गर्दा प्रशासनको क्षेत्रमा महिलाको सहभागिता वृद्धि भएको छ । एक शताब्दीको अवधिमा नेपालको प्रशासनमा महिलाको अवस्था र यसको प्रभावलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

१. सार्वजनिक प्रशासनका विभिन्न क्षेत्रमा विविधता देखिएको, सार्वजनिक सेवा क्रमशः समावेशी हुँदै गएको छ ।

२. महिलाको आर्थिक सामाजिक सशक्तीकरण सूचकमा वृद्धि भएको छ ।

३. नीतिनिर्माण तथा निर्णयप्रक्रियामा महिलाको सहभागिता वृद्धि भई सेवाप्रवाह प्रभावकारी बनाउन मद्दत पुगेको छ ।

४. सार्वजनिक प्रशासनमा सारभूत समानताको सिद्धान्त अवलम्बन भएको छ । महिला तथा वञ्चित समूहको प्रतिनिधित्व सुनिश्चितताका लागि अवसरको सिर्जना भएको छ ।

५. पुस्तौंदेखि समाजमा रहेको वहिष्करण, विभेद र असमानताको अन्त्य गर्न सहयोग पुगेको छ ।

६. सामाजिकन्यायको प्रवर्धन लागि समान अवसरको सिर्जना भएको छ ।

७. आर्थिक र सामाजिकरूपमा पिछडिएका कमजोर वर्गको स्तरोन्नतिका लागि सघाउ पुग्ने वातावरण तयार भएको छ ।

८. समावेशी र सहभागितामूलक शासन व्यवस्था स्थापित गर्नका लागि वातावरण सिर्जना गरेको छ ।

९. महिलामैत्री पूर्वाधारहरू निर्माण भएका छन् । सार्वजनिक निकायमा महिलाको लागि छुट्टै शौचालयको निर्माण भएको छ । कतिपय सरकारी कार्यालयमा स्तनपानकक्ष तथा शिशुस्याहार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

१०. शासनपद्धतिमा अपनत्वको भावनाको विकासमा सहयोग पुगेको छ ।

## ९ उपसंहार

नेपालको सार्वजनिक प्रशासनको विकास क्रमको एक शताब्दीको अवधि हेर्दा सार्वजनिक प्रशासनमा ठूलो परिवर्तन आएको देखिन्छ । नेपालको शासन व्यवस्था पारिवारिक संरचनाभित्र सञ्चालन हुने गरेको अवस्थाबाट रूपान्तरण भई अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा आइपुगेको छ । यस एक सय वर्षको अवधिमा देशको राज्य व्यवस्था निरङ्कुश जहानिया राणा शासनबाट प्रजातन्त्र, पञ्चायत, संवैधानिक राजतन्त्रजस्ता चरणहरू पार गर्दै गणतन्त्रमा आइपुगेको छ । त्यसैगरी पारिवारिक वृत्तभित्र मात्र सीमित सार्वजनिक प्रशासन केन्द्रीकृत ढाँचामा सञ्चालन हुँदै अहिले सङ्घीय ढाँचामा सञ्चालनमा आएको छ । राज्यव्यवस्था तथा शासनप्रणालीमा भएको यो रूपान्तरणको विभिन्न चरणमा महिलाको सहभागिता, हक, अधिकार क्रमशः संस्थागत हुँदै गएको छ । यसलाई महिलाको सहभागिता, विकास, संरक्षण, सशक्तीकरण

र लैङ्गिकन्यायको दृष्टिकोणबाट सकारात्मकरूपमा लिन सकिन्छ। हाल कार्यान्वयनमा रहेको नेपालको संविधानले राज्यका सबै अङ्ग, तह र संरचनामा महिलाको समानुपातिक समावेशिता सुनिश्चित गरेको छ। संविधान कार्यान्वयनको लागि निर्माण गरिएका ऐन तथा नियमहरू समावेशी र लैङ्गिकमैत्री छन्। विगतदेखि कार्यान्वयनमा आएका ऐन तथा नियममा भएका विभेदकारी तथा असमावेशी प्रावधानहरूलाई परिमार्जन, संशोधन गरिएका छन्। सार्वजनिक प्रशासन सुधार तथा प्रशासन संयन्त्र निर्माणको लागि प्रतिवेदन तयार गर्दा महिला समानता तथा समावेशितालाई पर्याप्तरूपमा ध्यान दिने गरिएको छ। यस्ता व्यवस्थालाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न स्रोतसाधन र संवेदनशीलता पूर्वशर्त हुन्। राज्यका तीनै तहको संरचनामा महिला सहभागिता अभिवृद्धि गर्न संस्थागत संयन्त्रको सुदृढीकरण र उत्तरदायित्वको विकास गर्नुपर्छ। मुख्यरूपमा महिलाको शिक्षा, स्वास्थ्यको स्तर अभिवृद्धि गरी सशक्तीकरणको सूचक वृद्धि गर्न सकेमा सार्वजनिक प्रशासनमा महिलाको सहभागिता क्रमिकरूपमा सुधार हुन्छ र सहभागिता गुणस्तरीय हुनुको साथै अर्थपूर्ण हुनसक्छ। त्यसैले महिलाको सहभागिता अभिवृद्धि गर्न प्रारम्भिकरूपमा शिक्षा र स्वास्थ्यमा लगानी बढाउन आवश्यक छ। समयसापेक्ष क्षमता विकास गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन जरुरी छ ।

***

**स्रोत सामग्रीः**


1. नेपालको संविधान २०७२
2. नेपालमा महिलाको प्रगति (सन् १९९५-२०१५) सारभूत समानता - सहभागी संस्था
3. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका दस्तावेजहरू
4. CEDAW/C/NPL/CO/6Concluding Observation on 6th Periodic Report of Nepal (**ADVANCE UNEDITED VERSION)** 9 November 2018
5. https://ne.wikipedia.org/wiki/चन्द्र_शमशेर_जङ्गबहादुर_राणा

# ज्येष्ठ नागरिकहरूको वर्तमान अवस्था, समस्या तथा चुनौती

✍ भरतराज शर्मा *

## भूमिका

अन्तर्राष्ट्रियरूपमा हेर्दा ज्येष्ठ नागरिकलाई एकरूपले परिभाषित गरेको देखिँदैन । धैरैजसो विकसित देशहरूले ६५ वर्षभन्दा माथिको उमेरका व्यक्तिहरूलाई ज्येष्ठ नागरिक भनेर परिभाषित गरेका छन् । नेपालको सन्दर्भमा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले ६० वर्षभन्दा माथिका नागरिकलाई ज्येष्ठ नागरिक परिभाषित गरेको छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा ज्येष्ठ नागरिकहरूको जनसङ्ख्या कुल जनसङ्ख्याको ८.१३ प्रतिशत रहेको छ भने विश्वमा नै ज्येष्ठ नागरिकको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ । ज्येष्ठ नागरिकहरू हामी सबैका पथप्रदर्शक र मान्य हुनुहुन्छ । उहाँहरूलाई उचित व्यवस्थापन र उहाँहरूको जीवनको उत्तरार्धलाई सहज, सरल बनाउने दायित्व राज्यको त हो नै, आम नागरिक, समाज मुख्य गरेर परिवार र हामी सबैको हो । तर ज्येष्ठ नागरिकहरू आर्थिक एवं सामाजिकरूपमा दुर्व्यवहारमा परेका घटनाहरू आइरहेका छन्, सुनिइरहेका छन् र तथ्याङ्कले पनि यसलाई पुष्टि गर्दछ । त्यसैले ज्येष्ठ नागरिकहरूप्रति परिवार, समाज र राष्ट्रले यस्ता अमानवीय व्यवहारहरूलाई नियन्त्रण गरी उहाँहरूको मनोबल उच्च हुने र जीवन सहज र सरल बनाउने जस्ता व्यवहार गर्नु हामी सबैको दायित्विभित्र पर्दछ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलगायत तीनै तहको सरकार र अन्य सरोकारवालाहरूको पहलमा ज्येष्ठ नागरिक सम्बन्धमा केही कामहरू भएका छन् भने अझै थुप्रै कामहरू गर्नु पर्नेछ । यसै सन्दर्भमा ज्येष्ठ नागरिक सम्बन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, अन्तर्राष्ट्रिय प्रावधान, नेपालले हासिल गरेका उपलब्धि र समस्या तथा चुनौती यस लेखमा समावेश गर्ने प्रयास गरिएको छ ।

## तथ्याङ्कमा ज्येष्ठ नागरिक

पछिल्लो राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार नेपालमा ज्येष्ठ नागरिक (६० वर्षभन्दा माथि) को जनसङ्ख्या २,१५४,४१० रहेको छ । यो नेपालको कुल जनसङ्ख्या २६,४९४,५०४ को ८.१३ प्रतिशत हो । त्यसैगरी ६५ वर्षभन्दा माथिको जनसङ्ख्या १,३९७,५३८ रहेको छ भने ७५ वर्षभन्दा माथिको जनसङ्ख्या ४४७,९८१ रहेको छ । तालिका १ मा राष्ट्रिय जनगणना २०४८ देखि २०६८ सम्मको उमेर समूहअनुसार ज्येष्ठ नागरिकहरूको जनसङ्ख्या, प्रतिशत र वृद्धिदर देखाइएको छ ।

तालिका १ अनुसार २०४८ सालमा कुल जनसङ्ख्याको ५.८१ प्रतिशत रहेका ज्येष्ठ नागरिक ( ६० +) २०६८ मा आइपुग्दा कुल जनसङ्ख्याको ८.१३ प्रतिशत रहेको देखिन्छ । यस्तैरूपमा अन्य उमेर समूहमा पनि ज्येष्ठ नागरिकहरूको वृद्धि

* उपसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

भइरहेको देखिन्छ । स्वास्थ्य सुविधालगायतका कारणबाट औसत आयुमा वृद्धि हुँदै जाँदा ज्येष्ठ नागरिकहरूको जनसङ्ख्या बढ्दै गएको छ भने प्रजनन दरमा कमी आएका कारण कुल जनसङ्ख्यामा यो उमेर समूहको प्रतिशत बढ्दै गएको छ । ज्येष्ठ नागरिकहरूको प्रतिशत हाम्रो देशमा मात्र नभएर विश्वव्यापीरूपमा नै बढिरहेको छ । राष्ट्रिय जनगणना, २०६८ को तथ्याङ्कअनुसार नेपालको समग्र जनसङ्ख्याको वार्षिक वृद्धिदर १.३५ प्रतिशत रहेको छ भने ज्येष्ठ नागरिकहरूको वृद्धिदर ३.७७ रहेको छ र यो वृद्धि माथिल्लो उमेर समूहमा अझै बढी देखिन्छ । जस्तै- ६५ वर्षभन्दा माथिको उमेर समूहमा ३.७९ छ भने ७५ वर्षभन्दा माथिको उमेर समूहमा ४.१६ रहेको छ ।

**तालिका १: राष्ट्रिय जनगणना अनुसार ज्येष्ठ नागरिकहरूको तथ्याङ्क, २०४८–२०६८**

| उमेर | २०४८ | २०५८ | २०६८ | वार्षिक वृद्धिदर |
|---|---|---|---|---|
| ६०+ | १०७३७५७ (५.८१) | १४७७३७९ (७.४६) | २१५४४१० (८.१३) | ३.७७ |
| ६५+ | ६४२११२ (३.४७) | ९५६४७१ (४.२१) | १३९७५८३ (५.२७) | ३.७९ |
| ७५+ | १८५१६५ (१.०) | २९५४५९ (१.३०) | ४४७९८१ (१.६९) | ४.१६ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

*नोटः कोष्ठमा रहेको तथ्याङ्कले कुल जनसङ्ख्यामध्ये ज्येष्ठ नागरिकहरूको प्रतिशतलाई जनाउँदछ ।*

त्यसैगरी तालिका २ मा लिङ्गअनुसार ज्येष्ठ नागरिकहरूको जनसङ्ख्या र महिलाको प्रतिशत देखाइएको छ । तालिकाअनुसार पुरुषको तुलनामा महिला ज्येष्ठ नागरिकहरूको प्रतिशत धेरै देखिएको छ भने यो अझ बढ्ने क्रममा छ । पछिल्ला वर्षहरूमा पुरुषको भन्दा महिलाको औसत आयु धेरै भएको कारणबाट पनि यस्तो हुन गएको हो ।

**तालिका २: लिङ्गअनुसार ज्येष्ठ नागरिक**

| उमेर | महिला प्रतिशत | | |
|---|---|---|---|
| | २०४८ | २०५८ | २०६८ |
| ६०+ | ४९.३७ | ५६.३५ | ५०.६२ |
| ६५+ | ४८.८४ | ४९.५५ | ५०.२४ |
| ७५+ | ५०.६८ | ५०.९७ | ५१.०९ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

## ज्येष्ठ नागरिकको मापन (Measures of Ageing)

ज्येष्ठ नागरिकहरूको सघनता (Incidence) विभिन्न प्रकारको मापन गर्न सकिन्छ । तिमध्ये मुख्य २ वटा यहाँ प्रस्तुत गरिएको छ ।

## ज्येष्ठ नागरिक सूचकाङ्क (Ageing Index)

६० वर्ष र सोभन्दा माथि (कतै ६५ वर्ष र सोभन्दा माथि) को जम्मा जनसङ्ख्यालाई १५ वर्षभन्दा कम उमेरको जम्मा जनसङ्ख्याले भाग गरी आउने भागफललाई १०० ले गुणा गरी ज्येष्ठ नागरिक (बुढ्यौली) सूचकाङ्क

निकालिन्छ । उदाहरणको लागि वि.सं. २०६८ सालमा नेपालमा ६० वर्षभन्दा माथिको जनसङ्ख्या २,१५४,४१० र १५ वर्षभन्दा कम उमेरको जनसङ्ख्या ९,२४८,२४६ छ भने ज्येष्ठ नागरिक सूचकाङ्क = (२१५४४१०/९२४८२४६) x १०० अर्थात् २३.३० हुन आउँदछ । यसको अर्थ १०० जना १५ वर्षमुनिका बालबालिका भएको ठाउँमा २३.३ जना ६० वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक रहेका छन् भन्ने बुझाउँदछ । लिङ्गअनुसार विभिन्न वर्षहरूको बुढ्यौली सूचकाङ्क तालिका ३ मा दिइएको छ ।

**तालिका ३. नेपालको बुढ्यौली सूचकाङ्क, २०४८-२०६८**

| वर्ष | बुढ्यौली सूचकाङ्क | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| **२०४८** | १३.५६ | १३.८० | १३.५८ |
| **२०५८** | १६.५१ | १६.३२ | १६.७० |
| **२०६८** | २२.५९ | २४.०३ | २३.३० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

तालिका ३ लाई हेर्दा नेपालमा बुढ्यौली सूचकाङ्क तीव्र गतिमा बढ्दै गएको देखिन्छ भने पछिल्लो वर्षमा पुरुषको तुलनामा महिलाको सूचकाङ्क अझ बढी देखिन्छ । विकासोन्मुख देशहरूको तुलनामा केही विकसित देशहरूको बुढ्यौली सूचक निकै धेरै भएको पाइन्छ । उदाहरणको लागि सन् २०१३ मा जापानको बुढ्यौली सूचक (६५ वर्षमाथिको जनसङ्ख्यामा) १९२.३१ छ भने जर्मनीको १६१.५४ भएको पाइन्छ ।

## बुढ्यौली आश्रित दर (Old Dependency Ratio)

६० वर्षभन्दा माथिको जनसङ्ख्यालाई काम गर्ने उमेर समूहको जनसङ्ख्या (१५ देखि ५९ वर्ष) ले भाग गरी १०० ले गुणा गरेपछि बुढ्यौली आश्रित दर (Old age Dependency Ratio) आउँदछ । तालिका ४ मा बुढ्यौली आश्रित दर निकालिएको छ ।

**तालिका ४. बुढ्यौली आश्रित दर, २०४८-२०६८**

| वर्ष | बुढ्यौली आश्रित दर |
|---|---|
| २०४८ | ११.२१ |
| २०५८ | १२.०० |
| २०६८ | १४.२८ |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

तालिका ४ हेर्दा नेपालमा बुढ्यौली आश्रय दर पनि बढ्दै गएको देखिन्छ । वि.सं. २०४८ सालमा ११.२१ भएको आश्रित दर २०६८ मा १४.२८ मा पुगेको देखिन्छ । यसको मतलब काम गर्ने उमेर समूहको जनसङ्ख्याको तुलनामा आश्रित जनसङ्ख्या बढ्दै गएको भन्ने बुझिन्छ ।

## संवैधानिक तथा कानुनी व्यवस्थाहरू

नेपालको मूल कानुनको मौलिक हकमा (धारा ४१) नै ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा र संरक्षणको व्ययवस्था

भएको छ । यसको मर्म र भावनाअनुरूप निकट भविष्यमा नै ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई समयसापेक्ष परिमार्जन गरी ज्येष्ठ नागरिकका हक र अधिकारहरू थप सुनिश्चित गर्ने प्रक्रिया अगाडि बढेको छ । त्यस्तैगरी ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई राष्ट्रहितमा सदुपयोग गर्ने तथा युवापुस्तामा पुस्तान्तरण गर्ने तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलगायत तीनै तहका सरकारहरूले विभिन्न नीति निर्माण तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आएका छन् ।

## पन्ध्रौं योजनामा ज्येष्ठ नागरिक

आवधिक योजनाअन्तर्गत पन्ध्रौं योजनामा ज्येष्ठ नागरिकको विषयलाई प्राथमिकतासाथ उल्लेख गरिएको छ । पन्ध्रौं योजना अवधिमा "ज्येष्ठ नागरिकहरूको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति" गर्ने सोचक साथ ज्येष्ठ नागरिकहरूको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले समृद्धिका लागि उपयोग गर्ने लक्ष्य राखिएको छ । पन्ध्रौं योजनाका उद्देश्य तथा रणनीति तपसिल बमोजिम रहेका छन्-

**पन्ध्रौं योजनामा ज्येष्ठ नागरिकसम्बन्धी राखिएका उद्देश्यः**

- पारिवारिक, आर्थिक र कानुनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक-अधिकारको संरक्षण प्रवर्धन गर्नु ।
- ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउनु ।
- ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई आर्थिक र सामाजिक विकासमा उपयोग गर्नु ।

**पन्ध्रौं योजनामा ज्येष्ठ नागरिकसम्बन्धी रणनीति**

- पारिवारिक र सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकका लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।
- असहाय, असक्त, एकल (महिला, पुरुष) र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको कानुनी तथा संस्थागत व्यवस्था गर्ने ।
- ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई नीति निर्माणमा उपयोग गर्ने ।
- ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा वृद्धि गर्ने ।

## ज्येष्ठ नागरिकसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू

ज्येष्ठ नागरिकहरूको हक र अधिकार सुनिश्चित गर्न तथा ज्येष्ठ नागरिकहरूको जीवनलाई मर्यादित बनाउन अन्तर्राष्ट्रिय प्रावधानहरू पनि पारित भई कार्यान्वयनमा छन् । Universal Declaration of Human Rights, 1948 ले ज्येष्ठ नागरिकहरूको स्वतन्त्रता (Independence), सहभागिता (Participation), रेखदेख (Care), आत्मसन्तुष्टि (Self-fulfilment), र मर्यादा (Dignity) लाई प्राथमिकता दिएको छ । Vienna International Plan on Ageing, 1982 ले ६२ वटा सिफारिसहरू गरेको छ, तिमध्ये मुख्य क्षेत्रहरू अनुसन्धान तथा तालिम, स्वास्थ्य र पोषण, सुरक्षा, आवास तथा वातावरण, परिवार, सामाजिक कल्याण, आय सुरक्षा र जीविका तथा शिक्षा रहेका छन् । यसैगरी United Nations Principles for Older Persons 1991, Macau Plan of Action on Ageing in Asia & Pacific, 1998, Madrid International Plan of Action on Ageing, 2002 र Recommendation of ILO 1980 "International

Convention on the rights of Older Persons ज्येष्ठ नगरिक सम्बन्धका अन्य अन्तर्राष्ट्रिय प्रावधानहरू हुन् । यी सबै प्रावधानहरूले ज्येष्ठ नागरिकहरूको संरक्षण, रेखदेख, मर्यादित जीवन र स्वतन्त्रत जस्ता विषयहरूमा जोड दिएका छन् ।

## ज्येष्ठ नागरिकहरूको वर्तमान अवस्था

ज्येष्ठ नागरिकहरूले दिनको समयमा एकै ठाउँमा जम्मा भई अनुभव साटासाट गरी समय सहजरूपले बिताउने प्रयोजनका लागि ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन मापदण्ड एवं कार्यविधिसहित २०० भन्दा बढी केन्द्रहरू सञ्चालनमा छन् । पालनपोषण र हेरचाह गर्ने कोही नभएका करिब २५०० जना बेवारिस ज्येष्ठ नागरिकहरूलाई पशुपतिलगायत करिब ११४ आश्रमहरूमा संरक्षण गर्ने कार्य भएको छ ।

हाल महामारीको रूपमा फैलिरहेको कोभिड-१९ बाट बढी मात्रामा ज्येष्ठ नागरिकहरू जोखिममा पर्ने तथ्यलाई हृदयङ्गम गरी सो रोगबाट कसरी सुरक्षित हुन सकिन्छ भन्ने विषयमा मार्गनिर्देशन तयार पारी सबै स्थानीयतह तथा सरोकारवाला संघसंस्थाहरूमार्फत ज्येष्ठ नागरिक एवं उनीहरूको हेरचाहमा संलग्न व्यक्तिहरूलाई जानकारी गराउने कार्य भएको छ । यसै सन्दर्भमा विभिन्न आश्रमहरूमा संरक्षित ज्येष्ठ नागरिकहरूको विषयमा जानकारी लिन ती संघसंस्थाहरूलाई सम्पर्क गरी खाद्यान्न तथा आधारभूत स्वास्थ्य सामग्रीहरू सहयोग गर्ने कार्यसमेत भएको छ ।

अन्य प्रमुख कार्यक्रमहरूमा अस्पतालसहितको वृद्धाश्रम निर्माण गरी हालको स्थानबाट पशुपति वृद्धाश्रम लाई गोठाटार स्थानान्तरण गर्ने, ज्येष्ठ नागरिकसम्बन्धी ५ वर्षे रणनीति बनाई सोको कार्ययोजना बनाउने, ज्येष्ठ नागरिक आश्रम सञ्चालकहरूका लागि स्याहारकर्ता तालिम दिने, ज्येष्ठ नागरिकहरूका लागि हालसम्म भए गरेका सेवा सुविधा सम्बन्धमा अन्तरनिकायबीच समीक्षा, संघ प्रदेश र स्थानीयतहको साझेदारीमा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा सञ्चालन गर्ने, ज्येष्ठ नागरिकहरूको विषयमा विद्यावारिधि गर्ने चाहने ज्येष्ठ नागरिकलाई प्रोत्साहनस्वरुप आर्थिक सहयोग उपलब्ध गराउने, अन्तरपुस्ता ज्ञानसीप र अनुभव हस्तान्तरणका लागि अतिथि कक्षा सञ्चालन एवं केही ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने संस्थाहरूको साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालनका लागि ससर्त अनुदान दिने प्रमुख कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

## ज्येष्ठ नागरिक सम्बन्धमा भएका मुख्य उपलब्धि

ज्येष्ठ नागरिकसम्बन्धी अझै थुप्रै काम गर्नु पर्ने छ तथापि तीनै तहका सरकार र सरोकारवालाहरूको सहकार्य तथा साझेदारीमा केही उपलब्धिहरू समेत हासिल भएका छन् । मुख्य उपलब्धिमा ज्येष्ठ नागरिक भत्ता विगतको रु.१०० बाट रु.३००० पुगेको छ भने ज्येष्ठ नागरिकको सबाललाई प्रदेश र स्थानीय सरकारबाट प्राथमिकता दिइएको छ । ज्येष्ठ नागरिक दिवा सेवा तथा दिवा मिलन केन्द्र सञ्चालनमा आएका छन् भने ज्येष्ठ नागरिकहरूको हक र अधिकार थप सुनिश्चित गर्ने प्रयोजनका लागि ज्येष्ठ नागरिक ऐन, २०६३ को संशोधन विधेयक संसद्मा पेस गरिएको छ । ज्येष्ठ नागरिकको पहिचानका लागि स्थानीयतहहरूबाट ज्येष्ठ नागरिक परिचयपत्र वितरण भइरहेको छ भने ज्येष्ठ नागरिकहरूको स्वास्थ्य बिमा सरकारले व्यहोर्ने गरी बिमा कार्यक्रम सञ्चालनमा छ । ज्येष्ठ नागरिक नीति र ५ वर्षे कार्ययोजना निर्माणको क्रममा छ भने ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

## आगामी दिनमा प्राथमिकता दिनु पर्ने विषयहरू

ज्येष्ठ नागरिकहरूको जीवन मर्यादित र सहज बनाउन राज्य तथा नागरिक समाजले अझै थुप्रै कार्य गर्नु पर्ने छ, तिमध्ये केही कार्यहरू यहाँ उल्लेख गरिएको छ-

- सङ्घीय, प्रदेश र स्थानीयतहबीच समन्वय प्रभावकारी बनाउने ।
- सामाजिक सुरक्षा भत्ता जीवन निर्वाह गर्न पुग्ने गरी बढाउँदै लाने।
- ऐन, नियमको प्रभावकारी कार्यान्वयन गर्ने छ। जस्तैः यातायातमा आरक्षण र छुट ।
- भौतिक संरचनाहरूलाई ज्येष्ठ नागरिकमैत्री बनाउने ।
- ६० वर्ष पुगेपछि ऋण लिन नपाउने जस्ता ज्येष्ठ नागरिकमैत्री नभएका प्रावधानहरू सच्याउने ।
- विपन्न तथा असहाय ज्येष्ठ नागरिकको तथ्याङ्क अद्यावधिक गर्ने र सोका आधारमा तथ्यमा आधारित नीति बनाउने ।
- राज्यका विभिन्न तहमा रहेर योगदान पुर्‍याएका ज्येष्ठ नागरिकमार्फत **मेरो समाजलाई मेरो योगदान अभियान** सञ्चालन गरी समाज विकासमा सहभागी गराउने ।
- **ज्येष्ठ नागारिकको सम्मान मेरो कर्तव्य** जस्ता जनचेतना जगाउने किसिमका कार्यक्रम सञ्चालन गरी ज्येष्ठ नागरिकप्रति सम्मानको वातावरण सिर्जना गर्ने ।
- सडकमानव मुक्त अभियान देशभरि सञ्चालन गर्ने ।
- ज्येष्ठ नागरिकहरूको संरक्षण सबैभन्दा महत्त्वपूर्ण विषय हो ज्येष्ठ नागरिकसम्बन्धी सामाजिक सुरक्षा नीति (package) निर्माण गर्ने। उमेरको वर्गीकरणअनुसार सामाजिक सुरक्षा भत्तालाई वर्गीकरण गर्ने तथा विपन्न तथा बेवारिसी ज्येष्ठ नागरिकको लगत राखी विश्लेषणपश्चात् थप सुविधा प्रदान गरी जिवन जिउन पुग्ने गरी वृद्धि गर्ने ।
- ज्येष्ठ नागरिक संरक्षण कोष खडा गरी सो कोषलाई ज्येष्ठ नागरिकहरूको हितमा परिचालन गर्ने ।

## समस्या तथा चुनौतीहरू

परिवारमा सबै व्यस्त रहने तथा संयुक्त परिवारको सट्टा एकल परिवारमा बस्ने प्रचलनले ज्येष्ठ नागरिकहरूमा एक्लोपन, दुर्व्यवहार, रेखदेख गर्ने मान्छे नहुने जस्ता समस्या देखापरेका छन् भने सङ्घीय संरचनामा राज्यको प्रत्येक तहमा ज्येष्ठ नागरिकका विषयलाई सम्मानजनक एवं समानरूपमा सम्बोधन र व्यवस्थापन गर्दै उनीहरूको जीवनलाई थप सहज र सरल बनाउने विषय समेत चुनौतीको रूपमा देखिएको छ। त्यसैगरी ज्येष्ठ नागरिकको बढ्दो जनसङ्ख्यालाई व्यवस्थित गर्दै उनीहरूको आवश्यकताअनुरूप सेवासुविधा प्रदान गर्नु अर्को चुनौती देखा परेको छ। ज्येष्ठ नागरिकहरूमा असीमित ज्ञान, सीप र अनुभव रहेको छ। यस्तो ज्ञान, सीप र अनुभवलाई मुलुकको नीति निर्माण, विकास र निर्माणमा उपयोग गर्दै उनीहरूलाई आर्थिक र भौतिक विकासमा सहभागितामूलक बनाई संस्कारयुक्त समाज र राष्ट्र निर्माण गर्नु अर्को चुनौतीको रूपमा रहेको छ। संयुक्त परिवारको स्वरूपबाट एकल परिवारको विकाससँगै उनीहरूप्रतिको हेरचाह, स्याहार-सुसार, सम्मान, आदर र सेवामा आएको ह्रासलाई सुधार गर्दै ज्येष्ठ नागरिकमैत्री एवं सम्मानजनक परिवार र समाज निर्माण गर्नु तथा परिवारले बाबुआमाप्रति आफ्नो दायित्व र जिम्मेवारीको अनुभूत नगरी परिवारजनबाट हुने विभिन्न हिंसा र दुर्व्यवहार आदिको अन्त्य गर्नु पनि आज चुनौतीको रूपमा खडा भएको छ। ज्येष्ठ नागरिकका लागि उपयुक्त दिवा सेवा/मिलन केन्द्र, आवश्यकतानुसार औषधोपचारसहितको आरोग्य आश्रमको निर्माण र सञ्चालन, उनीहरूको सेवा र सुविधा प्रदान गर्न सम्पूर्ण सुविधासहितको आरोग्य आश्रमको निर्माण र सञ्चालन गर्नु पर्ने पनि अर्को आवश्यकता रहेको छ।

**निष्कर्ष**

ज्येष्ठ नागरिकहरू समाजका सम्मानित व्यक्तित्व हुन्। असीमित ज्ञान, सीप र अनुभवका खानी उनीहरूको आदर गर्नु परिवार, समाज र राष्ट्रकै दायित्व हो। तथापि अपेक्षाकृतरूपमा ज्येष्ठ नागरिकहरूको संरक्षण, सामाजिक सुरक्षा हुन सकेको छैन भने उहाँहरूमा भएको ज्ञान, सीप र अनुभवलाई परिवार, समाज र राज्यले उपयोग गर्न सकेको छैन। ज्येष्ठ नागरिकहरूको जीवनलाई सम्मानित र मर्यादित बनाउन स्पष्ट नीति, नियम निर्माण गरी यसको प्रभावकारी कार्यान्वयन गर्न तीनै तहको सरकार तथा सरोकारवालाहरूले समन्वय गरी कार्य अगाडि बढाउन अब ढिला गर्नु हुन्न।

***

# पालेर्मो प्रोटोकल, यसका विशेष प्रावधानहरू र नेपालको सन्दर्भ

✍ गोमादेवी ढकाल पौडेल*

मानव बेचबिखनविरुद्धको अभियानमा एक पाइलाअघि बढ्दै नेपालले पालेर्मो प्रोटोकल अनुमोदन गरेको छ । अन्तरदेशीय सङ्गठित अपराधविरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिअन्तर्गत मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख नै "पालेर्मो प्रोटोकल" हो। सन् २००० को अक्टोबरमा तयार भएको यो प्रोटोकलाई सन् २००० नोभेम्बर १५ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभाले पारित गरी सन् २००० डिसेम्बर १२ देखि १५ सम्म इटालीको पालेर्मो सहरमा हस्ताक्षरका लागि खुला गरिएको थियो । इटालीको पालेर्मो सहरबाट सुरु भएकाले यसलाई पालेर्मो प्रोटोकल भनिएको हो ।

सन् २००३ डिसेम्बरदेखि विश्वका विभिन्न देशहरूले अनुमोदन गरी कार्यान्वयनमा आएको यस उपलेखलाई नेपालका दुबै संसद्बाट २०७६ सालमा अनुमोदन गरिएको छ। (राष्ट्रियसभाबाट २०७६ साल माघ ५ गते र प्रतिनिधिसभाबाट फागुन २९ गते)। यो उपलेख अनुमोदन गर्ने मुलुकमध्ये नेपाल १७६ औं मुलुक बनेको छ ।

मानव बेचबिखन तथा ओसारपसारका सम्पूर्ण पक्ष र आयामहरूलाई समेट्ने गरी बृहत् रूपमा यो उपलेख आएको छ। विभिन्न आयाममा मानव बेचबिखन विश्वव्यापीरूपमा फैलिइरहेको वर्तमान सन्दर्भमा यस उपलेखको कार्यान्वयनले मानव बेचबिखन नियन्त्रणमा एक कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ ।

**प्रोटोकलले विशेष गरी ३ वटा उद्देश्य राखेको छ:**

१. महिला तथा बालबालिकालाई विशेष ध्यान दिँदै मानव बेचबिखन तथा ओसारपसारको रोकथाम गर्ने तथा त्यसको प्रतिरोध गर्ने,

२. बेचबिखन तथा ओसारपसारबाट पीडित भएकाहरूको मानव अधिकारको सम्मान र संरक्षण गर्दै त्यस्ता व्यक्तिहरूलाई आवश्यक सहायता प्रदान गर्ने र

३. यी उद्देश्यहरू पूरा गर्नका लागि राज्यपक्षहरूबीच सहयोग र सहायताको आदान प्रदान गर्ने ।

**प्रोटोकलले व्यवस्था गरेका विशेष प्रावधानहरू:**

यस प्रोटोकलले मानव बेचबिखनका हरेक आयामहरूबाट यसलाई केलाउँदै मानव बेचबिखन तथा ओसारपसारको अन्तर्राष्ट्रियकरणलाई रोक्न विभिन्न विशेष व्यवस्थाहरू गरेको छ । ती विशेष व्यवस्थाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

---

* *उपसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय*

## १. परिभाषालाई व्यापक बनाइएको:

प्रोटोकलले "मानव बेचबिखन तथा ओसारपसार" र "शोषण" को परिभाषालाई व्यापक बनाएको छ। जबरजस्ती श्रम वा सेवामा लगाउने, दासता वा दासतासरहका अभ्यास, बाँधा बनाउने वा मानव अङ्ग झिक्नेसमेतलाई शोषणको परिभाषामा राखिएको छ भने धम्की वा बलप्रयोग वा अन्य प्रकारका करकाप, अपहरण, धोका, अख्तियारको दुरुपयोग वा नाजुक अवस्थाको स्थिति वा भुक्तानी वा लाभको लेनदेनको माध्यमबाट यौनशोषणको प्रयोजनका लागि अर्को व्यक्तिउपर नियन्त्रण राख्ने व्यक्तिको सहमति हासिल गर्न व्यक्तिहरूको भर्ती ओसारपसार, स्थानान्तरण वा आश्रय दिने वा प्राप्त गर्ने काम मानव बेचबिखन तथा ओसारपसार भनी सम्झनुपर्दछ भन्ने व्याख्या गरिएको छ। साथै, नियोजित शोषणका लागि पीडितले सहमति दिएको भए तापनि त्यसलाई सान्दर्भिक नमानिने कुरासमेत प्रोटोकलले गरेको छ ।

## २. महिला तथा बालबालिकाको विशेष संरक्षण:

मानव बेचबिखनअन्तर्गत पनि महिला तथा बालबालिकामाथि हुने शोषण र बेचबिखनविरुद्ध प्रोटोकलले विशेष ध्यान दिँदै बेचबिखनको प्रतिरोध र रोकथामको व्यवस्थामा जोड दिएको छ।

## ३. पीडितको अधिकार र संरक्षण:

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरूका लागि देहायबमोजिमको संरक्षण र अधिकार रहने व्यवस्था रहेको छ:

क. पीडितहरूको मानव अधिकारको संरक्षण, सम्मान र सहयोग;

ख. पीडितहरूको गोपनीयता र परिचयको संरक्षण;

ग. पीडितको भौतिक, मनोवैज्ञानिक र सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति;

घ. पीडित विदेशी नागरिकको हकमा समेत निजको सुरक्षा र संरक्षण;

ङ. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएको आधारमा व्यक्तिलाई भेदभाव गर्न नहुने;

च. विदेशी पीडितलाई आफ्नो देशमा फिर्ता जाने अधिकार र

छ. पुनर्स्थापना केन्द्रहरूको व्यवस्था: उक्त केन्द्रमा उपयुक्त आवास, मनोसामाजिक परामर्श, चिकित्सकीय, मनोविज्ञान तथा भौतिक सहायता उपलब्ध गराउने तथा शिक्षा रोजगारी र तालिमका अवसरहरू प्रदान गर्ने आदि ।

## ४. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित विदेशी नागरिकहरूको संरक्षण:

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएका विदेशी नागरिकका लागिसमेत राज्यपक्षले कुनै विदेशीको नजरले नभई एक पीडित व्यक्तिको हैसियतमा देहायबमोजिमका उचित संरक्षण गर्नुपर्ने व्यवस्था प्रोटोकलले गरेको छ:

क. पीडित व्यक्ति उक्त राज्यमा प्रवेश गर्दाका बखत निजको स्थायी बसोवास भएको मुलुक पहिचान गरी निजलाई सम्मानपूर्वक स्वदेश फिर्ता गर्ने व्यवस्था गर्ने ।

ख. राज्यहरूबीचको समन्वयमा निज उक्त मुलुकको नागरिक भए नभएको सम्बन्धमा सोधपुछ गरी आवश्यक कागजात माग गर्ने र सम्बन्धित मुलुकले पनि त्यस्तो पीडित व्यक्ति आफ्नो देशको नागरिक भए नभएको यकिन गरी आवश्यक यात्रा अनुमतिपत्र वा अन्य अख्तियारी जारी गर्नुपर्ने ।

ग. स्वदेश फिर्ता नहुन्जेलसम्मका लागि त्यस्तो पीडित व्यक्तिको सुरक्षा र संरक्षण गर्ने दायित्व सम्बन्धित सरकारको रहने ।

५. **राज्यपक्षहरूबीच सहयोग आदानप्रदान:** मानव बेचबिखन तथा ओसारपसारको मुद्दालाई अन्तर्राष्ट्रियस्तरबाटै परास्त गर्न राज्यपक्षहरूबीचको सहयोग र समन्वयलाई प्रोटोकलले विशेष ध्यान दिएको छ, जसअनुसार प्रमुखरूपमा निम्न विषयहरू समावेश गरिएको छ।

क. सीमाना नियन्त्रण र सुदृढीकरण;

ख. राज्यहरूबीच सूचना आदानप्रदान गर्ने;

ग. कागजातको सुरक्षा र नियन्त्रण;

घ. कागजातहरूको कानुनी मान्यता र परीक्षण;

ङ. बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न राज्यपक्षबीच सहयोग आदानप्रदान;

च. पीडित आफ्नो नागरिक भए/नभएको सम्बन्धमा तत्काल जानकारी;

छ. अध्यागमन तथा मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा काम गर्ने कर्मचारीहरूलाई प्रशिक्षण र सुदृढीकरण र

ज. प्रोटोकलको व्याख्या तथा कार्यान्वयनका सन्दर्भमा परेका राज्यपक्षहरूबीचका कानुनी विवादहरूको वार्ताद्वारा समाधान ।

६. **मानव बेचबिखन तथा ओसारपसारको निवारण :**

भविष्यमा मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराधलाई निवारण गर्नका लागिसमेत प्रोटोकलले सम्बोधन गरेको पाइन्छ। जसअनुसार निम्नानुसारका विषयहरू समावेश रहेका छन्।

क. पीडितलाई पुन: पीडित हुन नदिने;

ख. आमसञ्चार अभियानमार्फत बेचबिखनका विरुद्ध जनचेतना जगाउने;

ग. पीडित/प्रभावित व्यक्तिहरूको सामाजिक/आर्थिक सशक्तीकरण गर्ने र

घ. पीडित/प्रभावितलाई सीपमूलक तथा रोजगारमूलक कार्यक्रममार्फत आत्मनिर्भरतामा जोड दिने आदि ।

यसप्रकार पालेर्मो प्रोटोकलले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अन्तर्राष्ट्रियरूपबाटै राज्यपक्षहरूबीचको आपसी समन्वय र सहयोगमार्फत यस सङ्गठित अपराधलाई नियन्त्रण गर्न विशेष व्यवस्था गरेको छ ।

## नेपालले गर्नुपर्ने अबको बाटो

पालेर्मो प्रोटोकलको पक्षराष्ट्र भइसकेपछि नेपाललाई अन्तर्राष्ट्रिय समन्वय र सहयोगमार्फत विदेशमा बेचबिखनमा परेका नेपाली नागरिकहरूको अधिकार र सुरक्षामा सहयोग पुग्नेछ भने अर्कोतर्फ नेपाल सरकारका पनि केही दायित्वहरू थप भएका छन्। सर्वप्रथमतः प्रोटोकलले गरेका विशेष व्यवस्थाहरूलाई आन्तरिकीकरण गर्दै एक दर्जनभन्दा बढी कानुनहरूलाई संशोधन गर्नुपर्ने छ। जसअनुसार प्रोटोकलले गरेका व्यवस्थाहरूको सम्बोधनका लागि पीडितहरूको अधिकारको संरक्षण, महिला, बालबालिका तथा अन्य जोखिममा रहेका व्यक्तिहरूको विशेष संरक्षण, पीडित विदेशी नागरिकहरूको सुरक्षा, संरक्षण र ससम्मान स्वदेश फिर्ताको व्यवस्था तथा अन्तर्राष्ट्रिय सहयोग र समन्वयका साथै सीमा सुरक्षा र अभिलेखीकरणजस्ता विषयहरूसमेत समावेश गर्नुपर्ने देखिन्छ ।

धेरैजसो संशोधन गर्नुपर्ने तथा नयाँ बनाउनुपर्ने कानुनहरूको संशोधन तथा निर्माण प्रक्रिया सम्बन्धित मन्त्रालयमार्फत अगाडि बढिसकेको छ।

प्रोटोकलले गरेका व्यवस्थाहरूको सबैभन्दा बढी भार बोकेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को संशोधनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमार्फत संशोधन विधेयकको मस्यौदा तयार भइसकेको छ। सरोकारवाला मन्त्रालय, निकायहरू तथा गैरसरकारी सङ्घसंस्थाहरू समेतसंग विभिन्न चरणमा छलफल गर्दै यो मस्यौदा तयार पारिएको हो। हाल यसलाई सम्बन्धित मन्त्रालयहरूको राय सुझावका लागि पठाइएको छ। यसबाट प्राप्त राय सुझावहरूलाई सम्बोधन गर्दै चाँडै नै यसको संशोधनको औपचारिक प्रक्रियाका लागि पेश गरिनेछ। आशा गरौं, यो विधेयक चाँडै नै आउने छ र यसमार्फत नेपाल सरकारले पालेर्मो प्रोटोकलले गरेका व्यवस्थाहरूको आन्तरिकीकरण गर्दै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा एक नयाँ फड्को मार्न सफल हुनेछ ।

***

## सन्दर्भसामग्री


१. नेपाल राजपत्र, सङ्ख्या ४, भाग ६, २०७७/०१/२९,

२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४, कानुन किताब व्यवस्था समिति

३. http://www.dop.gov.np/ne/

४. https://hr.parliament.gov.np/np

५. https://na.parliament.gov.np/np

# Gender Equality and Women Empowerment: Some Initiatives

✍ **Sita Niroula** *

## Introduction:

Gender equality is an equal existence and identity between male and female. It is an equal treatment of woman and men in laws and policies and even in behavior. The concept demands equal access of women in resources, control over the resources and participation in decision making process within families, communities, society and nation as well. Women empowerment is the process of building capacity and make them able to have access and control in power and resources with meaningful participation. The ultimate goal of empowerment is gender equality.

Gender mainstreaming is one of the important factors to reach to equality and empowerment. Gender mainstreaming is the process of assessing the implications for women and men of any planned action, including legislation, policies or programs in all areas and at all levels. It is a strategy for making women as well as men in design, implementation, monitoring and evaluation of policies and programs in political, economic and social sector so that women and men benefit equally.

In Nepalese context the government has taken lots of initiatives. The policy, laws and programs are almost enough but still the targeted group is not feeling the equality and the gender-based violence is occurring in the society. I have mentioned some of the initiatives for achieving gender equality and women empowerment as follow:

## The Constitutional provisions:

The constitution of Nepal is progressive and inclusive towards gender equality and empowerment which has provisioned the following special rights for women:

Fundamental Rights:

- "Rights of Women " with the following provisions
  - ➢ Equal right without gender-based discrimination,

* *Under Secretary, MoWCSC*

- Right to safe motherhood and reproductive health,
- Right to obtain compensation in case of suffering from violence,
- Right of participation in principle of proportional inclusion,
- Right to positive discrimination,
- Equal right to inherent property and family affairs,

- Right to Equality with the following provisions:
  - Equal right to inherent property
  - Special provisions for socially backward women; gender and sexual minorities and others
- Right to Social Justice includes right to participate in the state bodies on the basis of principle of inclusiveness.

**Other constitutional provisions for gender equality and women empowerment:**

- under social justice and inclusion, the policy of the state are priority in employment, making vulnerable women and girls self-dependent, Rehabilitation, protection and making self-reliant to the women and girls who are victim of violence and measure and value the unpaid household and care work,
- At least one third of members of federal parliament should be women,
- National Women Commission has been established as constitutional body for establishing rights of women and monitor the implementation of laws and international commitments related to women and girls empowerment,
- President and Vice-President to be from different sex or community,
- At least one woman among the Speaker and the Deputy Speaker of House of Representatives,
- At least one woman out of the Chair and the Vice-chair of National Assembly,
- One woman out of the State Speaker and the Deputy State Speaker,
- At least four members of Village Executive Committee to be women,
- At least five members of the Municipal Executives to be women,
- At least three members of District Coordination Committee to be women,
- Citizenship with identity of descent and gender by the name of mother or father,
- Special Opportunity through affirmative action in education, health, employment and social security,
- Identity and special provisions for gender and sexual minorities,
- Equal pay for equal value of work,

**Other initiatives:**

- National Gender Equality Policy, 2077 has been approved and in implementation with the objective of adopt gender responsive governance system, economic empowerment of women, elimination of gender discrimination, violence and exploitation and establish the equitable society with gender equality with enhanced structure.
- 15th periodic plan is in implementation with the objective of ensuring gender friendly governance system, ending of all forms of discriminations, violence and exploitation against women, participation and ensuring access to resource, opportunity and benefits for women .
- The government has the commitment to achieve the goal of Sustainable Development Goal (SDG) till 2030 with SDG Road Map (2016-2030) . Specially SDG 5 is related to gender equality and women empowerment.
- The government of Nepal has ratified the "The Convention on the Elimination of All Forms of Discrimination Against Women (CEDAW), 1979" in 1991 which is focused on eliminate discrimination and ensure gender equality.
- Annual Policy, programs and budget also have included various programs like women's economic empowerment, generate employment, ending gender based violence etc.
- Ministry of women, children and senior citizen, National Women Commission, Women Cell (Nepal Police), Gender Based Violence Elimination Fund, Women Protection Fund, Anti-human trafficking bureau, Ministry of Social Development in all provinces, Women and Children Division in the structure of local government, different NGOs and INGOs are currently in function for ensuring women right, gender equality, economic empowerment and preventing and responding to abuse and violations of women right.

## Some legal provisions:

Some of the laws have been enacted which are specially focused on the right of women and against gender based violence. National Penal Code, 2017 is in implementation for addressing the issues of violence against women, harmful social practices like rape, polygamy, forced marriage, child marriage, nonconsensual marriage, Chaupadi, dowry, sex selective or forced abortion, trafficking of women, sexual harassment at workplace and slavery etc. National Civil Code, 2017 is in implementation addressing the issues discrimination in wages and social security, equal

inheritance rights in property and Acid and Other Lethal Chemical Substances (Regulation) Ordinance and the Ordinance to Amend the Penal Code and Criminal Procedure Code have been enacted to control and penalize acid attack. Palermo Protocol has been ratified and the Human Trafficking and Transportation (Control) Act, 2007 is in the process of amendment. Likewise, Sexual Harassment at Workplace Prevention Act, 2015 with the provision of protecting the right of every individual to work in safe environment, Witchcraft Related Acquisition (Crime and Punishment Act),2015 prohibits accusing or assaulting a woman on charge of practicing witchcraft and stipulates a jail term for five to ten years and fine of RS. 50,000 if a person is found guilty, Right to Safe Motherhood and Reproductive Health Act, 2018 establishes the sexual and reproductive rights of women and girl. Crime Victim Protection Act, 2018, Domestic Violence (Crime and Punishment) Act 2009, Code of conduct on sexual harassment in the workplace, 2074, The Gender Violence Elimination Fund (Operation) Regulations-2019 and The Single Women Protection Fund (operation) Regulation are in implementation in this sector.

President Women Empowerment Project is in implementation focusing in gender equality and women empowerment including entrepreneurship development, livelihood improvement, employment generation, promotion of financial access, technical support, support in marketing and awareness program. Establishment of Women Entrepreneurship Facilitation Center in all local levels is another important program under the project. Heli -lifting program which has been offering free heli-rescue to pregnant and lactating women in remote districts in hilly and mountain region.

Likewise, the provision of positive discrimination has shown very encouraging result in participation of women in public organizations. Gender Focal Persons are active in all ministries in order to mainstream the gender issues and help to implement the policy, laws and programs relating to gender. Gender Responsive Budgeting is in implementation and currently it is in the process of internalization in provinces and local level as well. Hot Line Service 1145 is being run by National Women Commission for legal support to the Gender Based Violence (GBV) Survivors and victims.

In federal level, The Ministry of Women, Children and Senior Citizens is responsible for preparing policy, laws, and programs in the sector of gender equality and women empowerment. The ministry has been implementing lots of programs like awareness program with broadcasting the public service announcements for eliminating gender-based violence, women trafficking and social harmful practices through radio and television. Collaboration and coordination with related non-governmental organizations to raise awareness against gender based violence and harmful practices, campaigning against social harmful practices in coordination with province and local government, providing psychosocial counseling, running two long term rehabilitation centers and twenty one service centers for the victims of human trafficking and GBV survivors, provision

of Immediate Relief and Rescue Committee are also important initiatives taken from the ministry.

Due to the measures taken by the government, the indicators relating to gender are being improved like the gender development index is remaining as 0.886 percent, gender inequality index 0.476 percent, the literacy rate of women has reached to 57.7 percent, female labor force participation 26.3% and the maternal mortality rate is 239 (in 1,00,000 live birth). Similarly, the political participation of women is really encouraging as women occupy 33% in Federal, 34% in Provincial, and 41% in Local Legislatures. The representation of women in civil service has increased up to 26.11%.

Although government has taken lots of initiatives for ensuring gender equality and women empowerment our social structure with patriarchal mindset, harmful social practices, superstition and stigma in the society, employment generation, Mental health problem due to COVID 19, internalization and mainstreaming the issue in all level of government, Proper coordination and cooperation among the three level of government, lack of disaggregated data regarding the status of women, low institutional capacity and inadequate resources, women's trafficking etc. are remaining as challenge of this sector.

## Conclusion

Moving ahead with changing mind set, full dedication, strong will power, adequate resources, enhanced institutional capacity, highly motivated service providers, strong monitoring mechanism and fair reward and punishment system, proper implementation of policy, laws and programs can ensure women empowerment and gender equality. Partnership, coordination and collaboration among three tiers government, inter-governmental agencies and private sector, non-governmental organizations, civil society and development partners is another important factor to achieve the targeted result in this sector. Then only the establishment of just and equitable society is possible, and our national goal "Prosperous Nepal Happy Nepali" can easily be achieved.

***

# ज्येष्ठ नागरिकका समस्या र आगामी रणनीति

✍ निराजन घिमिरे, *उपसचिव*

"You don't have a future when you refuse to accept the former generation."

– Petra Hermans

## १. पृष्ठभूमि

साठी वर्ष उमेर पूरा गरेका नेपालीहरूलाई ज्येष्ठ नागरिक भनिन्छ । जीवनको ठूलो हिस्सा राष्ट्रका लागि समर्पण गरेका ज्येष्ठ नागरिकलाई जीवनको उत्तरार्धमा संरक्षण र सुरक्षा प्रदान गर्नु राज्यको दायित्वभित्र पर्दछ । २०६८ सालको जनगणनानुसार ६० वर्ष र सोभन्दा माथिका ज्येष्ठ नागरिकको कुल जनसङ्ख्या ८.१३ प्रतिशत रहेको छ । करिब २६ लाखको हाराहारीमा ज्येष्ठ नागरिकहरू रहेका छन् । ज्येष्ठ नागरिकले परिचयपत्रसँगै सामाजिक सुरक्षाभत्ता, यातायात तथा स्वास्थ्य उपचारमा छुट उपलब्ध गराउने व्यवस्थाहरू रहेका छन् ।

आफ्नो जीवनको लामो उकाली र ओरालीमा भोगेका राम्रा र नराम्रा विषयका आधारमा प्राप्त गरेका अनुभव, सीप र ज्ञानको विशाल भण्डारलाई परिवार, समुदाय र राष्ट्रले सहीरूपमा उपयोग गर्न सकेको खण्डमा ज्येष्ठ नागरिक स्वयं र परिवार, समुदाय र राष्ट्रले समेत उचित लाभ लिन सक्ने हुन्छ । ज्येष्ठ नागरिक परिवार र समाजका लागि आदर्श र पथप्रदर्शक भए तापनि त्यसअनुरूपको सम्मान र सेवा व्यवस्थापन गर्न सकिएको छैन । ज्येष्ठ नागरिकको क्षेत्रमा देखिएका विद्यमान चुनौती तथा समस्याहरू विविध रहेका छन्, जसलाई यस आलेखमार्फत उजागर गर्ने प्रयास गरिएको छ ।

## २. विद्यमान स्थिति

### (क) नीतिगत/कानुनी व्यवस्था

- नेपालको संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिकहकका रूपमा राखी ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनी व्यवस्था गरेको छ ।
- संविधानको धारा १८ को प्रतिबन्धात्मक वाक्यांशमा महिला, दलित, मधेसी, आदिवासी जनजातिलगायत ज्येष्ठ नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था रहेको छ ।
- संविधानको अनुसूची–८ मा स्थानीयतहको अधिकारको सूचीमा ज्येष्ठ नागरिकको व्यवस्थापन विषय समेटेको छ ।

---

* *उपसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय*

- दिगो विकास लक्ष्यमा ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षालगायत सुरिक्षत, समावेशी र पहुँचयोग्य हरित तथा सार्वजनिक खुला ठाउँहरूमा पहुँच सर्वसुलभ गर्ने विषय समावेश भएको छ।
- राज्यले ज्येष्ठ नागरिकको विषयलाई सम्बोधन गर्नको लागि साबिकमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय रहेकोमा हाल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भनी नामकरण गरिएको छ।
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३;
- ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५;
- ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१;
- सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्यविधि, २०७०;
- ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी (नमुना) कार्यविधि–२०७६;
- ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७४(नमुना);
- ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२;
- United Nations Principles for older Persons, 1991;
- Macau Plan of Action on Ageing, 1998;
- Madrid International Plan of Action on Ageing, 2002.

**(ख) ज्येष्ठ नागरिक कल्याणकोष :** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १७ मा ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न एक ज्येष्ठ नागरिक कल्याणकोष स्थापना गरिने व्यवस्था रहेको छ। सो कोषमा हाल रु.८१,७७,०२०/३२ रहेको छ।

**(ग) ज्येष्ठ नागरिकको क्षेत्रमा मन्त्रालयबाट विनियोजित बजेट**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट ज्येष्ठ नागरिकक्षेत्रका लागि गत तीन आर्थिक वर्षको बजेट विनियोजन निम्नानुसार रहेको छ ।

| आ. व. | | | कैफियत |
|---|---|---|---|
| २०७५/७६ | २०७६/७७ | २०७७/७८ | |
| विनियोजन: १ करोड ५९ लाख<br>अनुदान: रु.१ करोड १७ लाख) | विनियोजन: ५ करोड ९८ लाख<br>अनुदान: रु.५ करोड ९६ लाख) | विनियोजन: ७ करोड ८२ लाख<br>अनुदान: रु.७ करोड २१ लाख) | |

**(घ) आ. व. २०७७/७८ को हालसम्मको प्रगति**

- ५० शय्या र ५०० जना क्षमताको ज्येष्ठ नागरिक अस्पतालसहित वृद्धाश्रम निर्माण गर्न पशुपति विकास कोषले काठमाडौंको गोठाटारमा उपलब्ध गराएको १० रोपनी जग्गाको घेराबार गरी विस्तृत परियोजना प्रतिवेदन तयार भइरहेको।
- ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि तयार गरी सोबमोजिम प्रदेश सामाजिक विकास मन्त्रालयबाट प्राप्त प्रस्तावमध्येबाट ११ स्थानीयतहमा रकम उपलब्ध गराइएको। मिलनकेन्द्रको

सङ्ख्या २११ पुगेको।

- असहाय १०५ जना ज्येठ नागरिकलाई मन्त्रालय अन्तर्गतको पशुपति वृद्धाश्रममा पालनपोषण र संरक्षण गरिएको ।
- नेपालको मुलुकभरमा रहेका विभिन्न ज्येष्ठ नागरिक आश्रम, वृद्धाश्रम, दिवासेवा केन्द्रहरूको संस्थागत सुदृढीकरण, कार्य सञ्चालन गर्न संस्थागत सहयोग अनुदान उपलब्ध गराउँदै आइएको छ। चालु आ. व. मा ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने ३४ संघसंस्थालाई सम्बन्धित स्थानीयतहमा अनुदान पठाइएको।
- ज्येष्ठ नागरिकलाई लक्षित गरी विभिन्न सरकारी अस्पतालमा (Geriatric ward) स्थापना गरी सेवा प्रदान गरिदै आएको छ ।
- ज्येष्ठ नागरिककल्याण कोषको स्थापना भएको छ।

## ३. सरोकारवालासँगको सम्बन्ध

- ज्येष्ठ नागरिकका विषयमा निर्माण हुने ऐन कानुन नीति आदिमा सरोकारवाला संघसंस्थाहरूका प्रतिनिधिहरूसँग अन्तर्क्रिया गर्ने र त्यसबाट आएका विषयवस्तुहरूलाई समेट्ने गरिएको छ।
- विपन्न, असहाय, बेवारिसी ज्येष्ठ नागरिकहरूलाई संरक्षण संरक्षण गर्दा सरोकारवाला संघसंस्थाहरूसँग समन्वय गर्ने गरिएको। सो कर्यका लागि विगत दुई वर्षदेखि मानव सेवा आश्रमलाई वार्षिकरूपमा अनुदान उपलब्ध गराइएको।
- वृद्धाश्रम, दिवासेवा केन्द्रहरूलाई वार्षिकरूपमा अनुदान दिने र कोही र केही नभएका ज्येष्ठ नागरिकहरूको संरक्षण गर्ने सम्बन्धमा ती संस्थासाग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरिएको छ।

## ४. विद्यमान समस्या तथा चुनौती

ज्येष्ठ नागरिकसम्बन्धी विद्यमान कानुन, आवधिक योजना, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय घोषणा, प्रतिबद्धताअनुरूप ज्येष्ठ नागरिकको विषयमा राज्यले विभिन्न नीति, रणनीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आए तापनि पर्याप्त मात्रामा कार्य गर्न नसकिरहेको अवस्था विद्यमान रहेको छ।

### नीतिगत समस्या

- सङ्घीय प्रणालीअनुकूल हुने गरी संशोधनका लागि पेस भएको ज्येष्ठ नागरिकसम्बन्धी ऐन स्वीकृत हुन नसक्दा नीतिगत अन्योलता र अस्पष्टता रहेको ।
- ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्दो अवस्थामा भए पनि यसलाई सम्बोधन गर्ने पर्याप्त कार्यक्रम, स्रोतसाधन र ज्येष्ठ नागरिकमैत्री विभिन्न कार्यक्रममा छरिएको अवस्थामा रहेको।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण गर्न नसकिएको ।
- सामाजिक/पारिवारिक संरचनामा आएको परिवर्तनका कारण संयुक्त परिवारबाट एकल परिवारको प्रथाले स्थान पाउँदै गएको र सन्तानले बाबु आमाप्रति पूरा गर्नुपर्ने दायित्व वहन र हेरचाहमा क्रमशः ह्रास हुँदै गएको।
- बुढ्यौलीका कारण लाग्ने विभिन्न रोगहरूको समयमा निदान र उपचारको यथोचित व्यवस्था हुन नसकेको ।

- ज्येष्ठ नागरिकप्रति गर्नुपर्ने श्रद्धा, सम्मान र सकारात्मक सम्बोधनमा ह्रास आएको ।
- ज्येष्ठ नागरिकको ज्ञान र सीप हस्तान्तरणको उपयुक्त मोडालिटि तय हुन नसको ।
- दीर्घकालीन योजना, नीति, नियम र कानुनको प्रभावकारी कार्यान्वयनका निमित्त उपयुक्त समन्वयको अभाव रहेको ।
- स्तरीय एवं उपयुक्त वृद्धाश्रम, मिलन केन्द्र/दिवा सेवा केन्द्र तथा क्लबहरूको संस्थागत र दिगो विकास हुन नसकेको ।

**व्यवहारगत समस्या**

- निश्चित सरकारी अस्पतालहरूमा जेरियार्टिक वार्ड सञ्चालनमा रहे पनि सबै सरकारी तथा निजी अस्पतालहरूमा यो कार्यक्रम सञ्चालन हुन नसक्नु ।
- विभिन्न अस्पतालमा नेपाल सरकारले तोकेको सुविधामा एकरूपता नहुनु । ६० वर्ष पुगेका ज्येष्ठ नागरिकले सरलरूपमा सुविधा उपलब्ध हुन नसक्नु ।
- यातायात सुविधाको प्रभावकारी अनुगमन हुन नसक्नु । हवाई क्षेत्रमा यो सुविधा उपलब्ध हुन नसक्नु ।
- ज्येष्ठ नागरिक संरक्षणसम्बन्धी केन्द्रीय तथा जिल्लागत समितिहरू सञ्चालनमा आउन नसक्नु ।
- असहाय, विपन्न ज्येष्ठ नागरिकहरूलाई सहयोग र राहतका लागि स्थापना भएको ज्येष्ठ नागरिक कल्याणकोष राम्रोसँग सञ्चालनमा आउन नसक्नु ।
- ज्येष्ठ नागरिकको सामान्य जानकारी, उमेर, विज्ञता, गम्भीर प्रकारका रोगहरूबाट पीडित, परिवारमा आश्रित, एकलरूपमा बस्ने, वृद्धाश्रमा आश्रित आदि खुल्नेगरी यकिन तथ्याङ्क उपलब्ध नहुनु ।
- ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप, अनुभव पहिचान र त्यसको उपयोग हुन नसक्नु ।
- ज्येष्ठ नागरिकहरूले प्राप्त गर्ने सेवासुविधाहरूका सम्बन्धमा एवं सञ्चालनमा रहेको वृद्धाश्रमहरूको नियमन र समन्वय प्रभावकारी हुन नसक्नु ।
- ज्येष्ठ नागरिकहरूको लागि कानुनद्वारा प्रदत्त व्यवस्थाहरू प्रभावकारी कार्यान्वयनका लागि संयन्त्रहरूको अभाव हुनु ।
- असहाय, विपन्न, विपत्/ द्वन्द्वपीडित ज्येष्ठ नागरिकहरूको समस्या सम्बोधन हुन नसक्नु ।
- ज्येष्ठ नागरिकप्रति परिवार र समाजले पुऱ्याउनु पर्ने सेवा सुविधाका सम्बन्धमा हेरचाह गर्ने प्रशिक्षण (Care Giver Training) यथेष्ठ मात्रामा सञ्चालन हुन नसक्नु ।
- गैरसरकारी संस्था /अन्तरनिकायबीचको समन्वय हुन नसक्नु ।
- सम्बद्ध निकायहरूमा ज्येष्ठ नागरिकका विषयले कम चासो प्राप्त गर्नु ।
- ज्येष्ठ नागरिकसँग सम्बन्धित संघसंस्थामा जाने अनुदान स्थानीयतहमार्फत जाने भएकाले यसको कार्यान्वयका सम्बन्धमा प्रभावकारी अनुगमन हुन नसक्नु ।

**चुनौतीहरू**

- ज्येष्ठ नागरिकको सङ्ख्या वृद्धि हुँदै जाँदा सोअनुरूपको सेवासुविधा र सुरक्षाको पर्याप्त व्यवस्था गर्नु ।
- ज्येष्ठ नागरिकको स्वास्थ्य, रेखदेख, सुरक्षा, दिवासेवा केन्द्र, क्लब, आरोग्य आश्रमको व्यवस्था र बुढ्यौलीमा हुने मनोवैज्ञानिक समस्याको प्रभावकारी सम्बोधन गर्नु ।
- ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य र उनीहरूको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु ।
- ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति गरी उनीहरूको जीवनलाई सहज र सरल र मर्यादित बनाउनु ।
- ज्येष्ठ नागरिहरूप्रति समुदाय/समाजमा सकारात्मक भावनाको विकास गर्नु ।

## ५. सुधारका रणनीति

उल्लिखित समस्याहरूको सामना गर्न ज्येष्ठ नागरिकहरूको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्दै संविधानप्रदत्त हक प्राप्तिमा सुनिश्चितता ल्याउन निम्नानुसार कार्यहरू गर्नुपर्ने देखिन्छ:

### क) नीतिगत सुधार

- ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा र संरक्षणका **ज्येष्ठ नागरिक संरक्षण नीति** बनाउनु पर्ने ।
- ज्येष्ठ नागरिकसम्बन्धी पाँच वर्षे ठोस कार्ययोजना बनाई लागु गर्नुपर्ने । यो कार्यक्रमको लागि आ. व. २०७७/७८ को वार्षिक कार्यक्रममा समावेश भएको छ ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको उपयोग गर्नसमेत हुने गरी ज्येष्ठ नागरिकलाई स्थानीय विकास निर्माणका क्रममा गठन हुने उपभोक्ता समितिमा सहभागिता सुनिश्चित गर्ने ।
- सार्वजनिक भवन, स्थल, कार्यालयहरूको पूर्वाधार तयार गर्दा ज्येष्ठ नागरिकमैत्री बनाउनु पर्ने नीति अवलम्बन गर्ने ।
- नेपालीको औसत आयु वृद्धि भएसँगै ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्ने योग्य उमेरसमेत सोहीअनुसार वृद्धि गर्दै जानु पर्ने ।
- मन्त्रालयले ठोस, उपलब्धिमूलक र ज्येष्ठ नागरिककले अनुभूति गर्न सक्ने खालका कार्यमा जोड दिनु पर्ने ।

### ख) कानुनी सुधार

- संशोधनको लागि विधेयको रूपमा पेस भएको ज्येष्ठ नागरिकसम्बन्धी ऐनलाई जतिसक्दो चाँडो स्वीकृत गराई अन्य नीति निर्माणमा सहजता ल्याउनु पर्ने ।
- ज्येष्ठ नागरिकहरूलाई प्रदान गरिने परिचयपत्रबाट प्राप्त सुविधाका सम्बन्धमा एकीकृत कार्यविधि तयार गर्ने ।
- ज्येष्ठ नागरिक अवास गृह (वृद्धाश्रम) निर्माणसम्बन्धी मापदण्ड तयार गर्ने ।
- ज्येष्ठ नागरिकलाई कानुनबमोजिम प्राप्त हुने सेवासुविधा, अन्तर्राष्ट्रिय प्रतिबद्धताबमोजिमका हक अधिकार प्राप्तिको सुनिश्चितताका लागि मन्त्रालयले समन्वय, अनुगमन र नियन्त्रणमा नेतृत्वदायी भूमिका निर्वाह

गर्नेगरी सुविधासम्बन्धी मापदण्ड सुधार गर्ने (परिचयपत्र वाहकले प्राप्त गर्ने स्थल तथा हवाई यातायात, स्वास्थ्य सुविधाहरू) ।

- विद्यमान ज्येष्ठ नागरिक कोष सञ्चालन कार्यविधिमा परिमार्जन गर्ने ।

## ग) संस्थागत सुधार

- ज्येष्ठ नागरिक संरक्षणसम्बन्धी केन्द्रीय तथा जिल्लागत समितिहरूलाई पुनर्गठन गरी क्रियाशील गराउने ।
- मन्त्रालयमा रहेको ज्येष्ठ नागरिक संरक्षण शाखालाई साधनसम्पन्न गराउनु पर्ने ।
- विद्यमान ज्येष्ठ नागरिक कोषलाई प्रभावकारी बनाई ज्येष्ठ नागरिक संरक्षण र सामाजिक सुरक्षाका लागि उपयोग गर्नुपर्ने ।
- ज्येष्ठ नागरिक Help line सञ्चालन गरी बेवारिसी ज्येष्ठ नागरिकहरूलाई संरक्षण गर्ने व्यवस्था मिलाउने ।

## घ) पूर्वाधार निर्माण सुधार

- विपन्न, असहाय तथा बेवारिसी ज्येष्ठ नागरिकहरूलाई राज्यको तर्फबाट **प्रत्येक प्रदेशमा ज्येष्ठ नागरिक अस्पतालसहितको आश्रम आरोग्य आश्रम** सञ्चालन हुनुपर्ने ।
- सबै स्थानीयतहमा ज्येष्ठ नागरिक मिलन केन्द्रहरू सञ्चालनमा ल्याउने ।

## ङ) सेवा सुविधाको सहज उपलब्धता र एकरूपता ल्याउने

- स्वास्थ्य मन्त्रालय, नेपाल मेडिकल काउन्सिललगायत सरोकारवालासँगको सहकार्यमा विभिन्न अस्पतालमा नेपाल सरकारले तोकेको सुविधामामा एकरूपता ल्याउन मापदण्ड तयार गर्ने ।
- सबै क्षेत्रमा उमेर पुगेका ज्येष्ठ नागरिकले सरलरूपमा सुविधा उपलब्ध हुने व्यवस्था मिलाउने ।
- यातायात सुविधाको प्रभावकारी अनुगमन गर्न मन्त्रालयले नेतृत्वदायी भूमिका लिने । हवाई क्षेत्रमा यो सुविधा उपलब्ध गराउने ।
- सुविधालगायतका विषयमा गुनासो सुन्न हटलाइनको व्यवस्था गर्ने ।

## च) स्वस्थता र जीवनमा सहजता ल्याउने

- एक सयभन्दा बढी शय्या भएका सरकारी अस्पतालमा ज्येष्ठ नागरिक वार्ड र निजी क्षेत्रका अस्पतालमा कम्तीमा १० प्रतिशत शय्याको व्यवस्था र सहुलियत दरमा उपचार हुने व्यवस्था मिलाउने ।
- विभिन्न प्राकृतिक प्रकोपमा, आन्तरिक द्वन्द्वहरूमा ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षालाई प्राथमिकता दिने ।
- ज्येष्ठ नागरिक स्याहारकर्ता परिवार एवं आश्रम सञ्चालकहरूका लागि स्याहारकर्ता (care giver) तालिम प्रदान गर्ने ।
- कोभिड-१९ रोग जस्ता विषम परिस्थितहरूमा आवश्यक पर्ने सामग्रीहरू (सर्जिकल मास्क,

स्यानिटाइजर, हात धुने साबुन), नियमितरूपमा सेवन गर्नुपर्ने औषधि, खाद्यान्न सजिलै उपलब्ध गराउनु पर्ने ।

- परिवारका सदस्य, समाज, स्वास्थ्य प्रदायक संस्था, सरोकारवाला संघसंस्था र सरकारी निकायहरूले खेल्नु पर्ने भूमिकाका बारेमा प्रचारप्रसार गर्नुपर्ने ।
- ज्येष्ठ नागरिकको जीवन सहज र सरल बनाउन सहयोग पुग्ने सहायक सामग्रीहरू लट्ठी, ह्विलचियर, वाकर आदि सम्बन्धित स्थानमा नै सर्वसुलभरूपमा उपलब्ध गराउने ।
- ज्येष्ठ नागरिकले प्राप्त गर्ने स्वास्थ्य सुविधा पाएनपाएको सम्बन्धमा अनुगमन गर्ने ।

## छ) आर्थिक सबलीकरण

- ज्येष्ठ नागरिकहरूले आफूसँग भएको ज्ञान, सीप प्रयोग गरी उद्यम-व्यवसाय वा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्न चाहेमा सहुलियतरूपमा ऋण उपलब्ध गराउने ।
- विद्यमान सामाजिक सुरक्षा भत्तालाई समयसापेक्ष बनाउनु पर्ने ।

## ज) ज्ञान, सीप र अनुभवको उपयोग गर्ने

- ज्येष्ठ नागरिकहरू ज्ञान, सीप र अनुभवको प्रदेशगत डिजिटल प्रोफाइलिङ गर्ने ।
- ज्येष्ठ नागरिकहरू ज्ञान, सीप र अनुभव उच्च शिक्षामा पाहुनाकक्षाको रूपमा केही कक्षाहरू लिन लगाई नयाँ पुस्तामा हस्तान्तरण गराउने कार्यक्रम सञ्चालन गर्ने ।

## झ) सम्मान अभिवृद्धि गर्ने

- ज्येष्ठ नागरिकसम्बन्धी विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐन, कानुन र सेवासुविधा आदि विषयमा जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालनमा ल्याउनु पर्ने ।
- विद्यालयस्तरमा हुने पठनपाठनमा नैतिक शिक्षालाई अनिवार्य समावेश गराउनु पर्ने र सो पुस्तकमा ज्येष्ठ नागरिकहरूको महत्त्वलगायतका पाठहरू समावेश गर्नु पर्ने ।

## ञ) समन्वय र सहकार्य अभिवृद्धि गर्ने

- नीति निर्माण र कार्यक्रम सञ्चालनमा प्रदेश र स्थानीयतहका सरकारसँग सहकार्य गर्ने ।
- ज्येष्ठ नागरिक हकहितका विषयमा नीति तथा कानुन निर्माण एवं विभिन्न तालिम एवं जनचेतनामूलक कार्यक्रमहरू सञ्चालनमा महासंघलगायत सरोकारवाला संघसंस्थासँगको सहकार्य थप घनिभूत र नतिजामूलक बनाउने ।
- विपन्न, असहाय, बेवारिसी ज्येष्ठ नागरिकहरूलाई संरक्षण संरक्षण गर्दा मानव सेवा आश्रमलगायत संस्थासँगको सहकार्यलाई थप प्रभावकारी बनाउने ।

**ट) अनुगमन प्रभावकारी बनाउने**

- कानुनबमोजिम स्थापित अनुगमन/नियमन संयन्त्रहरू (समितिहरू) लाई क्रियाशील बनाउने ।
- ज्येष्ठ नागरिकले कानुनबमोजिम प्राप्त गर्ने सुविधाहरू, वृद्धाश्रम र मिलनकेन्द्रको अनुगमन गर्ने ।

## निष्कर्ष

ज्येष्ठ नागरिकको विषयलाई उच्च प्राथमिकता दिई प्रष्ट कार्ययोजनासहित कार्य गर्नुपर्ने अवस्था रहेको छ। ज्येष्ठ नागरिकहरूका ज्ञान, सीप र अनुभवलाई सामाजिक र आर्थिक विकासमा उपयोग गरी जीवनस्तर सहज, सुरक्षित र सम्मानित बनाउन दीर्घकालीन अवधारणा तयार गर्नुपर्ने देखिन्छ। उल्लिखित समस्याहरूको सामना गरी ज्येष्ठ नागरिकहरूको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्दै संविधानप्रदत्त हक प्राप्तिमा सुनिश्चितता ल्याउन सरकारी, गैरसरकारी, निजी क्षेत्र एवं नागरिक समाजलगायत सबै पक्षले हातेमालो गरी अगाडि बढ्नु पर्ने देखिन्छ ।

***

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सरकारको फड्को

✍ अन्जु ढुंगाना*

चराहरूको चिरबिरसँगै बिहानै ब्युझिएँ । बिहान करिब ४ बजेको हुँदो हो महिला तथा वालबालिका कार्यालय सिन्धुपाल्चोक चैताराको भवनबाट चियाउँदा यसअघि कहिल्यै नसुनिएको कल्याङकुलुङ हल्लाखल्ला सुनियो । उज्यालो हुनेबित्तिकै ढोका खोलेँ । बाहिर घिमिरे बाको पसलमा सोधेँ । २७ असार २०६९ का दिन सिन्धुपाल्चोक जिल्ला साबिक शिखरपुर निवासी प्रेम भनिने बजिर सिंह तामाङको जिल्ला अदालत सिन्धुपाल्चोकमा बहस पैरबी, सुनुवाइ र निणर्य हुने दिन रहेछ । ओहो कति हो घुइँचो टुडिखेलदेखि कुबिन्डे चोकसम्म । कहिल्यै नदेखिएका नयाँनयाँ अनुहार । कुख्यात मानव तस्कर बजिर सिंहको मुद्दामा सुनवाइ हुने दिन । पीडित किशोरीका तर्फबाट जिल्ला न्यायधिवक्ताका साथ सेलडका तर्फबाट प्राइभेट वकिल समेतको सहभागिता भएको थियो । स्थानीय प्राइभेट वकिलका साथ काठमाडौंमा नाम चलेका ४/५ जना प्राइभेट वकिलसहित दिनभरिको निरन्तर बहस पैरबी । पटकपटक बलात्कारजस्तो जघन्य घटना दोहऱ्याइ रहँदा पीडितलाई थप पीडाबोध हुने भएकाले बन्द इजालास र बहस पैरबीकै क्रममा किशोरीहरूले प्रहरीमा एक वर्ष अगाडि दिएको बयानको अडियो रेकर्ड सुन्ने व्यवस्थासमेत मिलाइएको थियो । पीडित बालिका र किशोरीको बयान, सबुद र साक्षीसमेत प्रमाण बुझी कुख्यात अपराधी प्रेम भनिने बजिर सिंह तामाङलाई सुनुवाइको परिधिभित्र रहेर जिल्ला अदालतबाट मिति २०६९/३/२७ मा मानव बेचबिखन मुद्दामा एक Land Mark फैसला भयो । उक्त फैसलामा थुप्रै चेलीहरूलाई वैदेशिक रोजगारीको सिलसिलामा विदेश पठाइदिन्छु भन्दै भारतको सहिदनगर र आगरा कोठीमा पुऱ्याउने, कोठी सञ्चालन गर्न किनबेच गर्ने र जबरजस्ती यौन कार्यमा लगाउनेजस्ता निष्कृष्ट अपराधमा संलग्न कुख्यात अपराधी बजिर सिंह तामाङलाई विभिन्न ६ वटा मुद्दाहरूमा गरी १७० वर्ष कैद सजायको फैसला भयो ।

साझ करिब ५ बजे अदालत परिसरमै कुख्यात मानव तस्कर बजिर सिंह तामाङले ठूलो गौरवको काम गरे झै मुसुक्क हासेर श्रीमान् म पुनरावेदन त जान पाउँछु नि ? भनी प्रश्न गऱ्यो । न्यायधीशज्यूले अवश्य पाउनु हुन्छ भन्नु भयो ।

मेरो मानसपटलमा त्यो कहाली लाग्दो दिन रिल जस्तै घुम्न थाल्यो । सोह्रखुट्टे प्रहरीले २०६८ वैशाख महिनाको पहिलो साता बजिर सिंहलाई समात्यो । उजुरी दिने किशोरीहरू महिला तथा बालबालिका कार्यालय सिन्धुपाल्चोकद्वारा शक्ति समूहमार्फत सञ्चालन गरिएको चौतारास्थित पुनर्स्थापना केन्द्रको संरक्षणमा हुनुहुन्थ्यो । बजिर सिंहलाई सोह्रखुट्टेबाट सिन्धुपाल्चोक चौतरामा ल्याई हिरासतमा राखियो । बजिर सिंह चौतारा आएसँगै विभिन्न माध्यमबाट किशोरीहरूका अभिभावकलाई बयान फेर्न त्रास, दबाब र धम्की दिने गरेको । म जसरी पनि पैसा खुवाएर निस्कन्छु । तेरो परिवार ध्वस्त पारिदिन्छु भनी धम्क्याउने गरेको भनी पीडितमध्येकी एक किशोरीकी आमा कार्यालयमा आई रुँदै सुनाउनु भयो । एक दिन दिउँसोको करिब १२ बजेको हुँदो हो प्रारम्भिक बयानका लागि ६ जना किशोरीहरूलाई जिल्ला प्रहरी कार्यालयमा

* प्रमुख महिला विकास अधिकृत, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

ल्याइयो। प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षकले कसरी बेचबिखन भयो भनी प्रश्न के गर्नु भएको रहेछ घटना बताउदै गर्दा ४ वर्ष अगाडिको घटना फ्ल्यास ब्याक भई २ जना किशोरी बेहोश हुन पुगेछन्। अत्तालिँदै शक्ति समूहकी प्रमुख मुनु लामाले मेरो मोबाइलमा फोन गरी बेलिबिस्तार लगाइन्। हतारहतार ३/४ प्याकेट ग्लुकोज किनेर दौडिँदै जिल्ला प्रहरी कार्यालयमा पुगेको बेहोश २ किशोरीलाई पानी छम्कँदै गरेर मुनु बसिरहेकी रहिछन्। बिस्तारै किशारीहरूले आखा खोले। ग्लुकोज पानी तयार गरी खुवाइयो। केही समय महिला प्रहरीको कक्षमा आराम गर्ने व्यवस्था मिलाइयो। प्रहरी प्रमुखसँगको छलफलपश्चात् महिला सेलकी प्रहरी जवान र हाम्रो सहभागितामा प्रश्न सोध्ने र त्यही जवाफलाई रेकर्ड गर्ने व्यवस्था मिलाइयो। पीडितमध्येकी सबैभन्दा कम उमेरकी किशोरी निमा श्रेष्ठ (नाम परिवर्तन) बल्ल ८ वर्षकी थिइन्।

गाँउकै विद्यालयमा कक्षा ३ मा पढ्दै गरेकी बालिकालाई भारतमा बोडिंग स्कुलमा पढाइदिने प्रलोभनमा पारी आमासँग ललाइफकाइ रक्सौलको बाटो हुँदै भारत पुऱ्याएछ। बजिरले नै रिक्सामा काखमा राखेको थियो रक्सौल बोर्डरमा चेकजाँच हुँदा को हो भनी सोध्दा छोरी भनी बताएको कुरा बयानकै क्रममा निज किशोरीले भनिन्। त्यसरी काखमा राखेर नाका कटाई भारतको सहिदनगरस्थित आफैले सञ्चालन गरेको कोठीमा पुऱ्यायो। आठ वर्षीया बोडिंग स्कुलमा पढ्ने सपना बोकेर भारत पुगेकी ती अबोध किशोरीलाई निर्मम तरिकाले निरन्तर एक महिना आफैले बलात्कार गरेको दर्दनाक घटना सुनाउँदा निमाको अनुहारमा आक्रोश झल्किन्थ्यो। पटकपटक भक्काको पारेर रुँदै आँसु पुछदै पुनः सम्हालिदै उनले सविस्तार बयान सुनाइन्। पीडितमध्येकी अलि उमेर पुगेकी अर्की किशोरी निरा बि.क. (नाम परिवर्तन) उनको बयान सुन्दा हामीलाई कुनै चलचित्रको कहानी जस्तै लाग्यो। १४ वर्षीया निराको परिवार गरिवीको चपेटमा थियो। परिवारमा धेरै जहान। दुई छाक खान पनि धौ धौ। उनलाई राम्रो जागिर लगाइदिने प्रलोभनमा दलालले भारत पुऱ्याएको रहेछ। भारतको सहिदनगरको कोठीमा एक दिन स्थानीय गुण्डा ग्राहकको रूपमा उनको कोठीमा आएछ। उसले मायालु स्वरमा घर ठेगाना र कसरी यहाँ आइपुग्यौ भनी सोधेछ। निराले सबै कुरा बताइन् र आफूलाई यो काल कोठरीबाट निकाल्ल अनुनयविनय गरिन्। उनको सबैकुरा सुनेपश्चात् उक्त व्यक्तिले पछाडिको झ्यालबाट डोरीको सहाराले निरालाई भगाउन सफल भएछ। निरा उसैसँग विवाह गरेर बसिन्। करिब ६ महिनापश्चात् भोकाएको बाघझैँ निरालाई खोज्दै बजिर उनको श्रीमान् नभएको मौका पारी डेरामा नै आइपुग्यो। मैले नेपालबाट तेरी कान्छी बहिनीलाई लिएर आएको छु। दिदीसँग भेट्ने भन्दै रोइरहेकी छ भनी बजिरले भन्यो। १० वर्षीया कलिली बहिनी पनि आफूजस्तै नारकीय जीवनमा होमिनु पर्ने चिन्ताले निरा बहिनी भेट्न जान राजी भइन्। बजिरले बहाना मात्र बनाएको रहेछ बजिरले निरालाई पुनः धन्दामा लगायो। त्यसपछि बजिर पुनः दूरदराजमा रहेका गाँउका अबोध चेलीहरूलाई लाइफकाइ प्रलोभनमा पार्न नेपाल आएको समय थियो। निरालाई खोजी गर्दै पुन ग्राहकका रूपमा श्रीमान कोठीमा आइपुगे। तिमीलाई जसरी पनि यस दलालले सुखसँग बाँच्न नदिने भयो बरु मैले तिमीलाई नेपालको बोर्डरसम्म पुऱ्याइदिन्छु। आमा बाबुसँगै नेपालमा बस्नु भनी रक्सौलसम्मको रेलको टिकट काटेर रेलमा पठाइ दिए। उनै निराले नेपाल आउनेबित्तिकै दिएको लिखित उजुरीको आधारमा बजिर सिंहको खोजी भयो र नेपाल प्रहरीले समात्न सफल भएको विवरण पीडित निराले सुनाइन्।

जिल्ला अदालत सिन्धुपाल्चोकको उक्त Land Mark फैसलापश्चात् महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव बालानन्द पौडेलज्यूले हर्ष र खुसी हुँदै जिल्ला न्यायाधीशज्यू र हामीलाई टेलिफोनमार्फत बधाई तथा धन्यवाद दिनु भयो। उक्त फैसलाले नेपाल मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी प्रभावकारी कानुन र कानुनको कार्यान्वयनसमेत प्रभावकारी नै भएको मुलुकका रूपमा स्तरोन्नति भई अमेरिकाबाट प्रकाशित हुने TIP रिपोर्टमा TIP 3 बाट TIP 2 मा मा प्रवेश गरेको बताउनु भयो। सो फैसला नेपालको न्यायिक इतिहासमा सबैभन्दा बढी कैदको सजाय गर्ने फैसला हुन पुगेको Milestone सरह भयो।

**बेचबिखन प्रक्रियाका चरणहरू**

मनले अवलोकन गरी विश्लेषणात्मक परिवेशबाट चिन्तन गर्दा मानव बेचबिखनको प्रक्रियामा निम्नलिखित पाँच चरण पूरा भएको देखिन्छ ।

बेचबिखनको पहिलो चरणमा आपराधिक व्यक्तिले प्रेमको बहाना, विवाहको नाटक, अभिभावकत्वको ग्रहण, शिक्षा स्वस्थ्य र नोकरीजस्ता प्रलोभनहरूको आकर्षण (Pull factor) र न्यूनतम अवसर, अति गरिवी, साक्षरताको कमी, सामाजिक तथा सांस्कृतिक अवस्थाको दयनीयता, घरेलु हिंसा, सम्बन्ध विच्छेद, लोग्नेद्वारा अपहेलितजस्ता Push factor को फाइदा उठाएको देखिन्छ । तिनीहरूलाई पीडित (Victim) ले नजिकैबाट चिनेका हुन्छन् । यस्तो अवस्थामा उनीहरूको दयनीय पीडा सुनिदिएको खण्डमा मात्र पनि सजिलै मन जित्न सक्ने अवस्था रहन्छ भने नोकरी प्रलोभन त यिनीहरूको बहकिएको मन जित्ने ब्रह्मस्त्र नै हुन पुग्दछ । यस चरणमा संलग्न व्यक्तिहरू तिनै हुन्छन् जुन पीडितका आफ्नै गाउँघरका छिमेकी भएर बसेका हुन्छन् । दुःख सुखमा सँगै काम गर्ने साथीहरू र शिक्षा दीक्षा खानपिन र रहनसहनको ठेक्का लिएका अभिभावकहरूका साथसाथै आफ्नै हाडानाता भित्रका इष्टमित्रहरू जस्तैः– सानीआमा, मामा, काका, दाजुभाइ, आमाबुबा समेतको त्यस कार्यमा संलग्नता रहेको भेटिन्छ । तर पछिल्लो समयमा पीडितहरूबाट खुल्न आएको तथ्यहरूतर्फ नजरअन्दाज गर्ने हो भने बाबुआमा र दाजुभाइहरू पैसाको प्रलोभनमा हातैमा पैसा बुझेर आफ्ना चेलीहरूलाई विदेश पठाउने गरेका पाइएको छ । यसरी विदेशिनेहरूमा विशेष गरी दलित र जनजाति समुदायका युवतीहरू नै बढी प्रभावित भएका छन् । तर यी चेलीहरू वैदेशिक रोजगारीको बहानामा विदेशी कोठीहरूमा पीडित भएका तथ्यहरू एकाएक खुल्दै आएका छन् ।

बेचबिखन प्रक्रियाको दोस्रो चरणमा Traffickers ले गाउँको साहुको ऋण तिरी दिने, राहदानी बनाउने जस्ता कार्यहरूमा पैसा खर्च गर्न अग्रसरता देखाई विदेश लैजादा लाग्ने लगानीलाई समेत आफैले बेहोर्न सक्ने किसिमको वातावरण सिर्जना गरी विश्वस्त पारिसकेका हुन्छन् । गाउँबाट हिडाँएर नजिकैको सहर जोरपाटी, कपन, चावहिलस्थित आफन्तको घर वा कोठामा २–५ दिनसम्म राख्दा रहेछन् । त्यति समयभित्रमा पीडित व्यक्तिलाई सरसामान खरिद गर्ने बहाना दर्साइरहेका हुन्छन । तर वास्तविकता आफ्नो तालमेल मिलाउने प्रक्रियातर्फ उन्मुख हुन्छ । जुन पीडितले पत्तै पाउने अवस्था रहँदैन । बेचबिखनको यो प्रक्रियासम्म उनीहरूसँग आफूसँग परिचित भएका व्यक्तिहरू नै रहेका हुन्छन् ।

तेस्रो चरणमा यातायातको प्रयोग होसियारीसाथ नाटकीय ढङ्गले गरेका हुन्छन् । सकेसम्म रात्रीबसबाट यात्रा गर्ने गर्दछन् । रातको यात्रामा निद्रा लाग्ने, निद्रा नलागेमा निद्रा लाग्ने औषधी वा लठ्ठ पार्ने औषधी कुनै खाद्य वा पेय पदार्थमा मिसावट गरी तथा वान्ता नहुने औषधी भनी नजानिँदो किसिमले खुवाउने गर्दछन् । राजमार्गको सुरक्षा जाँच प्रहरीले होस् वा संरक्षण वा नियन्त्रणमा लागेका सङ्घ संस्थाले सोधखोज गरेका बखत होस् गहकिलो र पत्यारिलो जवाफ दिन्छन् । पीडितलाई पहिले नै यसो भन्नु भनी पाठ सिकाएका हुन्छन र बसको अन्तिम स्टपसम्म पुऱ्याउँछन् ।

बेचबिखनको चौथो चरणमा नेपाल भारतको नाका सीमामा पार गर्न अपाउनुपर्ने चलाखीपनलाई समेटिएको छ । यस चरणमा रिक्साको यात्रा, भारतमा रहेका आफन्तसँगको भेटघाट, औषधोपचार, शैक्षिक संस्था बिदा भएकाले विदा मनाउन, लोग्नेले बोलाएकाले भेटघाट गर्न, व्यापारको सिलसिलामा लगायत मामा, आमा, बाबु, लोग्ने, दाजु, भाइ, अंकल, सानीआमा जस्ता नजिकको नाता सम्बन्ध दर्साई सीमा सुरक्षा बलको शंकालाई दूर बनाउने गर्दछन् ।

बेचबिखनको अन्तिम चरणमा गन्तव्य (Destination) सम्म पुऱ्याउँदा रहेछन् । सँगै गएका आफन्त भनिएकाहरू खल्तीमा खर्च कुम्ल्याई एक्लै फर्कन्छन् । आफू बसेको कोठामा नचिनेको नौलो मानिस शारीरिक सम्बन्ध राख्न आउँदा अनि

मात्र आफू बेचिएको थाहा पाउँदछन् । यसरी थाहै नपाई बेचिएकाहरू विभिन्न किसिमका यातनाहरूको भोगाइले जबरजस्ती यौनकार्यमा संलग्न भई नारकीय जीवन बिताउन बाध्य हुन्छन् ।

## मानव बेचबिखन र ओसारपसारविरुद्ध भएका नीतिगत तथा कानुनी व्यवस्था

मानव बेचबिखन तथा ओसारपसारमा नेपालले धेरै पहिले देखि नै रुक्का, सनद, सवालहरू जारी गरी कानुनीरूपमा नै नियन्त्रण प्रयासको थालनी गरेको पाइन्छ । मानिसको जिउ मास्न र बेच्न नहुने ऐन, १९२४, कमाराकमारी बेच्न निषेध गर्ने ऐन, १९५८, दासप्रथा उन्मूलन ऐन, १९८२ जस्ता विशेष ऐनमा समयसमयमा भएका संशोधन र परिमार्जनले अपराधको गाम्भीर्यलाई आकृष्ट गराउँदै आफ्नो क्षेत्राधिकारलाई विस्तार गर्दै आइरहेको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २९ मा शोषणविरुद्धको हक (Right against exploitation) लाई मौलिक हकको रूपमा स्थापित गर्दै यसअन्तर्गत मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन (No person shall be subjected to human trafficking, slavery or bonded labor) भन्ने कुराको प्रत्याभूति गरेको छ । यसका सथसाथै मानव बेचबेखिन का विरुद्धमा अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धताहरूको कार्यान्वयन गर्नु नेपाल राज्यको दायित्व हुने कुरा नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (ढ) मा उल्लेख छ भने सन्धिको व्यवस्था नेपाल कानुनसरह लागु हुने प्रावधान नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) ले गरेको छ । पछिल्लो समयमा जारी भई हाल प्रचलनमा रहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले ऐनको बहुपक्षीय प्रयोगलाई समेटेको छ । यस ऐनले कसैले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने कार्य गरेमा, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने कार्य गरेमा, कानुनबमोजिम बाहेक मानिसको शरीरको अङ्ग झिक्ने कार्य गरेमा र वेश्यागमनको कार्य गरेमा मानव बेचबिखनको कार्य गरेको मानेको छ । यस ऐनको सजायसम्बन्धी प्रावधान (दफा(१५) लाई हेर्ने हो भने मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र २ लाख रुपैया जरिमाना, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्राअनुसार १० देखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाखसम्म जरिमाना, प्रचलित कानुनबमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई १० वर्ष कैद र २ देखि ५ लाखसम्म जरिमाना वेश्यागमन गर्नेलाई १ देखि ३ महिनासम्म कैद र २ देखि ५ हजारसम्म जरिमाना, किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेशमा लैजानेलाई १० देखि १५ वर्षसम्म कैद वा ५० हजारदेखि १ लाखसम्म जरिमाना र बालबालिका लगेको भएमा १५ देखि २० वर्षसम्म कैद र १ देखि २ लाखसम्म जरिमाना, किन्न बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाँउमा लैजानेलाई १० वर्ष कैद र ५० हजारदेखि १ लाखसम्म जरिमाना र बालबालिका लगेको भए १० देखि १२ वर्षसम्म कैद र १ लाख जरिमाना वा बेच्ने र वेश्यावृत्तिमा लगाउने, ओसारपसार गर्ने व्यक्ति एउटै भएमा सबै कसुरमा छुट्टाछुट्टै सजाँय कसुर गर्न दुरुत्साहन, षडयन्त्र वा उद्योग गर्ने वा सो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजाँयको आधा सजाँय, उजुर गर्नेले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा ३ महिनादेखि १ वर्षसम्म कैद सार्वजनिक पद धारकलाई थप २५%,संरक्षक, अभिभावक, हाडनाताको १०% र पुनः कसुरमा प्रत्येक पटक कसुरमा हुने सजायको एक चौथाई थप सजाँयको व्यस्था गरेको छ ।

## कानुनको कार्यान्वयन

'Law is not for the shake but to be done' अर्थात् कानुन कुनै सजावटको वस्तु होइन, यसको कार्यान्वयन पनि हुनपर्छ । कानुनको सफल कार्यान्वयन नै दण्डहीनताको प्रस्थान विन्दु हो । नेपालमा मानव बेचबिखनको कानुन

कार्यान्वयन गर्ने सरकारी संयन्त्र प्रहरी, सरकारी वकिल र अदालत हो । अपराध नियन्त्रणको सुरु निकाय प्रहरी कार्यालय हो । यो निकायले मानव बेचबिखन तथा ओसारपसारको कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाएमा अनुसन्धान तथा तहकिकातको भूमिकालाई सक्रिय बनाउँछ । मानव बेचबिखन मुद्दाको अनुसन्धान तथा तहकिकातलाई सफल बनाउन निम्नलिखित मार्गहरू लाई अवलम्बन गर्नु पर्दछ ।

- पीडितलाई थप पीडामा पार्न सक्ने कुनै पनि कार्य नगर्ने साथै पीडितसँग सभ्य, भद्र र उचित मानवीय व्यवहार गर्ने ।
- सर्वोच्च अदालतबाट जारी गोपनीयता सम्बन्धी निर्देशिका र सोअनुसार पछि बन्ने कानुनको जानकारी राख्ने ।
- जाहेरवाला पीडित भएमा तत्कालै प्रहरी कार्यालयमै बयान गर्ने र बयान प्रमाणितका लागि नजिकको जिल्ला अदालतमा लैजाने ।
- घटनास्थलमा पुगी घटना विवरण सङ्कलन गर्ने तथा जाहेरीमा उल्लेख भएका अभियुक्तलाई पक्राउ गर्ने वा सो को प्रबन्ध गर्ने ।
- घटना विवरण सङ्कलन गर्ने तथा अभियुक्त पक्राउ गर्ने क्रममा जाहेरी वा घटना सम्बद्ध प्रमाण कागजात खोज्ने र फेलापारेमा रीतपूर्वक बरामद गर्ने ।
- न्यायाधीशबाट बयान प्रमाणित भएपश्चात् पीडितलाई सुरक्षाको प्रत्याभूति दिने ।
- मुद्दा पुर्पक्षका सिलसिलामा भएका अदालतको आदेश र निर्देशनलाई शीघ्र पालना गर्ने ।

यसरी अनुसन्धान तथा तहकिकात प्रक्रियालाई सफल, भरपर्दो, विश्वसनीय र शङ्कारहित बनाउनका लागि माथि उल्लेख गरिएका कुराहरूमा विशेष ध्यान पुर्‍याउनु पर्दछ ।

सरकारी वकिल अपराध नियन्त्रणको कानुन कार्यान्वयन गर्ने दोस्रो सरकारी निकाय हो । नेपालको अन्तरिम संविधान २०६३ बमोजिम नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार, अन्तिम अभियोजनकर्ता, नेपाल सरकारको प्रतिरक्षाकार, कानुनी सिद्धान्तको कार्यान्वयनकार, मानवोचित व्यवहारको संरक्षणकर्ताको भूमिका सरकारी वकिलले वहन गर्नु पर्दछ । यसैका आधारमा मानव बेचबिखन ऐन र अन्य प्रचलित कानुनले सरकारी वकिलको भूमिकामा अपराध अनुसन्धान तहकिकातका क्रममा अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिने, प्रमाण कागजहरूको प्रतिलिपि मिसिल संलग्न गर्ने, पीडितको अवस्था खुलाउने, ऐनको परिभाषा र कसुरको प्रकृति मिल्छ मिल्दैन यकिन हुन, पीडित स्वयं स्वेच्छाले उपस्थित भएको हो होइन, स्वास्थ्य परीक्षण गराउनु पर्ने छ कि, महिला हो भने महिला डाक्टर उपलब्ध छ छैन यकिन हुने, शंकित व्यक्तिउपर न्यूनतम मानवोचित व्यवहार भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिने, मिसिल संलग्न प्रमाण कागजहरूको सान्दर्भिकता, पारस्पारिक सँगत असँगतता र प्रमाणिक तौलको विश्लेषण गर्न पीडितको व्यक्तिगत विवरण गोप्य राख्ने, बन्द इजलासमा कारवाही हुनुपर्ने र नैतिक पतन हुने फौजदारी कसुर कायम गरिपाउन अभियोग माग दाबी गर्ने साक्षी प्रमाण प्रस्तुति एवं परीक्षणका क्रममा सरकारको तर्फबाट भूमिका निभाउने, आदेशित मिति र समयमा साक्षी उपस्थित गराउनमा तदारुकता देखाउने, आवश्यकता र औचित्यका आधारमा मौकामा साक्षीको बकपत्र गराई पाउन अनुरोध गर्ने साथसाथै घटनासम्बन्धी तथ्यको विश्लेषण, कानुनको विवेचना, कार्यविधिसम्बन्धी सैद्धान्तिक मान्यता र कानुनी व्यवस्थाको विवेचना, प्रमाण कानुनको विवेचना, कानुनका सामान्य सिद्धान्तको विवेचना, सान्दर्भिक नजिरको प्रस्तुतिका माध्यमबाट बहस पैरबी तथा प्रतिरक्षामा उपस्थित हुने भूमिका तोकेको पाइन्छ । साथै पीडित न्यायको जिम्मेवारी राज्यले लिएको, राज्यको प्रतिनिधि

भएको नाताले सरकारी वकिलले मानव बेचबिखन तथा ओसारपसार मुद्दामा भएका फैसला कार्यान्वयनमा बढी सजग र क्रियाशील पनि रहनु पर्छ ।

अपराध नियन्त्रणको कानुन प्रयोग गर्ने अन्तिम निकाय अदालत हो । अदालत यस्तो निकाय हो जसले कसैको हक अधिकारमा आघात पार्दैन । प्रचलन गराउँछ । आफू स्वतन्त्र, सक्षम र निष्पक्ष रहन्छ । अरूलाई पनि स्वेच्छाचारी हुनबाट रोक्दछ । सबै नागरिकलाई Guardian का रूपमा संरक्षकत्व दिन्छ । न्यायिक प्रक्रिया एउटा एकांकी प्रक्रिया नभएर सामाजिक प्रक्रिया हो । अदालतबाट अभियुक्तले पनि त न्यायको अपेक्षा राख्दछ । पीडित र अभियुक्त दुबैको हित संरक्षण गर्नु अदालतको दायित्व हो । त्यसैले न्यायसम्पादनको सिलसिलामा अदालतले Umpire को भूमिका निर्वाह गर्दछ । सामान्यतः फौज्दारी मुद्दामा दोषी प्रमाणित गर्नुपर्ने भार सरकारी वकिलको हुन्छ । दोषी प्रमाणित नभएसम्म निर्दोष मान्नुपर्छ । तर मानव बेचबिखन मुद्दामा भने प्रतिवादीले प्रमाणको भार पुऱ्याउनुपर्ने गरी कठोर दायित्व (Strict Liability) अभियुक्तमा राखी पीडित विधिशास्त्र (Doctrine of Victim logy) को विकास गरेको छ । अदालतमा मानव बेचबिखन मुद्दाको सुनवाइमा निम्न लिखित कुराहरूको सुनिश्चितता हुन्छ ।

- मौलिक अधिकारको सम्मानको सुनिश्चितता हुन्छ ।
- पीडितको बयान प्रमाणित गरिन्छ ।
- थुनामा राखी मुद्दाको सुनुवाइ हुन्छ ।
- प्रमाणको भार अभियुक्त स्वयंले पुऱ्याउनुपर्छ ।
- पीडितले छुट्टै कानुन व्यवसायी राख्न चाहेमा राख्न पाउने व्यवस्था छ ।
- बन्द इजलाशमा मुद्दाको सुनुवाइ हुन्छ ।
- साक्षीको संरक्षणका लागि पहल गर्छ ।
- पीडितको गोपनीयताको संरक्षण हुन्छ ।
- दोभाषे तथा साङ्केतिक भाषाको प्रयोग गर्न पाइन्छ ।
- कसुरको मात्रा र सङ्ख्याका आधारमा सजाय तोकिन्छ ।
- आत्मरक्षाको अधिकारको सम्मान हुन्छ ।
- दण्ड सजायको कार्यान्वयन र क्षतिपूर्ति असुलीमा पूर्ण जोड दिइन्छ ।
- मानव बेचबिखन तथा ओसारपसार अपराधबाट चलअचल सम्पत्ति जोडेको रहेछ भने सम्पत्ति जफत हुन्छ ।
- अभियुक्तले कसुर स्वीकार गरेमा सजायमा छुट दिन सक्नेछ ।

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी सङ्घ, प्रदेश र स्थानीयतहको भूमिका

### सङ्घको भूमिका

१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको सम्बन्धमा बृहत् नीति तर्जुमा गर्ने ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झैताको कार्यान्वयनका लागि राष्ट्रिय कार्य योजना तर्जुमा गर्ने ।

३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय निर्देशकलाई थप प्रभावकारी बनाउने ।

४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण एकीकृत राष्ट्रिय सूचना प्रणालीको विकास गर्ने ।

५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी भएका अन्तर्राष्ट्रिय सन्धि सम्झैता (TIP) को प्रगति प्रतिवेदन समय पेश गर्ने ।

६. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी प्रदेश र स्थानीयतहमा अवश्यक नमुना कानुन बनाई पठाउने ।

७. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि क्रियाशील सरोकारवाला निकाय गृह मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कानुन मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रहरी र बेचबिखन नियन्त्रण ब्युरोसँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

८. पुनर्स्थापना केन्द्रको सञ्चालन गर्ने ।

९. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कोषको प्रभावकारी परिचालन गर्ने ।

## प्रदेशको भूमिका

(१) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा सङ्घ र स्थानीयतहबीच समन्वयत्मक भूमिका निर्वाह गर्ने ।

(२) प्रदेश मातहतका स्थानीयतह र अन्तर्राष्ट्रिय सिमानामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी सन्देशमूलक सडक नाटक, जिंगल टेलिफिल्म, पोष्टर, पम्पलेट, डिजिटल होडिङबोर्ड, उत्पादन तथा प्रसारण गर्ने ।

(३) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी जिल्ला र स्थानीय संयन्त्र निर्माणमा सहजीकरण गर्ने ।

(४) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रदेशले हटलाइन सेवा सञ्चालन गर्ने ।

(५) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा भएका गुनासो, उजुरी, मुद्दा, घटनालगायत विषयलाई एकीकृत प्रतिवेदन तयार गरी सङ्घीय मन्त्रालयमा पठाउने ।

## स्थानीयतहको भूमिका

(१) सङ्घबाट प्राप्त मार्गदर्शन र नमुना कानुनलाई आधार मानी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी स्थानीयतहले कानुन तर्जुमा गर्ने ।

(२) मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी स्थानीय संयन्त्र निमार्ण गर्ने ।

(३) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा क्रियाशील गैसससँग समन्वय र सहकार्यमा सचेतनामूलक कार्यक्रमहरू समुदायस्तरमा सञ्चालन गर्ने ।

(४) स्थानीय भाषामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी सन्देशमूलक सडक नाटक, जिंगल टेलिफिल्म, पोष्टर,पम्पलेट, डिजिटल होडिङबोर्ड, उत्पादन तथा प्रसारण गर्ने ।

(५) वैदेशिक रोजगारीमा जाने युवा वर्गलाई अनिवार्यरूपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(६) टोल समुदायमा अपरिचित व्यक्तिको अगममन र अवान्छित क्रियाकलापको निगरानी गरी सम्बन्धित प्रहरी कार्यलयमा सूचना दिने।

(७) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी स्थानीय कोष स्थापना गरी प्रभावकारी परिचालन गर्ने ।

**निष्कर्ष:**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कानुन कार्यान्वयनमा ल्याइएकोछ । समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन, प्रहरीको खोज तलास र प्रभावकारी अनुसन्धानका लागि **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ब्युरो** को स्थापना भएको छ। पछिल्लो समयमा कानुनबमोजिम अनुसन्धान अभियोजनबीच समन्वयत्मक ढङ्गबाट कार्य प्रक्रिया अगाडि बढाइएको हुँदा मानव बेचबिखनका कुख्यात तस्कर प्रेम भन्ने बजिर तामाङलाई अदालतले सुनाएको सजायले अमेरिकाबाट प्रकाशित हुने TIP 3 बाट TIP2 मा स्तरोन्तति गरी न्यायिक इतिहास कायम गरेको छ। नेपालले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी पार्लेमो प्रोर्टोकलको पक्ष राष्ट्र भई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा अन्तर्राष्ट्रिय ऐक्यबद्धतासमेत प्रकट गरेको छ।

मानव बेचबिखन तथा ओसारपसार जस्तो आधुनिक युगको कलङ्कको समूल अन्त्य गर्न सङ्घीय सरकारको नीतिगत स्पष्टता, सचेत नागिरक, नागरिक समाज समुदाय, क्रियाशील सङ्घ संस्था, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्य अपरिहार्य रहेको छ।

# महिला सशक्तीकरण : एक अनुभूति

✍ रोशनी देवी कार्की*

## १. कार्यानुभवको सेरोफेरो

प्रदेश नं १ अन्तर्गत ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरकार्यपालिकाको कार्यालयबाट करिब १० महिनाको कार्यानुभव बोकेर मिति २०७४ असोजको ६ गतेदेखि मेरो कार्यस्थल महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय बन्यो । करिब ९ दिनको जिम्मेवार विहीनपश्चात् महिला सशक्तीकरण महाशाखाअन्तर्गतको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाको जिम्मेवारी समालेँ । सुरुमा मानव बेचबिखन पनि हुन्छ ? २१ औं शताब्दीमा आएर पनि कहीँ मान्छेको किनबेच हुन्छ ? भन्ने लागेको थियो । मानिसलाई कसरी बेचबिखन हुन्छ होला ? यो कही मुद्दाको विषयवस्तु हुन सक्छ ? भन्ने मेरो सोचाइ बन्यो । बिस्तारै जान्ने बुझ्ने कोसिस गर्दै जादाँ यो विषय त विकराल रहेछ । विभिन्न स्वरूपमा मानिसको किनबेच हुने, ललाइफकाइ, धाक, धम्की, प्रलोभन, कब्जा गरी शारीरिक, मानसिक, यौनजन्य हिंसा, श्रमशोषण जस्तो जघन्य अपराध र वैदेशिक रोजगारीमा लैजाने धेरै पैसा कमाउने र सुखसयलको जीवन जिउने भन्ने प्रलोभन देखाएर समेत किशोरी, महिला तथा पुरुषहरूको किनबेच हुने गरेको देखियो । करिब १० महिनाजति काम गरेपछि राष्ट्रपति महिला उत्थान कार्यक्रम इकाइमा मेरो पदस्थापन भयो । महिला सशक्तीकरण, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको उद्धार, राहत, संरक्षण तथा दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीहरूको हवाई उद्धार र सामाजिक सचेतना अभिवृद्धि गर्न साझा अभियानमुखी कार्यक्रम, बहस, छलफल, अन्तर्क्रियासम्मको जिम्मेवारी रह्यो । करिब ५ महिनाजति मलाई मन्त्रालयले तीनवटा शाखा हेर्न जिम्मेवारी तोकिदिएको थियो । महिला विकास तथा लैङ्गिक मूलप्रवाहीकरण शाखाको करिब ५ महिनाको जिम्मेवारी प्राप्त गरेँ । महिला विकास तथा लैङ्गिक मूलप्रवाहीकरण शाखाको मुख्य जिम्मेवारी अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन गराउनु पर्ने र किशोरी तथा महिलाहरूको जीवनस्तर सुदृढ गर्न नीति, योजना, कार्यक्रममा सामाजिक रूपान्तरण र आर्थिक सशक्तीकरणका योजनाहरू मूलप्रवाहीकरण गर्ने मुख्य उद्देश्य रह्यो । लैङ्गिक हिंसा निवारण शाखामा करिब १ वर्ष काम गर्ने मौका मिल्यो । यो शाखा अत्यन्तै संवेदनशील, सामाजिक भावना, र परोपकारी मनबाट सेवा गरिनुपर्ने प्रकृतिको रहेछ । घरेलु हिंसालगायत यौनजन्य हिंसा, बलात्कार, बलात्कारजन्य प्रयास, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, कुटपिट, गालीगलौज शारीरिक तथा मानसिक शोषणबाट बालिका, किशोरी तथा महिलाहरू लैङ्गिक हिंसामा पर्ने, र तीनै तहका अदालतले लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितको क्षतिपूर्ति कार्यान्वयन गर्ने यस शाखाको प्रमुख कार्य देखियो । पीडित तथा प्रभावितको क्षतिपूर्तिका लागि लैङ्गिक हिंसा निवारण शाखामा लैङ्गिक हिंसा निवारण कोष, कोषको सञ्चालक समिति, र लैङ्गिक हिंसामा पर्न नदिन र हिंसामा परेपछि तत्काल उद्धार, राहत, मनोसामाजिक परामर्श, कानुनी

* *उपसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

उपचार, क्षमता विकास, बिउ पुँजी वितरण र सामाजिक पुनर्मिलनसम्मको कार्य गर्ने केन्द्रीय तत्काल उद्धार तथा राहत समिति कार्यान्वयनमा रहेको छ ।

## २. लैङ्गिक हिंसा निवारण शाखाको आ.व. २०७७/०७८ को कार्यक्रम र बजेटः

यस आ.व. मा हामीले सामाजिक क्षेत्रमा समेत युगान्तकारी र गौरवको आयोजना महिला सशक्तीकरण परियोजना कार्यान्वयनमा ल्याएका छौं । यो अत्यन्तै महत्त्वपूर्ण उपलब्धि हो । त्यस्तै यस आ.व. पूर्व लैङ्गिक हिंसा निवारण शाखाको बजेट तथा कार्यक्रम भन्ने थियो । तर यस आ.व. देखि युगान्तकारी कार्यक्रमका साथै मुख्य कार्यक्रम र अन्य कार्यक्रम भनी कार्यान्वयनमा ल्याइएको छ । सोहीअनुसार लैङ्गिक हिंसा निवारण शाखा र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखाको वार्षिक स्वीकृत कार्यक्रम एकै नामबाट मुख्य कार्यक्रम अनुसार ‘‘लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम’’ एकै बजेट उपशीर्षक नम्बर ३४०००१०१ ले सम्बोधन भएको छ। लैङ्गिक हिंसा निवारण शाखाले यस आ.व.मा सम्पन्न गर्नुपर्ने मुख्यमुख्य कार्यक्रमहरू तपसिल बमोजिम छन् -

| ब.उ.शि.नं. | कार्यक्रम | रकम (लाखमा) |
|---|---|---|
| ३४०००१०१ | महिलाविरुद्ध हुने हिंसा (VAW) सर्वेक्षणका लागि **Matching Fund** स्थापना | ५० |
| | महिलाविरुद्ध हुने हिंसा (VAW) सर्वेक्षणको निर्देशक समितिको बैठक | ३ |
| | महिलाविरुद्ध हुने हिंसा (VAW) सर्वेक्षणको प्राविधिक समितिको बैठक | ८ |
| | विभिन्न आरोप तथा अपराधबाट जेल सजाय भोगिरहेका महिला तथा किशोरीहरूको लागि जनचेतनामूलक सकारात्मक सोचसम्बन्धी प्रशिक्षण | ५ |
| | लैङ्गिक हिंसा सम्बन्धमा घट्ने विविध प्रकृतिका घटना (छाउपडी, बलात्कार ,घरेलु हिंसा, बोक्सीको आरोप, कार्यस्थलमा हुने यौनजन्य हिंसा) हिंसाविरुद्ध तत्काल उद्धार तथा संरक्षण सम्बन्धमा बैठक तथा स्थलगत अनुगमन | ५ |
| | सूचना, सञ्चार, शिक्षा, स्वास्थ्य उद्योग क्षेत्रमा कार्यरत महिलाहरू तथा सो संस्थाका सञ्चालक तथा व्यवस्थापकका लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार ऐन आचरण लगायतका कानुनी विषयमा अनुशिक्षण / अन्तर्क्रिया कार्यक्रम | ८ |
| | लैङ्गिक हिंसा, सामाजिक कुरीति तथा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध प्रदेश र स्थानीयतहबाट भएका प्रतिबद्धता घोषणा आदिको कार्यान्वयन अवस्थाको अनुगमन प्रभाव मूल्याङ्कन | ३.७२ |
| | लैङ्गिक हिंसाविरुद्धको अभियान वर्ष, २०७६ वार्षिक कार्यान्वयन समीक्षा | २ |
| | पुनर्स्थापना केन्द्र, लैङ्गिक हिंसा निवारण कोष, लैङ्गिक हिंसाबाट उपलब्ध गराइएको क्षतिपूर्ति सम्बन्धमा अनुगमन | १.७१ |
| | पुनर्स्थापना केन्द्र सञ्चालक तथा व्यवस्थापकहरूको लागि सकारात्मक सोचसम्बन्धी प्रशिक्षण | ३ |

यी बाहेक प्रत्येक आ.व.मा निरन्तररूपमा गरिँदै आएका कार्यक्रमहरू जस्तै- राष्ट्रियस्तरको दीर्घकालीन पुनर्स्थापना

केन्द्र (मंगला सहाना) सञ्चालन तथा व्यवस्थापनका लागि ससर्त अनुदान, लैङ्गिक हिंसा निवारण कोषमा रकम जम्मा, प्रदेश तथा स्थानीयतहका लागि लैङ्गिक हिंसा निवारण कोषमा ससर्त अनुदान वितरण, ५ वटा प्रदेशका लागि एकीकृत सेवासहितको दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनका लागि ससर्त अनुदान तथा २१ वटा सेवा केन्द्र सञ्चालनका लागि ससर्त अनुदान उपलब्ध गराइँदै आएको छ ।

यस शाखाको अर्को महत्त्वपूर्ण कार्यक्रम अघिल्लो आ.व. २०७६/ ०७७ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत लैङ्गिक हिंसा, कुरीति, कुसंस्कार र हानिकार अभ्यासविरुद्ध सामाजिक जागरणमूलक कार्यक्रम र सचेतना अभिवृद्धिका लागि सन्देशमूलक सामग्री निर्माण र सञ्चारका माध्यमबाट प्रचारप्रसार गर्ने उद्देश्यले बजेटसहित कार्यजिम्मेवारी प्राप्त हुने गरेको छ । त्यस्तै कुरीतिविरुद्ध साझा अभियानमूलक कार्यक्रम तीनै तहका सरकारको प्रतिनिधित्वमा सञ्चालन गर्ने (प्रदेश नं. २ र गण्डकी प्रदेश) कार्य जिम्मेवारीसमेत लैङ्गिक हिंसा निवारण शाखामा रहेको । त्यस्तै कुरीतिविरुद्ध ५ वर्षीय रणनीतिक कार्ययोजना र कुरीतिविरुद्धको साझा अभियान सञ्चालन गर्ने कार्यविधि निर्माणका लागि बजेटसहित कार्यक्रम जिम्मेवारी प्राप्त भएको छ । समग्रमा यस लैङ्गिक हिंसा निवारण शाखामा ३ प्रकारका कार्यक्रम सञ्चालन गरिनुपर्ने देखिन्छ । ती हुन्-

१. निरन्तर गरिनुपर्ने कार्य,
२. नवीन प्रकारका कार्य,
३. महिला सशक्तीकरण परियोजनाले परिलक्षित गरेका कार्य ।

## ३. लैङ्गिक हिंसा निवारण शाखाको प्राथमिकताः

१. **क्षतिपूर्ति उद्धार तथा संरक्षणसम्बन्धी कार्यः** साधारण बुझाइमा यस शाखाको मुख्य काम लैङ्गिक हिंसामा परेपछि मात्र देखिने गरेको छ । जस्तै लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको क्षतिपूर्ति सम्बन्धमा अदालतबाट फैसला भएको निर्णय कार्यान्वयन, लैङ्गिक हिंसापीडित प्रभावितहरूको तत्काल उद्धार, राहत, औषधोपचार, कानुनी सेवा , मनोपरामर्श सेवा, क्षमता विकास र सामाजिक पुनर्मिलनसम्मको कार्य गरिन्छ । त्यस्तै लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरूका लागि अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापना केन्द्रमा संरक्षण कार्य हुने गरेको छ । यसै आ.व.देखि लैङ्गिक हिंसा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको तालिममार्फत क्षमता विकास गरी आत्मनिर्भर बनाई रोजगारी दिइने सम्मको कार्यक्रम रहेको छ ।

२. **लैङ्गिक हिंसामा पर्न नदिन रोकथामसम्बन्धी कार्यः** हिंसामा परेपछिको उद्धार तथा संरक्षणको कार्यभन्दा हिंसामै पर्न नदिने कार्यक्रम गर्नु राम्रो हुन्छ । जसका लागि लैङ्गिक हिंसा निवारण शाखाले आफैले कार्यक्रम र कार्यान्वयनका लागि बजेट माग गरेरै रोकथाममूलक कायक्रम गर्नुपर्ने हुन्छ । कार्यक्रम तय गरी बजेट माग गर्न त्यति सहज छैन । कारण महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको महिला सशक्तीकरण महाशाखाभित्रका शाखाहरूको नामकरण तथा कार्यप्रकृति भिन्न भए तापनि मन्त्रालयइतरको सोचाइमा उस्तैउस्तै लाग्ने समान प्रकारको हुँदा अन्य शाखाले बजेट र कार्यक्रम दिएमा मात्र अर्थात् निगाहमा यस प्रकारको कार्यक्रम सञ्चालन गर्न सकिने हुदाँ केवल हिंसामा परेपछि मात्र यस शाखाको काम देखिन्छ । यद्यपि महिला सशक्तीकरण परियोजनाअन्तर्गत सामाजिक सचेतना वृद्धि गर्ने प्रयोजनार्थ सन्देशमूलक सामग्री निर्माण र प्रचारप्रसार कार्य हुँदैआएको छ ।

३. **संर्वद्धनात्मक/ समन्वयात्मक कार्यक्रमहरूः** आ.व. २०७६ लाई लैङ्गिक हिंसाविरुद्धको अभियान

वर्ष घोषणा गरी तीनै तहको सहभागिता र समन्वयमा लैङ्गिक हिंसाविरुद्धको अभियान वर्ष कार्यान्वयन कार्ययोजना तय गरी कार्यन्वयनमा रहेको छ। कोभिड-१९ का कारण यसको कार्यान्वयनको समयावधि यस आ.व. सम्मका लागि थप गरिएको छ। त्यस्तै लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ दोस्रो संशोधन २०७६ ले सबै स्थानीयतहमा लैङ्गिक हिंसा निवारणका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनु पर्छ र यसको सञ्चालक समिति गठन गरी आवश्यक प्रक्रिया गर्न सकिन्छ भन्ने प्रावधान रहेको छ। त्यसैगरी लैङ्गिक हिंसाबाट पीडितहरूको तत्काल उद्धार, राहत र संरक्षणका लागि तत्काल उद्धार तथा राहत समिति तीनै तहका सरकारले गठन गर्न निर्देशन दिएको छ। त्यस्तै प्रत्येक प्रदेश र स्थानीयतहले क्रमशः एकीकृत सेवासहितको दीर्घकालीन पुनर्स्थापना केन्द्र र सबै स्थानीयतहमा आवश्यकताका आधारमा अल्पकालीन सेवा केन्द्र सञ्चालनमा ल्याउनु पर्ने भनिएको छ। यी सबै कार्यको प्रभावकारी कार्यन्वयनका लागि तीनै तहका सरकारबीच सीधा सम्पर्क, सहयोग आपसी समन्वय र सहकार्य हुन अनिवार्य मानिन्छ। आवधिक योजनाको दीर्घकालीन सोच, लैङ्गिक मैत्री वातावरण र लैङ्गिक हिंसामुक्त समाज, प्रदेश र स्थानीयतह बनाउँदै अन्त्यमा लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने रहेको छ। दिगो विकासको लक्ष्य नं ५ बालिका, किशोरी तथा महिलाहरूको सशक्तीकरण र समानता कायम गराउने हम्रो दायित्व छ। सरकारी , गैरसरकारी संघसंस्था, विकास साझेदार, नागरिक समाज, निजी क्षेत्र, सहकारी सबैको सहयोग र समन्वयमा सामाजिक सचेतनामूलक सन्देश निर्माण तथा प्रसारण, लैङ्गिक हिंसामा परेकाहरूको उद्धार, राहत, जीविकोपार्जनमा सहयोग र सामाजिकीकरण गर्ने सन्दर्भमा हातेमालो गर्नुपर्ने देखिन्छ ।

## ४. लैङ्गिक हिंसा निवारण आगामि कार्यदिशाः

लैङ्गिक हिंसा निवारणका लागि विगतमा सञ्चालनमा ल्याइएका कार्यक्रमलाई निरन्तरता दिनुभन्दा केही फरक र भिन्न प्रकारका कार्यक्रम सञ्चालन गर्न सके लैङ्गिक हिंसा न्यूनीकरण गर्दै निवारणउन्मुख हुन सकिन्छ। जसरी समाजमा लैङ्गिक हिंसाका विविध स्वरूपहरू देखिँदै आएका छन् त्यसैगरी रोकथामका बहुआयामिक र वैकल्पिक उपायहरू सञ्चालन गरिनुपर्ने हुन्छ। जसका लागि देहायबमोजिका कार्यक्रम सञ्चालन गर्न सकिन्छः-

१. **लैङ्गिक हिंसा नियन्त्रण/रोकथाम सम्बन्धी कार्यः** सन्देशमूलक सामग्री निर्माण र प्रसारण गर्ने ।

लैङ्गिक हिंसा निवारणका लागि कार्यान्वयनमा रहेका कानुनहरूका प्रमुख प्रावधान, (परिभाषा, लैङ्गिक हिंसा गर्न नहुने, हिंसा गरेमा हुने सजाय र उपचारका लागि गरिने प्रक्रियाका) बारेमा व्यापकरूपमा बहस, छलफल, अन्तर्क्रिया, पैरवी कार्यक्रम ।

प्रदेश तथा स्थानीयतहमा लैङ्गिक हिंसा नियन्त्रणका विषयहरू हुनै नदिन नीति, योजना तथा बजेटको व्यवस्थापन गरी निरन्तर अभियान सञ्चालन गर्ने जस्तै- सचेतनामूलक सामग्रीहरूको निर्माण र प्रसारणका लागि स्थानीय सञ्चार माध्यमसँग सम्झौता गरी निरन्तर प्रसारण गर्ने। सङ्घीय मन्त्रालयले यस कार्यका लागि ससर्त अनुदानको लागि व्यवस्था मिलाउने। प्रारम्भिक कक्षादेखि नै किशोर किशोरीहरूलाई यौनिकता, यौनशिक्षाका विषयहरू सरल र सहज तवरबाट सिकाइ माध्यम हुनुपर्ने। लैङ्गिक हिंसा र यसको रोकथामका बारेमा सिकाइका विषयहरूमार्फत जानकारी गराउने ।

किशोर किशोरीहरूलाई आत्मरक्षा सम्बन्धी सीप, क्षमता विकास र आइलाग्नेप्रति जाइलाग्ने प्रकारका

सीपहरू सिकाउनु पर्ने । कार्यस्थललाई स्वच्छ, स्वस्थ र मर्यादित वातावरणमा कार्य गर्न र कार्यस्थल भयरहित बनाउनका लागि प्रविधिको प्रयोग, सि.सि.टि.भी क्यामेराको जडान गर्ने, स्वतन्त्ररूपमा गुनासो राख्न पाउने वातावरण र गुनासो सुनुवाइको व्यवस्था हुनुपर्ने ।

अन्तर्राष्ट्रिय महिला दिवस मार्च ८ का दिन सम्माननीय प्रधानमन्त्रीज्यूबाट वाचन गरिएको प्रतिबद्धता फ्लेक्स बोर्डमा तयार पारी सबै कार्यस्थलमा अनिवार्य राखिनुपर्ने । सङ्घीय मन्त्रालयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले उपलब्ध गराउने व्यवस्था मिलाउने ।

हरेक सार्वजनिक निकायहरूले कार्यसर्त तोकी लैङ्गिक सम्पर्क व्यक्तिलाई जिम्मेवार बनाउने ।

कार्यक्रमगत/उपशीर्षकगत लैङ्गिक उत्तरदायी बजेटको स्थानीयतहदेखि नै कार्यान्वयन गर्ने ।

**२. हिंसापीडित किशोरी तथा महिलाहरूका लागि सीपमूलक तालिम मार्फत समाजमा सहज जीवन यापनका लागि वैकल्पिक व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्नेः**

प्रदेशस्तरमा स्थापना गरिने सहजीकरण केन्द्र सञ्चालनमा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितलाई रोजगारीको व्यवस्था मिलाउने । महिला सशक्तीकरण परियोजनामार्फत प्रत्येक वर्ष लैङ्गिक हिंसामा परेकाहरूको लागि बिउ पुँजी/टेवापुँजी सञ्चालनका लागि आर्थिक सहयोगको व्यवस्थापन मिलाउने ।

पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन केन्द्रका पदाधिकारीहरूलाई बैंक तथा वित्तीय कार्यमा महिलाहरूले प्राप्त गर्ने छुट तथा सुविधा तथा सहुलियत सम्बन्धमा तालिम सञ्चालन गर्ने । लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरूले तयार गरेका सामग्रीहरू महिला उद्यमीलगायत घरेलु तथा साना उद्योग तथा अन्य व्यवसायीहरूले खरिद गर्ने सुनिश्चितताका लागि वातावरण मिलाउने । महिला विकास तथा लैङ्गिक मूलप्रवाहीकरण शाखाले लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरूका लागि मनोसामाजिक परामर्श एवम् मनोबल उच्च र उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन ल्याउने ।

सीप, मेसिन, औजार तथा प्रविधि हस्तान्तरणसम्बन्धी उपलब्ध गराउन पूर्ण तालिम सचालन गर्ने ।

**३. पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड तर्जुमा गरिनुपर्नेः**

दीर्घकालीन तथा अल्पकालीन पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड तथा सेवाकेन्द्र सञ्चालन मापदण्ड निर्माण गर्ने ।

प्रकोप, सङ्कट तथा महामारीको समयमा हुने लैङ्गिक हिंसा रोकथामका/ व्यवस्थापनका लागि सङ्कटकालीन व्यवस्थापन मापदण्ड तर्जुमा गर्ने । हिंसापीडित तथा प्रभावितहरूको शिक्षा, तालिम तथा व्यावसायिक विकासका लागि लैङ्गिक हिंसा प्रभावित व्यवस्थापन केन्द्र होस्टेल सञ्चालन गर्ने । पीडित तथा प्रभावितहरूको आर्थिक सशक्तीकरणका लागि सरकारी, निजी र गैरसरकारी संघसंस्थासहितको समन्वयमा रोजगारमूलक तालिम सञ्चालन गरी रोजगारी सिर्जना गर्ने ।

**४. विगतका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने कार्यक्रमः**

कोषमा रकम जम्मा गर्ने (न्यून बजेट माग गर्ने)

दीर्घकालीन पुनर्स्थापना केन्द्र मंगला सहानाको व्यवस्थापन तथा सञ्चालन ।

विभिन्न अपराधबाट जेल सजाय भोगिरहेका किशोरी तथा महिलाहरूका लागि मनोसामाजिक परामर्श २ दिने तालिम सञ्चालन, सञ्चालित कार्यक्रमको अनुगमन । धेरै कार्यक्षेत्रलाई समेटने गरी कार्यस्थललाई

मर्यादित बनाउँदै लैङ्गिकमैत्री बनाउन कार्यस्थलमा हुने अमर्यादित व्यवहारको अन्त्यका लागि लैङ्गिक हिंसा निवारणमा रहेका कानुनहरूको जानकारी गराउन बहस, छलफल र अन्तरक्रिया कार्यक्रम । महिलामाथि हुने हिंसा सम्बन्धमा सर्वेक्षण कार्यक्रम सञ्चालन गर्ने ।

## ५. नवीन कार्यक्रमहरू

हिंसापीडित तथा प्रभावितहरूले निर्माण गरेका सामग्रीको कलेक्सन गरी आकर्षण व्यवस्थापन, (शाखामै गर्ने) लैङ्गिक हिंसा किन गर्छन् भन्ने सम्बन्धमा खोज तथा अनुसन्धान गर्ने । हिंसापीडित तथा प्रभावितहरूलाई सामाजिक पुनर्मिलन गराउन आर्थिक सहयोग तथा प्रदेश र स्थानीयतहसँग समन्वय । हिंसापीडित तथा प्रभावितहरूको कानुनी सहायता र सेवा सुविधा सम्बन्धमा सहजीकरण । हिंसापीडित तथा प्रभावितहरूको शिक्षा, तालिम तथा व्यावसायिक विकासका लागि लैङ्गिक हिंसा प्रभावित व्यवस्थापन केन्द्र होस्टेल सञ्चालन तथा व्यवस्थापन ।

लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको आर्थिक सशक्तीकरणका लागि महिला सशक्तीकरणका परियोजनासंग सामञ्जस्य कायम गर्ने ।

राष्ट्रियस्तरको दीर्घकालीन पुनर्स्थापना केन्द्र मंगला सहनाको आफ्नै भवनको व्यवस्था मिलाउने । सबै प्रकारका लैङ्गिक हिंसाजन्य रोगको उपचार निःशुल्क गराउने व्यवस्था मिलाउने । लैङ्गिक हिंसा गर्ने जो कोहीविरुद्ध कानुनी सहायता गर्नेलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाउने । समग्रमा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि तत्काल उद्धार गरी औषधोपचार गर्न कोषबाट आर्थिक सहयोग गर्ने काम सार्थकता र औचित्पूर्ण देखिन्छ तर अन्य शीर्षकको लागि आर्थिक सहायताले खासै अर्थ राखेको छ भन्न सकिन्न । अदालतबाट क्षतिपूर्ति भराइदिने रकमसमेत बालिका तथा किशोरीको हकमा आमाबुबाले नै सो क्षतिपूर्तिबापतको रकम अन्य प्रयोजनका लागि खाइमासी गरेको देखियो । यसैले अबका कार्यक्रम लैङ्गिक हिंसामा पर्नै नदिने, हिंसामा परिगएमा तत्काल उद्धार तथा संरक्षण गर्ने र सबैभन्दा महत्त्वपूर्ण सवाल भनेकै महिलाहरूको जीवनस्तर सहज र सरल बनाउने, आर्थिक उपार्जनका कार्यमा संलग्न गराउने कार्य गर्नुपर्दछ । महत्त्वपूर्ण पक्ष भनेकै लैङ्गिक हिंसाका घटना घट्नै नदिन हरेक घरलाई लैङ्गिकमैत्री बनाउन स्थानीयतहदेखि नै  घर घरमा यौन शिक्षा, मर्यादित वातावरण र सभ्यता र नैतिकताका पाठ सिकाउने कार्यक्रम सञ्चालन गरिनुपर्दछ । बालिका, किशोरी तथा महिलाहरू हिंसाबाट बच्न आफै सजक, चनाखो र जाइलाग्ने स्वभावको हुनुपर्छ । जसका लागि विद्यालयदेखि खेल सिकाइ हुनुपर्ने । खेलमा तैकन्दो, जुडो, कराते र जीवनरक्षा सीप सिकाइनु पर्दछ । अपराध गर्ने जो सुकैलाई तत्काल कानुनी दायरामा ल्याउन समाज नै अग्रसर हुनुपर्ने देखिन्छ । अर्थात् लैङ्गिक हिंसा गर्ने जोसुकैलाई  समाजले बहिष्कार गर्ने संस्कारको विकास गर्नु आजको माग हो र लैङ्गिक समानतामूलक राष्ट्र निर्माणको बलियो अस्त्रसमेत हो ।

***

(स्रोतः स्वअनुभव )

# सामाजिक सुरक्षाभत्ता चासो र चिन्ता

✍ बिनीता भट्टराई*

देशका प्रमुख कार्यकारी प्रमुखले सार्वजनिक कार्यक्रममै सामाजिक सुरक्षाभत्ता मासिक रु ५००० हजार पुऱ्याउने घोषणाका सन्दर्भमा आम नागरिकबीच ठूलो चासो पैदा भयो । एक वर्ग छ- जसलाई चिन्ता छ राज्यको ढुकुटीले यो धान्दैन घाँटी हेरी हाड निल्नु पर्छ । यही विषयमा सामाजिक सुरक्षाभत्ता लिइरहनु भएकी ७० वर्षभन्दा माथिकी एक आमाको विश्लेषण फरक पाइयो । कुराकानीको अंश यस्तो थियो

जिज्ञासु: आमा के केपी बाले भत्ता साच्चै बढाउनु हुन्छ त यस वर्ष पाँच हजार पुऱ्याउने कुरा छ त ?

आमा: पुऱ्याउँछ किन नपुऱ्याउनु । केपीले जे भन्छन् त्यो गर्छन् ।

जिज्ञासु: आमा उसो भए तपाईसँग केही सम्पत्ति छैन छोरा छोरीलाई घर घडेरी पैसा अंश लगाई दिन्छु भनेर मात्र हुन्छ त आफ्नो थैली हेर्नु परेन ?

आमा: ए बाबु देशको प्रधानमन्त्री र मेरो कसरी तुलना हुन्छ । प्रधानमन्त्रीले अरू देशसँग मागेर पनि हामी जस्तालाई दिनु पर्छ ।

नेपाल सरकारको अति लोकप्रिय कार्यक्रम सामाजिक सुरक्षाभत्ता हरेक राजनीतिक दलका चुनावी एजेन्डा बन्दछन् । हरेक बजेट भाषणमा वृद्ध भत्ता बढ्यो कि बढेन नागरिकको चासोको विषय बन्छ । नेपालको संविधानले आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ । मौलिक हक कार्यान्वयन गराउने उद्देश्यबाट सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली, २०७६ कार्यान्वयनमा आएका छन् । संविधान र कानुनले स्पष्टरूपमा सामाजिक सुरक्षाको हक सबै नागरिकलाई समानरूपमा पाउने नभई आर्थिकरूपमा अशक्त, असहाय व्यक्तिलाई सामाजिक सुरक्षाको हकको सुनिश्चित गर्नुपर्ने व्यवस्थाअनुसार सुविधा प्राप्त गरिरहेको विदेशी निवृत्तिभरण प्राप्त गरेका व्यक्ति र ६० वर्ष मुनिका विधवा भएका महिलालाई मासिकरूपमा दिइँदै आएको भत्ता नदिने व्यवस्था कार्यान्वयन गर्न सकिएन । फलतः अध्यादेशद्वारा संशोधित उल्लिखित ऐनले सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिको आर्थिक र सामाजिक हैसियतलाई पूर्णरूपमा अवज्ञा गऱ्यो । विश्व धनीको सूचीमा रहेका उद्योगपति विनोद चौधरी, मासिक न्यूनतम रु ४०,००० निवृत्तभरण बुझ्ने व्यक्ति, तराईका दलित सुकुम्बासी र कानुनन ७० वर्ष उमेर पुगेपछि सामाजिक सुरक्षाभत्ताबापत मासिक रु ३००० प्राप्त गर्नेको बराबरी हक छ ।

सामाजिक सुरक्षाभत्ता गैरयोगदानमूलक कार्यक्रम हो । नेपाल सरकारबाट सञ्चालित सामाजिक सुरक्षासँग सम्बन्धित

* *उपसचिव, गृह मन्त्रालय*

दर्जनौँ कार्यक्रम दर्जनौँ निकायबाट सञ्चालनमा छन् । छात्रवृति, दिवाखाजा, छात्रावास कार्यक्रम, स्वास्थ्यबिमा, निःशुल्क स्वास्थ्योपचार, कृषिअनुदान, जनताआवास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबलाई आय विपन्नलाई न्याय, गरिबसँग विशेश्वर, राष्ट्रपति महिला उत्थानलगायत विभिन्न निकायबाट सञ्चालित यस्ता कार्यक्रमको प्रभाव अध्ययन त परै जाओस् कुल लागत र लाभग्राही कति छन् भन्ने अनुमान गर्ने सक्ने अवस्था तत्काल देखिन्न । वितरणमुखी यस्ता कार्यक्रम दीर्घकालीन सोच र विस्तृत अध्ययनभन्दा पनि हचुवाका भरमा हरेक वर्ष प्रवेश हुन्छन् र केही पानीका फोका जस्ता आउँछन् हराउँछन् । सामाजिक सुरक्षाभत्ता मात्र यस्तो कार्यक्रम हो, जसको सुरुआती चरणदेखि निरन्तरता छ र पुस्तौँ निरन्तरता पाउने कुरामा शङ्का रहेन । पुराना कार्यक्रमको प्रभाव मूल्याङ्कन नगरिने, उस्तै प्रकृतिका दोहोरिने, पुरानो गल्तीबाट नसिक्दा यस्ता कार्यक्रममा गरिएको लगानी बालुवामा पानी खन्याएसरह भएको छ ।

## धान्न सक्ने क्षमता

वि.सं. २०५२ साल असार २७ गते तत्कालीन अर्थमन्त्रीले रु.२० करोड रुपियाँ बजेट विनियोजन गरी ज्येष्ठ नागरिकको सम्मान गर्न तथा जीवनयापनमा टेवा पुऱ्याउन ७५ वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई प्रतिमहिना रु.१०० का दरले ज्येष्ठ नागरिक भत्ता दिने व्यवस्था गर्नु भयो । सन् १९९९ को अन्तर्राष्ट्रिय वृद्धवर्षको सम्मानस्वरूप भत्ता रकम ५०% ले वृद्धि गर्ने निर्णय हुँदा आर्थिक वर्ष २०५६/५७ मा रु ५० करोड बजेट विनियोजन भएको देखिन्छ । आर्थिक वर्ष २०५५/५६ देखि असहाय भत्तास्वरूप ६० वर्ष उमेर नाघेका विधवा महिलालाई समेत मासिक रु.१०० दिने निर्णय भएको थियो । आर्थिक वर्ष २०५८/५९ को बजेटबाट विधवाले भत्ता प्राप्त गर्ने उमेरको हद हटाइयो ।

सामाजिक सुरक्षाभत्ता बढाउने विषय राज्यमा उपलब्ध स्रोतसाधन यसको दीर्घकालीन उपयोग तथा व्यवस्थापन र लाभग्राहीको वास्तविक आवश्यकता र अध्ययनमा आधारित नभई चुनावी प्रयोजनमा हुँदा प्रायः हरेक बजेट सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीको नयाँ वर्ग थप हुने, उमेरको हद घट्ने, भत्तारकम बढ्ने हुँदा प्रत्येक वर्ष राष्ट्रिय बजेटमा यसको भार बढ्दै गएको छ । भत्ता वितरणको सुरुको वर्ष कुल बजेटको ०.३८% रकम विनियोजन भएकोमा हाल झण्डै ६ प्रतिशत पुगेको छ । लाभग्राहीको सङ्ख्या कुल जनसङ्ख्याको १० प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७७/७८ मा झण्डै ६७ अरब विनियोजन भएकोमा सो रकम यही आर्थिक वर्षमा नै प्रयाप्त नहुँदा झण्डै ७२ अरब पुग्ने अनुमान छ । नेपालको जनसाङ्ख्यिकी संरचनामा बुढेउली उमेरका मानिसको सङ्ख्या बढ्ने गति तीव्र हुँदा लाभग्राहीको सङ्ख्या र भत्ता रकम सोही अनुपातमा हरेक वर्ष बढ्छ ।

राज्यको ठूलो रकम खर्च हुने सामाजिक सुरक्षाभत्ता कार्यक्रमको प्रभाव मूल्याङ्कन, अध्ययन हालसम्म नहुनु आफैमा दुःखद छ । भत्ताको उपयोग लाभग्राहीले कुनरूपमा प्रयोग गरेका छन् भन्ने कुरा अध्ययनको विषय बनाइनुपर्छ । कतिपय वृद्धवृद्धाहरूको जीवनयापन सहज भएको छ । भत्ताको आशमा छोराबुहारीले थप हेरचाह गरेका छन् । औषधोउपचार तीर्थव्रतलगायतका कार्यमा सहयोग पुगेको छ । अति अशक्त अपाङ्गहरूको स्याहार सुसारमा सहयोग पुगेको छ । बालपोषण भत्ता प्राप्त गर्न आमा भएसम्म आमाकै नाममा बैङ्क खाता खोल्नु पर्ने प्रावधानले तराईका जिल्लामा महिलालाई नागरिकता नबनाइदिने परिवारले बाध्य भएर नागरिकता बनाइदिएको उदाहरण थुप्रै छन् । अतः यस कार्यक्रमलाई दीर्घकालीन बनाउन तत्काल अध्ययन गरी उत्तम विकल्प छनौट गर्न जरुरी छ ।

## कार्यक्रमलाई दीर्घजीवी बनाउने बाटो

सामाजिक सुरक्षाभत्ता शीर्षकमा हरेक वर्ष रकम बढाउनु पर्ने मागलाई रोक्न सक्ने अवस्था नहुँदा यसको दीर्घकालीन

समाधान खोजिनुपर्छ । सामाजिक सुरक्षाभत्ता वितरणमा देखिएको त्रुटिलाई कम गरी अमूल्य स्रोतको सही सदुपयोग गरिनुपर्छ । त्रुटिसुधार नीतिगत र प्रक्रियागत दुबै हुनुपर्छ । नीतिगत त्रुटि सुधार गर्न राजनीतिक नेतृत्वले आँट लिने र प्रक्रियागत त्रुटि कम गर्ने दायित्व प्रशासनिक नेतृत्वको हो । भत्ता प्राप्त गर्ने वृद्धवृद्धा पूर्णरूपमा सरकारबाट सञ्चालित वृद्धाश्रममा बस्ने नागरिकको स्वास्थ्योपचारलगायत अन्य आवश्यक व्यवस्था सरकारबाटै हुने हो भने त्यस्ता व्यक्तिलाई भत्ता वितरण गर्ने विषयमा नीतिगत सुधार हुनुपर्छ । सरकारले जुन प्रयोजनका लागि भत्ता वितरण गरेको हो सोभन्दा अन्य प्रयोजनका लागि प्रयोग हुनु पनि दुरुपयोग हो । जस्तै- केही लाभग्राहीले वृद्धाश्रममा आश्रय लिई बुझेको भत्ता गाउँमा व्याजमा लगाएका उदाहरण पनि छन् । कानुनन तोकिएका लोपोन्मुख जातिका परिवारले प्रतिव्यक्ति रु ३००० प्राप्त गर्ने प्रावधान छ । विगतमा भत्ता प्राप्त नहुँदा परम्परागत सीप र व्यवसायमार्फत जीविकोपार्जन गर्ने समुदायका परिवारको सङ्ख्याअनुसार चौमासिक रकम वितरण हुँदा दुई तीन लाखसम्म बुझ्ने हुँदा उक्त समुदायले गर्दै आएको पेसा छोडेर सामाजिक सुरक्षाभत्तामाथि परनिर्भरता बढ्दै गएको छ । सामाजिक सुरक्षाभत्ता बुझ्ने समयमा सिन्धुलीका हायु समुदाय भत्ता बुझ्न बैङ्क जाँदा सार्वजनिकभन्दा निजी सवारी रिजर्भ गर्ने गरेको पाइयो । भत्ता रकमको प्रयोग बालबालिकाको शिक्षा तथा पोषणयुक्त खानामा भन्दा मादकपदार्थ सेवन गर्न लगानी भएको देखियो । यस्तो दुरुपयोग नियन्त्रणका लागि नीतिगत निर्णय गरिनु पर्छ ।

सबै पालिकाले बैङ्कबाट भत्ता वितरण गराउँदा प्रक्रियागत त्रुटि कम गर्न सकिन्छ । संवत् २०७८ साल मङ्सिर १ गतेभित्र सबै स्थानीयतहबाट सामाजिक सुरक्षाभत्ता अनिवार्यरूपमा बैङ्कमार्फत वितरण गर्ने नेपाल सरकारको निर्णयानुसार हाल ४०० भन्दा बढी स्थानीयतहले उक्त निर्णयको कार्यान्वयन गरिसकेका छन् । दुर्गम क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाको सहज पहुँच नहुने र विद्युत तथा इन्टरनेटसमेत नहुने साथै दक्ष जनशक्ति अभाव बैङ्क तथा स्थानीयतह दुबैमा हुँदा नेपाल सरकारको उक्त निर्णय पूर्णरूपमा कार्यान्वयन गराउनु आफैमा चुनौतीपूर्ण छ । बैङ्क तथा स्थानीयतहको समन्वयमा ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा अशक्त अपाङ्गता भएका व्यक्तिलाई घरदैलोबाट सेवा दिने भनिए पनि लाभग्राहीको विश्वास जित्न अझ मेहनत गर्न जरुरत छ । हातले नयाँ नोट बाँडी लाभग्राहीको मन जित्न खोज्ने केही जनप्रतिनिधिले बैङ्कमार्फत भत्ता वितरण गर्न अटेर गरेको अवस्था पनि छ ।

अयोग्य व्यक्तिले भत्ता नपाउने प्रयोजनार्थ लाभग्राहीको विवरण अद्यावधिक गराउने र व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत बनाउन स्थानीयतहले विषेश पहल गर्नुपर्छ । भत्ता वितरण सङ्घीय सञ्चित कोषबाट भए पनि तीनै तहका सरकार यस विषयमा गम्भीर हुनुपर्छ । हरेक वर्ष सामाजिक सुरक्षाभत्ताबापतको रकम बढ्दै जाने हो भने सोबमोजिम आन्तरिक राजस्व परिचालन क्षमता बढाउनुको विकल्प छैन । त्यसका लागि देशभित्र लगानीको वातावरण बनाउँदै उद्योग कलकारखाना र तिनको उत्पादकत्व क्षमता वृद्धि गर्दै लानुपर्छ । हाल विप्रेषणबाट धानिएको अर्थतन्त्रलाई औधोगिकीकरणमा रूपान्तरण गर्नुपर्छ । आयात व्यवस्थापन गर्दै निर्यात प्रवर्धनका लागि निर्यातयोग्य वस्तुको उत्पादन, गुणस्तर अभिवृद्धि गर्नुपर्ने हुन्छ । साथै भौतिक पूर्वाधारको विकास र गुणस्तर अभिवृद्धिमार्फत रोजगारमूलक क्षेत्रमा वैदेशिक लगानी आकर्षण गरिनुपर्छ । देशभित्रै रोजगारीको सुनिश्चितता गर्दै योगदानमा आधारित सामाजिक सुरक्षामा सबै नागरिकलाई समेट्नु पर्छ । यसरी गैरयोगदानमूलक भन्दा योगदानमूलक सामाजिक सुरक्षा कार्यक्रमलाई दीर्घजीवी बनाउन सकिन्छ ।

***

# नैतिक समाज निर्माणका लागि बालबालिकाको सामाजिक विकास

✍ पुर्णिमा उपाध्याय*

बालबालिका कुनै पनि मुलुकका सुदूर भविष्य हुन् । आजका दिनमा बालबालिकामा गरेको लगानी तथा मार्गदर्शनले भोलिको समाज कस्तो हुने भन्ने कुराको निर्क्योल गर्दछ । असल, सभ्य र सुसंस्कृत समाज निर्माणका लागि बालबालिकालाई उपयुक्त शिक्षादीक्षा तथा आधारभूत मानवीय मूल्यमान्यताहरूका बारेमा जानकारी गराउनुपर्दछ । उपयुक्त नैतिक चेत भएका र राष्ट्रप्रेमले ओतप्रोत नागरिक समग्र मुलुकको विकासका लागि अपरिहार्य रहन्छन् । हालका दिनहरूमा समाजमा नैतिक मूल्यमान्यताहरूको क्षयीकरण हुँदैगएको र सामूहिक भावनाभन्दा पनि व्यक्तिपरकता हावी हुँदै गएको परिप्रेक्ष्यमा बालबालिकालाई समाज तथा राष्ट्रका लागि जिम्मेवार नागरिक बनाउन सोहीअनुसार उनीहरूको व्यक्तित्व विकास गराउनु आवश्यक छ । भनिन्छ बालबालिका काँचो माटो वा कोरा कागज हुन् । उनीहरूलाई हामीले जस्तो आकारमा ढाल्यौँ त्यस्तै बन्दछन्, उनीहरूमा जस्तो रङ भर्‍यो त्यस्तै रङमा रङ्गिन्छन् । तसर्थ भविष्यमा सुयोग्य नागरिक बन्नका लागि उनीहरूलाई सही मार्गदर्शन गर्ने जिम्मेवारी हामी सबैको हो ।

मानिसको विकाससँगसँगै उसमा आचरण तथा नैतिक मूल्यमान्यताको समेत विकास भइरहेको हुन्छ । कुनै पनि व्यक्तिमा नैतिक आचारणको विकासका सन्दर्भमा विभिन्न विषयहरूले प्रभाव पार्दछन्, जसलाई नैतिकताको निर्धारकका रूपमा लिइन्छ । त्यस्ता नैतिकताका निर्धारकहरू निम्नानुसार रहेका छन् ।

- **व्यक्ति स्वयम्:** व्यक्तिको विकासको चरण जस्तै बाल्यकाल, किशोरावस्था, पारिवारिक मूल्यमान्यता, पारिवार तथा साथीभाइको प्रभाव, सामाजिक, सांस्कृतिक एवम् आर्थिक अवस्थाजस्ता विषयहरूले व्यक्तिको आचरण तथा धारणामा प्रभाव पार्दछ ।
- **परिवेशः** यस अन्तर्गत विद्यालयले बालबालिकालाई प्रदान गर्ने शिक्षादीक्षा र सिकाइ, धर्म संस्कृति, व्यक्तिले अपनाएको पेशा, व्यवसाय, सङ्गठनको कार्यअवस्था, मूल्यमान्यता, कार्यसंस्कृति, सञ्चार सम्बन्ध र भौगोलिक परिवेश आदि पर्दछन् ।
- **समयः** समयको परिवर्तनसँगै सामाजिक मूल्यमान्यता पनि बिस्तारै परिमार्जित र परिष्कृत हुँदै जान्छन् । कुनै समयमा समाजका आधारभूत नियमका रूपमा रहेका विषयहरू समयसँगै परिवर्तन भएर जान्छन् । यसको उदाहरणका रूपमा सतिप्रथालाई लिन सकिन्छ । तथापि केही मूल्यमान्यताहरू समाजमा सदाबहार रहिरहन्छन् ।

* *उपसचिव,उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय*

- **उद्देश्य वा साध्यः** कुनै काम के उद्देश्य वा प्रयोजनले गरिएको थियो भन्ने कुराले पनि उक्त कार्य नैतिक वा अनैतिक भन्ने बुझाउछ । असल मनसाय वा सकारात्मक नतिजाका लागि गरिएका कार्यहरू नैतिक कार्यका रूपमा लिइन्छ ।
- **कानुनी व्याख्याः** व्यक्तिले गरेका कामलाई कानुनले कसरी व्याख्या गर्छ ? कानुनीरूपमा स्वीकार्य छ वा दण्डनीय ? भन्ने कुराले पनि व्यक्तिको नैतिकताको निर्धारण गर्दछ ।

**बालबालिकाको सामाजिक विकासका लागि भएका व्यवस्थाहरूः**

बालबालिकामा असल आचरणको विकास, मानसिक तथा सामाजिक विकासका लागि सिर्जनशील क्रियाकलाप तथा सामाजिक कार्यमा उनीहरूको सहभागिता प्रवर्धन गर्न बालबालिकाका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा राष्ट्रिय कानुनहरूमा समेत विभिन्न व्यवस्था गरिएको छ । बालबालिकाको सर्वाङ्गीण व्यक्तित्व विकासका सन्दर्भमा बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९ को धारा २७ मा महासन्धिका पक्ष राष्ट्रहरूले प्रत्येक बालबालिकाको अधिकारको सम्मान गर्दै उनीहरूको शारीरिक, मानसिक, सामाजिक, नैतिक तथा आध्यात्मिक विकासका लागि प्रर्याप्त व्यवस्था गर्नुपर्ने उल्लेख छ । उक्त महासन्धिको धारा २९ मा बालबालिकालाई प्रदान गरिने शिक्षा देहाएका विषयमा केन्द्रित हुनेपर्ने उल्लेख गरिएको छः

- बालबालिकाको व्यक्तित्व विकास, क्षमता विकास, शारीरिक तथा मानसिक क्षमताको पूर्ण उपयोग;
- बालबालिकामा आफ्ना अभिभावकप्रति सम्मान, आफ्नो भाषा, संस्कृति, सांस्कृतिक मूल्यमान्यता, आफू बस्ने र आफ्नो जन्मिएको मुलुकको राष्ट्रिय भावनाप्रति सम्मान तथा अन्य सम्प्रदायप्रति सम्मान भावको विकास र
- समाजका सबै जाति, लिङ्ग, भाषाका मानिसहरूप्रति सम्मान तथा सामञ्जस्यपूर्ण व्यवहार कायम राख्दै समाजमा शान्ति कायम राख्न बालबालिकालाई समाजप्रति उत्तरदायी नागरिकका रूपमा विकास ।

यसैगरी बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को धारा ३१ को बुदाँ नं १ मा बालबालिकालाई उनीहरूको उमेरसमूहका आधारमा उपयुक्त सिर्जनशीलता प्रवर्धन गर्ने क्रियाकलाप तथा सांस्कृतिक क्रियाकलापमा सहभागी हुन पाउने अधिकारको सम्मान गर्नुपर्ने उल्लेख गरिएको छ । साथै धारा ३१ को बुदाँ नं २ मा महासन्धिका पक्ष राष्ट्रहरूले बालबालिकाको सांस्कृतिक जीवनमा पूर्ण सहभागी हुन पाउने अधिकारको सम्मान गर्दै बालबालिकालाई सांस्कृतिक, सिर्जनशील तथा अतिरिक्त क्रियाकलापमा सहभागी हुन पाउने व्यवस्थाको प्रवर्धन गर्नुपर्ने उल्लेख गरिएको छ ।

नेपालले संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेपश्चात् बालबालिकाका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा उल्लेख भएका ४ वटा प्राथमिकताका क्षेत्रहरू बालबचाउ (Child Survival), बालसंरक्षण (Child protection), बालविकास (Child Development) र बालसहभागिता (Child Participation) मा आधारित भई नेपाल सरकारले विभिन्न कानुनी तथा संरचनागत व्यवस्था गरी कार्यक्रमहरू कार्यान्वयन गर्दै आइरहेको छ । **नेपालको संविधानले** बालबालिकाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरी बालबालिकाको संरक्षण, विकास र सहभागिताको विषयलाई प्रत्याभूत गरेको छ । संविधानको **धारा ३९ मा बालबालिकाको हक**को व्यवस्था गरी प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक र प्रत्येक बालबालिकालाई

प्रारम्भिक बालविकास तथा बालसहभागिताको हकको सुनिश्चितता गरेको छ । **बालबालिकासम्बन्धी ऐन, २०७५** मा बालबालिकालाई आफ्नो उमेर, विकासको स्तरअनुसार उपयुक्त ढङ्गले सिक्न पाउने, प्रारम्भिक बालविकासको अधिकार, आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिन पाउने अधिकार हुने उल्लेख छ । यसैगरी उक्त ऐनमा बाल न्यायलाई सुनिश्चित गर्दै कानुनी विवादमा परेका बालबालिकाको आचरणगत सुधारमा जोड दिइएको छ ।

विश्वभरि नै हरेक मुलुकमा बालबालिकामा नैतिक आचरणको विकासका लागि विभिन्न प्रयासहरू गरेको पाइन्छ । बालबालिकामा मानवीय मूल्यमान्यताको विकास र बालबालिकालाई प्रदान गरिने नैतिक तथा व्यावहारिक शिक्षाका दृष्टिकोणबाट हेर्दा जापानको बालविकास पद्धति अनुकरणीय मानिन्छ ।

**बालविकासका सन्दर्भमा जापानको अभ्यासः**

संसारभरि नै जापानी नागरिकहरूलाई परिश्रमी, नैतिकवान् तथा उच्च मानवीय मूल्यमान्यता भएका नागरिकका रूपमा लिइन्छ । बालबालिकाको सर्वाङ्गीण विकास तथा उनीहरूलाई समाजको जिम्मेवार सदस्य बनाउनका लागि बालबालिकाका अभिभावक, विद्यालय, समाज र राष्ट्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् । बालबालिकाको घरपरिवार, विद्यालय, समाज र राष्ट्रले आ-आफ्नो तहबाट बालबालिकालाई जिम्मेवार नागरिक हुनका लागि स्वअनुशासन र प्रतिबद्धताका बारेमा सिकाउँदछन् । बालबालिकाको सिकाइका सन्दर्भमा जापानले अवलम्बन गर्ने पद्धति निन्नानुसार रहेको छः

**१. बालबालिकाको सिकाइको मूल मन्त्रः स्वअनुशासन र परिश्रम**

बालबालिकाको सिकाइको सुरुआत घरबाट हुन्छ जहाँ उनीहरूलाई स्वअनुशासनमा रहन र कडा परिश्रम गर्न प्रोत्साहित गरिन्छ । बालबालिकालाई आफ्नो जीवनमा विशिष्ट उद्देश्य राख्न र उक्त उद्देश्य प्राप्तिका लागि कठिन परिश्रम गर्न सिकाइन्छ । बालबालिकामा जस्तोसुकै परिस्थितिमा पनि विचलित नभई निरन्तर मिहिनेत गरे जस्तोसुकै कठिन कार्यमा पनि सफलता प्राप्त गर्न सकिन्छ भन्ने धारणाको विकास गराइन्छ । जापानी समाजमा सबै बालबालिका सक्षम हुन्छन् र यदि उनीहरूले मिहिनेत गरे जे पनि गर्न सक्दछन् भन्ने भावना रहेको पाइन्छ र सोअनुरूप नै बालबालिकाको व्यक्तित्व विकासलाई प्राथमिकता दिइन्छ ।

**२. प्रारम्भिक शिक्षाः नैतिक शिक्षा र शारीरिक क्षमता अभिवृद्धि**

जब बालबालिका प्रारम्भिक शिक्षाका लागि विद्यालय भर्ना हुन्छन्, उनीहरूलाई लगनशील, धैर्यवान् र आत्मविश्वासी बन्न प्रेरित गरिन्छ । जापानको विद्यालय शिक्षाको पहिलो उद्देश्य नै बालबालिकामा नैतिक शिक्षा र शारीरिक क्षमता अभिवृद्धि गर्ने रहन्छ, जसले बालबालिकालाई कुनैपनि विषयवस्तुमा उपयुक्त धारणाको विकास र सिर्जनात्मक तरिकाले सोच्ने कलाको विकास गराउँदछ । साथै यसले बालबालिकामा उच्च मानवीय मूल्यमान्यताको विकास गर्न तथा समाजको सामूहिक हितप्रति ऐक्यबद्ध रहन प्रेरित गर्दछ । प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकहरूले बालबालिकालाई मानवीय मूल्यमान्यताहरूका बारेमा सिकाउँदछन् । यस्ता नैतिक मूल्यमान्यतालाई कक्षाको ground rule का रूपमा कक्षा १ का हरेक कक्षाकोठाका भित्ताहरूमा लेखिएको हुन्छ । कक्षा कोठाका केही नियमहरूमा सधै हसिलो रहने, सक्रिय रहने, जिज्ञासु रहने, मुस्कुराउने, आफ्नो जीवनको आनन्द लिने अरूप्रति सहानुभूति राख्ने, शालीन तथा भद्र रहने, अरू व्यक्तिहरूसँग सहकार्य गर्ने र सामञ्जस्य कायम गर्ने विषयहरू पर्दछन् । प्रारम्भिक विद्यालयमा

शिक्षकहरूले बालबालिकालाई अरूको कुरा ध्यान दिएर सुन्न, सही तरिकाले दिइएको कार्य गर्न र विद्यालयका नियमहरू मान्न प्रोत्साहन गर्दछन् ।

## ३. प्रारम्भिक शिक्षाको पाठ्यक्रमः नैतिक तथा सामाजिक अध्ययन

जापानको शैक्षिक क्षेत्र हेर्ने निकाय शिक्षा, विज्ञान तथा संस्कृति मन्त्रालय हो । उक्त मन्त्रालयले प्रारम्भिक शिक्षाको पाठ्यक्रम बालबालिकाको सामाजिक जीवन र योग्य नागरिक बन्न आवश्यक जानकारी प्रदान गर्ने गरी तयार गरेको छ । मन्त्रालयले तयार गरेको पाठ्यक्रम; **प्राथमिक नैतिक तथा सामाजिक अध्ययन**को उद्देश्य नै बालबालिकाको उचित विकास रहेको छ । जसले बालबालिकालाई सबैको स्वतन्त्रताको सम्मान गर्न र आफूलाई सुम्पिएको कार्य जिम्मेवारी हरहालतमा पूरा गर्न प्रोत्साहन गर्दछ ।

नैतिक विषय अध्ययनका चार मुख्य उद्देश्यमा **लगनशीलता, धैर्य, कठिन कार्य गर्ने क्षमताको विकास र कामप्रति पूर्ण समर्पण** रहेका छन् । सामाजिक विषयको अध्ययनमा बालबालिकालाई प्रजातान्त्रिक र शान्तिपूर्ण देशको नागरिक भएको चेतनाको विकास गराइन्छ । उक्त विषयमा परिवार, समाज, समाजका अन्य व्यक्तिहरूसँगको सामञ्जस्य, work ethics, र राष्ट्रिय सांस्कृतिक तथा सामाजिक सम्पदाहरूका बारेमा जानकारी गराइन्छ । विद्यालय शिक्षाको पाठ्यक्रम बालबालिकाको मानसिक विकास र समाजले उनीहरूप्रति गर्ने अपेक्षाका बारेमा बुझ्न सक्ने गरी तयार गरिएको हुन्छ ।

यसरी जापानमा बालबालिकालाई राज्यले राष्ट्रिय परिवारको रूपमा स्वीकार गर्दछ र उनीहरूको हेरचाह समग्र समाज, र समाजका सबै वयस्कहरूले गर्दछन् । उनीहरूलाई सामाजिक मूल्यमान्यताका बारेमा सिकाउँदछन् । बालबालिकामा सामूहिक भावनाको विकास गराई मानिस एक्लै रहन सक्दैन भन्ने भावनाको विकास गराउँदछन् । जापानको संविधानमा नै बालबालिकाका केही अधिकार र वयस्कहरूको बालबालिकाप्रति जिम्मेवारी उल्लेख गरिएको छ ।

कुनै पनि व्यक्तिले बाल्यावस्थामा सिकेका/जानेका कुराहरूले उसको जीवनपर्यन्त प्रभाव पार्दछ । अतः बालबालिकालिकालाई बाल्यकालमै उचित शिक्षा तथा मार्गदर्शनमार्फत सकारात्मक सोचको विकास गराउन सकेमा भविष्यमा समेत उनीहरूले त्यसैको सिको गर्ने अवस्था रहन्छ । तसर्थ बालबालिकालाई घर/परिवारका सदस्य तथा औपचारिक शिक्षाको पाठ्यक्रममै व्यवस्था गरी देहाएका विषयहरूमा अध्ययन गराउन उपयुक्त देखिन्छ ।

## १. आधारभूत मानवीय मूल्यमान्यताहरूः

मानवीय मूल्यले समाजद्वारा मान्यता प्राप्त मानवीय गुणहरूलाई बुझाउँदछ । मानव जीवन तथा मानसिक विकास प्रक्रियामा स्वीकार गरिएको आदर्श नियम वा लक्ष्य नै मानवीय मूल्य हो, जसका आधारमा विभिन्न मानवीय परिस्थिति तथा विषयको मूल्याङ्कन गरिन्छ । जीवनको मार्गदर्शक सिद्धान्तका रूपमा रहने मानवीय मूल्यलाई कुनैपनि व्यक्तिले आफ्नो सामाजिक जीवनमा महत्त्वपूर्ण विषयका रूपमा लिएको हुन्छ । यस्ता मानवीय मूल्यहरू संसारभर सर्वमान्य सिद्धान्तका रूपमा रहेका छन् । तसर्थ बालबालिकालाई सानो उमेरमा नै मानवीय मूल्यमान्यताहरूका बारेमा जानकारी गराउनु पर्दछ । केही मानवीय मूल्यमान्यताहरू देहायअनुसार रहेका छन्:

- भ्रातृत्व (Brotherhood),
- मित्रता(friendship),
- समानुभूति (empathy),
- सहानुभूति (sympathy),
- दया/करुणा(compassion),
- इमानदारी (honesty),
- पक्षपात नगर्ने (fairness),
- बफादारी (loyalty)
- ऐक्यबद्ध (solidarity),
- सत्यता (truthfulness),
- अनुशासन (discipline),
- माया(love),
- सम्मान(respect),
- न्याय(justice),
- खुलापन (openness),
- सहृदयी (welcoming/well hearted)
- स्वीकारोक्ति (acceptance),
- मान्यता (recognition),
- प्रशंसा (appreciation),
- विश्वास(trust) इत्यादि

## २. नैतिकता/नैतिक शिक्षाः

असल आचरण र खराब आचरणका बारेमा विस्तृत अध्ययन गर्ने र व्यक्तिलाई असल आचरण अवलम्बन गर्न प्रेरित गर्ने व्यावहारिक विज्ञान नैतिकता हो । नैतिकता सही र गलत छुट्याउन व्यक्तिमा अन्तर्निहित गुण हो, जुन समाजबाट स्थापित र स्वीकृत मूल्य, मान्यता तथा सामाजिक नियमको पालना, व्यक्तिमा निहित मूल्यमान्यताबाट निर्देशित हुन्छ । यसले मानव जीवनमा के गर्नुहुन्छ वा के गर्नुहुँदैन, के ठीक र के बेठीक हो भन्ने बारेमा निर्णय गर्न सघाउँदछ । नैतिक शिक्षाको उद्देश्य मानिसको चरित्र र व्यवहारलाई आदर्श बनाउनु नै हो । सारमा भन्नुपर्दा नैतिकताले असल र आदर्श जीवन कसरी जिउने, हाम्रा अधिकार, जिम्मेवारी र कर्तव्य के के हुन् ? उचित/अनुचित कार्यहरू के के हुन् ? जस्ता प्रश्नहरूको जबाफको खोजी गर्न प्रेरित गर्दछ । महान् दार्शनिक Socrates का अनुसार नैतिकताका ५ नियमहरू देहायअनुसार रहेका छन्:

- आफ्नो वचनको पालना गर्ने;
- कसैलाई हानि नपुऱ्याउने;
- आफ्ना आमाबाबु र गुरुको आज्ञापालना एवं श्रद्धा गर्ने;
- राष्ट्रसेवा गर्ने र
- शिक्षाआर्जन र सोको सही उपयोग गर्ने ।

बालबालिकामा नैतिक आचरणको विकासका लागि यस्ता विषयवस्तुहरू औपचारिक पाठ्यक्रममा उल्लेख गर्नुपर्दछ । यसका साथै नैतिकताका विभिन्न सिद्धान्तहरूका बारेमा बालबालिकालाई सिकाउनुपर्दछ ।

**नैतिकताका सिद्धान्तहरूः**

- **Principle of human dignity:** अरूको विचार, दृष्टिकोण, भावना, मूल्य र अस्तित्वलाई आदर गर्ने, सबैले आफ्नो जीवनयापन गर्न पाउनुपर्ने, आत्मसम्मान र स्वायत्तताको सम्मान गर्नुपर्ने ।

- **Principle of Justice:** समानताको प्रत्याभूति, सार्वजनिक जीवनमा समान, स्वच्छ र निष्पक्ष व्यवहार गर्ने, व्यक्तिको योग्यता र योगदानको कदर गर्ने, न्यायको समान वितरण ।
- **Principle of non-malfeasance (principle of do not harm):** स्रोतको दुरुपयोग नगर्ने, प्रत्येक काम वा व्यवहारबाट हानिभन्दा फाइदा पुग्नुपर्ने ।
- **Principle of beneficence:** सबै मानिसले सबैको हितका लागि काम गर्नुपर्ने, त्यस्तो कामले मानवत्व र नैतिक मूल्य प्राप्त हुन जाने ।
- **Principle of professional ethics:** व्यक्ति आबद्ध पेशागत नैतिकताको पालना गर्नुपर्ने ।

### ३. पूर्वीय दर्शनको जानकारीः

पूर्वीय दर्शन र सभ्यताले नेपाली समाज, संस्कृति, प्रथा र मूल्यप्रणालीमा गहिरो प्रभाव पारेको छ । पञ्चकर्म, शुद्ध र शाकाहारी भोजन, नित्य पूजाअर्चना र दान गर्ने, मानवशत्रुका रूपमा रहेका काम, क्रोध, लोभ र मोहलाई त्याग्ने जस्ता विषयहरू पूर्वीय दर्शनमा पाइन्छन् । पूर्वीय दर्शन र संस्कृतिको मूल स्रोत वैदिक साहित्य हो । ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्ववेद पूर्वीय संस्कृतिका भण्डार हुन् । पूर्वीय दर्शनसँग सम्बन्धित कृतिहरूको अध्ययनबाट बालबालिकामा सकारात्मक सोचको विकास गर्न सकिन्छ । संस्कृति समाज र सभ्यता स्थिर तत्त्व होइनन् । यिनीहरू निरन्तर परिवर्तन भइरहन्छन् । यद्यपि, यसका सकारात्मक कुराहरूको अनुसरण गर्न सके जीवन सार्थक बन्दछ ।

### ४. आध्यात्मिक चेतनाको विकासः

अध्यात्मवादले जीवन र जगतप्रतिको परिष्कृत धारणाको विकास गराउँदछ । अध्यात्मवाद त्यस्तो विज्ञान हो जसले मानिसलाई सही बाँटोतर्फ डोऱ्याउँदछ । अध्यात्मले मानिसमा प्रेम, विश्वास, आशा, सदाचार र सौन्दर्य उत्पन्न गराउँदछ । कर्मनिष्ठ जीवन नै सार्थक हो । राम्रो कामको परिणाम राम्रै हुन्छ । जो अरूको हित चिताउछ, अरूलाई प्रेम गर्दछ उ सबैको प्यारो हुन्छ भन्ने धारणा बाल मस्तिष्कमा प्रवेश हुनुपर्दछ । यसैका साथै योग, ध्यानको नियमित साधनाले बालबालिकामा एकाग्रता, संयमता, विश्लेषणात्मक क्षमताको विकास गराउँदछ ।

### ५. नागरिक शिक्षाः

नागरिकले राज्यप्रतिको दायित्व पूरा गर्ने ज्ञान, सीप र दक्षता एवं क्षमताको प्रवर्धन र विकास गर्न आवश्यक शिक्षा नागरिक शिक्षा हो । यो नागरिकमा स्वशासनको क्षमता निर्माण गर्ने प्रक्रिया हो । नागरिक शिक्षाले सार्वजनिक जीवनमा व्यक्तिको आचरण र भूमिकालाई मर्यादित, सक्रिय, स्वाधीन बनाउन व्यक्तिको सीमा र सम्भावनाको बोध गराउँदछ । नागरिक शिक्षाका विभिन्न क्षेत्रहरू (Dimensions) हुन्छन् ।

- **Developmental dimension:** लाभको समतापूर्ण प्रयोग गर्ने, सामूहिक सहभागिता, सबै वर्गको पहुँच/प्रतिनिधित्व, विकासका समस्या समाधान, वातावरण संरक्षणलगायतका विषयवस्तु यसअन्तर्गत पर्दछन् ।
- **Moral dimension:** सामाजिक मूल्यमान्यता, नैतिक आचरण र अरूको भावनालाई कदर तथा सम्मान, विश्व बन्धुत्वको भावना भ्रातृत्व, प्रेम, सच्चरित्र, इमान्दारी, सत्यता, न्याय र मानव अधिकारको सम्मानलगायतका विषयवस्तु यसअन्तर्गत पर्दछन् ।
- **Cultural dimension:** भाषा साहित्यको जगेर्ना, कला संस्कृतिको बचावट, ऐतिहासिक पुरातात्त्विक महत्त्वको संरक्षण, सांस्कृतिक सम्पदाको संरक्षण र उत्थानजस्ता विषयवस्तुहरूको ज्ञान नागरिक शिक्षाको

सांस्कृतिक आयामबाट प्राप्त हुन्छ ।

- **Social dimension:** नागरिक हक/अधिकार, सामाजिकीकरण, सामूहिक प्रयास, भेदभावरहित वातावरण. सहिष्णुता र सामाजिक एकतालगायतका विषयवस्तुहरू सामाजिक आयाम अन्तर्गत पर्दछन् ।

## बालबालिकाको व्यक्तित्व विकासका सन्दर्भमा समाजका विभिन्न तहहरूको भूमिकाः

बालबालिकाको शारीरिक, मानसिक तथा सामाजिक विकासमा परिवार, समाज तथा शैक्षिक संस्थाहरूको आ-आफ्नै भूमिका हुन्छ र हरेकले आफ्नो भूमिका प्रभावकारीरूपमा निभाउन सकेमा मात्र बालबालिकामा सकारात्मक प्रभाव देखिन्छ ।

## परिवारको भूमिकाः

परिवार समाजको आधारभूत इकाइ हो। परिवारको मूल्य (values) ले नै व्यक्तिलाई समाजसँग जोड्छ। परिवारले एउटा बच्चालाई समाजका आधारभूत मूल्यमान्यता र चरित्रहरूका बारेमा जानकारी प्रदान गर्दछ। एकल परिवारमा हुर्केका बालबालिकामा व्यक्तिवादिता, जिम्मेवारी, नयाँ मूल्यमान्यताको अनुसरण तथा आधुनिकता सिक्ने सम्भावना बढी हुन्छ भने संयुक्त परिवारमा हुर्केको बालबालिकामा पैतृक गुणहरू, परिवारमा अधिकार प्राप्त व्यक्तिको सम्मान, सुखदुख र कामको बाँडफाँड, परम्परागत मूल्यमान्यताको अनुसरण गर्ने संस्कारको विकास भएको हुन्छ। तसर्थ बालबालिकालाई मानवीय मूल्यमान्यता, नैतिक आचरण, आधारभूत व्यावहारिक तथा जीवनोपयोगी सीपहरू सिकाउन परिवारको प्रमुख भूमिका रहन्छ। सूचना प्रविधिको विकाससँगै आधुनिक तथा विदेशी संस्कृतिको अवलम्बन र आफ्ना परम्परागत सांस्कृतिक मूल्यमान्यतामा क्षयीकरण आइरहेको सन्दर्भमा परिवारका वयस्कहरूले बालबालिकालाई आफ्नो रीतिरिवाज, संस्कृति, परम्पराको महत्त्वका बारेमा सिकाई त्यसको अनुसरण गर्न प्रेरित गर्नुपर्दछ ।

## समाजको भूमिकाः

व्यक्ति एक सामाजिक प्राणी हो। उसको नैतिक मूल्यमान्यता निर्धारणमा समाजको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। असल चरित्रयुक्त सदस्य निर्माणका लागि समाजले विकृत व्यवहारलाई निरुत्साहित र बहिस्कार गर्ने तथा असल कार्यको पक्षपोषण गर्न जरुरी छ। समाजले कुनै पनि व्यक्तिबाट अपेक्षा गर्ने सकारात्मक आचरण/सदाचारका मूल्यमान्यताहरू culture र society specific हुन्छन्। तसर्थ समाजका हरेक व्यक्तिहरूले आफ्ना सामाजिक व्यवहारलाई सामाजिक हित र भलाइउन्मुख बनाउन प्रेरित गर्नु आवश्यक छ। बालबालिकामा सामुहिक भावनाको विकास गराउन बालबालिकाको उमेर समूह तथा क्षमताका आधारमा सामाजिक कार्यहरू तथा सांस्कृतिक क्रियाकलापहरूमा सहभागी गराउने गर्नुपर्दछ । यसले बालबालिकामा विभिन्न जातजाति, धर्म भाषाका व्यक्तिहरूप्रति सम्मान भाव तथा सामाजिक विविधताप्रति सहनशीलता बढाउँदछ ।

## शैक्षिक संस्थाको भूमिकाः

हरेक व्यक्तिले आफ्नो बाल्यकालदेखि किशोरावस्थासम्मको महत्त्वपूर्ण समय शैक्षिक संस्थामा बिताएको हुन्छ। जहाँबाट उसले आफ्नो सुन्दर तथा सफल भविष्यको सपना देख्दछ। कुनैपनि कुरामा सफलता प्राप्त गर्न त्यसका लागि निरन्तर तथा कडा परिश्रम गर्नुपर्छ। यसका साथसाथै सफलता धेरै हदसम्म व्यक्तिमा अन्तर्निहित तथा उसले आर्जन गरेको मूल्यमान्यताले तय गरेको हुन्छ। शैक्षिक संस्थाले आयोजना गर्ने नियमितबाहेकका अन्य शैक्षिक तथा सामाजिक

कार्यक्रमहरूले बालबालिकामा आफ्नो नेतृत्व क्षमता बढाउने, सहयोग सम्मान र सहनशीलता जस्ता गुणहरूको विकास हुने अवसर प्राप्त गर्दछ । अतः शैक्षिक संस्थाले उच्च मूल्ययुक्त जनशक्ति उत्पादनमा विशेष जोड दिनुपर्छ । बालबालिकालाई परिश्रम गर्न प्रोत्साहन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा शैक्षिक क्षेत्रमा अवलम्बन गरिएका असल अभ्यासहरूको अनुसरण गर्नुपर्दछ ।

**सरकारको भूमिका:**

बालबालिकामा नैतिक मूल्यमान्यताको विकास गर्ने, विभिन्न सामाजिक मूल्य/मान्यता, भाषा, संस्कृतिको जानकारी प्रदान गर्ने, मुलुकको इतिहास तथा सभ्यताका बारेमा जानकारी दिने, व्यावहारिक जीवनमा अत्यावश्यक आधारभूत जीवनोपयोगी शिक्षाका विषयवस्तु औपचारिक शिक्षाको पाठ्यक्रममा समावेश गर्ने नीति सरकारले अवलम्बन गर्नुपर्दछ । यसका साथै सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूमा बालअधिकारका सम्बन्धमा भएका व्यवस्थाहरूको कार्यान्वयन तथा कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ । समाजलाई एकीकृत गराइराख्न राष्ट्रिय एकताका प्रतीकहरूको निर्माणमार्फत अनेकतामा एकताको भावनाको विकास गराउनु पर्दछ । सबैलाई राष्ट्रिय हितका निमित्त समर्पित रहन उत्पेरित गर्ने वातावरण निर्माण गरी भविष्यका कर्णधारका रूपमा रहेका बालबालिकालाई देश निर्माणको बलियो खम्बाका रूपमा विकास गर्नुपर्दछ ।

**निष्कर्ष:**

असल नागरिक कुनैपनि मुलुकका अमूल्य नीधि हुन् । बालबालिकाको सुन्दर भविष्य तथा उनीहरूलाई सुयोग्य नागरिक बनाउनका लागि विद्यमान औपचारिक पाठ्यक्रममा नवीन मान्यताअनुरूप परिमार्जन गर्नु अत्यावश्यक भइसकेको छ । कोभिड १९ को विश्व्यापी महामारीसँगै विगत १ वर्षदेखि बालबालिका प्रभावित हुनुका साथै उनीहरूमा शारीरिक तथा मानसिक समस्याहरू देखा पर्न थालेका छन् । घर, विद्यालय र सार्वजनिक स्थलहरूमा समेत बालबालिकाको सुरक्षा चुनौतीपूर्ण बन्दै गएको छ भने विद्युतीय सामग्रीमा बालबालिकाको पहुँच बढेसँगै विद्युतीय माध्यमबाट बालबालिका हिंसा तथा दुर्व्यवहारमा पर्न सक्ने खतरा बढ्दो छ । यस्तो विषम परिस्थितिमा बालबालिकाको सुरक्षा र संरक्षण हामी सबैको जिम्मेवारी हो । सङ्कटको अवस्थामा बालबालिकाको सुरक्षालाई पहिलो प्राथमिकतामा राखी वैकल्पिक माध्यमबाट बालबालिकाको शिक्षा तथा व्यक्तित्व विकासका क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । दैनिक जीवनमा उपयोग हुने सीप सिकाई बालबालिकाहरूलाई व्यावहारिक बनाउन अभिभावकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न अत्यावश्यक भएको छ । बालबालिकाका लागि सुरम्य पारिवारिक तथा सामाजिक वातावरण निर्माण गरी सिर्जनाका आधारभूमि हाम्रा बालबालिकामा सकारात्मक र जीवनमुखी रङ भर्न अभिभावक, परिवार र राज्यले आफ्नो नैतिक आचरणमार्फत सकारात्मक ज्ञान सम्प्रेषण गर्नुपर्दछ ।

***

**सन्दर्भसामग्री:**


- बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९
- नेपालको संविधान, २०७२
- बालबालिकासम्बन्धी ऐन, २०७५
- Expectations for Japanese Children, Linda Bennett, http://www.socialstudies.org/sites/default/files/publications/yl/1003/100306.html

# सङ्घीयता/स्थानीय सरकार र महिला विकास कार्यक्रमः एक समीक्षा

✍ शान्ताकुमारी पौडेल*

## १. विषय प्रवेशः

नेपालको इतिहासका विभिन्न कालखण्डमा आएका परिवर्तनलाई नेपाली जनताले आत्मसात् गर्दै आएका छन्। जहानिया राणा शासनको अन्त्य गर्न सिङ्गो नेपाली जनता जुर्मुराए। यसको अन्त्य गराएरै छाडे। प्रजातन्त्रको स्थापनार्थ धेरै नेपाली आमाका सन्ततिले रगतको खोलो बगाए। राणा शासनको अन्त्यका लागि राजा र जनताको एकीकृत प्रयासबाटै यो व्यवस्थाको अन्त्य सम्भव भयो। देशमा प्रजातान्त्रिक व्यवस्था लागु भयो। एकसय चार वर्षसम्म सञ्चालित व्यवस्थाको अन्त्यबाटै प्राप्त परिवर्तित प्रजातान्त्रिक राजतन्त्रात्मक शासन व्यवस्था लामो समय टिक्न सकेन। राजनीतिक अस्थिरताको परिणामतः २०१७ सालमा राजा महेन्द्रले सत्ताको बागडोर आफूले सम्हाले। राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइयो। नागरिकको वाक स्वतन्त्रता कुण्ठित हुन पुग्यो। निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध जनताले थुप्रै सङ्घर्ष र बलिदान गरे। सार्वभौम अधिकार नेपाली जनतामा नै हुनुपर्ने माग गर्दै विभिन्न समयमा गरिएका आन्दोलनबाट देशमा पुनः २०४६ सालमा प्रजातान्त्रिक व्यवस्था लागु हुन पुग्यो। जनता नै सार्वभौमसम्पन्न भएको अनुभूति दिलाउने व्यवस्थाको अङ्गीकार गर्न राजा र जनता सहमत भए। देशमा बहुदलीय व्यवस्था आयो। विभिन्न राजनीतिक दलहरूमाथि लगाइएका प्रतिबन्ध फुकुवा भयो। प्रजातान्त्रिक व्यवस्थाको अभ्यास भइरहेकै थियो। तथापि पुनः देशमा राजनीतिक अस्थिरता देखिन थाल्यो। प्रजातन्त्र प्राप्तिलाई संस्थागत अभ्यास हुन नभ्याउदै दश वर्षे लामो जनयुद्ध सुरु भयो। यसबीचमा द्वन्द्वलाई शान्ति प्रक्रियामा ल्याउन विभिन्न प्रयासहरू गरिए। सशस्त्र सङ्घर्षका कारण नेपाली जनता अत्यन्तै दुःखित बने। विकासका संरचनाहरू तहसनहस भए। देश विकासका कामहरू प्रायः ठप्पको अवस्थामा पुगे। गाउँगाउँमा विकासका कार्य पुऱ्याउने काममा अवरोध आए। जनताको दैनिकी डर, त्रास र भयमा बित्थे। जनताले विश्वास र भरोसा न त राज्यपक्षलाई गर्दथे, न त सशस्त्र सङ्घर्षरत पक्षलाई। २०६२/६३ मा देश पुनः परिवर्तनको दिशातर्फ अभिमुख भयो। सबै राजनीतिक शक्तिहरू एकै ठाउँमा उभिए। राजदरबार हत्याकाण्डपश्चात् देशमा शाही सरकारले राज्यसत्ता हातमा लियो। राजनीतिक शक्तिको ऐक्यबद्धताले देशमा लामो इतिहास बोकेको राजसस्थाको अन्त्य भई लोकतन्त्र स्थापित हुन पुग्यो।

सशस्त्र सङ्घर्षका ती काला दिन जनताले आउँदा दिनमा कहिल्यै अनुभूत नहुने गरी कार्य गर्न सम्पूर्ण राजनीतिक दलहरू एकीकृत भए। हामी सबैले द्वन्द्व र त्यसको परिणामले परिवार, समाज र राष्ट्रमा पारेको प्रभावका सम्बन्धमा प्रत्यक्ष अनुभूत गरेकै थियौँ। हरेक पलपलमा डर, त्रास र भयमा हरेक नेपाली समुदाय गुज्रेको थियो। कति दिदी बहिनीका सिउँदो रित्तिए। कतिको काख खोसियो। कति बालबालिका टुहुरा भए। कतिले आफ्नो पुर्ख्यौली थात थलो छोडेर जानु पर्यो। विद्यालयमा पढ्न गएका छोरा छोरी बेलुकी घर फर्केर आउने हुन् वा होइनन् भनेर अभिभावकलाई सदा त्रास भई नै रह्यो। विद्यालयलाई शान्तिक्षेत्र बनाउन ठूलै सकसहरू उत्पन्न भए। यस्ता थुप्रै पीडाबाट मुक्ति दिलाउन र देशलाई दिगो

* *प्रमुख महिला विकास अधिकृत, भरपुर महानगरपालिका*

शान्ति, सहमति र एकताको आवश्यकताको अनुभूति गराउन उच्चस्तरमा राजनीतिक सहमति भए । द्वन्द्वलाई शान्ति प्रक्रियामा रूपान्तरण गर्दै प्राप्त गरेका उपलब्धिलाई संस्थागत गराउँदै लोकतन्त्रात्मक गणतन्त्र नेपाल निर्माण भयो। जनताका लागि जनताद्वारा नै लिखित संविधान जारी भयो। देशका साङ्गठनिक संरचनामा आमूल परिवर्तन भए। हिजोको एकात्मक राज्य व्यवस्था वर्तमानमा सङ्घीय संरचनाअनुरूप तीन तहमा विभक्त भए । राज्य सञ्चालनलाई व्यवस्थित बनाउन पहिलो संविधानसभाले सम्पन्न गर्न नसकेको संविधान निर्माण कार्यलाई अर्को संविधानसभाको चुनावपश्चात् निर्वाचित जनप्रतिनिधिहरूले यसलाई पूरा गराए। २०७२ साल असोज ३ गतेका दिन नेपालको संविधान जारी गरियो। संविधानतः राज्यको सङ्गठनात्मक संरचनालाई एक सङ्घ, सात प्रदेश र सातसय त्रिपन्न स्थानीयतहमा विभक्त गरियो । राज्य सञ्चालनका लागि तीन तहका सरकारहरू बने। सङ्घ, प्रदेश र स्थानीय सरकारका केही साझा अधिकार र केही एकल अधिकारका सूचीहरू संविधानमा नै उल्लेख गरिए। सबै प्रदेश र स्थानीयतहमा कार्यपालिका, व्यवस्थापकीय र न्यायिक अधिकार प्रत्याभूत गरियो। सबै तहका सरकारहरू आफैमा स्वतन्त्र एवम् अधिकार सम्पन्न भए तथापि केही कानुनहरू भने सङ्घीय सरकारका कानुनसँग बाझिने गरी प्रदेश तथा स्थानीयतहले निर्माण गर्न नपाइने गरी स्थानीयतहलाई स्वतन्त्र हुनबाट केही हदसम्म रोकेको पनि देखिन्छ ।

## २. नेपालमा महिला विकासका प्रयास एक सिंहालोकन

देशमा राजनीतिक परिवर्तन धेरै भए। परिवर्तनसँगै देशको विकासलाई फरक-फरक कोणबाट हेरियो। योजनाबद्ध विकास धेरै अघि (२०१३ साल) देखि सुरु गरिए। विकासमा महिलालाई समावेश गर्ने सोचको विकास भने धेरै पछि मात्र भयो। छैटौँ योजना (२०३७-०४२) अवधिमा मात्र विकासमा महिलाको सहभागितालाई समावेश गरियो। विकासका लाभान्वित वर्गका रूपमा महिलाहरूलाई सोच्ने गरियो। महिलाको सार्थक सहभागिताभन्दा पनि महिलालाई कल्याणमुखी दृष्टिकोणले विकास कार्यक्रमहरू सञ्चालनमा ल्याइए। एकातिर महिलाको विकासमा सहभागिता त देखियो तर अर्कोतर्फ महिलाको निर्णायक सहभागिता भने शून्य प्रायः भए। तसर्थ विकासमा महिला र पुरुषबीच देखिएका असमान शक्ति सम्बन्ध र यसले पारेको प्रत्यक्ष असरले विकास प्रक्रियामा समावेश गरी विश्लेषण गर्नुपर्ने आवश्यकता ठानियो। सन् १९९० को दशकपछि नै विकासमा लैङ्गिकताको विषयलाई समेटेर हेर्न थालियो। विकासका लगानी र त्यसको प्रतिफललाई विश्लेषण गर्दा महिला र पुरुषका बीच स्थापित सामाजिक भूमिकाहरूलाई विश्लेषण गर्न जरुरी ठानियो। महिला अधिकार र महिला सशक्तीकरणका लागि विभिन्न अवधारणाहरू अवलम्बन गरियो। त्यसैक्रममा नेपालले पनि महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ लाई सन् १९९१ मा अनुमोदन गऱ्यो। सन् १९९५ मा संयुक्त राष्ट्रसंघले चीनको बेइजिङमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलनमा लैङ्गिक मूलप्रवाहीकरणलाई एक प्रमुख रणनीतिको रूपमा लिई १२ वटा सरोकारका क्षेत्रहरूमा परिवर्तनको प्रतिबद्धता गरेको थियो। जुन प्रतिबद्धता सन्धि ऐन, २०४७ ले नेपालमा कानुनसरह लागु हुने गरी सुनिश्चित गरिदियो। तिनै बाह्रवटा सरोकारका पक्षहरूलाई कार्यान्वयनमा ल्याउन नेपाल सरकारले राष्ट्रिय कार्ययोजना तयार पारी कार्यान्वयनमा ल्यायो। नेपालको अन्तरिम संविधानमा पहिलो पटक महिलाको हकलाई मौलिक हकको रूपमा स्थापित गरियो भने २०७२ को नेपालको संविधानमा ती व्यवस्थालाई निरन्तरता दिइयो। त्यति मात्र नभई संविधानले नै समनताको हक पनि सुनिश्चित गरिदिएको छ। संविधानको प्रस्तावनामा नै लैङ्गिक समनताको विषय उल्लेख छ।

## ३. विद्यमान राज्य प्रणालीमा महिलाको सशक्तीकरणका सवालः

देशमा व्यवस्था परिवर्तन भयो । परिवर्तित व्यवस्थाले नेपालमा पहिलो पटक सङ्घीयता कार्यान्वयनको चरणमा आयो। सङ्घीयता कार्यान्वयन गर्न सबै राजनीतिक दल, कर्मचारी संयन्त्र एवम् सम्पूर्ण नेपाली जनतामा उत्साह र उमङ्ग

थपिएकै थियो । विगत लामो समयदेखि नेपाली ग्रामीण परिवेशका महिला दिदीबहिनीको प्रत्यक्ष भरोसामा रहेका हामीमा पनि एक प्रकारको उत्साह र उमङ्ग नभएको कहाँ थियो ? हिजो देशको विकासका लागि बनाइएका योजना, नीति र रणनीतिहरूलाई एकीकृतरूपमा लागु गर्न कठिनाइ महसुस नभएको पनि  होइन । हरेक विषयगत मन्त्रालय, विभाग र कार्यालयहरूले आ-आफ्नै तरिकाबाट कामहरू सम्पादन गर्ने हुँदा त्यसको प्रभावकारिता र औचित्यका बारेमा बेला-बेलामा प्रश्न उठाइने गरिन्थ्यो । कार्यक्रमको दोहोरो पन एकातिर थियो भने अर्कोतर्फ अनावश्यक क्षेत्रमा स्रोतको अधिकतम प्रयोग भएको थियो । त्यसको उचित व्यवस्थापन र नियन्त्रण हुनु पनि जरुरी नै देखिन्थ्यो । योजनाबद्ध विकासका क्रममा देश विकासका विभिन्न मोडलहरू प्रयोगमा ल्याइएकै थिए । विगतका अनुभवहरूलाई समेट्दै नयाँ व्यवस्थाअनुरूप जिल्लातहमा रहेका सबै विषयगत कार्यालयहरूले प्रवाह गर्ने सेवा सुविधालाई जनमुखी, विश्वसनीय, पारदर्शी र व्यावहारिकरूपमा अवलम्बन गर्न गराउन प्रत्येक स्थानीयतहमा विषयगत महाशाखा/शाखा स्थापना हुने व्यवस्था मिलाइयो । केही हदसम्म कार्यान्वयन पनि भए । मन्त्रालयका सङ्ख्याहरू समेत कटौती भए भने कतिपय दुईवटा मन्त्रालयलाई एकै मन्त्रालयमा समेत गाभिए । त्यस्तै गरी विभिन्न विषयगत मन्त्रालयका जिल्लातहका संरचनाहरू केही सङ्घीय संरचनाअनुरूप नै रहे त केही भने प्रदेश मातहत रहने गरी व्यवस्थित गरिए । सङ्घीय संरचनामा रहेको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भने कुनै पनि संरचनाविहीन बन्न पुग्यो । जिल्ला तथा प्रदेशतहमा कुनै पनि संरचना नरहेको यस मन्त्रालयको औचित्यमाथि पनि प्रश्न गर्नु कुनै अनौठो मान्नु पर्ने भएन । देशको जनसङ्ख्याको ५१.५ प्रतिशत महिला, ४१.८४ प्रतिशत बालबालिका, ८.१ प्रतिशत ज्येष्ठ नागरिक र १.९७ प्रतिशत अपाङ्गता भएका, यौनिक अल्पसङ्ख्यक जनसङ्ख्याको हक अधिकार संरक्षण र प्रवर्धन गर्न र प्रत्यक्षरूपमा सेवा पुऱ्याउनु पर्ने यस मन्त्रालयमातहतमा जिल्ला तथा प्रदेशतहमा कुनै पनि संरचना नरहनु स्वयंमा थुप्रै प्रश्न रअनुत्तरित हेका छन् । एकातिर राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रियतहमा जनाएका प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउन कति सम्भव छ ? अर्कोतिर राज्यले बनाएका नीति र योजनाहरू कागजी दस्तावेजमा सीमित रहने रहेछन् भन्ने अनुमान सहजै लगाउन सकिन्छ । यसबारेमा सरोकारित सबैमा जगजाहेरै भएको विषय हो । सरकारमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको कोणबाटै विश्लेषण गर्ने नै हो भने पनि मन्त्रिपरिषद् गठन हुँदाका अवस्थामा समेत सबैभन्दा पुछारमा अर्थात् कम रोजाइमा पर्ने मन्त्रालयभित्रै परेको हामी सबैले देखे भोगेकै कुरा हो । त्यस्तैगरी देश सञ्चालनको स्थायी सरकारका रूपमा रहेको कर्मचारी प्रशासनभित्रका उच्च ओहदामा रहनेहरूका लागि पनि यो मन्त्रालय कम रोजाइभित्र पर्नु स्वाभाविकै मानिन्छ । कही कतै स्थान नपाएपछि मात्र यहाँ आउने गरेको प्रष्ट देखिन्छ । यहाँ यी पङ्क्तिहरू उल्लेख गरिरहँदा सरकारी सेवामा कार्यरत रहेकै व्यक्तिबाट राज्यले गरेका नीतिगत व्यवस्थामा टिप्पणी गर्ने भन्ने आरोप नलाग्ला भन्न पनि सकिँदैन । तथापि यी पङ्क्तिहरू मेरा व्यक्तिगत दृष्टिकोण मात्र समावेश गरी विश्लेषण गरेको नभई सबै राजनीतिक दलका जिम्मेवार पदाधिकारी, आम कर्मचारीजगत, बुद्धिजीवीलगायत नागरिक समाजको सामूहिक आवाजहरूको प्रतिनिधित्व भएको विश्वास दिलाउन चाहन्छु । व्यक्तिका धारणा स्वयंमा व्यक्तिगत हुन सक्लान्, यद्यपि यहाँ त सबै क्षेत्रका व्यक्तित्वहरूका विचार र दृष्टिकोणको प्रतिबिम्बन हो भनेर विश्वस्त पार्न चाहन्छु ।

### ४. विपन्न महिलाको आर्थिक एवम् सामाजिक गतिशीलतामा हाम्रो साथः

यहाँ म महिला विकास कार्यक्रमको विगतलाई स्मरण गर्दै यहाँहरूसमक्ष यथार्थता प्रस्तुत गर्ने प्रयास गरेकी छु । सुरुआत अवस्थामा महिला विकास कार्यक्रम देशका पाँच जिल्लाका पाँचवटा गाविसका पाँचवटा वडाबाट परीक्षणका रूपमा सञ्चालन गरिएको थियो । कार्यक्रमको विस्तारसँगै सतहत्तरवटै जिल्लामा विस्तार भई लाखौ लाख ग्रामीण महिलालाई घरघरबाट बाहिर ल्याउने प्रयासमा ठूलो मेहनत, सङ्घर्ष र सफलता प्राप्त गरेका  थियौँ । दबिएर बसेका महिलाका आवाजहरूलाई एकीकृत गर्न सक्यौँ । शीत उभाएर घैला भरिन्छ भन्ने भनाइलाई यथार्थमा रूपान्तरण

गराउन सफल भयौँ। महिलाको आर्थिक परनिर्भरतालाई पन्छाउँदै आर्थिक आत्मनिर्भरतर्फ अभिमुख गरायौँ। विपन्न महिलाको साङ्गठनिक गतिशीलतामा व्यापक परिचालन गर्दै अरबौ रुपियाँ बचत गराउन र उत्पादनमा लगानी गर्ने बानीको विकास गराउन सफल रह्यौँ। आफू अनि आफूजस्तै पीडामा छट्पटिएका दिदीबहिनीको संयुक्त आवाजलाई बुलन्द गरायौँ। महिलालाई परिवार, समाज र राज्यले हेर्ने सोच र दृष्टिकोण बदल्ने प्रयासमा निरन्तर पैरवी र वहस राजी राख्यौ। समानताको लडाइ लडिरह्यौँ। थोरै मानवीय स्रोत र अत्यन्तै कमजोर भौतिक स्रोत साधनको बाबजुद पनि अभाव र पीडाबाट छटपटिएका थुप्रै महिला दिदीबहिनीका लागि हौसला, प्रेरणा र आदर्श बन्यौँ। पछिल्लो केही वर्ष मात्र कर्मचारीहरूको विस्तार हुँदै लगभग १४५३ जना महिला कर्मचारीहरूबाट महिला विकास कार्यक्रमको नेतृत्व र अगुवाइ गरी घर-घरमा महिलाको आर्थिक र सामाजिक सशक्तीकरण, लैङ्गिक समानता र हिंसा निवारणका सबालमा थुप्रै उपलब्धि हासिल गर्दै थियौँ। त्यसैले पनि महिला विकास कार्यक्रम विपन्न महिलाको व्यक्तित्व विकास तथा कृतित्वको विस्तार गर्ने कार्यमा बस्तीबस्ती र झुपडीझुपडीभित्र सम्म पुग्यौँ। घरभित्र होस् कि मेलापात अर्थात् बनजङ्गल। जहाँजहाँ महिला दिदी बहिनी पुग्छन् त्यहाँत्यहाँ महिला विकासका कर्मचारीहरू पुगेर जागृत गराइने आत्म विश्वास, साथ, हौसला र प्रेरणा दिने कार्यमा कुनै कन्जुस्याइँ गरिएन। महिलाको शिक्षा, स्वास्थ्य, पोषण, पारिवारिक तथा सामाजिक उत्तरदायित्व बहन गर्न, बालबालिकाको उचित हेरचाह गर्नदेखि संरक्षणका सबालमा सशक्त बनाउने उपाय सिकायौँ। महिलाले गरेका हरेक काम र पारिवारिक तहदेखि समुदायमा निर्वाह गरेको भूमिका अतुलनीय रहेको महसुस गरायौँ। आवाजविहीनका लागि आवाज बन्यौँ। अभाव, दुःख र पीडाबाट छटपटिएका महिलाहरूका लागि मल्हम पट्टी लगाउन कहिल्यै पछाडि हटेनौँ। वर्षौंदेखि परिवारबाट परित्यक्त/विखण्डन परेका दिदीबहिनीको सम्मानजनक पारिवारिक व्यवस्थापन गराउनमा तल्लीन रह्यौँ। पारिवारिक जिम्मेवारीलाई भन्दा बढी पेशागत जिम्मेवारीलाई आत्मसात् गर्दै कुशलतापूर्वक उक्त जिम्मेवारी र भूमिका निर्वाह गरिरह्यौँ। जिम्मेवारीबाट कहिल्यै टाढा भागेनौँ। त्यसैले त अहिले पनि धेरै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको अन्तस्करणमा हामी अटाइरहन सफल बन्यौँ। कहिलेकाहीँ त लाग्छ की आफ्नै जीवनलाई फर्केर हेर्ने हो भने धेरै दिदीबहिनीका लागि हामी त हिम्मत, साहस, भरोसा र प्राण बनेका पो रहेछौँ। तसर्थ हाम्रा लागि जीवनको सबैभन्दा सुखद क्षण र सबैभन्दा ठूलो सम्पत्ति (सामाजिक पुँजी) आर्जन गरेका रहेछौँ भन्ने गर्वको महसुस गर्छु र हृदय खुसीले पुलकित हुन्छ। हामी आफूले जे जति गर्‍यौँ, त्यो त जागिर होइन रहेछ। त्यहाँ त सेवा र समर्पण पो रहेछ। जसले गर्दा संसारकै ठूलो खुसी र आनन्द मिलेको महसुस गर्छु ।

परिस्थिति फेरियो। देश सङ्घीयतामा गयो। सङ्घीयता कार्यान्वयनसँगै जिल्ला तहबाट महिला तथा बालबालिका कार्यालयका सबै संरचनाहरू हटे। धेरै जिल्लामा कार्यालयका स्थायी संरचनाहरू अलपत्र भए। हिजो भाडाका घरबाट प्रवाह गरिएका सेवाहरू बिस्तारै आफ्नै भवनबाट प्रवाह हुन थालेका थिए। कार्यालय भवन कति सम्पन्न भए त कति संरचनाहरू त्यतिकै अलपत्र अवस्थामा रहे। बन्दै गरेका भवन लामो समयसम्म न त स्थानीयतहमा हस्तान्तरण भयो। न त त्यसलाई सम्पन्न गर्नेतर्फ सङ्घीय सरकारको चासो नै देखियो। महिला संस्थाहरू अभिभावकविहीन बनेको गुनासो गर्छन। लक्षित महिलालाई समेट्ने खालका योजना छैनन्। विपन्न महिलाको आर्थिक उपार्जनका सम्भावनाहरूको खोजी भएन। सामूहिकता र व्यावसायीकरणका असल अभ्यासहरूलाई महत्त्व नै दिइएन। आवाजविहीनको आवाज बन्नुको सट्टा शक्तिशाली र पहुँचवाला सीमित व्यक्तिसँग विकासका गतिविधिले प्राथमिकता पाए। अर्थात् जसले जे सक्छ त्यही गर्ने जस्ता परिपाटीले निरन्तरता पायो। अनुशासन, मर्यदा, जिम्मेवारी, उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान दिने कार्य बोलीमा सीमित बने। बोली, व्यवहार र कार्यशैली फरकफरक। बुझ्नै कठिन भयो।

## ५. पेशागत जीवनका फरक अनुभूति

कर्मचारीहरू सङ्घ, प्रदेश र स्थानीयतहमा समायोजन भइयो । तोकिएको जिम्मेवारी वहन गर्न प्रत्येक कर्मचारी उत्साहित थियौँ र छौँ पनि । दिनरात नभनी अहोरात्र महिला, बालबालिका र लक्षित समुदायको सशक्तीकरणको द्योतक बन्दै अभियानमा संलग्न हामी कर्मचारीहरूलाई वर्तमान अवस्थामा आइपुग्दा स्थानीयतहले परिचालन गर्न त्यति चासो र आवश्यकता नदेखिरहेको आभास मिल्दछ । लामो समयसम्म कार्य गरेका हामीमा सामाजिक परिचालनको मौलिक विधि र अभ्यासहरू अनुकरणीय छन् । आफ्नो विशिष्टीकृत पेशाले खारिएका हामीलाई उपयुक्त स्थानमा रहेर जिम्मेवारी तोक्ने र कार्यसम्पादन गराउने परिपाटीको अभाव देखिन्छ । पारिवारिक निर्णयप्रक्रियामा होस् कि पेशागत तथा व्यावसायिक जीवनमा स्वनिर्णय गरी कार्यान्वयन गर्न सक्षम र सङ्घर्षका कठिन यात्राहरू पार गर्दै आएका सशक्त र जुझारु व्यक्तित्व भएका प्रतिभाशाली हामीलाई पाखा पारिएको छ । जसले गर्दा भोलिका दिनमा आउने नतिजालाई परिणाममुखी बनाउन कठिन हुने अनुमान लगाउन सकिन्छ । जतिबेला यी विषयका महसुस होला, त्यतिबेला निकै ढिलो भइसक्ने छ । त्यसको क्षतिपूर्तिको मूल्य कसले चुकाउने हो ? बेलैमा सजग हुन आवश्यक देखिन्छ ।

हिजोको विकास प्रक्रियामा देखिएका ढिलासुस्ती र प्रक्रियागत जटिलतालाई सरलीकृत गर्दै जनताको आवश्यकता र चाहनालाई प्राथमिकतामा राखी विकासका गतिविधिलाई सञ्चालन गर्न छिटोछरितो सेवा प्रवाह गर्ने सोचका साथ ल्याइएको तहगत संरचना प्रणालीमा जनताले सहज महसुस गर्न नसकेको तीतो यथार्थतालाई आत्मसात् गरिनुपर्दछ । अझ विशेष गरी महिला बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूले स्थानीयतहका प्रमुखहरूसमक्ष आफ्ना समस्याहरू सहजरूपमा व्यक्त गर्न पाउने अवसर नपाएको, आवश्यकतालाई सम्बोधन गर्न अनुरोध गर्दा त्यसप्रति देखाइने अदूरदर्शिताले अत्यन्तै मर्माहत बनाउने गरेको, जनताको मतबाट उक्त पदमा पदासीन भएपछि सीमित व्यक्तिका वरिपरि मात्र रहने परिपाटीको विकास भएको अनुभव गरेको पाइन्छ । विकासका प्राथमिकताका कुरा गर्ने हो भने पनि अहिले झन भौतिक विकासमा मात्र सीमित देखिन्छ । सन् २०३० सम्म नेपालले दिगो विकास हासिल गर्ने लक्ष्यलाई पूरा गर्न अहिले नै सुरु गर्नुपर्ने छ । मानवीय विकास र भौतिक विकास दुबैलाई सँगसँगै जोड्दै अघि बढ्नु पर्ने अवस्थामा अहिले एकपक्षीय विकासले प्राथमिकता पाएको छ । भौतिक विकासको उपयोगकर्ता मानीवय स्रोतलाई कम आकलन गरियो भने यसले पार्ने प्रभावलाई बेलैमा सचेत हुन आवश्यक छ । लक्षित वर्गका लागि निरन्तर साथ, सहयोग र समन्वय गर्दै आएका हामी तिनै लक्षित वर्गका लागि आड र भरोसाको केन्द्र बन्न सफल भएछौँ । उहाँहरूको सधै एउटै आवाज हुन्छ कि हाम्रो बोलीको कदर र सम्मान भएन । प्रत्येक घटनालाई जस्ताको तस्तै गुनासो राख्नुहुन्छ, जसको निराकरण गर्ने सामर्थ्य आफूभन्दा धैरै पर पुगिसकेको छ ।

परिवर्तित सन्दर्भमा वर्षौंदेखि महिला विकास कार्यक्रमका असल अभ्यासहरू दस्तावेजमा मात्र सीमित बन्न पुगे । हिजोका दिनमा महिला विकास कार्यक्रमको साङ्गठनिक सिकाइ र अभ्यासलाई स्थानीयतहले निरन्तरता दिन आवश्यक ठानेन । अर्थात् यसअघि भएका क्रियाकलाप र उपलब्धिलाई स्थानीयतहमा संस्थागत गर्दै दिगो विकास लक्ष्य हासिल गर्न अपनाइने विधि र प्रक्रियाको प्रयास भएको खासै देखिँदैन । जसको प्रत्यक्ष असर सङ्घीय संरचनामा पर्न जाने सहजै अनुमान गर्न सकिन्छ । कहीँ कतै सङ्घीयता कार्यान्वयनको पक्ष कमजोर बन्दैगएको त छैन ? भन्ने आभास दिलाएको देखिन्छ । राज्य प्रणाली महिलाको मुद्दा र योगदानलाई संवेदनशील हुन नसकेको र यसलाई गौणरूपमा हेरिएको छ भन्दा अत्युक्ति हुँदैन होला । स्थानीयतहका पदाधिकारीहरूमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् यौनिक अल्पसङ्ख्यकको विषय बोलीमा प्राथमिकता र कार्यान्वयन तहमा अत्यन्तै पछाडि पारिनु अहिलेको वर्तमान संरचनालाई कही कतै कमजोर बनाउने काममा सहयोग पुगिरहेको त छैन ? भन्ने महसुस हुन्छ । जनप्रतिनिधिको कार्यव्यस्तता बढी हुनु त स्वाभाविकै हो । तिनै व्यस्तताभित्रबाट लक्षित वर्गका आवाजलाई सुनुवाइ गर्ने परिपाटीको विकास गर्नु महत्त्वपूर्ण व्यवस्थापकीय पाटो हो । कुशल नेतृत्व क्षमता उजागर गरेर देखाउने उपयुक्त समय यही बेला हो भन्ने हाम्रो भनाइ हो ।

## ६. उपसंहार

वास्तवमा पछिल्लो समयमा देशको जनप्रतिनिधिमूलक संस्थामा महिला सहभागिताले अग्रगामी छलाङ मारेको छ । नीति निर्माणको उच्च थलो व्यवस्थापिका संसद् २०६३ मा पुनर्स्थापित हुँदासम्म जम्मा १२ जना महिला सांसद् थिए । २०७२ को संविधानले सङ्घीय संसद् र प्रदेशसभामा नतिजामै एकतिहाइ महिला हुनुपर्ने अनिवार्य व्यवस्था गर्‍यो । फलस्वरूप २०७४ को स्थानीय, प्रदेश र सङ्घीय तीनै तहमा महिलाको उपस्थिति ४१ प्रतिशतभन्दा बढी रहन पुग्यो । देशका महत्त्वपूर्ण पदमा महिलाको उपस्थितिले आम महिलाको प्रतिनिधित्व गरेको सबै क्षेत्रबाट प्रंशसा योग्य रहे । यति हुँदाहुँदै मलाई यहाँ तत्कालीन उपसभामुख (हाल न्याय, कानुन तथा संसदीय व्यवस्था मन्त्री) शिवमाया तुम्बाहाम्फेले उपसभामुख पदमा राजीनामा दिन सरकारका तर्फबाट दबाब दिइरहँदाको अवस्थाको याद दिलायो । जसले गर्दा नेपाली समाजमा आम महिलामाथि हेरिने दृष्टिकोणलाई छर्लङ्ग पारिदिएको छ । उहाँकै शब्दलाई सापटी लिने हो भने 'पितृसत्तासँग आफू लड्न नसकेको र यो राजसंस्थाभन्दा पनि जटिल रहेको' अभिव्यक्तिले समग्र राज्य प्रणालीले महिलाप्रति हेर्ने दृष्टिकोणको प्रतिनिधित्व गरेको छर्लङ्ग हुन्छ । तसर्थ उहाँले संसद्‌मा उपसभामुख पदबाट तत्काल राजीनामा नदिने र संसदीय व्यवस्थालाई लामो समयसम्म अनिर्णयको बन्दी नबनाई पदबाट नअलग्गिने जे जति प्रयास गर्नुभयो, उहाँको यो प्रयास पितृसत्ताको सोच बदल्नका लागि भएको प्रयास हो भन्ने ठान्दछु । जसबाट आउँदो पुस्तालाई समेत ऊर्जा, साहस, प्रेरणा र हौसला मिल्ने आभास दिलाउँछ । उहाँले लिएको त्यो अडान र हरेक पटकका बहसमा विषयको गहिराइसम्म पुगेर गरिएको तर्कप्रति हाम्रो उच्च सम्मान नहुने कुरै भएन । तसर्थ पछिल्लो अवस्थामा देशमा राजनीतिकरूपमा महिलाको उपस्थिति उल्लेख्य देखिन्छ । तथापि राज्यको नीति र कानुन निर्माणलाई सामाजिक न्यायको दृष्टिकोणबाट समान र सन्तुलित बनाउने सन्दर्भमा तीनवटा पक्ष महत्त्वपूर्ण देखियो । पहिलो महिलाहरूको राजनीतिक दलभित्रको उपस्थिति, पदीय हैसियत र तार्किक हस्तक्षेप । दोस्रोमा महिलाका साझा विषयमा दलगत दायराभन्दा फराकिलो महिला एकता, ऐक्यबद्धता र समन्वय । तेस्रोमा राजनीतिक दलभित्र मूलतः नेतृत्वको सोच, दृष्टिकोण, अभिव्यक्ति र व्यवहारमा आएको रूपान्तरण । यी तीन पक्षको सन्तुलनबाट मात्र नीति, कानुन र समाज रूपान्तरणको प्रमुख संस्था राजनीतिक दलहरू रोल मोडल बन्न सक्नुपर्दछ । त्यसो भएमा राज्य संयन्त्रका अरु अङ्ग र समाजका अन्य निकाय पनि त्यही गोरेटोबाट अघि बढ्न प्रेरित हुन सक्छन् । अनि सुशासन र समृद्धिको अनुभूतिसँगै नागरिक खुसी र सुखी हुन सक्दछन् । तसर्थ अनुहारमा लागेको कालो दाग ऐनामा पुछेर होइन् अनुहार नै सफा गर्ने प्रयास गर्नुपर्दछ । अरूलाई परिवर्तन गराउने भन्दा पनि राजनीतिकतहका उच्चतहमा रहनेहरू नै स्वयंमा परिवर्तन हुनु अहिलेको आवश्यकता हो । यसैले महिला र पुरुषप्रतिको असमान दृष्टिकोण र शक्ति संरचनामा महिलाको स्थानलाई मर्यादित र सम्मानित तुल्याउन सकिन्छ । त्यसैको बाटोमा अग्रसर हुने प्रण गर्नु अहिलेको समयको माग हो ।

नेपाली चलनचल्तीको भाषामा 'बिरालो कालो होस् वा गोरो त्यसले मुसा मारे पुग्छ' भनेजस्तै शासन नाममा जस्तो भए पनि काममा जनमुखी, जनउत्तरदायी र सहभागितामूलक हुनुपर्दछ । आम नागरिकको चासो भनेकै नजिकको निकायबाट गुणस्तरीय सेवा प्राप्तिको अपेक्षा नै हो । लोकतन्त्रका सर्वोच्च मालिक भनेकै नागरिक हुन् । तिनै नागरिकभित्रका लक्ष्यित वर्गको आवाजको सुनुवाइ गर्नु अहिलेको प्राथमिकता अनि आवश्यकता हो । हामी सबैले के बुझ्न जरुरी हुन्छ भने "शासन गरेर सेवा दिने होइन, सेवा गरेर शासन गर्न सक्षम बनाइनु पर्दछ" । शासनको जग भनेकै स्थानीय सरकार हुन् । अहिले आम नागरिकले मुलुकमा स्थापना भएको सङ्घीयताको अभ्यासका क्रममा सहज, सरल, छिटो सेवा प्राप्त गरेको भन्दा अझ बढी झन्झटिलो महसुस गरिरहेका छन् । रीति, थिति, विधि र प्रविधिअनुसार अघि बढ्नु अहिलेको स्थानीय सरकारको वा शासन व्यवस्थाको प्राथमिकताभित्र पारिनु आवश्यक छ ।

***

# बालमैत्री स्थानीय शासन : अवसर र चुनौती

✍ विष्णु कुमारी लामिछाने*

## सारांश

प्रथम विश्वयुद्धको समयमा बालबालिकामा परेको असर देखेर एग्लेन्टाइन जेबले बालसंरक्षण र बालहितको सबालमा आवाज उठाइन् । यो आवाजको सम्बोधन गर्ने लिग अफ नेशन हुँदै संयुक्त राष्ट्रसङ्घ दरिलो अन्तर्राष्ट्रिय संस्था बन्न पुग्यो । सन् १९८९ मा संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धि पारित भयो। नेपाल यस महासन्धिलाई सन् १९९० मा अनुमोदन गरी पक्षराष्ट्र भएसँगै नेपालमा पनि बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी नियमावली, २०५१ जारी भयो। यी दस्ताबेजले बालअधिकारका चार आयामलाई आत्मसात् गर्दै स्थानीय, जिल्लादेखि केन्द्रियस्तरसम्म संस्थागत व्यवस्था हुनुपर्ने प्रावधानसमेत समावेश गरेको थियो । सोहीअनुरूप नेपाल सरकारले वि. सं. २०६८ मा बालमैत्री स्थानीय शासन रणनीति र बालमैत्री स्थानीय शासन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएपश्चात् स्थानीयस्तरमा बालमैत्री अभियानले तीव्रता पाइरहेको छ ।

सङ्घीय संरचनामा बालमैत्री शासन सञ्चालनका लागि सङ्घ र प्रदेश उत्तिकै जिम्मेवार हुने भए तापनि सुगमता, निकटता र संवैधानिक हिसाबले समेत स्थानीयतहले धेरै जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । स्थानीयतहलाई स्थानीयस्तरमा रहेका बालबालिकाका समस्याका बारेमा प्रष्ट जानकारी हुन्छ । त्यसैले बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा उल्लिखित ३९ सूचकको अतिरिक्त स्थानीय आवश्यकताअनुसार थप सूचकहरू बनाई सूचक प्राप्तिमा केही स्थानीयतहहरूले पहल गरिरहेका छन्। बालमैत्री अवधारणा बहुआयामिक भएको हुँदा यसको अवलम्बनले भौतिक विकास प्राथमिकतामा परेको अहिलेको परिवेशमा सामाजिक विकासमा केही इट्टा थप्ने काम गरेको छ। बालबालिका लगानीका आधार बनेका छन्। बालमैत्री स्थानीय शासन अवलम्बनले सुसभ्य र सुसंस्कृत समाजको निर्माणमा सहयोग पुऱ्याउने हुँदा घोषणाको लागि मात्र नभई सबै स्थानीयतहले अवलम्बन गर्दै निरन्तरतामा ध्यान पुऱ्याउनु जरुरी हुन्छ ।

## पृष्ठभूमि

बालबालिकासम्बन्धी ऐन, २०७५ ले अठार वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिका जनाउने कुरा उल्लेख गरेको छ। शारीरिक, मानसिक र संवेगात्मकरूपमा बालबालिका परिपक्व भइसकेका हुँदैनन्। यसर्थ बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिताको लागि परिवार, विद्यालय, समाज र सरकार सबैको अहम् भूमिका रहेको हुन्छ । बालमैत्री स्थानीय शासनले सरकारका हरेक क्रियाकलापमा बालमैत्री व्यवहारलाई आत्मीकरण गर्न विशेष जोड दिएको हुन्छ ।

बालबालिकाको समग्र क्षेत्रमा सकरात्मक र गुणात्मक विकासलाई संस्थागत गर्दै राज्य निर्माण गर्ने साधन नै बालमैत्री स्थानीय शासन हो । यस शासनको अवलम्बनबाट नै बालअधिकारका चार आयामलाई स्थानीयतहको नीति, संरचना, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्दै जान सकिन्छ । बालमैत्री स्थानीय शासनले स्थानीयतहलाई बालबालिकाको हितमा

* प्रमुख महिला विकास अधिकृत, हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, हेटौंडा

योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्न सघाउ पुऱ्याउँदछ । आ.व. २०७६/७७ सम्ममा देशभरका ५ वटा स्थानीयतहका (प्रदेश-२ को एउटा, वागमती प्रदेशको दुई वटा, गण्डकी प्रदेशको एउटा र प्रदेश-५ को एउटा) सबै वडाहरू र २८ वटा स्थानीयतहका ४७ वटा वडाहरू बालमैत्री घोषणा भएका छन् ।

नीति निर्माताबाट बालसंवेदनशील भएर नीति एवं योजना नबन्ने हो भने बालअधिकारको सुनिश्चित गर्न सकिँदैन । स्थानीयतह अथवा विभिन्न समाजअनुसार बालबालिकाका समस्याहरू भिन्नभिन्न हुन सक्छन् । सामाजिक, सांस्कृतिक एवं बसोवासको स्थितिले पनि बालबालिकाका समस्याहरूमा फरकपन रहेको हुन्छ । यसर्थ सबै स्थानीयतह वा सबै स्थानका लागि एकै किसिमका नीति, योजना र कार्यक्रमले बालअधिकार प्रवर्धनमा न्याय दिँदैनन् । आवश्यकता र अवस्थाको आधारमा बालअधिकार सुनिश्चित गर्ने नीति, योजना र कार्यक्रम तय गर्दै बालसंरक्षण कार्यप्रणालीलाई संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री शासन हो । गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बालअधिकारको सम्मान, संरक्षण र संवर्धन गर्न राज्यका तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटी नै बालमैत्री शासन हो ।

## बालमैत्री स्थानीय शासनको महत्त्व

बालमैत्री स्थानीय शासन बालअधिकारको प्रवर्धन गरी संविधानबमोजिम स्थानीयतहमा बालबालिकाका सबालहरूलाई शासकीय पद्धतिमा मूलप्रवाहीकरण गर्न ल्याइएको अवधारणा हो । यसप्रकारको शासनले बालबालिकाका आवश्यकता र अवस्थालाई मध्यनजर गर्दै बालबालिकालाई दक्ष, क्षमतावान एवं योग्य नागरिक बनाउन अवसर प्रदान गर्नुका साथै विचारको कदर गर्ने वातावरण सिर्जना गर्दछ । लगानीका आधारको रूपमा बालबालिकालाई लिन्छ । बालमैत्री स्थानीय शासनको महत्त्व यसप्रकार रहेको छ :

- बालबालिकाको सर्वाङ्गीण विकास गर्न ।
- योग्य, दक्ष र सक्षम भावी पुस्ता तयार गर्न ।
- बालबालिकासम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा मुलुकले गरेका प्रतिबद्धता पूरा गर्न ।
- बालहितको सबालमा नीतिगत, संस्थागत र प्रक्रियागत प्रयासहरू गर्न ।
- स्थानीय आवश्यकताको मौलिक ढङ्गले सम्बोधन गर्न ।
- सामाजिक तथा सामुदायिक परिचालनबाट अपनत्व बोधमार्फत दिगोपन ल्याउन ।
- एकद्वार प्रणालीमार्फत बालबालिकाको क्षेत्रमा लगानी अभिवृद्धि गर्न ।
- समावेशीकरणलाई उच्चतमरूपमा सम्बोधन गर्न ।
- बालबालिकालाई हरेक स्थानमा मैत्रीपूर्ण व्यवहार गर्न ।
- पूर्णरूपमा बालअधिकार अधिकार प्रवर्धन गर्न आदि ।

## कानुनी प्रयासहरू

विश्वका सबै देशहरूमा अति कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विशेष ध्यान दिनुपर्ने कुरालाई महत्त्व दिँदै बालबालिकाको संरक्षण र समाञ्जस्यपूर्ण विकासको लागि बालअधिकार महासन्धि, १९८९ संयुक्त राष्ट्रसङ्घले पारित गऱ्यो । नेपालले बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को अनुमोदन गरेपश्चात् बालबालिकासम्बन्धी ऐन, २०४८, नियमावली, २०५१, बालश्रम (निषेध र नियमन) गर्ने ऐन, २०५६, बालश्रम नियन्त्रणसम्बन्धी गुरुयोजना (२०६१/६२-२०७१/७२) र बालबालिकाको लागि १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६१-२०७१) बनेर कार्यान्वयनमा समेत आए । यिनैका आधारमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ तर्जुमा भए ।

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको अधिकारलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसअन्तर्गत प्रत्येक बालबालिकालाई  पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने, परिवार र राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरन्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकलाई ग्यारेन्टी गरेको छ ।  यसैगरी संविधानले बालबालिकालाई बालविकास तथा बालसहभागिताको हक प्रदान गर्नुका साथै बालविवाह, गैरकानुनी ओसारपसार, अपहरण र बन्धक बनाउने कार्यमा निषेध गरेको छ । कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र द्वन्द्वमा प्रयोग गर्न  वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने गरी रोक लगाएको छ । बालबालिकालाई घर, विद्यालय वा जुनसुकै स्थानमा पनि यातना दिन नपाइने र राज्यबाट विशेष सुविधा तथा सुरक्षा प्राप्त गर्न सक्ने संविधानमा व्यवस्था छ ।

मुलुक सङ्घीय संरचनामा प्रवेश गरेसँगै भएको राज्य पुनर्संरचनामा स्थानीयतह र प्रदेश सरकारको भूमिका थपिएको र आवश्यक अन्य कुराहरूमा परिमार्जन गरी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४ कार्यान्वयनमा आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडा समितिको काम, कर्तव्य र अधिकारमा समेत वडालाई बालमैत्री बनाउने उल्लेख गरिएको छ । बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिकासम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी बालबालिकासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आएको छ ।

यिनै अन्तर्राष्ट्रिय कानुन, नेपालको संविधान र ऐनको कार्यान्वयन नै बालमैत्री शासनको अवधारणा हो । बालअधिकारका चार संवाहक बालसंरक्षण, बालबचाउ, बालविकास र बालसहभागिताको संरक्षण गर्न बनेका बालमैत्री शासनको सूचकको पूर्णता नै बालमैत्री स्थानीय शासन हो ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्था

संवैधानिक अधिकार सूचीहरूको परिधिमा रही यस ऐनको माध्यमबाट स्थानीय सरकारले शासन सञ्चालनको अभ्यास गरिरहेका छन् । सामाजिक, भौतिक एवं आर्थिक विकासको माध्यमबाट समृद्धिको यात्रा अवलम्बनमा प्रयासरत छन् । केही स्थानीयतहहरूले भौतिक विकासलाई सर्वोपरि मान्दै सामाजिक विकासको क्षेत्रमा कम लगानी गरेको देखिन्छ । यद्यपि स्थानीय सरकार सञ्चालन ऐनले सबै स्थानीयतहलाई एकैखालको दिशानिर्देश गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ गाउँपालिका तथा नगरपालिकाको अधिकारअन्तर्गत खण्ड (ज) मा अधारभूत र माध्यमिक शिक्षाअन्तर्गत शिक्षासम्बन्धी निम्नानुसार अधिकार प्रदान गरेको छ :

## ज. आधारभूत र माध्यमिक शिक्षा

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन ।

४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन ।

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत, सम्भार, सञ्चालन र व्यवस्थापन ।

१६. नि:शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन ।

१७. ट्युसन, कोचिङ्ग जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन ।

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन ।

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन ।

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

## झ. आधारभूत स्वास्थ्य र सरसफाइ

१. आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन र नियमन

२. आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्धन ।

५. स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन ।

६. सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन ।

११. परिवार नियोजन तथा मातृशिशु कल्याणसम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन ।

१२. महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

## त. असक्तहरूको व्यवस्थापनअन्तर्गत

५. सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन

त्यसैगरी दफा १२ वडा समितिको काम, कर्तव्य र अधिकार को खण्ड (ग) मा देहायका कार्य गर्ने जिम्मेवारीतोकिएको छ :

१. बालउद्यानको व्यवस्था गर्ने ।

२. अनौपचारिक शिक्षा कार्यक्रम, शिशुस्याहार तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने ।

३. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने ।

५. खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने ।

६. पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने ।

१९. वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने ।

२०. अन्तरविद्यालय तथा क्लबमार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने ।

२९. वडालाई बालमैत्री बनाउने

३०. वडाभित्र आर्थिक तथा सामाजिकरूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी समाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने

३२. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखनजस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने ।

३४. असक्त बिरामी भएको बेवारिसी वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने ।

३६. सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने ।

४०. प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त सरसफाइ, वातावरण र बालमैत्री शासनजस्ता प्रवर्धनात्मक कार्यहरू गर्ने गराउने ।

माथि उल्लेख गरिएका कुराहरू सँगसँगै बालमैत्री स्थानीय शासन सञ्चालनसँग सम्बन्धित अन्य विषयहरू पनि समावेश गरिएका छन्। अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्दा बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने साथै योजना बनाउँदा महिला, बालबालिका  तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने हुनुपर्ने कुरा उल्लेख भएको  छ। योजना तर्जुमा एवं कार्यान्वयनको चरणमा सरोकारवालाको अधिकतम सहभागिता  गर्नुपर्ने कुरामा जोड दिएको छ ।

यसरी स्थानीय सरकार ऽञ्चालन ऐनले वडा एवं स्थानीयतहलाई बालमैत्री अभियानमा जिम्मेवार बनाएको छ। तैपनि भौतिक विकासलाई मात्र विकास मान्ने प्रवृत्ति मौलाएको यस अवस्थामा सामाजिक विकासलाई विकास हो भन्ने बुझाइको अभाव छ। जताततै बाटोघाटो, पुलपुलेसा, भौतिक संरचना एवं पूर्वाधार निर्माणमा मोटो रकम विनियोजन गर्ने प्रचलन स्थानीयतहमा अधिक रहेको पाइन्छ। सबैले देख्न सक्ने र भौतिकरूपमा देखाउन सकिने कामलाई मात्र काम भन्ने गरिन्छ। सचेतनामूलक कार्यक्रम एवं पछाडि परेका वा पारिएका वर्गको उत्थान गर्ने काम हुनुपर्ने मान्यता कमै देखिन्छ। यसको सट्टा नेतृत्वतह बढी प्रचारप्रसार हुने, प्रतिफलभन्दा पनि लोकप्रियता कमाउन सकिने, आगामी चुनावहरूमा भोट तान्न सघाउ पुऱ्याउने, कार्यकर्तालाई खुसी पार्न सक्ने एवं व्यक्तिगत लाभ मिल्ने योजना छनौटतर्फ उन्मुख भएको पाइन्छ। यस्तो प्रवृत्तिले बालबालिकालगायत अन्य पिछडिएका वर्गको उत्थान हुन नसक्ने हुँदा प्रवृत्तिमा सुधार गर्नुपर्ने अपरिहार्य देखिन्छ ।

**बालमैत्री स्थानीय शासनका सूचकहरू एवं संस्थागत संरचना सम्बन्धी व्यवस्था**

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ मा बालमैत्री स्थानीय शासनका सेवाप्रवाहसम्बन्धी २७ र संस्थागत विकाससम्बन्धी १२ सूचकहरू गरी जम्मा ३९ सूचकहरू उल्लेख गरिएको छ। सेवाप्रवाहसम्बन्धी २७ सूचकहरूमा बालबचाउका १०, बालसंरक्षणका ५, बालविकासका ६ र बालसहभागिता अन्तर्गत ६ सूचकहरू रहेका छन् ।

बालबचाउअन्तर्गत स्तनपान, पूर्ण खोप, भिटामिन ए क्याप्सुल, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी, प्रसूतिपूर्व र प्रसूतिपश्चात् स्वास्थ्य जाँच, गर्भवती महिलाले डिपीटी खोप लगाउनुपर्ने, आइरन चक्की खाएको हुनुपर्ने, एचआइभी सङ्क्रमित आमाबाट जन्मिएका बालबालिकाले ARV Prophylaxis  पाएका हुने, सबै घरधुरीमा स्वच्छ खानेपानीको व्यवस्था एवं साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने सूचकहरू रहेका छन्। बालसंरक्षणअन्तर्गत सबै बालबालिकाको जन्मदर्ता हुने, बालविवाहका घटनामा कमी आएको हुने, निकृष्ट प्रकारको बालश्रमको दर घटेको हुनुपर्ने, घरपरिवार र समुदायबाट बालबालिकाविरुद्ध हुने हिंसा, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न पहल भएको हुनुपर्ने र समुदायमा आधारित बालसंरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने रहेका छन् ।

बालविकासअन्तर्गत ४ वर्षसम्मका बालबालिकाहरू प्रारम्भिक बालबिकास कक्षामा भर्ना भएका हुनुपर्ने, ५ देखि १२ वर्षसम्मका बालबालिकाहरूले आधारभूत शिक्षा पाएका हुने, विद्यालय जाने उमेर समूहका बालबालिका शतप्रतिशत भर्ना भएका हुने, अनौपचारिक शिक्षाको व्यवस्था भएको, प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग शौचालय हुनुपर्ने र अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनुपर्ने रहेका छन्। यसैगरी बालसहभागिताअन्तर्गत स्थानीयतहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाको संस्थागत सहभागिताका लागि संयन्त्र विकास गरी सहभागी गराइएको हुने, योजनामा बालबालिकाका योजना तथा कार्यक्रम समेटिएको हुने, विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको आवाज सुनिने व्यवस्था हुने, स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लबको सहभागिताको सुनिश्चित हुने, बालसमूह सञ्जाल गठन एवं सक्रिय भएका हुनुपर्ने प्रावधान अनुसूचीमा उल्लेख गरेको छ।

संस्थागत विकासतर्फ परिषद् नियमित हुनुपर्ने, बालमैत्री आचारसंहिता, बालमैत्री व्यवहार, विनियम, निर्देशिका तथा कार्यविधिहरू पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको हुने, बालमैत्री स्थानीय शासन प्रवर्धन समिति गठन भएको,

विद्यालय व्यवस्थापन समिति, बालक्लब र स्वास्थ्य व्यवस्थापन समिति सक्रिय भएको हुनुपर्ने, प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा आएको हुने, बालअधिकार संरक्षण र संवर्धनमा क्रियाशील समूहहरू हुने, स्थानीय बालसञ्जाल बनी जिल्लास्तरमा समेत संलग्नता हुनुपर्ने, लगानी योजना तयार भई कार्यान्वयनमा आएको हुनुपर्ने, बालबालिकासम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन गरेको हुनुपर्ने प्रावधान रहेको छ ।

स्थानीयतहहरूले माथि उल्लिखित सूचकहरूबाहेक पनि आवश्यक सूचकहरू थप गरी सूचकहरू निर्धारण गर्न सक्नेछन् तर ३९ सूचकहरू अनिवार्यरूपमा हासिल गर्नुपर्ने हुन्छ ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४ मा उल्लेख भएको संस्थागत संरचनामा सङ्घीय मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने र प्रदेशभित्रका स्थानीयतहबीच सहजीकरण गरिरहेको प्रदेश सम्पर्क मन्त्रालयले नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्ने उल्लेख गरिएको छ । बालमैत्री अभियानलाई व्यवस्थित गरी समन्वयात्मकरूपमा अघि बढाउन केन्द्रस्तरमा बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति, प्रदेशस्तरमा बालमैत्री स्थानीय शासन प्रादेशिक समिति एवं स्थानीयतहमा बालमैत्री स्थानीय शासन नगर/गाँउ समिति एवं बालमैत्री स्थानीय शासन वडा समिति गठन गरिनुपर्ने हुन्छ।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०७७/८/२३ गते बालश्रममुक्त स्थानीयतह घोषणा कार्यविधि, २०७७ स्वीकृत गरी घोषणाको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। यो कार्यविधि बालमैत्री स्थानीयतह घोषणा कार्यविधिको एक सूचक पूरा गर्ने भए तापनि निकै झन्झटिलो सर्वेक्षण फाराम अनिवार्य भर्ने प्रावधान यसमा राखिएको छ। त्यसैगरी वालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति एवं प्रादेशिक रणनीतिहरू तर्जुमा भई कार्यान्वयनमा आइसकेका पनि छन्। अलगअलग सूचक पूरा गर्न अलगअलग संयन्त्र र विधि अवलम्बन गर्नुभन्दा बालमैत्री अभियानलाई सार्थक तुल्याउन एकीकृत प्रयासको थालनी हुनुपर्ने देखिन्छ ।

## बालमैत्री स्थानीय शासन सञ्चालनका केही अवसर र चुनौतीहरू

### अवसरहरू

बालअधिकारको संरक्षण, संवर्धन र सम्मान गर्न राज्यका तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई बालमैत्री बनाउने सोच बालमैत्री शासनअन्तर्गत पर्दछ । राज्यले सामाजिक विकासको पाटोमा पनि उल्लेख्य लगानी गरेको हुँदा बालमैत्री स्थानीय शासनका लागि थुप्रै आधारहरू तय भइरहेका छन्। बालमैत्री स्थानीय शासन सञ्चालनका लागि केही अवसरहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- बालबालिकाका हक मौलिक हकको रूपमा संवैधानिक मान्यता पाउनु ।
- स्वास्थ्य क्षेत्रका अधिकांश सूचकहरूमा सुधार हुनु ।
- बालक र बालिकाहरू दुबैको शिक्षामा उल्लेख्य सहभागिता रहनु ।
- अधिकार र स्रोतसाधनको पूर्ण निक्षेपण भएको हुँदा स्थानीयतहहरूले बालमैत्री अभियानलाई तीव्रता दिन सक्नु ।
- बालबालिकाको अधिकार प्रवर्धनमा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले उल्लेख्य लगानी गर्नु ।
- बालबालिका खोजतलास समन्वय केन्द्रको नि:शुल्क टेलिफोन सेवा सञ्चालनमा रहनु ।
- सडक बालबालिकाको उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाका लागि बालहेल्पलाइन सञ्चालनमा हुनु ।
- स्थानीयस्तरमा रहेका बालबालिकाका समस्याहरू पहिचान गर्न स्थानीयतह सक्षम हुनु एवं सोहीबमोजिमका सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भइरहनु ।

## चुनौतीहरू

बालमैत्री स्थानीय शासन अवलम्बन गर्न केही अभियान सञ्चालन गर्ने अनि घोषणा गर्ने र निरन्तरता प्रदान गर्ने जस्तै देखिएको छ । सबै सूचकहरू एकैपटक पूरा गरेर घोषणा गरे तापनि त्यो सँधैका लागि प्रयाप्त हुँदैन । त्यसैले अवलम्बन र घोषणापश्चात् निरन्तरता दिइरहनुपर्ने हुन्छ । यस सम्बन्धमा देखिएका केही चुनौतीहरू-

- बालमैत्री स्थानीय शासन पद्धतिबारे स्थानीयतहको नेतृत्वलाई बोध गराउनु ।
- बालबालिकालाई उनीहरूका आधारभूत हक र अधिकार उपभोग गर्न सहजता तुल्याउनु ।
- ऐन, रणनीति एवं कार्यान्वियन कार्यविधिमा उल्लेख भएबमोजिमका सबै संस्थागत संरचनाहरूलाई सक्रिय बनाउनु ।
- बालमैत्री स्थानीय शासन सञ्चालनमा गैसस, निजी क्षेत्र एवं विकास साझेदारको भूमिका विस्तार गर्नु ।
- सबै स्थानीयतहले बालमैत्री स्थानीय शासन अवलम्बन गरी बालअधिकार सुनिश्चित गर्नु ।
- बालबालिकाउपर हुने हिंसा, भेदभाव, बेचबिखन, एवं परम्परागत हानिकारक अभ्यासलाई पूर्णरूपमा नियन्त्रण गर्नु ।
- समुदायमा आधारित बालसंरक्षण प्रणाली र बालमैत्री स्थानीय शासन पद्धतिलाई पूर्णरूपमा व्यवहारमा उतार्नु ।
- श्रममा या कठिन परिस्थितिमा रहेका बालबालिकाहरूका लागि दीर्घकालीनरूपमा पुनर्स्थापना गर्नु ।

## गर्नुपर्ने थप प्रयासहरू

नेपालमा बालबालिकाको हकहितसम्बन्धी संवैधानिक तथा कानुनी प्रावधानहरू रहे तापनि यसको कार्यन्वयनको पक्ष अपेक्षाकृतरूपमा अगाडि बढ्न सकेको छैन । अझै पनि बालबालिकाहरूलाई श्रमिकको रूपमा होटल, रेष्टुरा र व्यक्तिको घरमा काममा लगाइनु र दुर्गम तथा विपन्न, सीमान्तकीकृत समुदायका बालबालिकाहरू शिक्षा र स्वास्थ्यको पहुँचबाट टाढा बस्नु पर्ने, अवस्था विद्यमान छ । संविधानले आधारभूत र प्राथमिक शिक्षा सबैलाई उपलव्ध गराउने प्रतिबद्धता व्यक्त गरेको भए पनि विद्यालय गएकै बालबालिकाहरूमा कक्षा छाड्ने समस्या चर्कोरूपमा रहेको छ । गैरनेपाली समुदायका बालबालिकाको संरक्षण एवं शिक्षामा पहुँच पुग्न सकेको छैन ।

बालबालिकाहरू यौनजन्य दुर्व्यवहार, घरेलु तथा मानसिक यातनालगायत खराब साथी सङ्गतका कारण घर छोडी भाग्ने गर्दछन् । बेपत्ता बालबालिकाको सङ्ख्या बढ्दै गइरहेको छ । भूकम्प, पहिरो, डुबानलगायत प्राकृतिक प्रकोपबाट सबैभन्दा बढी बालबालिका पीडित हुन्छन् । झुट्टा विवरण बनाएर आफ्ना छोराछोरीलाई बाबुआमा/अभिभावकले बालगृहमा राख्ने प्रयास गर्दछन् । यसैकारण घरदेखि सार्वजनिक सबै क्रियाकलापमा बालमैत्री व्यवहारका लागि बालमैत्री शासनलाई संस्थागत गर्दै लैजानु पर्ने आवश्यक छ । जसका लागि निम्नबमोजिमका थप प्रयासहरू गर्नुपर्दछ:

- नेतृत्वदायी भूमिकामा रहेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सशक्तरूपमा नेतृत्व वहन गर्ने, स्थानीयतहलाई बालमैत्री अभियान सञ्चालनमा उत्प्रेरित गर्ने, स्थानीयतहमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति र बालमैत्री स्थानीय शासन प्रादेशिक समिति क्रियाशील भई स्थानीयतहको बालमैत्री स्थानीय शासन नगर/गाँउ समितिसँग समन्वय गर्ने, सल्लाह सुझाव प्रदान गर्ने साथै सम्पादित कार्यको अनुगमन गर्ने ।
- सम्बन्धित जिल्लाअन्तर्गतका स्थानीयतहहरूलाई बालमैत्री अभियानलाई प्राथमिकताका साथ अगाडि बढाउन

एवं अनुगमन मूल्याङ्कन गर्ने कार्यमा जिल्ला समन्वय समितिलाई जिम्मेवार बनाउने ।

- बालमैत्री स्थानीय शासनको पूर्ण अवलम्बन गर्नका लागि स्थानीय जनप्रतिनिधिहरूलाई जिम्मेवार र जवाफदेही बनाउने ।
- कार्यान्वयनको जिम्मेवारी मुख्यगरी स्थानीयतहमा हुने भएको हुँदा स्थानीयतहमा पर्याप्त जनशक्ति व्यवस्थापन आवश्यक हुनुका साथै भइरहेका जनशक्तिको क्षमता अभिवृद्धि गरिनुपर्ने ।
- बालमैत्री स्थानीयतह घोषणा गरेपश्चात् पनि निरन्तरता र दिगोपनका लागि स्थानीयतह बढी जिम्मेवार हुनुपर्ने ।
- अभिभावकविहीन बेवारिसी र अत्यन्तै कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि राज्यबाट पुनर्स्थापना गरी उचित हेरचाह र विकासको व्यवस्था मिलाउनुपर्ने ।
- अरूकै संरक्षणमा रहेका अभिभावकविहीन बालबालिकाका लागि नि:शुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था राज्यले गर्नुपर्ने ।
- अभिभावकको उचित संरक्षणको अभावमा बालबालिकाले अनेकन कष्ट, दु:ख झेल्नुपरेको हुँदा बालबालिकाप्रति अभिभावकलाई बढी जिम्मेवार बनाउने ।
- विद्यालय सिकाइको ज्ञानकेन्द्र भएको हुँदा शिक्षकवर्गबाट बालमैत्री आचरणको पूर्ण परिपालना हुनुपर्ने ।
- बालबालिकाको लागि पुनर्स्थापनाको अन्तिम विकल्पको रूपमा मात्र बालगृहलाई लिइने भएको हुँदा बालगृहको सङ्ख्या कम गरी थप व्यवस्थित गर्दै सरकारले पनि अपनत्व लिनुपर्ने ।

## अन्तमा

एक स्थानीयतहले मात्र या केही स्थानीयतहबाट मात्र गरिएको अभियानले सार्थकता प्राप्त गर्न सक्दैन। अभियानमा जुटेका स्थानीयतहबाट अन्य स्थानीयतहहरूले पनि सिक्दै अझ सबल र प्रभावकारी ढङ्गबाट यस बालमैत्री महाअभियानलाई कानुन र व्यवहारमा उतार्नु अपरिहार्य छ। एक दशकअगाडि नै जारी गरिएका बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति (२०७४ मा परिमार्जित) र कार्यान्वयन कार्यविधि हालसम्म पनि धेरै स्थानीयतहले अवलम्बन गर्न सकिरहेका छैनन्। केहीले अवलम्बन गरी घोषणा गरे तापनि त्यसको निरन्तरतामा कठिनाइ भोग्नुपरेको छ ।

बालमैत्री स्थानीय शासन बालअधिकार प्रवर्धनको गतिलो माध्यम हो। यसले पारिवारिकस्तरबाट नै बालमैत्री व्यवहारलाई अवलम्बन गर्न प्रेरित गर्दछ। परिवार, विद्यालय, समाज एवं सरकारबाट बालमैत्री आचरणको पालना गर्दै सोहीअनुरूप व्यवहार र कार्यहरू सञ्चालन गर्न दिशानिर्देश गर्दछ। यसले गर्दा भावी पुस्ता सबल, सक्षम र अनुशासित बन्न सक्छन्। अहिले हामीले चालेका कदमले बालबालिकाको मात्र नभई मुलुकको भविष्य नै उज्ज्वल बन्ने हुँदा बालबालिकाको क्षेत्रमा गरेको खर्च खर्च नभई लगानीको रूपमा अवश्य स्थापित हुनेछ। जय बालबालिका ।

***

## सन्दर्भसामग्री


- नेपालको संविधान, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति।
- बालबालिका सम्बन्धी ऐन, २०७५, नेपाल सरकार, कानुन किताब व्यवस्था समिति ।
- बालमैत्री स्थानीय शासन: राष्ट्रिय रणनीति, २०७४, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार काठमाडौं ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपुर ।
- नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन २०७७, राष्ट्रिय बालअधिकार परिषद्, श्रीमहल, पुल्चोक, ललितपुर ।

# लैङ्गिक हिंसा निवारणका क्षेत्रमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको भूमिका तथा महत्त्व

✍ इन्दिरा आचार्य

सामान्यतः लिङ्गको आधारमा गरिने हिंसालाई "लैङ्गिक हिंसा" भनिन्छ । अर्थात् "लैङ्गिक हिंसा" अन्तर्गत सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा महिला वा बालबालिका वा अन्य जोसुकै व्यक्तिलाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य पर्दछन् । साथै लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारीरूपमा महिला वा बालबालिका वा अन्य व्यक्तिलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कार्यसमेत लैङ्गिक हिंसाअन्तर्गत पर्दछ । नेपालले लैङ्गिक विभेदका आधारमा गरिने हिंसा तथा विभेदहरूको अन्त्यको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा प्रतिबद्धता जनाइसकेको छ तापनि दिनानुदिन लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ ।

नेपालको संविधानले नै मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गर्नुको साथै महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को करणीसन्बन्धी कसुरको दफा २१९ ले कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ भनी परिभाषित गरेको छ ।

नेपालको जनसाङ्ख्यिकी स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार नेपालमा २२% महिलाले आफ्नो जीवनको कालखण्डमा शारीरिक हिंसा भोगेका छन् भने ७% महिलाले आफ्नो जीवनको कालखण्डमा यौनिक हिंसा भोगेका छन् । यसैगरी २७% विवाहित महिलाले आफ्नो जीवनको कालखण्डमा कुनै न कुनै (शारीरिक, मानसिक, यौनिक) हिंसा भोगेका छन् । यसको साथै लैङ्गिक हिंसामा परेका २२% महिलाले मात्र सहयोग लिन तत्परता देखाउने गरेको र ६६%ले कसैलाई नभनी हिंसा सहेर बसेको देखिन्छ ।

यस्ता जघन्य प्रकृतिका बलात्कार, यौनजन्य शोषणलगायतका घटनाहरूबाट बढी मात्रामा बालिकाहरू पीडित भएको अवस्था छ । यसरी गरिने विभिन्न प्रकृतिका हिंसाहरूले पीडितको स्वास्थ्यमा गम्भीर असर पर्न जान्छ । जस्तै- शिशु तथा बाल मृत्यु, कम तौलको शिशुको जन्म, कमजोर मानसिक स्वास्थ्य कमजोर शारीरिक स्वास्थ्य, चोटपटक, पाठेघर/पेटसम्बन्धी समस्या, तनाव/निराशा/चिन्ता, आत्महत्या, नचाहेको गर्भ/गर्भावस्थाको जटिलता, असुरक्षित गर्भपतन, यौनरोग/एच.आइ.भी. तथा एड्स

* शाखा अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आदि। लैङ्गिक हिंसाका दर्दनाक घटनाहरू दिनानुदिन घटित भइरहेको कुरा विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा आइरहेका छन् । ,अबोध बालिकाहरू बलात्कारको सिकार भएका छन् । जसको ज्वलन्त उदाहरणहरू पत्रपत्रिका तथा सञ्चार माध्यममा आएका घटनालाई लिन सकिन्छ । यस्ता घटना प्रतिनिधि पात्र मात्र हुन् । यसरी महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरू जस्तै घरेलु हिंसा, बलात्कार, यौनजन्य शोषण, मानव बेचबिखन तथा ओसारपसार र विभेद आदिलाई निर्मूल गर्नका लागि कानुन कार्यान्वयनको प्रभावकारिता बढाउनुको साथै नागरिक सचेतनाको समेत उत्तिकै आवश्यकता रहेको छ ।

सर्वप्रथम नेपाल सरकारले लैङ्गिक हिंसाको समस्यालाई सम्बोधन गर्न "लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजना २०१०" को बुँदा नं.९३० अनुसार लैङ्गिक हिंसालाई प्रभावकारी र कुशलतापूर्वक सम्बोधन गर्नका लागि जिल्ला अस्पताल, सामुदायिक अस्पताल, प्रादेशिक अस्पताल, सङ्घीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूमा यो केन्द्र स्थापना गरिएको छ । लैङ्गिक हिंसापीडित महिला तथा बालबालिकाहरूलाई एकीकृतरूपमा स्वास्थ्य सेवा, मनोसामाजिक विमर्श, चिकित्साजन्य प्रमाण सङ्कलन र संरक्षण, अल्पकालीन आश्रय, कानुनी उपचार, आवश्यक सुरक्षा व्यवस्था र परिवार वा समुदायमा पुनर्स्थापना तथा जीविकोपार्जनमा सहयोग गर्नेलगायत अन्य आवश्यक सेवाहरू एकद्वारबाट उपलब्ध गराउने व्यवस्था मिलाई लैङ्गिक हिंसा नियन्त्रणमा योगदान पुऱ्याउने उद्देश्यले अस्पतालहरूमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center) स्थापना गरिएको हो ।

लैङ्गिक हिंसाविरुद्धका कार्यक्रमहरूमध्ये प्रमुख कार्यक्रमको रूपमा अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र रहेको छ । यस केन्द्रले एकीकृतरूपमा महिलाविरुद्धका हिंसालाई सम्बोधन गर्नेछ भने हिंसापीडित महिलाका साथ आएका बालबालिकासमेतलाई उपचार तथा आश्रयको व्यवस्था मिलाउने गर्दछ । यद्यपि केही समययता पुरुषहरू पनि हिंसापीडित हुनुपरेका यदाकदा घटनाहरू सार्वजनिक भएकाले हिंसापीडित पुरुषलाई यस केन्द्रले स्वास्थ्य उपचार एवम् मनोसामाजिक परामर्श उपलब्ध गराउँदै आएको छ र आगामी दिनमा पनि सो सेवा उपलव्ध गराइने छ । आर्थिक वर्ष २०७६/७७ सम्म ६७ वटा केन्द्र स्थापना भएकोमा चालु आर्थिक वर्ष ०७७/७८ मा थप १० वटा अस्पतालहरूमा केन्द्र स्थापना भई ७७ जिल्लाका ८७ वटा अस्पतालबाट सेवा उपलब्ध हुनेछ ।

अस्पतालबाट शरीरिक चोटपटकको उपचार, मानसिक अवस्थाको परीक्षण, उमेर प्रमाणीकरण, जवरजस्ती करणी, यातनाको चिकित्सकीय जाँच, परीक्षण, उपचार, मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, चिकित्साजन्य प्रमाणहरू सङ्कलन परीक्षण र सुरक्षणको प्रबन्ध मिलाउन सकिने, साथै अस्पताल शान्ति क्षेत्र भएकाले एकद्वार सङ्कट व्यवस्थापन केन्द्र अस्पतालमा स्थापना गरिएको हो । उक्त केन्द्रबाट मात्र गत आर्थिक वर्षमा मात्रै करिब ८२६५ जना लैङ्गिक हिंसापीडित तथा प्रभावितहरूले सेवा लिएका छन् । पछिल्लो समयमा पुरुषहरू पनि हिंसामा परेको देखिन्छ । एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा आएका जम्मा हिंसापीडित तथा प्रभावितमध्ये करीब ७ प्रतिशत पुरुष रहेका छन् ।

एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले सेवा दिनुपर्ने व्यक्ति र समूहअन्तर्गत सबै किसिमका लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरू, लैङ्गिक हिंसापीडित एकल महिला, अपाङ्गता भएका महिला, बालबालिका वा ज्येष्ठ नागरिक महिला, लैङ्गिक हिंसाको जोखिममा रहेका बेवारिसी एवं शारीरिक तथा मानसिकरूपले अशक्त महिला तथा बालबालिका, मानव बेचबिखन तथा ओसारपसारमा परी हिंसामा परेका महिला वा बालबालिका, सशस्त्र द्वन्द्व तथा प्राकृतिक विपद्का कारण हिंसामा परेका र पर्न सक्ने महिला वा बालबालिका, एच.आई.भी. तथा एड्सबाट सङ्क्रमित भई लैङ्गिक हिंसाबाट प्रभावित महिला वा बालबालिका रहेका छन् ।

यसका साथै एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले बहुपक्षीय संयोजन प्रक्रियाद्वारा प्रदान गरिने सेवाहरूमा स्वास्थ्य उपचार, चिकित्साजन्य प्रमाण सङ्कलन एवं संरक्षण, मानसिक एवम् मनोसामाजिक परामर्श, सुरक्षा (जिल्ला प्रहरी), आश्रयस्थल, पुनर्स्थापना केन्द्र (महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्थानीय सरकार, नागरिक समाज,गैसस), कानुनी उपचार (जिल्ला न्यायाधिवक्ता, जिल्ला बार एसोसिएसन), जस्ता सेवाहरू पीडित तथा प्रभावितलाई प्रदान गर्ने गर्दछ ।

एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले विना भेदभाव सबै लैङ्गिक हिंसापीडित/प्रभावितलाई एकीकृतरूपमा गुणस्तरीय सेवाको सुनिश्चितता, पीडितले घटना विवरण दोहोऱ्याउने र पुनः मानसिक पीडा सहनु पर्ने अवस्थाको अन्त्य, सेवा प्रवाहमा एकद्वार-प्रणाली कायम गर्ने, पीडितको सुरक्षा तथा गोपनीयता कायम, बहुपक्षीय साझेदारी एवं सहकार्य (स्थानीयतह, सम्बन्धित निकाय/ संस्थाहरूबीच) जस्ता मार्गदर्शक सिद्धान्तहरूको अवलम्बन गरी सेवा प्रदान गरेको छ ।

मुख्यरूपमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले गर्ने प्रमुख क्रियाकलापहरूमा मनोसामाजिक परामर्श सेवा (लैङ्गिक हिंसापीडित तथा प्रभावितहरूलाई) पूर्ण सुरक्षाको प्रत्याभूतिको लागि प्रहरीसँग समन्वय, उपचार खर्च र अत्यावश्यक सामग्री खरिद, रेफरल खर्च, उद्धार एवम् पुनर्स्थापना तथा सेवाकेन्द्रसँग प्रत्यक्ष कार्यगत सम्बन्ध कायम गर्ने, अस्पतालका कर्मचारी एवम् स्वास्थ्यकर्मीको क्षमता विकास, प्रवर्धनात्मक तथा प्रतिरोधात्मक जस्ता मुख्य विषयहरूमा कार्य गरिरहेको छ । अस्पतालबाट महत्त्वपूर्ण प्रमाण सङ्कलन हुनेहुदाँ अदालतबाट लैङ्गिक हिंसापीडित तथा प्रभावितहरूलाई न्याय दिलाउने औजारको रूपमा प्रयोग गर्न सकिन्छ ।

लैङ्गिक हिंसा निवारणको क्षेत्रमा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको अत्यन्तै महत्त्वपूर्ण भूमिका हुँदाहुँदै पनि यो केन्द्रले निकै समस्या तथा चुनौतीहरूको सामना गर्नुपरेको छ । मूलभूतरूपमा हेर्ने हो भने पीडितहरूको समयमा उद्धार नहुने, आवश्यकताअनुसार र दिगोरूपमा पुनर्स्थापनामा कठिनाइ, सरोकारवालाहरूबीचको अर्थपूर्ण समन्वय र सहकार्य प्रभावकारी नहुनु (अस्पताल, प्रहरी, महान्यायधिवक्ता), प्रेषण गरी पठाएका संस्थाको जवाफदेहितामा कमी, पीडित र प्रभावितहरूको शिक्षामा ध्यान पुग्न नसकेको, चिकित्साजन्य प्रमाण तथा प्रतिवेदन कमजोर हुनु, द्रुतरूपमा न्याय निरूपण नहुनु, पीडितको गोपनीयतामा कमी, नियमित अनुगमन तथा सहयोगमा कमी जस्ता समस्याहरू टड्कारोरूपमा रहेका छन् ।

जबसम्म एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई शसक्त र प्रभावकारी बनाइँदैन तबसम्म पीडितको तत्काल उपचार, प्रमाण सङ्कलन, पुर्नस्थापना लगायतका कार्यहरू पीडितकै पक्षमा हुन कठिन हुन्छ र पीडितले न्याय पाउन सक्दैनन् । त्यसैले यस्ता केन्द्रहरूलाई विस्तार र प्रभावकारी बनाउनका लागि यी तत्त्वहरूमा ध्यान जानु जरुरी देखिन्छ । जस्तै- केन्द्रमा मा २४ सै घण्टा सेवाको व्यवस्था, परामर्श सेवा केन्द्र, प्रहरी, सरकारी वकिल, पुनर्स्थापना केन्द्र, गैरसरकारी संस्था आदि सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय हुनुपर्छ । यसका साथै राष्ट्रिय तथा स्थानीयस्तरमा लैङ्गिक हिंसाबारे सचेतनामूलक अभियान कार्यक्रमहरू सञ्चालन, केन्द्रको सेवाबारे सञ्चार माध्यमहरूबाट (रेडियो, टेलिभिजन, एफ.एम. रेडियोहरू) सूचना तथा सन्देश प्रसारण, ब्रोसर तथा प्रचारप्रसारलाई व्यापकता दिनुपर्दछ ।

अतः नेपालको संविधानको मर्म, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, दीर्घकालीन लक्ष्य सुखी नेपाली समृद्व नेपाल जस्ता उपलब्धि हासिल गर्न लैङ्गिक हिंसा विकासको बाधक बनेको छ । त्यसैले यसको निवारण गर्नु अपरिहार्य छ । अबको बाटो भनेको तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज र गैरसरकारी क्षेत्रबीच मजबुत सम्बन्ध, समन्वय र सहकार्य गर्दै एकीकृतरूपमा अगाडि बढेमा नतिजामूलक उपलब्धि हासिल गर्न सकिन्छ ।

***

# नेपालमा महिला सशक्तीकरणको राजनीतिक पाटो

✍ उर्मिला ढकाल*

## १. पृष्ठभूमि

नारी र पुरुष सृष्टिका दुई महत्त्वपूर्ण अङ्ग हुन् । त्यसकारण मानव जीवन र सभ्यताको विकासका लागि यी दुईको समान भूमिका, महत्त्व र जिम्मेवारी रहन्छ । नारी र पुरुषमध्ये केवल एकको मात्र उन्नति र प्रगतिले स्वस्थ, समुन्नत र विकसित मानव समाजको निर्माण हुन सक्दैन । उक्त सत्यको बोध हुन नसक्दा सामाजिक, आर्थिक, राजनीतिक अनेक दृष्टिकोणबाट महिलाहरू पुरुषका तुलनामा निकै पछाडि परेका छन् । त्यसैले आजको एक्काइसौँ शताब्दीमा समेत महिला सशक्तीकरण विश्वव्यापी चर्चाको विषय बनेको छ ।

राजनीति राज्य सञ्चालनको मूल आधार हो । राज्य व्यवस्था मानिसको भौतिक एवम् आत्मिक आवश्यकताको पूर्ति हेतु सङ्गठित मानव समुदायको उन्नत रूप हो । मानव जाति र सभ्यताको सतत उन्नयन र विकासको क्रमिक प्रतिफलनका रूपमा राज्य व्यवस्थाको प्रादुर्भाव भएको हो । मानवीय वैयक्तिक तथा सामाजिक हित रक्षा गर्नु एवम् सामाजिक न्याय प्रवर्धन गर्नु राज्य व्यवस्था निर्माणको मूल अभीष्ट हो । राज्य शक्ति सञ्चालनको नीतिगत आयाम राजनीति नै भएकाले यो राज्यको आत्माका रूपमा रहेको हुन्छ । त्यसैले राज्य व्यवस्थाको समुचित सञ्चालन र विकासका लागि यसको आत्माका रूपमा रहने राजनीतिको अहम् भूमिका रहन्छ । न्यायपूर्ण, समतामूलक र सन्तुलित मानव विकासका लागि शक्तिको प्राप्ति र प्रयोगको विज्ञानका रूपमा रहेको राजनीतिमा नारी र पुरुषको उत्तिकै सहभागिता र योगदानको आवश्यकता रहन्छ । महिला सशक्तीकरणको राजनीतिक पक्षले सशक्तीकरणका अन्य आयामलाई समेत प्रभावित गर्दछ । त्यसैले प्रस्तुत आलेखमा नेपालको सन्दर्भमा महिलाको राजनीतिक सशक्तीकरण कसरी हुँदैगएको छ भन्ने विषयलाई सिंहावलोकन गर्दै यसको भावी दिशा केलाउने प्रयास गरिएको छ ।

## २. राजनीतिक सशक्तीकरण र नेपाली महिलाको स्थिति

राजनीतिक सशक्तीकरणले राजनीतिक विषयहरूमा महिलाको समान सहभागिता, प्रतिनिधित्व र नेतृत्वलाई बुझाउँछ । निर्णायकतहमा महिलाहरूको उपस्थिति हुनुलाई मात्र महिलाको राजनीतिक सशक्तीकरण मान्न सकिँदैन । राजनीतिक क्षेत्रमा महिलाको सशक्त उपस्थिति, अर्थपूर्ण सहभागिता, शक्ति, स्रोतमाथि महिलाको पहुँच र नियन्त्रण, लाभको बाँडफाँट र उपभोगमा पुरुषसँग समानता हासिल गर्न सक्ने स्थिति महिलाको राजनीतिक सशक्तीकरणको परिचायक हो ।

नेपालको राज्य सञ्चालनको इतिहास हेर्दा महिलाहरूको उपस्थिति लिच्छवी कालदेखि नै प्रत्यक्ष र परोक्षरूपमा रहँदै आएको सन्दर्भ भेटिन्छ । लिच्छवी कालमा रुद्रम्मादेवी, वीरम्मादेवी, पदुमलदेवी, देवलदेवी, नायकदेवी, राजल्लदेवी आदि

* *महिला विकास अधिकृत, महालक्ष्मी नगरपालिका*

महिलाहरूले राज्य सञ्चालनमा प्रभाव पारेको देखिन्छ । नायकदेवी त राजगद्दीको उत्तराधिकार पाउने पहिलो महिला नै थिइन् (नेपाल,२०५५:१५६-१६२) । त्यसैगरी शाहकालमा राजेन्द्रलक्ष्मी र ललित त्रिपुरसुन्दरीले लामो समयसम्म नायवी भएर राज्य सञ्चालन गरेको इतिहास भेटिन्छ । यी त दरबारभित्रका विषय भए । राणाकालमा सर्वसाधारणका तहबाट तत्कालीन सामयिक राजनीतिक, धार्मिक, आर्थिक, सामाजिक कुरीतिविरुद्ध बुलन्द आवाज उठाउने महिलामा योगमाया न्यौपानेको नाम अग्रस्थानमा आउँछ । उनको नेतृत्वमा वि.सं. १९७४ सालमा स्थापना गरिएको महिला समिति नेपालको पहिलो महिला सङ्गठन हो (तुलाधर, २०७२:६) । राणाकालमा नेपाल तथा भारतमा विभिन्न महिला सङ्गठनहरू महिलाको अधिकारका निम्ति सक्रिय थिए । रेवन्त कुमारी आचार्यको नेतृत्वमा आदर्श महिला समाज (२००३), मंगलादेवी सिंहको नेतृत्वमा नेपाल महिला संघ (२००४), पुण्यप्रभादेवी ढुङ्गानाको नेतृत्वमा अखिल नेपाल महिला सङ्गठन, कमला राणाको नेतृत्वमा महिला स्वयंसेवी सङ्गठन क्रियाशील थिए । मंगलादेवी सिंहको नेतृत्वमा सहाना प्रधान, साधना अधिकारी रहेको नेपाल महिला सङ्गठनले महिलालाई संगठित गर्दै मतदानको अधिकार, शिक्षाको अधिकारलगायतका विषय उठायो (पन्त,२०७४:४) । यसप्रकार २००७ सालको प्रजातन्त्र प्राप्तिका लागि लडिएको लडाइँका पृष्ठभूमिमा महिलाहरूको योगदान अविस्मरणीय छ । जसले राज्यको नीतिमा प्रभाव पार्नुका साथै महिलाहरूका लागि केही कानुनी अधिकार पनि प्राप्त भएको देखिन्छ ।

नेपालमा २००७ सालको क्रान्तिपश्चात् स्थापित प्रजातान्त्रिक व्यवस्थामा महिलाहरूको राजनीतिक सचेतना र सक्रियता अभिवृद्धि भएको देखिन्छ । २०१५ सालको आम निर्वाचनमा डडेलधुराबाट निर्वाचित द्वारिकादेवी ठकुरानी त्यसपछि गठित मन्त्रिपरिषद्मा सहायक मन्त्री बनिन् । जसबाट मन्त्रिपरिषद्मा महिलाको प्रतिनिधित्वको सुरुआत भयो । २०१७ सालमा राजा महेन्द्रले बहुदलीय व्यवस्थाको अन्त्य गर्दै पञ्चायती शासन व्यवस्था लागु गरेर दलीय गतिविधिमा प्रतिबन्ध लगाए तापनि महिलाहरू संगठित भएर, साहित्य र कलालाई आधार बनाएर राज्य व्यवस्थाप्रति विरोध जनाउँदै महिलाको राजनीतिक सशक्तीकरण गर्नमा निरन्तर लागिरहे । २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्बहालीका लागि जनआन्दोलन भयो । उक्त जनआन्दोलनमा महिलाहरूको उल्लेख्य सहभागिता एवम् भूमिका रह्यो । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ ले राष्ट्रियसभामा कम्तीमा ३ जना महिला हुनैपर्ने बाध्यकारी व्यवस्था गरेको थियो । त्यसपछि वि.सं २०४८ मा सम्पन्न आम निर्वाचनमा विभिन्न पार्टीबाट ७३ जना र स्वतन्त्र ८ जना गरी ८१ जना महिला उम्मेदवारमध्ये ६ जना (२.९ प्रतिशत) महिला निर्वाचित भएर संसद्मा गएका थिए । त्यसैगरी २०५१ को मध्यावधि निर्वाचनमा विभिन्न पार्टीबाट ७४ जना र स्वतन्त्र १२ जना गरी ८६ जना महिला उम्मेदवारमध्ये ७ जना (३.४ प्रतिशत) निर्वाचित भए भने वि.सं. २०५६ को संसदीय निर्वाचनमा ११७ जना पार्टीबाट र २६ स्वतन्त्र गरी १४३ जनामध्ये १२ जना (५.९ प्रतिशत) महिलाहरू संसद् सदस्यका रूपमा निर्वाचित भएका थिए (तुलाधर, २०७२:१०) । त्यसैगरी २०५२ सालबाट सुरु भई दस वर्षसम्म चलेको सशस्त्र विद्रोहमा महिलाहरूको सहभागिता र सक्रियताले सिङ्गो देशभरका महिलाहरूमा राजनीतिक जागरण ल्याउने काम गर्‍यो । वि.सं. २०६२-६३ को जनआन्दोलनका समयमा हरेक क्षेत्रबाट महिलाहरूले आन्दोलनमा सहभागिता जनाए । २०६३ जेठ १६ मा प्रतिनिधिसभामा राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने, महिलासम्बन्धी विभेदपूर्ण कानुनको खारेजी हुनुपर्ने र आमाको नामबाट नागरिकता पाउनुपर्ने विषय समेटिएको तीनबुँदे जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पारित भयो (सोही दिनको स्मरणमा प्रत्येक वर्ष जेठ १६ गते राष्ट्रिय महिला दिवस मनाइन्छ) । परिणामतः नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यका हरेक निकायमा महिला सहभागिता कम्तीमा एक तिहाइ हुनुपर्ने व्यवस्था गर्‍यो । नेपालको इतिहासमा पहिलो पटक वि.सं. २०६४ चैत २८ मा सम्पन्न भएको संविधानसभाको निर्वाचनपश्चात् गठित ६०१ सदस्यीय संविधानसभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट र समानुपातिक प्रणालीबाट गरी कुल ३२.७८ प्रतिशत महिलाको

प्रतिनिधित्व रह्यो भने २०७० मा सम्पन्न अर्को संविधानसभाको निर्वाचनबाट २९.७८ प्रतिशत महिलाहरू सभासद् बने। सङ्ख्यात्मकरूपमा महिलाको उपस्थितिमा वृद्धि भएसँगै संविधानसभाबाट जारी भएको नेपालको वर्तमान संविधानमा महिलाको सामाजिक एवम् राजनीतिक उन्नयनका लागि निकै राम्रा व्यवस्थाहरू रहन गए। आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने, सङ्घीय संसद् र प्रदेशसभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एकतिहाइ महिला सदस्य हुने, राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक जना, प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एक जना र राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने, प्रदेश सभामुख र उपसभामुखमध्ये एक जना, नगरपालिकाका प्रमुख र उपप्रमुखमध्ये एक जना, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने, गाउँ कार्यपालिकामा चार जना तथा नगर कार्यपालिकामा पाँच जना महिला सदस्य रहने, जिल्ला समन्वय समितिमा कम्तीमा तीन जना महिला रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने, राष्ट्रिय महिला आयोग संवैधानिक निकायका रूपमा रहने र सोका अध्यक्ष र सदस्यहरू महिला मात्र रहनेलगायतका महत्त्वपूर्ण हक अधिकारहरू नेपालको संविधानमा व्यवस्था गरिएका छन्। यसरी नेपालको वर्तमान संविधानले राज्यका तल्ला तहदेखि माथिल्ला निकायहरूमा समेत महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको छ। संविधानले प्रत्याभूत गरेका उक्त अधिकारबमोजिम वि.सं. २०७४ मा सम्पन्न निर्वाचनपछि सङ्घीय संसद्को प्रतिनिधिसभामा ३२.७३ प्रतिशत, राष्ट्रियसभामा ३७.२९ प्रतिशत, प्रदेशसभामा ३४.३६ प्रतिशत र स्थानीयतहमा ४०.९६ प्रतिशत रहेको छ (CEDAW, छैटौँ वार्षिक प्रतिवेदन)। सङ्घीय संसद्का एकल र संयुक्त गरी जम्मा १६ वटा समितिमध्ये हाल ९ वटा समितिमा महिला सभापति रहेका छन्। यसबाट देशको कानुन निर्माणका साथै कार्यकारिणीमाथिको नियन्त्रण र दिशानिर्देशनका विषयमा समेत महिलाहरूको भूमिका प्रवर्धन हुँदै गएको बुझ्न सकिन्छ। यसरी समयक्रमानुसार नेपालमा महिलाको राजनीतिक सशक्तीकरणको पाटो क्रमशः सुधारोन्मुख रहेको देखिन्छ।

## ३. राजनीतिक सशक्तीकरणका चुनौतीहरू

जनसाङ्ख्यिकी हिसाबले नेपालमा आधाभन्दा बढी (५१.५ प्रतिशत) सङ्ख्या महिलाको नै रहेको छ। नेपाली माटोमा टेकिएका आधाभन्दा बढी पाइला महिलाका हुन्छन् भने हरेक निर्णयमा आधा अधिकार महिलालाई किन नहुने? राज्यका हरेक निकायमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न किन पछि हट्ने? न्युजिल्यान्ड, फिनल्यान्ड, डेनमार्क, जर्मनी, बेलायत, भारत, पाकिस्तान, बङ्गलादेश, तान्जानिया, इस्टोनिया, लिथुआनियालगायत दर्जनौँ देशका महिलाहरू कार्यकारी प्रमुख बनेर देश चलाउन सक्ने अनि ७० वर्षको प्रजातान्त्रिक इतिहास भएको नेपालमा देशको कार्यकारी प्रमुख पदमा महिला नपुग्ने किन? यी र यस्ता अनेकौँ प्रश्न तबसम्म उठ्न सक्छन् जबसम्म महिलाले पुरुषसरह अधिकार पाउँदैनन्। अब देशमा शिक्षित महिलाहरूको अभाव छैन। निर्णय लिन सक्ने र नेतृत्व गर्न सक्ने क्षमता महिलामा पनि छ। तर महिलाको क्षमताप्रति गरिएको अविश्वास र शक्तिमाथि पुरुष हैकम कायम राखी पितृसत्तालाई निरन्तरता दिने चाहनाले महिलाको स्तर उठ्न दिँदैन। महिलालाई नेतृत्वका रूपमा संस्थागत गराउन राजनीतिक दलहरू तयार नहुने, महिलाको क्षमतालाई कम आँक्ने प्रवृत्ति, महत्त्वपूर्ण पद, जिम्मेवारी र निर्णयप्रक्रियाबाट महिला प्रतिनिधिलाई वञ्चित गराउने, लिङ्गका आधारमा विभेद गर्ने, क्षमतावान महिलालाई समेत हतोत्साहित तुल्याउने एवम् अवसर नदिई क्षमता कुण्ठित गर्ने, नातावाद र कृपावादका आधारमा समानुपातिक कोटामा महिलाको प्रतिनिधित्व गराउने, अत्यन्त सीमित मात्रामा महिलाहरूले राजनीतिक सवाल एवम् निर्णयप्रक्रियामा अर्थपूर्ण सहभागिता जनाउने कार्यहरूका साथै धार्मिक एवम् सामाजिक मूल्यमान्यता, विश्वास,

रीतिपरम्परा, पुरातन सोच र व्यवहारहरू महिलाको राजनीतिक सशक्तीकरणमा चुनौतीका रूपमा रहेका देखिन्छन् ।

## ४. भावी कार्यदिशा

हाम्रो जस्तो विकासोन्मुख मुलुकमा महिलाको राजनीतिक सशक्तीकरण गर्ने कार्य सहज छैन तर असम्मभव पनि होइन । त्यसैले देहायका कार्यहरू गर्न सके पक्कै पनि भावी दिनमा राजनीतिक सशक्तीकरणमा सहयोग पुग्नेछः

- महिलाका लागि विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- राज्यले विभेदरहित नीति एवम् कानुनहरू निर्माण र कार्यान्वयनमा जोड दिने,
- राजनीतिक दलहरूले दलीय संरचना नै महिला मैत्री बनाउने,
- प्रत्येक राजनीतिक पदमा महिलाको पहुँच वृद्धि गर्ने,
- नीति निर्माण एवम् निर्णायकतहमा महिला सहभागिता बढाउने/अवसर दिने,
- महिलामा नेतृत्व गुणको विकास गर्ने गरी शिक्षित गर्ने,
- समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेदजस्ता समावेशीकरणका माध्यमको उपयोग गरी क्षमतावान महिलाहरूलाई राजनीतिमा समावेश गराउने,
- स्थानीयतहदेखि राष्ट्रियस्तरसम्म निर्णायक भूमिकामा महिलाको सहभागिता रहने वातावरण र पूर्वाधारको विकास गर्ने र
- पुरातनवादी सोच र चिन्तनमा परिवर्तन गरी महिलाको क्षमता विकासमा जोड दिने आदि ।

## ५. निष्कर्ष

महिला सशक्तीकरण लैङ्गिक विभेदको परिणामस्वरूप उब्जिएको विषय हो । जहाँ पितृसत्ता झाँगिएको हुन्छ, त्यहाँ मात्र महिला सशक्तीकरण चर्चा गर्नुपर्ने विषय बन्छ । सशक्तीकरण लैङ्गिक समानता कायम गर्ने माध्यम हो । नेपालको सन्दर्भमा हेर्दा विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरूमा महिलाहरू अग्रपङ्क्तिमा रहेर प्रजातन्त्र र लोकतन्त्रका निम्ति बुलन्द आवाजसहित दरिलो उपस्थिति जनाएको इतिहास छ । ती आन्दोलनहरूले राज्य व्यवस्था र राजनीतिक संरचनामा परिवर्तन ल्याए । सँगसँगै राजनीतिमा महिलाको पहुँचमा वृद्धि भयो तर राजनीतिक सोच र आचरणमा परिवर्तन ल्याएर संस्कारयुक्त राजनीतिको विकास हुन सकेन । विभिन्न समयमा भएका राजनीतिक परिवर्तनले जन्माएका नीतिगत निर्णय र कानुनी व्यवस्थाको परिणामस्वरूप स्थानीयतहदेखि सङ्घीय संसद्सम्म महिलाहरूको सङ्ख्यात्मक उपस्थिति बढेको छ तर त्यसले गुणात्मक परिवर्तन हुन सकेको देखिँदैन । जेजति महिला सहभागिता भएको छ, त्यो संविधानले दिएको अधिकारको प्रयोग मात्र भएझैँ देखिन्छ । राज्यका हरेक निकायमा महिला सहभागिता कम्तीमा एकतिहाइ हुनुपर्ने व्यवस्था संविधानले गरेको भए पनि व्यवहारमा त्यसो हुन सकेको छैन । जबसम्म महिलाहरूको सामाजिक एवम् राजनीतिक चेतनाको स्तर उठ्दैन तबसम्म आरक्षणले उठाएको स्तर कायम राखिरहन वा त्यसभन्दा माथि जान महिलाहरूलाई सकस नै हुन्छ । त्यसका लागि पुरातन सोच र विचारभन्दा माथि उठेर महिलाहरू स्वयम् राजनीतिक विषयले शिक्षित र सिञ्चित हुनु आवश्यक छ । महिलाको सामाजिक, सांस्कृतिक एवम् आर्थिक सशक्तीकरणविनाको राजनीतिक सहभागिता पूर्ण र दिगो हुन सक्दैन । त्यसैले महिलाको राजनीतिक सशक्तीकरणका लागि सामाजिक सांस्कृतिक परिवर्तनसँगै आर्थिक स्तरोन्नति हुन आवश्यक देखिन्छ । नारीहरूका विशिष्ट अधिकारहरूको संरक्षण, उनीहरूले भोग्नुपरेका समस्याहरूको समाधान

एवम् नारीहरूको क्षमताको पूर्ण विकासका लागि राजनीतिक क्षेत्रमा महिला अग्रसरता रहनु जरुरी हुन्छ । राजनीतिमा नारी प्रतिभाको रचनात्मक योगदानले समतामूलक लैङ्गिक परिपाटीका साथै सन्तुलित, न्यायपूर्ण र पूर्ण मानवीय विकासलाई सार्थक गन्तव्यमा पुऱ्याउन सक्छ । अतः हाम्रो देशको राजनीतिमा महिलाको दह्रो उपस्थिति, अर्थपूर्ण सहभागिता र निर्णायक भूमिका हुनु पर्दछ ।

***

## सन्दर्भ सामग्रीहरू


- तुलाधर, डा. जानकी (२०७२), 'राजनीतिमा महिला सहभागिताः चुनौती र सम्भावना', https:// www.onlinekhabar.com/2015/12/358738
- नेपाल अधिराज्यको संविधान, २०४७
- नेपाल, ज्ञानमणि (२०५५), नेपालनिरूपण, काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
- नेपालको संविधान, २०७२
- पन्त, कमला (२०७४) नेपाली राजनीतिमा महिला सहभागिता, -https://nagariknews. nagariknetwork.com/others/138586-1517393520.html
- लिलितत्रिपुरसुन्दरी (२०१९), **राजधर्म, (दो.सं), काठमाडौँः नइ प्रकाशन ।**
- Upreti, Bishnu R. & others (2020). ‘Nepali women in politics : success and challenges’. Journal of International women’s studies. volume 21.BRIDGEWATER STATE UNIVERSITY
- https://www.election.gov.np
- https:// www.mowcsc.gov.np
- http://www.parliament.gov.np
- https://en.wikipedia.org/wiki/List_of_elected_and_appointed_female_heads_of_state_and_government

# अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका सबाल

✍ जगदीशप्रसाद अधिकारी *

वि.सं.२०४६ सालको जनआन्दोलनपश्चात् प्राप्त उपलब्धिअनुरूप मुलुकमा प्रजातान्त्रिक व्यवस्था स्थापना भयो । तत्पश्चात् गैरसरकारी संस्थाहरू सक्रियरूपमा काम गर्दैगर्दा अपाङ्गता भएका व्यक्तिहरूको हक, हित र अधिकार सुनिश्चित गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूकै लागि काम गर्ने विभिन्न संघसंस्थाहरू नेपाल राष्ट्रिय अपाङ्ग संघ, सुस्त मनस्थिति कल्याण संस्थालगायत १८ वटा संस्थाहरूको सक्रिय सहभागितामा कामको सुरुआत भएको पाइन्छ । यसरी अपाङ्गता भएका व्यक्तिहरूको हकहित र अधिकारका लागि काम गर्ने क्रममा यिनै संघसंस्थाहरूको सक्रिय सहभागितामा वि.सं.२०५० सालमा अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकार सहजरूपमा प्राप्त गर्न राष्ट्रिय अपाङ्ग महासंघ नेपालको स्थापना गरियो । साथै अपाङ्गतासम्बन्धी काम गर्ने थुप्रै संघसंस्थाहरू स्थापना हुन थाले ।

नेपाल अपाङ्ग महिला संघ, राष्ट्रिय शारीरिक अपाङ्ग संघ, सुस्त मनस्थिति अभिभावक संघ, काठमाडौं बहिरा संघ, नेपाल अपाङ्ग मानव अधिकार केन्द्रलगायत थुप्रै संस्थाको सक्रिय सहभागितामा अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकार स्थापित गर्न एक जुटका साथ अगाडि बढ्न थालिएको केही तथ्यहरूबाट स्पष्ट हुन आउँछ । अझ भनौं ०६२/०६३ को जआन्दोलन भाग २ पश्चात् त देशभरमा धेरै सङ्ख्यामा संस्थाहरू स्थापना भई विभिन्न जिल्लाहरूमा कार्यक्रमहरू सञ्चालन गरेर अपाङ्गता समावेशीका सबाललाई लिएर आबाज उठाउन सुरु गरियो । अपाङ्गता भएका व्यक्तिहरूका केही सबालहरूसहित अन्तरिम संविधानदेखि संविधानसभामा समेत अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वसमेत भएको थियो ।

अपाङ्गतासम्बन्धी काम गर्ने संघसंस्थाहरू जस्तैः राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, नेपाल नेत्रहीन संघ, नेपाल अपाङ्ग महिला संघ, नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, स्वावलम्वन जीवन पद्धति केन्द्र, बौद्धिक अपाङ्ग अभिभावक महासंघ नेपाल, राष्ट्रिय शारीरिक अपाङ्ग संघ, राष्ट्रिय बहिरा महासंघ नेपालिय वहिरा महास, बहिरा तथा सुस्तश्रवण संघलगायत थुप्रै संस्थाहरूको अगुवाइ अनि नेपालका प्रमुख राजनीतिक दलहरू जस्तैः नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टीहरूका आफ्ना जनसङ्गठनमार्फत अपाङ्गता भएका व्यक्तिहरूका मुख्य सबालहरूका साथै समावेशीकरणका मुख्य मुद्दाहरूलाई एकताबद्धरूपमा अगाडि बढाउने प्रयासस्वरूप नेपालको संविधान २०७२ मा अपाङ्गता भएका व्यक्तिहरूका धेरै सबालहरू समावेशीको सिद्दान्तअनुरूप समेट्ने कार्य भएको देखिन्छ । यस कार्यले अपाङ्गता भएका व्यक्तिहरू, अपाङ्गतासम्बन्धी काम गर्ने विभिन्न संघसंस्थाका प्रतिनिधि र अपाङ्गता भएका व्यक्तिहरूका अभिभावकहरूले खुसी व्यक्त गरिरहँदा पछिल्ला दिनहरूमा भने संविधान कार्यान्वयनको सिलसिलामा आशा गरेअनुरूप नरहेको देखियो ।

* *कार्यकारी निर्देशक, नेपाल अपाङ्ग मानव अधिकार केन्द्र*

खासगरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारकर्मीको हैसियतले विचार, दृष्टिकोणलाई प्रस्तुत गर्दैगर्दा फेरि पनि नेपाल सरकारबाट अपाङ्गताको क्षेत्रमा काम हुन सकेन, अपाङ्गता क्षेत्र अझै पनि पछि नै परिरह्यो भन्न पनि मिल्दैन। यसो भनिरहँदा अपाङ्गता भएका व्यक्तिहरूको आरक्षणका कुरा सम्झन सक्छौं। जस्तैः सार्वजनिक यातायात तथा हवाई यातायातमा छुटको कुरा, रोजगारी तथा स्वरोजगारमा आरक्षण, अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने चारपाङ्ग्रे स्कुटर खरिदमा भन्सार छुट, स्वास्थ्य सेवामा छुट, निःशुल्क शिक्षा र छात्रवृत्ति, घरजग्गा दर्ता (रजिष्ट्रेशन) मा २५% छुट, क र ख वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्धलगायतका सेवा सुविधाहरू राज्यबाट व्यवस्था गरिएको छ। राज्यले अपाङ्गता भएका व्यक्तिहरूका लागि गरिएका यी सकारात्मक कार्य हुन्।

यसका साथै नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्ने विभिन्न संघसंस्थाहरू जस्तैः राष्ट्रिय अपाङ्ग महासंघ नेपाललगायत अन्य संघसंस्थाहरूलाई आ-आफ्नो स्थानीय पालिकामार्फत पुनर्स्थापना गृह सञ्चालन, आवश्यकतानुसारका सहायक सामग्री उत्पादन, यसमा पनि ह्विलचियर निर्माण, एवम् वितरण, सूचना तथा सञ्चारअन्तर्गत रेडियो कार्यक्रम सञ्चालन, साङ्केतिक भाषा एवम् स्पिचथेरापी तालिम, आयआर्जन तथा अन्य कार्यक्रमका लागि अनुदान सहयोग उपलब्ध गराउँदै आएको छ। अपाङ्गताका सबाललाई नीति निर्माणतहका व्यक्तिहरूसँग अन्तरक्रिया, वकालत, पैरबीजस्ता क्रियाकलाप सञ्चालन गर्न पाएकोमा यस क्षेत्रमा कार्यरत अगुवा व्यक्तिहरूबाट खुसी व्यक्त गर्नु भएकाले पनि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय धन्यवादको पात्र रहने कुरामा दुईमत छैन। अझ यस मन्त्रालयको नेतृत्वमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन ल्याउन सफल हुनु दश वर्षे कार्ययोजना अन्तिम अवस्थामा रहनु, कोभिड-१९ जस्ता महामारीको चपेटामा परेका अपाङ्गता भएका व्यक्तिहरूको समस्या समाधान गर्नको लागि निर्देशिका नै निर्माण गरी देशभरिका स्थानीयतहलाई सोहीअनुसार कार्य गर्न अभिप्रेरित गराउन पनि यस मन्त्रालयले आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्न सक्षम रहेको देखिन्छ ।

यद्यपि हाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी नियमावलीबाट अपाङ्गता भएका व्यक्तिहरूले धेरै वर्षदेखि राज्यबाट प्राप्त गर्दै आइरहेका सेवा सुविधाहरू प्राप्त गर्न कठिनाइ हुने देखिन्छ। जस्तैः पूर्णअशक्त अपाङ्गता र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरू मात्र अपाङ्गता भएका व्यक्ति हुन् भनेर बुझ्न खोजिएको नियमवालीबाट स्पष्ट हुन आउँछ। यसले गर्दा अन्य प्रकारका अपाङ्गता भएका व्यक्तिहरू जस्तैः मध्यम तथा सामान्य अपाङ्गता भएका व्यक्तिहरू राज्यले प्रदान गरेका सेवा सुविधाहरूबाट वञ्चित हुने अवस्था छ। प्राप्त गर्दै आइरहेका सेवा सुविधाका सबालमा विभिन्न समयमा यो वा त्यो बाहनामा सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउन नसक्ने भन्ने कुराहरूलाई समाधान गर्न अझै जरुरी देखिन्छ। यद्यपि नेपाल सरकारले यस सामाजिक सुरक्षाभत्तालाई अध्यादेशमार्फत समाधान गर्नेतर्फ अगाडि बढ्नुलाई सराहनीय कामका रूपमा लिन सकिन्छ। साथै अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐनले निर्दिष्ट गरेका कतिपय धारा उपधाराहरू सक्रियरूपमा कार्यान्वयन हुनु सुखद पक्ष हो। जस्तैः अपाङ्गतासम्बन्धी राष्ट्रिय निर्देशन समिति गठनको प्रक्रिया सङ्घ हुँदै केही प्रदेशहरूमा समेत गठन भई बैठकहरू समेत सञ्चालन भएको देखिन्छ।

साथै अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी नियमावलीलाई छिटोभन्दा छिटो अपाङ्गतासम्बन्धी कार्य गर्ने संघसंस्थाहरूको समन्वय एवम् निर्देशक समितिका सल्लाह तथा सुझावका आधारमा माननीय मन्त्रीज्यूको अगुवाइमा मन्त्रिपरिषद्बाट सकेसम्म सामाजिक सेवा दिवसको अवसरमा वा अपाङ्गता भएका व्यक्तिहरूको ३० औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा संशोधन भयो भनेर सुनाउन पाइयो भने मात्र पनि हाल प्राप्त भइरहेका सेवा सुविधा तथा उपलब्धिहरू प्राप्त गर्न सहज हुने छ ।

खासगरी अपाङ्गता क्षेत्रमा मानव अधिकारको चशमाले नियाल्दा मैले माथि उल्लिखित हरफमा गरिएको व्यवस्थाले मात्र मानव अधिकारको हक अधिकालाई संरक्षण र संवर्धन गर्न नपुग्ने प्रष्ट देखिन्छ । फलस्वरूप हामीलगायत अपाङ्गतासम्बन्धी कार्य गर्ने संघसंस्थाका अगुवाइ गर्ने व्यक्तित्व, अभिभावकज्यूहरू, अपाङ्गता मानव अधिकारकर्मीहरू, अपाङ्गता भएका पत्रकार तथा सञ्चारकर्मीहरू, कानुन व्यवसायी एवम् साहित्यिक सिर्जनामार्फत वकालत गर्ने अपाङ्गता भएका स्रष्टाहरू, शिक्षक एवम् प्राध्यापकहरू, तथा अपाङ्गता भएका व्यक्तिहरू पनि एकताबद्ध भई अपाङ्गता भएका व्यक्तिहरूको गुमेका वा प्राप्त गर्ने कठिनाइ भएका र विभेदका कारण उपलब्ध हुन नसकेका व्यवस्थाहरूका लागि फेरि पनि मानव अधिकारको प्रवर्धन र संवर्धनका लागि काम गर्नु पर्ने स्पष्ट देखिन्छ ।

जस्तै: निजामती सेवामा ५ प्रतिशत आरक्षण, सरकारका सबै संरचनाहरूमा जस्तै: आयोगहरू, परिषदहरू, प्रतिष्ठान आदिमा समावेशी सिद्धान्तका आधारमा नियुक्ति एवम् मनोनयन, मौद्रिक नीतिहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन गरिनु पर्ने, विभेदकारी नीतिनियमहरू शंसोधन हुनु पर्ने जस्तै: बिमामा अपाङ्गता भएका व्यक्तिहरूलाई रु २ लाखको सीमा रहनु, बैङ्क खाता सञ्चालनमा दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूलाई स्वतन्त्ररूपमा खाता सञ्चालन गर्न नदिनु, प्रमाण ऐन एवम् साक्षीप्रमाणमा दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूलाई वञ्चित गराइनु, प्रजनन स्वास्थ्यजस्ता कार्यक्रममा अपाङ्गता भएका महिलालाई प्रोत्साहन हुने खालका कार्यक्रम नल्याइनु, साङ्केतिक भाषाको कक्षा एवम् तालिम व्यापकरूपमा सञ्चालन नहुनु, अड्डा अदालतमा बहिरा अपाङ्गता भएका व्यक्ति एवम् बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि साक्षी बस्ने व्यवस्था नहुनु, वा मैत्री नहुनु, अपाङ्गतामैत्री खेल मैदान, खेलकुद सामग्री एवंम राष्ट्रिय प्रतियोगिताजस्ता क्रियाकलापहरू पर्याप्त मात्रामा सञ्चालन नहुनु । अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्याको आधारमा उनीहरूको सशक्तीकरणका लगि p1Budget (प्राथामिकता १ अनुरूप) को व्यवस्था नहुनु, अपाङ्गता अनुकूलको सवारी साधनहरूमा (चारपाङ्ग्रे स्कुटर बाहेक) भन्सार छुटको व्यवस्था अझै पनि नहुनु, दैनिक जीवनयापन गर्न कठिनाइ हुने अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोगीको सहयोगले मात्रै उसका दैनिक क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने जस्तै: खाना खान, दिसा पिसाब गराउन, लुगा लगाउन र सरसफाइ गराउनु पर्ने व्यक्तिहरूका लागि यस्ता व्यवस्थाहरू गराउन जरुरी देखिन्छ ।

वि.सं.२०६९ सालमा सर्वोच्च अदालतले फैसला गरेबमोजिम अपाङ्गता भएका व्यक्तिहरूका लागि पर्याप्त मात्रमा सामाजिक सुरक्षाभत्ताको व्यवस्थालाई पूर्णरूपमा कार्यान्वयन गर्न आवश्यक छ । साथै, सहायक सामग्रीहरूलाई नेपालमै उत्पादन गर्न, विशेष उद्योग एवम् तालिम केन्द्र स्थापना गर्न, अपाङ्गतासम्बन्धी काम गर्ने संघसंस्थाहरूको क्षमता विकास, आर्थिक सबलीकरणउन्मुख कार्यक्रम पनि सञ्चालन गर्न सकेमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापनमा सहजता हुनेछ ।

साथै, विभिन्न महामारी एवम् विपत्मा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकताका आधारमा व्यवस्था नगरिनु र अपाङ्गता भएका व्यक्तिहरूलाई हतोत्साहित, भावनामा चोट पुऱ्याउनेजस्ता, साहित्यिक क्षेत्र, पत्रकारिता एवम् सञ्चार, चलचित्र तथा टेलिचलचित्रमार्फत जिस्क्याउने, गिज्याउने, होच्याउने, बिग्रेको भत्केको, काम नै नलाग्ने ठाउँमा अपाङ्गता शब्दहरूलाई प्रयोग गरिने, जस्तै: अपाङ्ग संविधान, अन्धो सरकार, यसले केही देख्दैन आदि । अनि गलत उखान टुक्काहरू प्रयोग हुनु, जस्तै नहुनु मामाभन्दा कानो मामा जाती आदि । यस्ता अपमान बोध हुने शब्द, वाक्य र उखानहरूलाई निरुत्साहित गर्न २०७३ माघ २६ गते प्रेस काउन्सिलद्वारा जारी गरिएको निर्देशिकालाई अक्षरशः पालना गराउन अझै पनि नसकिनु समस्याको रूपमा देखिन्छ ।

CTEVT जस्ता सरकारी तालिम केन्द्रहरूमा सङ्ख्या नै तोकेर आरक्षणको व्यवस्था नगरिनु, विभिन्न टेलिभिजनहरूमा

साङ्केतिक भाषाको दोभाषे व्यवस्था अनिवार्य गराउनुका साथै छापा माध्यमअन्तर्गतका विभिन्न पत्रपत्रिकाहरू प्रकाशन गर्दा न्यूनदृष्टियुक्त अपाङ्गता भएका व्यक्तिहरूले पनि पढ्न सक्ने गरी अक्षरको साइज बढाएर प्रकाशन गर्न तथा युनिकोडमा टाइप गरी प्रकाशन गराउन, अपाङ्गता भएका बालबालिकालाई समावेशी शिक्षाअन्तर्गत पाठ्यपुस्तक परीक्षाप्रणाली अपाङ्गतामैत्री शब्दहरू (जस्तै हेर, लेख, सुन) को प्रयोग, दृष्टिविहीन र बहिरा अपाङ्गता भएका बालबालिकाहरूलाई कठिनाइ र पाठ्यपुस्तक पनि समयमा उपलब्ध नहुँदा हामी अधिकारकर्मीहरूले पटकपटक सम्बन्धित सरोकारवाला निकायका व्यक्तिहरूसँग समस्या समाधानका लागि पहल कदमी गर्न अत्यन्तै जरुरी छ । यसका लागि हामी अपाङ्गता भएका व्यक्तिहरू, अपाङ्गता अधिकारकर्मीहरू तथा सरोकारवाला निकायहरू सबै एकजुट भएर अपाङ्गता अधिकारका लागि अगाडि बढ्न जरुरी छ ।

***

# राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७: सारांश

✍ रोशनीकुमारी श्रेष्ठ *

नेपालको संविधानको प्रस्तावनामा वर्गीय जातीय क्षेत्रीय भाषिक धार्मिक लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । यसैगरी मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हक र धारा ४२ मा सामाजिक न्यायसम्बन्धी हकको व्यवस्था गरेको छ । महिला हकअन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने, महिलाविरुद्ध कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ । यसका साथै राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने र शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकका साथै सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ । सामाजिक न्यायको हकअन्तर्गत सामाजिकरूपले पछाडि परेका महिलालगायत लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक नागरिक तथा आर्थिकरूपले विपन्नलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुने हकको व्यवस्था गरेको छ ।

उल्लिखित संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि नेपाल सरकारको (कार्यविभाजन) नियमावली, २०७४ अनुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकेको छ । यस मन्त्रालयको कार्यक्षेत्रभित्र महिला हक एवं सशक्तीकरणसम्बन्धी नीति, कानुन र मापदण्ड, अन्तर्देशीय धर्मपुत्र र धर्मपुत्री, महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरू, महिला सशक्तीकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन, अनुसन्धान, लैङ्गिक हिंसासम्बन्धी निरोधात्मक र पुनर्स्थापनासम्बन्धी नीति, कानुन र मापदण्ड, बालबालिका, बालकल्याण, उद्धार, पुनर्स्थापना र वृद्धाश्रमसम्बन्धी नीति, कानुन र मापदण्ड, गैरसरकारी संस्थासम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण तथा नियमन र अनुगमन, राष्ट्रिय महिला आयोग, समाजकल्याण परिषदसम्बन्धी, राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय र मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन गर्नेलगायतका विषयहरू रहेका छन् । यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्यसम्पादनका लागि नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, कार्ययोजनाहरू तर्जुमा भई कार्यान्वयनमा रहेका छन् ।

---

* *सहसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय*

राज्यका विभिन्न संरचना तथा निकायमा महिला सहभागिता र प्रतिनिधित्वमा उल्लेख्य सुधार हुँदै आएको छ। राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार राजनीतिक क्षेत्रमा महिला सहभागिताको अवस्था सङ्घ, प्रदेश र स्थानीयतहको निर्वाचनपश्चात् स्थानीयतहमा ४१%, प्रदेशसभामा ३४.४%, प्रतिनिधिसभामा ३२.७% र राष्ट्रियसभामा ३७.७% रहेको छ। त्यसैगरी निजामती सेवालगायत विभिन्न सरकारी तथा सार्वजनिक सेवामा महिलाका लागि आरक्षणको व्यवस्था गरिएको छ। यसले गर्दा निजामती सेवामा महिलाको सहभागिता २६.१७% रहेको छ भने स्वास्थ्य सेवामा ४७% रहेको छ। सहकारीको सञ्चालकमा महिला सहभागिता ४०% रहेको छ भने महिला सदस्यको सङ्ख्या करिब ५१% रहेको छ। दिगो विकास लक्ष्यको राष्ट्रिय पुनरावलोकन प्रतिवेदनअनुसार महिलाको घरजग्गामा स्वामित्व ३३.९३% पुगेको छ। सरकारी बजेटप्रणालीमा लैङ्गिक उत्तरदायी बजेटको अभ्यास बढ्दै गएको छ। आ.व. ०७७/७८ मा लैङ्गिक उत्तरदायी बजेट नेपालको वार्षिक बजेटको ३८.१६% रहेको छ ।

महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि भएका नीतिगत, कानुनी व्यवस्था र सञ्चालित कार्यक्रमहरूले महिला प्रतिनिधित्व, सहभागिता, विद्यमान स्रोतसाधनमा पहुँचमा वृद्धि हुँदै गएको छ। साथै, जीविकोपार्जन, उद्यमशीलता र रोजगारीमा समेत सुधार भएको अवस्था छ। यद्यपि घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसारलगायत लैङ्गिकतामा आधारित महिला, किशोरी, बालिकाप्रति हुने हिंसा, यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। धार्मिक तथा प्रथा परम्पराका नाममा प्रचलनमा रहेका खराब अभ्यासहरू जस्तै बोक्सी, छाउपडी, बालविवाह, बहुविवाह, दाइजो तथा तिलक प्रथाले महिला, किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसा कायम नै छ। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमाथि हुने शारीरिक तथा मानसिक हिंसा विद्यमान रहनु, सामाजिक मूल्यमान्यता, सामाजिक सम्बन्ध एवम् सोचको कारणबाट लैङ्गिक भूमिकामा परिवर्तन आउन नसक्नु, महिलाको विकासमा पुरुषको सहभागिता न्यून रहनु, महिलाको आर्थिक सशक्तीकरण हुन नसक्नु, महिलाको घरेलु कामकाजलाई आर्थिक पक्षसँग जोडेर नहेरिनु, श्रम बजारमा महिला र पुरुषबीच विभेद रहनु, सबै क्षेत्रका निर्णायक तहमा महिलाको न्यून सहभागिता रहनु र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको खण्डीकृत तथ्याङ्क नहुनु जस्ता समस्या यस क्षेत्रमा विद्यमान छन्।

सामाजिक संरचना र सोच परिवर्तन गर्नु, नेतृत्वमा रहेका महिला नेतृत्वको निर्णायक भूमिका वृद्धि गर्नु, राज्यका सार्वजनिक नीतिमा लैङ्गिक मूलप्रवाहीकरण गर्नु, लैङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच बढाउनु, हानिकारक कुरीति र कुप्रथाको अन्त्य गर्नु, सङ्घ, प्रदेश र स्थानीयतहमा लैङ्गिक सबाललाई आन्तरिकीकरण र संस्थागत गर्नु, महिलाको प्राकृतिक, व्यावसायिक एवम् सामाजिक भूमिकालाई सन्तुलन गर्नु, खास लक्षित समूहलाई लाभान्वित बनाउनु, लैङ्गिक उत्तरदायी शासन व्यवस्थाको विकासमार्फत महिला तथा किशोरीमाथि हुने सबै किसिमका विभेद हटाई लैङ्गिक समानतासहित सामाजिक रूपान्तरण गर्नु यस क्षेत्रका चुनौती हुन् ।

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको बाँडफाँटको कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु पन्ध्रौं योजनाका लक्ष्य एवम् उद्देश्य हासिल गर्न, दिगो विकासको लक्ष्य प्राप्तिका लागि समाजमा रहेका कुरीति, कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरी समानता कायम गर्नका लागि न्यायपूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ। नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गरी लैङ्गिक समानता कायम गर्नका लागि राष्ट्रिय लैङ्गिक समानता नीति आवश्यक रहेको छ।

लैङ्गिक समानता कायम गर्ने दिशामा मुलुकले हासिल गरेको उपलब्धिलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई स्थानीयतहदेखि संस्थागत गर्न यस नीतिले मूल नीतिको रूपमा मार्गनिर्देश गर्नेछ। यस नीतिले सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सबैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास

गरी लैङ्गिकमैत्री नीति, योजना एवम् कार्यक्रममा सामञ्जस्य ल्याउन समन्वय गर्नेछ । 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय आकाङ्क्षा पूरा गर्नसमेत यस नीतिले सहयोग गर्नेछ । यस नीतिको दीर्घकालीन सोच, सोचको परिदृष्य, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, संस्थागत संरचना, कानुनी व्यवस्था, अनुगमन तथा मूल्याङ्कन, सम्भावित जोखिम न्यूनीकरण योजना र न्यूनीकरणका उपायहरू देहायबमोजिम रहेका छन् ।

राष्ट्रिय लैङ्गिक समानता नीतिको दीर्घकालीन सोच लैङ्गिक समानतायुक्त राष्ट्र निर्माण गर्नु रहेको छ भने दीर्घकालीन सोचको परिदृश्य सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रूपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने रहेको छ । यसैगरी गरी महिलाको आर्थिक, सामाजिक र राजनीतिकरूपमा सशक्तीकरणसहित कानुनी तथा व्यवहारिकरूपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकबीच समानता स्थापित गर्ने लक्ष्य रहेको छ । यस नीतिका ४ वटा उद्देश्यहरू निम्नानुसार रहेका छन् -

क. महिला, किशोरी तथा बालिकाको सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु ।

ख . लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्यमान्यतामा आधारित समाज स्थापित गर्नु,

ग. लैङ्गिक उत्तरदायी शासनपद्धति अवलम्बन गर्नु,

घ. महिलाको आर्थिक सशक्तीकरण गर्नु ।

यसैगरी यस नीतिका ६ वटा रणनीतिहरू रहेका छन् । ती रणनीतिहरू निम्नानुसार प्रस्तुत गरिएको छ-

ङ. विद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिकमैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने । (उद्देश्य १)

च. निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने । (उद्देश्य २)

छ. कानुनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीन वटै शासकीयतहमा लैङ्गिक उत्तरदायी शासनप्रणालीको विकास गर्ने । (उद्देश्य ३)

ज. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने । (उद्देश्य ४)

झ. स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने । (उद्देश्य ४)

ञ. स्रोतसाधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तीकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने । (उद्देश्य ४)

नीतिका उद्देश्य हासिल गर्न तय गरिएका उल्लिखित ६ वटा रणनीति अन्तर्गत ६५ वटा कार्यनीतिहरू अवलम्बन गरिएका छन् । विद्यमान र नयाँ तर्जुमा हुने कानुनलाई लैङ्गिकमैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने रणनीतिअन्तर्गत आवश्यकताअनुसार नेपाल कानुनलाई परिमार्जन गर्ने; कानुनको प्रभावकारी कार्यान्वयका लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गर्ने; विद्यमान कानुनको कार्यान्वयन र कानुनी सुधार गर्ने; विभेदमा परेकाको विशेष संरक्षण गर्ने; महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि

गर्ने; महिलाको समानुपातिक सहभागिताका लागि नीतिगत र कानुनी व्यवस्था गर्ने; विद्यालय शिक्षादेखि नै लैङ्गिकमैत्री पाठ्यसामग्री तयार गर्ने; सार्वजनिक तथा निजी, भौतिक संरचनाको लैङ्गिकमैत्री मापदण्ड निर्माण गरी लागु गर्ने; महिलाको मर्यादालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथाविरुद्ध अभियान सञ्चालन गर्ने; परिवार, समाज तथा कार्यस्थलमा महिलाप्रति मर्यादित व्यवहार तथा भाषा शैलीलाई प्रोत्साहित गर्न विभिन्न सङ्घ संस्थाहरूलाई क्रियाशील गराउने; लैङ्गिक भूमिकामा रूपान्तरण ल्याउन उदाहरणीय कार्य गर्ने; सञ्चार माध्यमबाट नियमितरूपमा लैङ्गिक समानता तथा महिला, किशोरी र बालिकाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्न श्रव्य-दृश्य सामग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था मिलाउने साथै लैङ्गिक समानता र महिला विकासका अभियानमा पुरूषको सहभागिता अभिवृद्धि गर्ने समेत गरी १३ वटा कार्यनीतिहरू रहेका छन्।

निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने रणनीतिअन्तर्गत महिला, किशोरी तथा बालिकामाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गर्ने; लैङ्गिक हिंसाको अन्त्यका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने; विद्यमान कानुनी व्यवस्थाको प्रचारप्रसार गर्ने; न्यायिक तथा अर्धन्यायिक निकायका पदाधिकारीलाई लैङ्गिक विषयमा क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिम सञ्चालन गर्ने; नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्र हेर्ने निकायलाई स्रोतसाधनसम्पन्न बनाई अनुसन्धानलाई थप सुदृढ बनाउने; लैङ्गिक हिंसाविरूद्ध शून्य सहनशीलताको नीतिलाई कार्यान्वयन गर्न दण्ड र पुरस्कारको व्यवस्था गर्ने; हिंसा पीडित/प्रभावितलाई सुरक्षा, संरक्षण तथा पुनर्स्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने; हिंसा पीडित/प्रभावितलाई मनोसामाजिक परामर्श/विमर्शलगायतका सेवा उपलब्ध गराई परिवार र समुदायमा पुनर्मिलन गराउने; पीडित र प्रभावितका लागि जीविकोपार्जनका कार्यक्रम सञ्चालन गर्ने; महिला तथा बालबालिकासम्बन्धी हेल्पलाइन स्थापना र विस्तार गर्ने; अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाउने सामाजिक जागरणको अभियान सञ्चालन गर्ने; बढ्दो साइबर अपराधका विषयमा सुसूचित गराउने; हिंसा प्रभावित र वैदेशिक श्रम बजारमा जोखिममा परेकालाई तालिम तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने, मर्यादित महिनावारीसम्बन्धी प्रवर्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने; मर्यादित महिनावारीको विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, कुरीतिको विरुद्धका कानुनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाउने; बोक्सी प्रथाविरुद्ध कानुनी व्यवस्थालाई कार्यान्वयन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकप्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियान सञ्चालन गर्नेसमेत गरी १८ वटा कार्यनीतिहरू रहेका छन्।

कानुनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीयतहमा लैङ्गिक उत्तरदायी शासनप्रणालीको विकास गर्ने रणनीतिअन्तर्गत सङ्घ, प्रदेश तथा स्थानीयतहमा लैङ्गिक उत्तरदायी नीति, योजना तथा कानुन निर्माण गर्ने; सम्बन्धित शासकीयतहको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने; लैङ्गिक संवेदनशीलता, लैङ्गिक रूपान्तरण र लैङ्गिक उत्तरदायी बजेट प्रक्रियाबारे अभिमुखीकरण गर्ने; सार्वजनिक नीतिमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याउने; लैङ्गिक उत्तरदायी बजेटप्रणालीलाई राज्यका सबै शासकीयतहमा संस्थागत गर्ने; लैङ्गिक उत्तरदायी बजेट विनियोजन र कार्यान्वयन समेतलाई विश्लेषण गर्न लैङ्गिक परीक्षण कार्यको थालनी गर्ने; लैङ्गिक सम्पर्क व्यक्तिको भूमिकालाई क्षेत्रगत नीति निर्माण तथा नीति कार्यान्वयनको अनुगमनमा प्रभावकारी बनाउने, कार्यस्थलमा लैङ्गिक समानता आचारसंहिता तथा

उजुरी एवम् सुनुवाइ संयन्त्र निर्माण गर्ने; राष्ट्रिय गणना तथा सर्वेक्षणमा गरिने खण्डीकृत लैङ्गिक तथ्याङ्क सङ्कलन र विश्लेषणलाई आवधिक योजना र दिगो विकासका लक्ष्यको प्रगति विश्लेषणसमेत गर्ने; लैङ्गिक सूचनामा सहज पहुँचको व्यवस्था मिलाउने; सार्वजनिक क्षेत्रमा हुने नियुक्तिमा लैङ्गिक समानता तथा समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गर्ने, निजी क्षेत्रमा महिलाका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्ने र निजी क्षेत्रका सेवा प्रवाहलाई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मैत्री बनाउन प्रोत्साहन गर्ने; बहुविभेदमा परेका सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गतालगायतका वर्गका महिलालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाउने तथा लैङ्गिक समानता र लैङ्गिकमैत्री व्यवहारसम्बन्धी विषयमा खुला छलफल र अन्तरक्रिया गरिनेछ । यस कार्यमा पुरुष अभियन्ता, महिला, किशोरी एवम् लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पैरबीकर्ताको परिचालन गर्ने गरी १४ वटा कार्यनीतिहरू रहेका छन् ।

लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीतिअन्तर्गत घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मूल्याङ्कन गरी अर्थतन्त्रमा पुऱ्याएको योगदानको गणना गर्ने; महिला र पुरूषको समान भूमिकालाई प्रवर्धन गर्न कार्यक्रम सञ्चालन गर्ने; महिलाहरूको कार्यबोझ घटाउन प्रविधिको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने; पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहन गर्ने; प्राविधिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन विशेष कार्यक्रम सञ्चालन गर्ने र श्रमप्रतिको सम्मान गर्ने परिपाटी बसाउन विद्यालय शिक्षा एवम् सञ्चार माध्यममा चेतनामूलक सूचना प्रवाह एवम् बहस, सामाजिक अभियान सञ्चालन गर्ने गरी ६ वटा कार्यनीतिहरू रहेका छन् ।

स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने रणनीतिअन्तर्गत महिलाको सम्पत्तिमाथि पहुँच बढाउने; निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गर्ने; महिलाको नाममा सम्पत्ति राख्ने प्रक्रियालाई थप सरलीकरण गर्ने; आर्थिक क्रियाकलापमा महिलाको सहभागिता वृद्धि गर्ने; महिलाको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गर्ने; महिला उद्यमीद्वारा उत्पादित वस्तुको एकीकृत बजारीकरणमा जोड दिने; सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने परियोजनामा महिला प्रवर्धित लगानीलाई विशेष सहुलियतसाथ समावेश गर्ने; विपन्न तथा सीमान्तीकृत महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्ने; व्यापार-व्यवसाय एवम् उद्योग गर्न आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गर्नेगरी ७ वटा कार्यनीति रहेका छन् ।

स्रोतसाधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तीकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने रणनीतिअन्तर्गत स्वदेशी पुँजीबजार, व्यवसाय र गैरकृषि क्षेत्रको रोजगारीका साथै सम्पूर्ण आर्थिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्ने; महिला उद्यमशीलता प्रशिक्षण केन्द्र' स्थापना गरी एकीकृत कार्यक्रम सञ्चालन गर्ने, महिलाद्वारा प्रवर्धित उद्योग व्यवसाय दर्ता, ऋण र बीमामा छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने; प्रत्येक स्थानीयतहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गर्ने; महिलाको आर्थिक क्रियाकलापमा व्यावसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाउने; कार्यस्थलमा स्तनपान कक्ष र दिवा शिशु स्याहारकेन्द्र सञ्चालन गर्ने र औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिकग्राममा महिला उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्न स्थान उपलब्ध गराउने गरी ७ वटा कार्यनीतिहरू रहेका छन् ।

## संस्थागत संरचना

यस नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि प्रदेश सरकार र स्थानीयतहसँग समन्वय तथा सहजीकरण गर्न, नीति कार्यान्वयनको अनुगमन तथा मूलप्रवाहीकरण गर्न र नीतिमा समसामयिक सुधारलगायत नीतिगत सहजीकरण गर्न, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको संयोजकत्वमा प्रदेश सरकारका सामाजिक विकास मन्त्रीहरू, राष्ट्रिय योजना आयोगको सामाजिक क्षेत्र हेर्ने सदस्य, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव र प्रदेश योजना आयोगका सामाजिक विकास हेर्ने सदस्यहरू सदस्य तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव सदस्य-सचिव रहने गरी एक लैङ्गिक समानता राष्ट्रिय समन्वय परिषद् रहनेछ।

राष्ट्रिय समन्वय परिषद्ले आवश्यकता अनुसार अन्य पदाधिकारी तथा विषयविज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था छ भने राष्ट्रिय समन्वय परिषद्ले आवश्यकताअनुसार अन्य समिति, उपसमितिहरू गठन गरी काम गराउन सक्ने व्यवस्था छ। प्रदेशमा नीति समन्वय तथा अनुगमनका लागि सामाजिक विकासमन्त्रीको संयोजकत्वमा प्रदेश योजना आयोगका सदस्य र आवश्यकताअनुसार विषयविज्ञहरू सदस्य तथा सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख सदस्य-सचिव रहने गरी प्रदेशस्तरीय लैङ्गिक नीति समन्वय तथा अनुगमन समिति गठन हुने व्यवस्था गरिएको छ। स्थानीयतहमा प्रमुख वा अध्यक्षको संयोजकत्वमा कार्यपालिकाको एक जना महिला सदस्य, आवश्यकताअनुसार विषयविज्ञहरू सदस्य तथा महिला तथा बालबालिका शाखा प्रमुख सदस्य-सचिव रहने गरी नीति कार्यान्वयन तथा समन्वय समिति गठन हुने व्यवस्था छ।

प्रदेश तथा स्थानीयतहका समितिले नीतिको कार्यान्वयनका लागि कानुन, नीति, योजना, कार्यक्रमलाई लैङ्गिकमैत्री बनाउन तथा महिला नेतृत्वको क्षमता र महिला सहभागिता अभिवृद्धिका लागि आवश्यक पहल तथा समन्वय गर्नुपर्नेछ ।

## कानुनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था मिलाइनेछ र आवश्यकताअनुसार निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी लागु गर्न सकिनेछ। यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ।

## अनुगमन तथा मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक लैङ्गिक सूचक देखिने गरी सङ्घ, प्रदेश र स्थानीयतहको एकीकृत विद्युतीय लैङ्गिक सूचनाप्रणाली कार्यान्वयन गरिनेछ। यस सूचनाप्रणालीमा आवश्यक सूचनाको वर्गीकरण गरी सङ्घ, प्रदेश र स्थानीयतहले नियमितरूपमा प्रविष्ट गर्ने प्रणालीको विकास गरिनेछ। सबै मन्त्रालय तथा निकायबाट आ-आफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समस्याको समाधान गर्ने। राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा लैङ्गिक उत्तरदायी बजेट तथा राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था मिलाइने र नीतिको पुनरावलोकन पाँच वर्षमा गर्ने प्रावधान छ।

## सम्भावित जोखिम न्यूनीकरण योजना

यस नीतिको प्रकृति र स्वरूप बृहत् तथा साझा सरोकारको विषय भएकाले देहायका जोखिम हुनसक्ने अनुमान गरिएको छ । लैङ्गिक समानतासम्बन्धी बुझाइमा विविधता हुन सक्ने। लैङ्गिक समानता नीति कार्यान्वयनमा आवश्यक

ज्ञान, क्षमतायुक्त र दक्ष जनशक्ति तथा स्रोतसाधनको सीमितता हुन सक्ने । लैङ्गिक विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकाले समन्वय र सहयोगमा समस्या हुन सक्ने र राज्यका विभिन्न निकायका बीच नीति कार्यान्वयनका लागि आ-आफ्ना भूमिकामा अन्यौल र दोहोरोपना आउन सक्ने जस्ता विषय नीतिको जोखिम पहिचान गरिएका छन् ।

**जोखिम न्यूनीकरणका उपायहरू:-**

सङ्घ, प्रदेश तथा स्थानीयतहको भूमिका र जिम्मेवारी स्पष्ट गरी यस नीतिको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । सङ्घ, प्रदेश र स्थानीयतहमा समन्वय संयन्त्रको रूपमा सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ । लैङ्गिक सबालको विषयमा दक्षतासहितको जनशक्ति परिचालन गर्ने र लैङ्गिक समानताबारे मन्त्रालयमा विज्ञ, प्राज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको विज्ञसमूह (Think Tank) निर्माण गरी नीतिको अध्ययन एवम् विश्लेषण गरिने गरी जोखिम न्यूनीकरणका उपायहरू पहिल्याएको छ ।

**निष्कर्ष**

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले महिला, किशोरी तथा बालिकाको सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्न, लैङ्गिक मूल्यमान्यतामा आधारित समाज स्थापित गर्न, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्न र महिलाको आर्थिक सशक्तीकरण गर्ने उद्देश्यले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ कार्यान्वयनमा ल्याएको छ । यस नीतिका उद्देश्यहरू हासिल गर्नका लागि ६ वटा रणनीतिहरूअन्तर्गत विभिन्न कार्यनीतिहरू तय गरिएका छन् । राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयनका लागि संस्थागत संरचनाको समेत व्यवस्था गरिएको छ ।

उल्लिखित संस्थागत संरचनाका बाहेक रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनका क्रममा विभिन्न सरोकारवाला निकायको भूमिका समेत महत्त्वपूर्ण हुने देखिन्छ । लैङ्गिकताका विषयहरू बहुनिकाय तथा बहुपक्षीय भएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि सबैको उत्तिकै भूमिका जरुरत पर्दछ । नीतिको प्रभावकारी कार्यान्वयनका लागि सम्भावित जोखिमको न्यूनीकरण योजनाअनुसार न्यूनीकरणका उपायहरू अवलम्बन गरी नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउनुका साथै बहुनिकायसँगको समन्वय र सहकार्यलाई मजबुत बनाउन सकिएमा नीतिले राखेको लक्ष्य तथा लैङ्गिक समानतायुक्त राष्ट्र निर्माण गर्ने दीर्घकालीन सोच हासिल गर्न सकिन्छ ।

***

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. ०१-४२१११९०, ४२००२५१, ४२००४१३

फ्याक्स नं. : ०१-४२००११६

**Email : mowscs@ntc.net.np, Web : www.mowcsw.gov.np**